महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

संगठित संस्थाको लेखापरीक्षण प्रतिवेदन
२०८१



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदनसँग सम्बन्धित

२०८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)



निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष नेपालका महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन पेस गरेको छु । नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) (क) देखि (घ) मा उल्लिखित विषय क्रमशः महालेखापरीक्षकबाट वर्षभरिमा भए गरेका काम कारबाहीको विवरण, लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार, र आवश्यक अन्य कुराहरू खुलाउनुपर्ने व्यवस्थाबमोजिम यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवेदन तयार गर्दा ३ संस्थामा कार्यालयका कर्मचारी परिचालन गरी लेखापरीक्षण सम्पन्न गरिएको तथा अन्य सार्वजनिक संस्थामा लेखापरीक्षण सहायकको रुपमा बाह्य लेखापरीक्षक नियुक्त गरिएको र ४२ संस्थामा लेखापरीक्षक नियुक्तिको लागि परामर्श दिई प्राप्त भएको लेखापरीक्षण प्रतिवेदनका आधारमा अन्तिम प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरू सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीलाई जानकारी गराइएको र फर्स्यौंट हुन नसकेका विषयहरू संस्थाको बोर्ड, लेखा उत्तरदायी अधिकृत र सम्बन्धित विभागीय मन्त्रीलाईसमेत जानकारी गराई वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम संगठित संस्थाहरुले सम्पादन गरेको काम कारबाही, सेवा प्रवाह लगायतका विषयको अतिरिक्त वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरुपका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धी सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले जारी गरिएका लेखापरीक्षण प्रतिवेदनहरुको मुख्य मुख्य व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको र विस्तृत व्यहोरा समावेश गरी सो संगालो प्रकाशित गरिएको छ । यस वर्ष पूर्ण स्वामित्वको संगठित संस्थातर्फ ४४ संस्थाको ४९ आर्थिक वर्षको रु. ३४ खर्ब ७० अर्ब १० करोड ३३ लाख ९६ हजार (अन्य संस्थाको बाहेक) को लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त अधिकांश स्वामित्वका ४२ संगठित संस्थाको ६२ आर्थिक वर्षको लेखापरीक्षणको परामर्श मार्फत रू. १४ खर्ब ८८ अर्ब ५५ करोड ८६ लाख २७ हजारको लेखापरीक्षण भएको छ ।

लेखापरीक्षणबाट संस्थाहरुको सञ्चालन नतिजा प्रभावकारी हुन नसकेको, चालु तथा प्रशासनिक खर्चमा मितव्ययिता नआएको, सरकारसँगको लेनदेन हिसाब मिलान हुन बाँकी रहेको, संस्थाहरु पूर्ण क्षमतामा सञ्चालन नरहेको, असीमित दायित्व सिर्जना भएकोमा कोषको व्यवस्था नगरेको लगायत व्यहोरा देखिएका छन् । सार्वजनिक संस्थाहरु व्यावसायिक रूपमा मुनाफा आर्जन गर्न र राज्यले प्रदान गर्ने सेवा भावले सञ्चालन गर्ने विषयमा पनि नीतिगत रूपमा सम्बोधन गर्न बाँकी रहेको छ । यस्ता व्यहोराहरूमा समयमा सुधार गरी सार्वजनिक संस्थाको सञ्चालन गर्न जरूरी देखिएको छ ।

प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने लेखापरीक्षक, कर्मचारी तथा संगठित संस्थाका व्यवस्थापन कार्यमा संलग्न सबैप्रति धन्यवाद ब्यक्त गर्दछु । साथै, प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई संगठित संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

(तोयम राया)
महालेखापरीक्षक

विषयसूची

खण्ड-कः परिचय १
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति १
३. संगठित संस्थाको लेखापरीक्षणको कानुनी व्यवस्था २
४. सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा ३
५. सुझावः ४
खण्ड ख : लेखापरीक्षण प्रतिवेदन ६
१. अर्थ मन्त्रालय ६
नेपाल सरकारका पूर्ण स्वामित्व भएका संस्थाहरु ६
१.१ कर्मचारी सञ्चयकोष, २०७९।८० ..... ६
१.२ नागरिक लगानी कोष, २०७८।७९ ..... १०
१.३ निक्षेप तथा कर्जा सुरक्षण कोष, २०७९।८० ..... १८
१.४ बीमा प्राधिकरण, २०७९।८० ..... २०
१.५ नेपाल राष्ट्र बैङ्क, २०७९।८० ..... २१
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु २८
१.६ आर बि बि मर्चेन्ट बैङ्किङ, २०७९।८० ..... २८
१.७ कृषि विकास बैङ्क, २०७९।८० ..... ३१
१.८ नेपाल बैङ्क लिमिटेड, २०७९।८० ..... ३६
१.९ राष्ट्रिय वाणिज्य बैङ्क, २०७९।८० ..... ४२
१.१० राष्ट्रिय बीमा कम्पनी लिमिटेड, २०७३।७४ ..... ४९
१.११ राष्ट्रिय बीमा संस्थान, २०७२।७३ ..... ५८
१.१२ राष्ट्रिय बीमा संस्थान, २०७३।७४ ..... ६४
१.१३ कोष व्यवस्थापन कम्पनी लिमिटेड, २०७९।८० ..... ७०
१.१४ नेपाल डिजिटल पेमेन्ट्स कम्पनी, २०७९।८० ..... ७२
१.१५ नागरिक स्टक डिलर कम्पनी लिमिटेड, २०७९।८० ..... ७५
१.१६ सिडिएस एण्ड क्लियरिङ्ग कम्पनी लिमिटेड, २०७९।८० ..... ७८
१.१७ नेपाल स्टक एक्सचेन्ज लिमिटेड, २०७९।८० ..... ८०
१.१८ आर बि बि सेक्युरिटिज लिमिटेड, २०७९।८० ..... ८५
१.१९ राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड, २०७८।७९ ..... ८७
२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ९०
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरू ९०
२.१ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, २०७७।७८ ..... ९०
२.२ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, २०७८।७९ ..... ९७
२.३ औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, २०७८।७९ ..... ११०
२.४ धौवादी फलाम कम्पनी, २०७९।८० ..... ११२
२.५ नेपाल औषधि लिमिटेड, २०७९।८० ..... ११४
२.६ नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, २०७९।८० ..... ११६
२.७ हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, २०७८।७९ ..... ११९
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु १२४
२.८ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७८।७९ ..... १२४
२.९ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७९।८० ..... १२५
२.१० गोरखाली रबर उद्योग लिमिटेड, २०७५।७६ ..... १२८
२.११ गोरखकाली रबर उद्योग, २०७६।७७ देखि २०७८।७९ ..... १३०
२.१२ नेपाल आयल निगम, २०७९।८० ..... १३७

२.१३ नेपाल मेटल कम्पनी लिमिटेड, २०७९।८० ..... १४२
२.१४ बुटवल धागो कम्पनी लिमिटेड, २०७८।७९ ..... १४५
३. ऊर्जा जलस्रोत तथा सिचाई मन्त्रालय १४८
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु १४८
३.१ अपर अरुण हाईड्रोइलेक्टिक लिमिटेड, २०७९।८० ..... १४८
३.२ उत्तर गंगा पावर कम्पनी लिमिटेड, २०७९।८० ..... १५०
३.३ तनहुँ हाईड्रोपावर लिमिटेड, २०७९।८० ..... १५३
३.४ तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७९।८० ..... १५८
३.५ दुधकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७९।८० ..... १६२
३.६ नेपाल विद्युत प्राधिकरण, २०७९।८० ..... १६४
३.७ मोदी जलविद्युत कम्पनी लिमिटेड, २०७९।८० ..... १८२
३.८ स्यार्पु पावर कम्पनी लिमिटेड, २०७९।८० ..... १८४
३.९ राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, २०७९।८० ..... १८७
३.१० रघुगंगा हाइड्रोपावर लिमिटेड, २०७९।८० ..... १९०
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु १९६
३.११ एन इए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड, २०७९।८० ..... १९६
३.१२ चिलिमे इन्जिनियरिङ्ग एण्ड सर्भिसेज कम्पनी लिमिटेड, २०७९।८० ..... १९८
३.१३ चिलिमे जलविद्युत कम्पनी, २०७९।८० ..... २०१
३.१४ चैनपुर सेती जलविद्युत कम्पनी लिमिटेड, २०७९।८० ..... २०५
३.१५ जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड, २०७९।८० ..... २०७
३.१६ त्रिशुली जलविद्युत कम्पनी लिमिटेड, २०७९।८० ..... २०९
३.१७ नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड, २०७९।८० ..... २१४
३.१८ पावर ट्रान्समिसन कम्पनी लिमिटेड, २०७९।८० ..... २१६
३.१९ रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, २०७९।८० ..... २१८
३.२० रेमिट हाइड्रो लिमिटेड, २०७९।८० ..... २२१
३.२१ विद्युत उत्पादन कम्पनी लिमिटेड, २०७९।८० ..... २२३
३.२२ सान्जेन जलविद्युत कम्पनी लिमिटेड, २०७९।८० ..... २२६
३.२३ सिम्बुवा रेमिट हाइड्रो लिमिटेड, २०७९।८० ..... २३०
३.२४ हाइड्रोइलेक्ट्रिसिटी इन्भेन्टमेन्ट एण्ड डेभेलप्मेन्ट, २०७९।८० ..... २३३
३.२५ नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७३।७४ ..... २३७
३.२६ नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७४।७५ ..... २३९
३.२७ नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७५।७६ ..... २४१
३.२८ नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७६।७७ ..... २४३
३.२९ नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७७।७८ ..... २४५
३.३० नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७८।७९ ..... २४८
३.३१ नेपाल पावर ट्रेडिङ्ग कम्पनी लिमिटेड, २०७९।८० ..... २५०
३.३२ सल्लेरी च्याल्सा जलविद्युत कम्पनी, २०७९।८० ..... २५२
३.३३ चिलिमे सेती जलविद्युत कम्पनी, २०७९।८० ..... २५४
४. कृषि पशुपन्छी विकास मन्त्रालय २५७
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु २५७
४.१ नेपाल पशु चिकित्सा परिषद्, २०७९।८० ..... २५७
४.२ स्यार्पु कृषि कम्पनी लिमिटेड, २०७९।८० ..... २५८
४.३ कृषि सामग्री कम्पनी लिमिटेड, २०७८।७९ ..... २६१
४.४ दुग्ध विकास संस्थान, २०७८।७९ ..... २६३
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु २७०

४.५ दोलखा दुग्ध उद्योग लिमिटेड, २०७९।८० ..... २७०
५. खानेपानी मन्त्रालय २७१
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु २७१
५.१ नेपाल खानीपानी संस्थान, २०७८।७९ ..... २७१
५.२ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७८।७९ ..... २८१
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु २८५
५.३ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, २०७५।७६ ..... २८५
५.४ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, २०७६।७७ ..... २९२
५.५ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, २०७७।७८ ..... २९९
६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ३०६
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ३०६
६.१ नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड, २०७९।८० ..... ३०६
६.२ नेपाल रेल्वे कम्पनी लिमिटेड, २०७७।७८ ..... ३०८
७. वन तथा वातावरण मन्त्रालय ३११
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ३११
७.१ वन पैदावर विकास समिति, २०७८।७९ ..... ३११
७.२ वन पैदावर विकास समिति, २०७९।८० ..... ३१२
७.३ नेपाल वन निगम लिमिटेड, २०७७।७८ ..... ३१४
७.४ नेपाल वन निगम लिमिटेड, २०७८।७९ ..... ३१७
८. शहरी विकास मन्त्रालय ३१९
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ३१९
८.१ नगर विकास कोष, २०७९।८० ..... ३१९
८.२ राष्ट्रिय आवास कम्पनी, २०७९।८० ..... ३२१
९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ३२६
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ३२६
९.१ प्रेस काउन्सिल नेपाल, २०७९।८० ..... ३२६
९.२ राष्ट्रिय समाचार समिति, २०७८।७९ ..... ३२८
९.३ राष्ट्रिय समाचार समिति, २०७९।८० ..... ३३०
९.४ नेपाल टेलिभिजन, २०७८।७९ ..... ३३२
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ३४०
९.५ नेपाल टेलिकम, २०७९।८० ..... ३४०
१०. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ३४९
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ३४९
१०.१ नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७९।८० ..... ३४९
१०.२ नेपाल वायुसेवा निगम, २०७८।७९ ..... ३५४
१०.३ तारागाउँ विकास समिति, २०७८।७९ ..... ३५८
१०.४ सांस्कृतिक संस्थान, २०७९।८० ..... ३६२
११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ३६५
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरू ३६५
११.१ कानून किताब व्यवस्था समिति, २०७८।७९ ..... ३६५
११.२ कानून किताब व्यवस्था समिति, २०७९।८० ..... ३६७
१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ३६९
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ३६९
१२.१ गुठी संस्थान, २०७७।७८ ..... ३६९
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ३७१

१२.२ साझा प्रकाशन सहकारी संस्था लिमिटेड, २०६९।७० ..... ३७१
१२.३ साझा प्रकाशन सहकारी संस्था लिमिटेड, २०७०।७१ ..... ३७४
१२.४ साझा प्रकाशन सहकारी संस्था लिमिटेड, २०७१।७२ ..... ३७६
१२.५ साझा प्रकाशन सहकारी संस्था लिमिटेड, २०७२।७३ ..... ३७९
१२.६ साझा प्रकाशन सहकारी संस्था लिमिटेड, २०७३।७४ ..... ३८२
१२.७ साझा प्रकाशन सहकारी संस्था लिमिटेड, २०७४।७५ ..... ३८५
१२.८ साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७९।८० ..... ३८८
१२.९ साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७७।७८ ..... ३९०
१२.१० साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७८।७९ ..... ३९३
१२.११ साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७९।८० ..... ३९६
१२.१२ साझा यातायात सहकारी संस्था लिमिटेड, २०७९।८० ..... ३९९
१३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ४०१
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ४०२
१३.१ जनक शिक्षा सामग्री केन्द्र, २०७८।७९ ..... ४०२
खण्ड - ग ४०६
लेखापरीक्षण गर्न बाँकी रहेको संस्था ४०६
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ४०६
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ४०७
अनुसूची १ ..... ४०८
लेखापरीक्षण गरिएका नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरुको विवरण ४०८
लेखापरीक्षण गरिएका नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरुको विवरण ४१०

खण्ड-कः परिचय

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

संवैधानिक तथा कानुनी व्यवस्था - नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिबाट संबैधानिक परिषद्को सिफारिसमा महालेखापरीक्षकको नियुक्ति हुने व्यवस्था छ । संविधानको धारा २४१(१) मा संघीय, प्रदेश सरकार, स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले गरेको कामको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष तथा धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्ने संवैधानिक व्यवस्था छ ।

१. **उद्देश्य** - सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ भने अन्य सहायक उद्देश्यहरु देहायअनुसारका विषयमा मूल्याङ्कन विश्लेषण गरी प्रतिवेदन गर्ने रहेका छन्:

- संगठित संस्थाको हिसाब यथार्थपरक रहेको,
- वित्तीय विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- संस्थानको आय र धरौटी असुली तथा दाखिला गरेको,
- सार्वजनिक संस्थानको सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी जिन्सी तथा सार्वजनिक सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्टयाईँ गर्ने यथेष्ट प्रमाण राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धी हासिल गरेको,
- उद्देश्य, नीति, कार्यक्रम कार्यान्वयन र उपलब्धी हासिल गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता बहन गरेको ।

२. **क्षेत्र** - संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालयसमेत कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थाको आर्थिक वर्ष २०७९।८० को आर्थिक कारोबार र पेस भएसम्म बक्यौता कारोबारलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ । यो वर्ष वित्तीय तथा नियमितता र कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा विकास निर्माण, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, राजस्व प्रशासन, सूचना प्रविधि र सेवा प्रवाहको सम्बन्धमा वित्तीय जवाफदेहिता स्थिति मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरिएको छ । सार्वजनिक संस्थाको हकमा सञ्चालन नतिजा, सेवा प्रवाहमा जिम्मेवारी र जवाफदेहिताको विषय समेटिएको छ ।

२.१ **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, लेखापरीक्षणका आधारभूत सिद्धान्त, मान्यता, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमनसमेत ४ चरणमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न

आवश्यकताअनुसार नमुना छनौट गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ ।

३. संगठित संस्थाको लेखापरीक्षणको कानुनी व्यवस्था

३.१ **संवैधानिक व्यवस्था** - नेपालको संविधानको धारा २४१(२) मा पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसंग परामर्श गर्नुपर्ने र त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ । उपधारा (५) मा कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गर्नुपर्ने गरी संघीय कानुनद्वारा व्यवस्था गर्न सक्ने व्यवस्थाबमोजिम विभिन्न संघीय कानुनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने गरी तोकेको छ ।

३.२ **लेखापरीक्षण व्यवस्थापन** - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्वमा तथा पचास प्रतिशतभन्दा बढी स्वामित्वमा सञ्चालन हुँदै आएका संगठित संस्थाहरु महालेखापरीक्षकको क्षेत्राधिकार भित्र रहेका छन् । पूर्ण स्वामित्वका संस्थाहरुको लेखापरीक्षण महालेखापरीक्षकका कार्यालयका कर्मचारीहरुबाट गराउने वा महालेखापरीक्षकले आपनो सहायकको रुपमा अन्य लेखापरीक्षक नियुक्त गर्ने गरेको छ । नियुक्त गरिएका लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा रही काम गर्नुपर्ने व्यवस्था छ । पचास प्रतिशतभन्दा बढी स्वामित्वका संगठित संस्थाहरुमा लेखापरीक्षक नियुक्तिको लागि महालेखापरीक्षकसँग परामर्श माग भए अनुसार सिफारिस गर्ने गरिएको छ । महालेखापरीक्षकबाट नियुक्ति भएका लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकलाई लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने र परामर्शबाट लेखापरीक्षण भएका संस्थाहरुको हकमा लेखापरीक्षकले त्यस्ता संस्थामा लेखापरीक्षण प्रतिवेदन बुझाएपछि संस्थाले महालेखापरीक्षकको कार्यालयमा सोको एक प्रति प्रतिवेदन पठाउनुपर्ने व्यवस्था छ ।

३.३ **पूर्ण सरकारी स्वामित्वका संस्थाको लेखापरीक्षण** - लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था तथा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने व्यवस्था छ । ऐनको दफा १० मा त्यस्ता संस्थाको लेखापरीक्षण गर्न आवश्यकताअनुसार प्रचलित कानुनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखापरीक्षकले सहायकको रुपमा नियुक्ति गर्न सक्ने व्यवस्था छ । त्यसरी नियुक्त लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा रही काम गर्नुपर्ने तथा निजको काम कर्तव्य, अधिकार, सेवाका शर्त, दायित्व, निजले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था यस ऐनमा उल्लेख भएकोमा यसै ऐनबमोजिम र उल्लेख नभएको विषयमा महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था छ । नियुक्त लेखापरीक्षकले सम्बन्धित संस्थाबाट पाउने पारिश्रमिक त्यस्तो संस्थाको आर्थिक कारोवार, लेखाको अवस्था, शाखा उपशाखाको संख्या कार्यबोझ तथा कार्य प्रगतिको विचार गरी महालेखापरीक्षकले तोकिदिए बमोजिम हुने व्यवस्था छ ।

३.४ **पचास प्रतिशतभन्दा बढी सरकारी स्वामित्वका संस्थाको लेखापरीक्षण** - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पचास प्रतिशतभन्दा बढी स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकले तोकिदिएको सिद्धान्तको अधिनमा रही लेखापरीक्षण गराउन सक्ने, लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने प्राप्त प्रतिवेदनबाट संगठित संस्थाको लेखा सम्बन्धमा कुनै त्रुटि देखिएमा त्यस्ता त्रुटिको सम्बन्धमा महालेखापरीक्षकले सम्बन्धित संगठित संस्था र लेखापरीक्षकलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्ता निर्देशन पालना गर्नु सम्बन्धित संगठित संस्था र लेखापरीक्षकको कर्तव्य हुने व्यवस्था छ । लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनबाट औल्याएका विषयको कार्यान्वयनको प्रगति विवरण महालेखापरीक्षकले तोकिदिएको अवधिभित्र पेश गर्नुपर्ने व्यहोरा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा उल्लेख छ ।

३.५ **लेखापरीक्षणको सिद्धान्त** - महालेखापरीक्षकले नियुक्ति गरेका वा महालेखापरीक्षकको परामर्शमा नियुक्ति भएका लेखापरीक्षकले अन्य कुराका अतिरिक्त सामान्यतः महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरी प्रकाशित गरेको लेखापरीक्षण सम्बन्धी मानदण्ड तथा निर्देशिकाले प्रतिपादन गरेको स्वतन्त्रता र वस्तुपरकता, सक्षमता, उचित सतर्कता, सूचनाको गोपनीयता, लेखापरीक्षण योजना, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याकन, लेखापरीक्षण कार्य योजना, अन्य लेखापरीक्षक तथा विशेषज्ञसंगको सम्बन्ध, लेखापरीक्षण व्यबस्थापन, सुपरिवेक्षण तथा पुरानलोकन, प्रमाण अभिलेखाङ्कन, वित्तीय विवरणको विश्लेषण, ऐन नियमको पालना, लेखापरीक्षण समापन, लेखापरीक्षण कार्यपत्र फाइलको पुनरावलोकन, वित्तीय विवरण सम्बन्धी प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सम्बन्धी मानदण्ड अनुरुपका सिद्धान्त अपनाई लेखापरीक्षण कार्य सम्पादन गर्नु पर्नेछ ।

४. सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा

४.१ **सार्वजनिक संस्थानको अवस्था** - सार्वजनिक संस्थानको बार्षिक स्थिति समीक्षा, २०८० को प्रतिवेदनअनुसार २०७९ असार मसान्तसम्म ४४ सार्वजनिक संस्थान अस्तित्वमा रहेको मध्ये ४२ संस्थान मात्र सञ्चालनमा रहेको उल्लेख छ । त्यस्तै उक्त प्रतिवेदन अनुसार उक्त ४४ संस्थाहरुमध्ये नेपाल सरकारको पूर्ण स्वामित्वका २१ र अधिकांश स्वामित्व रहेका २३ संस्था रहेका छन् । सार्वजनिक संस्थालाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, सेवा क्षेत्र, सामाजिक क्षेत्र, जनउपयोगी क्षेत्र, वित्तीय क्षेत्रमा वर्गीकरण भएको पाइन्छ । त्यस्तै आयमूलक कार्यमा संलग्न सरकारी स्वामित्वका विकास समिति तथा विशेष ऐनबमोजिम स्थापित संस्थाको रुपमा समेत सार्वजनिक निकाय रहेका छन् ।

४.२ **लेखापरीक्षण अंक** - यो वर्ष पूर्ण स्वामित्वको संगठित संस्थातर्फ ४४ संस्थाको ४९ आर्थिक वर्षको रु. ३४ खर्ब ७० अर्ब १० करोड ३३ लाख ९६ हजार (अन्य संस्था बाहेक) को लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त अधिकांश स्वामित्वका ४२ संगठित संस्था संस्थाको ६२ आर्थिक वर्षको लेखापरीक्षणको परामर्श मार्फत रु. १४ खर्ब ८८ अर्ब ५५ करोड ८६ लाख २७ हजारको लेखापरीक्षण भएको छ । सो सम्बन्धी विवरण अनुसूची १ र २ मा छ ।

४.३ **पूर्ण स्वामित्वका संस्थाको लेखापरीक्षण** - यस वर्ष संगठित संस्था ४९ को बक्यौतासमेत ८१ आर्थिक वर्षको लेखापरीक्षण गर्नुपर्नेमा ४४ संस्थाको ४९ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भई २१ संस्थाले ३२ आर्थिक बर्षको लेखापरीक्षण गराएका छैनन् । लेखापरीक्षण नगराउने संस्थाहरुको विवरण खण्ड ग मा राखिएको छ । नागरिक लगानी कोष, उदयपुर सिमेन्ट उद्योग, नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपाल वन निगम, जनकपुर चुरोट कारखाना लिमिटेड, तारागाउँ बिकास समिति, नेपाल खानेपानी संस्थान, नेपाल टेलिभिजन लगायतको लेखापरीक्षण बक्यौता रहेको छ । लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नगराउने तथा प्रमाणित वित्तीय विबरण समयमा उपलब्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ ।

४.४ **अधिकांश स्वामित्वका संस्थाको लेखापरीक्षण –** नेपाल सरकारको अधिकांश स्वामित्व भएका १० संगठित संस्थाले ४३ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन् । यस वर्ष अधिकांश स्वामित्व भएका ४२ संस्थाको ६२ आर्थिक वर्षको (बक्यौता समेत) रु. १४ खर्ब ८८ अर्ब ५५ करोड ८६ लाख २७ हजारको लेखापरीक्षण गर्न परामर्श दिई सम्पन्न भएको छ । साझा प्रकाशन, नेपाल ओरिण्ड म्याग्नेसाइट प्राईभेट लिमिटेड, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय बीमा कम्पनी र विशाल बजार कम्पनीको विगत वर्ष एवं यस वर्षको लेखापरीक्षण भएको छैन । लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलब्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ ।

५. सुझावः

पूर्ण स्वामित्वको सार्वजनिक संस्थान र अधिकांश स्वामित्व भएको सार्वजनिक संस्थानको लेखापरीक्षण गर्दा संस्थानको गठन, स्वामित्व संरचना, वित्तीय विवरण, सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण, वित्तीय व्यवस्थापन, लेखापरीक्षण, सूचना प्रविधिको प्रयोग र सेवा प्रवाह लगायतमा गर्नुपर्ने सुधारको व्यहोरा देहायअनुसार छः

५.१ **सञ्चालक समिति -** सार्वजनिक संस्थानको गठन व्यवस्थापनमा एकरुपता नदेखिएको, विशेष ऐन, सञ्चार ऐन, कम्पनी ऐन, प्राधिकरण ऐन, कोष ऐन, संस्था ऐनअन्तर्गत स्थापना भई ५ देखि ११ जनासम्म सञ्चालक समिति रहने गरेकोमा ऐन तथा सञ्चालक समितिको संख्यामा विविधता रहेको, संचालक समितिमा रहने सदस्यको योग्यता किटान गर्ने नगरेको, अध्यक्षमा कतिपयमा विभागीय मन्त्री, कतिपयमा कर्मचारी तथा कतिपयमा बाह्य व्यक्तिलाई नै तोक्ने गरेको देखिन्छ । नीतिगत भिन्नता भएका कारण समयमा वित्तीय विवरण स्वीकृत गर्ने, नीति कार्यक्रम तय गर्ने लगायतका कार्यमा स्पष्टता रहेको छैन । लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिने लगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुँदा संस्था सञ्चालनमा गम्भीर समस्या रहेको छ ।

५.२ **स्वामित्व संरचना -** नेपाल सरकारले संस्थामा लगानी गर्दा शेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन । महालेखा नियन्त्रक कार्यालयले देखाएको हिसाव र संस्थाले देखाएको लगानी हिसाब विवरणमा फरक पर्ने गरेको, संस्थाले सहायक कम्पनीको रुपमा नयाँ संस्था स्थापना गर्दा सर्व-साधारणलाई समेत शेयर दिनुपर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको बारेमा थप अध्ययन गर्ने नगरेको, सरकारी स्वामित्वमा रहेका संस्थाले अन्य संस्थामा लगानी गर्दा यस्ता संस्थाबाट बहुसंख्यक रुपमा बोर्डमा प्रतिनिधित्व गराएको कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै शेयर स्वामित्व कायम गरी संस्था सञ्चालन रहेकोमा समग्रमा नेपाल सरकार एउटै निकाय भएकोले तदनुरुप ऐन, नियममा संशोधन भैसकेको छैन । स्वामित्व संरचना सम्बन्धमा नीतिगत स्पष्टता ल्याई सरकारको लगानीको उचित संरक्षण गर्नुपर्दछ ।

५.३ **वित्तीय विवरण -** संगठित संस्थाहरुले तयार गर्ने वित्तीय विवरण लेखा व्यवसाय नियमन गर्ने निकायले तोकेको लेखामानबमोजिम तयार गर्नुपर्नेमा कतिपय निकायबाट प्रचलित नेपाल वित्तीय प्रतिवेदन लेखामानबमोजिम वित्तीय विवरण तयार नभएकोमा सुधार गर्न नियामक निकाय थप सकिय हुनुपर्दछ । अधिकांश संस्थाको लेखाढाँचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत गर्ने नगरेको, नेपाल लेखामानहरु, नोट, टिप्पणी, सम्पत्तिको हास कट्टी, कर्मचारी दायित्वको लागि यकिन आधारबाट बीमाङ्कीय मूल्याङ्कन गरी दायित्व यकिन नगरेको लगायतका विषयमा लेखा अभिलेख सम्बन्धी स्पष्ट लेखा टिप्पणी तयार गरेका छैनन् । विद्युतीय प्रविधिमा आधारित लेखा अभिलेख प्रतिवेदन तयार गर्ने गरी एकाउन्टिङ्ग सफ्टवेयरको प्रयोगमा जोड दिने, सबै वित्तीय सूचना समेट्ने गरी वित्तीय विवरण तयार गर्ने, सार्वजनिक सम्पत्ति, प्रविधि र संरचनाको प्रयोग एकीकृत ढंगबाट गर्ने व्यवस्था मिलाउने लगायतका विषयलाई थप व्यवस्थित पार्नुपर्ने देखिन्छ ।

५.४ **सम्पत्ति व्यवस्थापन -** सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी उपयोगको प्रभावकारी व्यवस्थापन गर्न नसकेको, संस्थाको सम्पत्तिको जग्गा लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामाग्री लिलाम बिक्री नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुंगो नलगाएको, प्रयोगमा ल्याएको सफ्ट्वेयरको आवश्यकता प्रयोग, वार्षिक मर्मत सम्भार र साइवर सुरक्षामा ध्यान नपुगेको जस्ता व्यहोरा देखिएका हुँदा सार्वजनिक सम्पत्तिको संरक्षणमा संस्थालाई थप जिम्मेवार बनाउनुपर्दछ ।

५.५ **आन्तरिक नियन्त्रण -** संस्थाको सुधारको लागि संस्थानको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन एकीकृत नियन्त्रण प्रणाली लागु गर्नुपर्ने, कर्मचारी दायित्वलगायत अन्य दायित्व भुक्तानीको लागि कोष सहितको व्यवस्था हुनुपर्ने, सञ्चालक समिति तथा कर्मचारीलाई वित्तीय सुशासनमा रहन कार्य विवरणमा समावेश गर्नुपर्ने, अनुगमन तथा मूल्याकंन प्रणाली सुदृढीकरण हुनुपर्ने, पद्धति र प्रविधिको विकास गरी कार्य प्रणालीमा आधुनिकीकरण गर्नुपर्ने लगायतमा सुधार गर्नुपर्ने देखिन्छ । त्यस्तै संगठित संस्था, प्रतिष्ठानलगायतमा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा जवाफदेहिताको स्तरमापन गर्न बेरुजु, अनियमितता, कर चुक्ता जस्ता विषयको मूल्यांकन गर्ने व्यवस्था गर्नुपर्दछ ।

५.६ **वित्तीय व्यवस्थापन -** तलब, भत्ता, कार्यालय सञ्चालनलगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, साँबा व्याज भुक्तानीको बोझ, क्षमताको न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ । अल्पकालीन कर्मचारी सुविधा बढाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको व्यवस्था नगरिँदा सार्वजनिक संस्थानहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने दायित्व अन्ततः नेपाल सरकारलाई नै पर्न जाने अवस्था छ । खर्चमा मितव्ययिता, उत्पादन क्षमताको अधिकतम उपयोग, आम्दानी र कार्य सम्पादन सूचकको आधारमा सुविधामा वृद्धि गर्ने, दैनिक कार्य सञ्चालनमा पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गरी संस्थागत सुधारमा सबै सरकारी संस्थालगायत सरोकालवालाको सक्रिय सहभागिता रहनुपर्ने अवस्था छ । कतिपय संस्था विगतदेखि घाटामा सञ्चालन भएकोमा संस्था सुदृढीकरणको लागि थप पहल नगरेको कारण सरकारको लगानीको तुलनामा प्रतिफल न्यून रहेको छ । सरकारकोतर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्यांकन एवं लगानीको समीक्षा गरी व्यवस्थापनमा सुधार गर्ने वा अन्य उपयुक्त विकल्प अबलम्बन गर्नु जरुरी छ ।

५.७ **वित्तीय जवाफदेहिता -** सार्वजनिक संस्थाको लेखापरीक्षणबाट समग्रमा लक्ष्य अनुसार प्रगति हासिल नभएको, हिसाबमिलान नगरेको, नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने रकम समयमा नबुझाएको, नियमानुसार लाग्ने क्षतिपूर्ति असूल नगरेको, प्राप्त गर्नुपर्ने आम्दानी असूल नगरेको सोझै खरिद गरेको लगायतका व्यहोरा देखिएका छन् । प्रचलित कानुनमा तोकेबमोजिम प्रत्येक वर्ष लेखापरीक्षण गर्ने, सम्बन्धित संस्थाले तयार गरेको वित्तीय विवरण नियमन निकायले परीक्षण गरी आवश्यक निर्देशन दिने, सम्बन्धित संस्थाको कार्यक्षेत्र समीक्षा गर्ने, समयमा नै लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गर्ने र विगत वर्षको लेखापरीक्षण समयमा नै गरी देखिएका व्यहोरा फरफारक गरी वित्तीय जवाफदेहितामा अभिवृद्धि गर्नुपर्ने देखियो ।

५.८ **समन्वय -** वित्तीय व्यवस्थापनसँग सम्बन्धित विषयमा सरकारी तथा अन्तरसंस्थान समन्वय गरी सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास हुनुपर्ने, एकै स्थानमा गरिने विकास निर्माण कार्यहरु जस्तै विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी लिमिटेडलगायतका निकायहरुले कार्य गर्दा अन्तरसमन्वय गरी सञ्चालन गर्नुपर्ने, अन्तरमन्त्रालय तथा अन्तरसंस्थाको संचार प्रणालीमा सुदृढीकरण गरी सबै संस्थानलाई एकीकृत ढंगबाट नीति निर्देशन जारी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

५.९ **नियमन** - सार्वजनिक संस्थाहरुको सञ्चालन क्षमता, मूल्य निर्धारण पद्दती, सेवा प्रवाहको अवस्था र संस्थाको सञ्चालन नतिजामा प्रभावकारिता ल्याउन नियमनकारी संस्थाहरुको समयसापेक्ष नियमन हुन नसकेको, नियमन भै दिइएका सुझाव एवम् निर्देशनहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था देखिएकोले यस्ता सुधार हुनुपर्दछ ।

५.१० **असमीत दायित्व** – सार्वजनिक संस्थाहरुले व्यावसायिक रूपमा सञ्चालन गरेर खर्चमा मितव्ययिता, सेवा प्रवाहमा प्रभावकारिता र मुनाफा एवम् लाभांश आर्जन गर्नुपर्नेमा खर्चमा मितव्ययिता नआएको, आम्दानीको तुलनामा सेवा सुविधालाई व्यवस्थापन गर्न नसक्दा कर्मचारीको सेवा सुविधामा अत्याधिक रकम खर्च गरेको, दायित्व भुक्तानीको सुनिश्चितता बेगर असमीत दायित्व सृजना गरी व्ययभार बढाएको दीर्घकालीन सुविधा अन्तर्गत कर्मचारी सुविधामा एक्चुरियरको मूल्याङ्कनको मापदण्ड बेगर खर्च लेखेको जस्तो स्थिति देखिएकोले सोको नियन्त्रण एवम् सुधार गर्नुपर्दछ ।

५.११ **सेवा प्रवाह -** जनसरोकारसँग सम्बन्धित खानेपानी, बिजुली, खाद्यान्न, दुग्ध पदार्थ, बीउ बिजन, रासायनिक मल, आवास, लगायतका आधारभूत सेवा प्रदान गर्ने संस्थानको कार्यशैलीमा आधुनिकता ल्याउनुपर्ने आवश्यकता छ । त्यस्तै सेवाको लागतमा कमी ल्याई विद्युतीय प्रणालीबाट प्रवाह गर्न संरचनात्मक सुधारलाई जोड दिनुपर्दछ । आधुनिक सूचना प्रविधि, सेवामा टोकन प्रणाली, ई-सेवा मार्फत भुक्तानी प्रणालीमा सुधार, अन्तरसञ्जाल सूचनाको उपयोग तथा बेभसाइटलगायतका प्रविधिको उपयोग गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त र छिटो छरीतो पार्नुपर्दछ ।

खण्ड ख : लेखापरीक्षण प्रतिवेदन

१. अर्थ मन्त्रालय

नेपाल सरकारका पूर्ण स्वामित्व भएका संस्थाहरु

१.१ कर्मचारी सञ्चययकोष, २०७९।८०

कैफियत सहितको राय

हामीले कर्मचारी सञ्चयकोषको यसै साथ संलग्न २०८० आषाढ मसान्तको एकीकृत वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत नाफा नोक्सान हिसाव, एकीकृत विस्तृत आम्दानी विवरण, एकीकृत नगद प्रवाह विवरण, कोष तथा जगेडामा भएका परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कोषको वित्तीय विवरणले २०८० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **वास्ताविक बितरण योग्य नाफा :** कोषले ऋण लगानी गरेका निर्माणाधीन जलविद्युत परियोजनाहरुमा निर्माण अवधिको ब्याज रकमलाई पुँजीकरण गरी आम्दानी बाँध्ने नीति लिएकोमा समयमा निर्माण सम्पन्न हुन नसकेर व्यवसायिक उत्पादन मिति पटक पटक परिमार्जन भई परियोजना लागत तथा कर्जा/स्वःपूंजी अनुपात समेत पुनः संरचना (Restructure) भएका परियोजनाहरुको हकमा पनि प्राप्त हुन बाँकी ब्याज रकमलाई पुँजीकरण गरी आम्दानीमा समावेश गरिएको छ । यस्ता परियोजनाबाट उठ्न बाँकी रकममा एक प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गरी बाँकी रकम बितरण योग्य नाफामा समावेश गरिएकोले बितरण योग्य खुद नाफा बढेको देखिन्छ । २०७९।८० मा मध्य भोटेकोशी जलविद्युतको हकमा रू. १,००७,१८१,९७४, रसुवागढी जलविद्युतको हकमा रू. १,१९८,४०९,३३७ र सान्जेन जलविद्युतको हकमा रू. ७६०,६२८,३२४ बराबर नगदमा प्राप्त नभएको आम्दानी बितरण योग्य नाफामा समावेश भएको छ । साथै, संचयकर्ता कर्जा को हकमा समेत कर्जाको भाखा नाघेको र नगदमा प्राप्त नभएको ब्याज आम्दानीलाई पनि वितरणयोग्य मुनाफामा समावेश गर्ने गरिएको छ ।कोषले प्रवाह गरेको संचयकर्ता कर्जाहरु भाखा नाघेको खण्डमा के कति अवधिले भाखा नाघेको भन्ने विवरण कोषको प्रणालीबाट उपलब्ध नहुँदा यसरी लेखांकन गरिएको अधिक ब्याज आम्दानी को रकम यकिन गर्न सकिएन । बितरण योग्य नाफा वास्ताविक नभएकोले बितरणको लागि प्रस्तावित बोनस तथा लाभांस व्यवस्था परिमार्जन गर्नुपर्ने देखिन्छ।

२. **परियोजना कर्जा :** नेपाल वित्तीय प्रतिवेदनमान १५ - NFRS 15 Revenue from Contract with Customers अनुसार कर्जा तथा लगानीबाट आर्जन हुने ब्याज आम्दानीलाई प्रोद्धभावी (Accrual) आधारमा लेखांकन गर्नुपर्नेमा कोषले परियोजना कर्जाको ब्याज आम्दानीलाई नगद आधारमा लेखांकन गरेको पाईयो । नेपाल लेखमान अनुसार प्रोद्धभावी आधारमा लेखांकन गर्नुपर्दछ ।

कोषले स्वीकृत गरेको लगानी नीति अनुसार कर्जा/स्वःपूंजी अनुपात ७५:२५ हुनुपर्नेमा माथिल्लो तामाकोशी हाइड्रोपावर परियोजनाको हकमा २०८० असार मसान्तसम्म कर्जा/स्वःपूंजी अनुपात ८९:११ देखिन्छ । साथै, उक्त कम्पनिले वहन गरेको नोक्सानीलाई पनि गणना गर्दा इक्विटी क्षयीकरण भई कर्जा/स्वःपूंजी अनुपात ९६:०४ मा सीमित भएको

छ । सो आधारमा हेर्दा रु १७.५५ अर्ब अधिक कर्जा प्रवाह भएको देखिएकोले सो रकममा शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने देखिन्छ। साथै, नेपाल वायुसेवा निगमको हकमा पनि कर्जा लगानी गर्दा कोषले कर्जा/स्वःपूंजी अनुपातको कुनै प्रवाह गरेको देखिदैन । दुईवटा न्यारोबडी विमानको लागि रु.१० अर्ब बराबर शतप्रतिशत र वाइडबडी विमानको हकमा विमानको परल मूल्य रु.११ अर्ब ५३ करोड हुदा कोषले रु.१२ अर्ब ऋण प्रवाह गरेको छ । नेपाल वायुसेवा निगमसंग २०७४।०२।२८ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी बीमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु. १२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले ब्याज भुक्तानी नगरेको र सोही ब्याज सञ्चय कोषले पुँजीकरण गर्ने संचालक समितिको निर्णय अनुसार साँवा रकम बढेर रु. १४ अर्ब १५ करोड ७१ लाख पुगेको छ । यसरी बढेको रकम समेत खाम्ने गरी नेपाल सरकारको जमानत प्राप्त गर्न कोषले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । साथै, नेपाल वायु सेवा निगमलाई प्रदान गरेको कर्जाको असुली अनियमित रहेकोले कोषको आम्दानी संकुचित हुन पुगेको छ । यस्ता ठुला र दीर्घकालिन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यवसायिक योजना जस्ता विषयहरुमा अध्ययन, विश्लेषण र मुल्यांकन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो नगर्दा कोषको कर्जा रकम उठ्न नसक्ने जोखिम रहेको देखिन्छ ।

३. **लगानी :** कोषको सञ्चालक समितिको बैठक १४९६ ले बेतन कर्णाली सञ्चयकर्ता जलविद्युत कम्पनी लिमिटेडमा कोष र सञ्चयकर्ताले (क्रमसः १५ प्रतिशत र ४० प्रतिशत) शेयरमा लगानी गर्ने भनेर निर्णय भएको देखिन्छ । तर ऐनको व्यवस्थामा लगानी गर्ने अधिकार दिएतापनि कोषले आफै संस्था प्रवर्द्धन गर्न पाउने नपाउने भन्ने स्पष्ट प्रावधान देखिदैन । यसरी ऐनमा जलविधुत उत्पादन गर्नको लागि कम्पनी वा संस्थाको स्थापना र सञ्चालन गर्ने भनेर स्पष्ट उल्लेख नभएको अवस्थामा कोषले बेतन कर्णाली सञ्चयकर्ता जलविधुत कम्पनी लिमिटेड संस्था प्रवर्द्धन र सञ्चालन गर्ने निर्णयको वैधानिकता यकिन गर्न सकिएन । कोषले आफ्नो विज्ञता नभएको क्षेत्रमा ठुला परियोजनाहरु प्रवर्द्धन गर्दा कोषको लगानी जोखिममा पर्ने देखिन्छ ।

४. **अस्थाई सञ्चयकर्ता खाता :** संकलन शाखाले पठाएको फाँटवारी सम्बन्धित शाखाले प्रविष्टि गर्दा पूर्ण विवरण नआएमा वा विवरणमा अपूर्ण वा दुविधा भएको खण्डमा फाँटवारी शाखाले नयाँ अस्थायी सञ्चय कोष नम्बर तथा कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेको छ । कोषले २०८० आषाढ मसान्तसम्म २८,७७२ अस्थायी सञ्चयकर्ता खातामा रू. ९९०,३७१,०५३ प्रविष्ट गरेको छ। सञ्चयकर्तालाई सो खाताको बारेमा सामान्यतः जानकारी नहुने हुँदा सञ्चयकर्ताले पूरा कोष रकम पाउनको लागि अस्थायी सञ्चयकर्ता खाता पहिचान गरी उक्त रकम स्थायी सञ्चयकर्ता खातामा जम्मा गर्न प्रभावकारी व्यवस्था मिलाउनु पर्दछ ।

५. **बेचालु खाता :** कर्मचारी सञ्चय कोष, ऐन २०१९ को दफा १५ (क)को उपदफा ३ (क) मा सञ्चित रकम फिर्ता पाउन सक्ने अवस्था भएको सुरू मितिले ६ बर्ष सम्ममा पनि यस्तो रकम फिर्ता पाउने हक पुगेको व्यक्तिले फिर्ता लिन नआएमा छुट्टै खातामा जम्मा गरिनेछ र त्यसरी छुट्टै खातामा जम्मा गरिसकेपछि सो रकममा ब्याज दिइने छैन भन्ने व्यवस्था रहेको छ । २०८० आषाढ मसान्त सम्ममा बेचालु खातामा जम्मा मौज्दात रू. ३,२३७,०२५,२५६ रहेको छ । बेचालु खातामा भएको मौज्दातको पहिचान गरी सम्बन्धित व्यक्ति तथा निकाय संग सम्पर्क तथा पत्राचार गरी त्यस्ता बेचालु खाताको रकम न्यून गर्दै लैजानु पर्दछ । साथै, २०७९।८० मा कोषले तिर्नुपर्ने दायित्व बेचालु खाता बाट रु १,२५७,७६६,५७९ अपलेखन गरि सञ्चयकर्ता कल्याणकारी कोषमा रकमान्तर गरेको देखिन्छ । कुनै पनि दायित्व अपलेखन गर्नु पुर्व आवश्यक न्युनतम प्रक्रिया (जस्तै पत्रिकामा सूचना प्रकाशित गर्ने, फोन/इमेल मार्फत पत्राचार गर्ने आदि) पुरा गर्नुपर्नेमा कोषले कुनै प्रक्रिया बिना नै सञ्चयकर्ता कल्याणकारी कोषमा रकमान्तर गरेको छ । आवश्यक प्रक्रिया पुरा गरेर मात्र दायित्व अपलेखन गर्नुपर्दछ ।

६. **भाडा असुली :** कोषको स्वामित्वमा रहेका भवन तथा पसल कबलहरुबाट भाडा वापत २०७९।८० सम्म कोषले प्राप्त गर्नुपर्ने रकम रु. ७११,८७५,६८० रहेको देखिन्छ । कोषले भाडा वापत असुल्न बाँकी रहेको रकम यथासिघ्र असुल उपर गर्न आवश्यक कदम चाल्नुपर्ने देखिन्छ ।

७. बैङ्क हिसाब भिडान : स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा बिगतका वर्ष देखि नै कोषको बैङ्क हिसाव मिलान भएको छैन । यस आर्थिक वर्षको अन्त्यमा बैंक लेजर अनुसार रु. ९७८,८७३,०८५ र बैंक स्टेटमेन्ट अनुसार रु. ४,००८,०१५,२११ रहेकोमा फरक रकम रु. ३,०२९,१४२,१२६ को बैंक हिसाब मिलान विवरण कोषले तयार गरेको छैन । समयमै हिसाब मिलान नहुँदा लेखा र वित्तीय विवरणमा प्रस्तुत बैंक मौज्दातको रकमको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

हामीले नेपाल सरकारी लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका विषयः

लेखापरीक्षणको मुख्य विषयहरु त्यस्ता विषयहरु हुन, जुन हाम्रो ठहरमा, कोषको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढि अर्थपूर्ण रहेका थिए । त्यस्ता विषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षणको मुख्य विषयको रूपमा निर्धारण गरेका छौं ।

क्र.सं	लेखापरीक्षणको मुख्य विषय	लेखापरीक्षकको प्रतिक्रिया
१.	**लगानी मूल्यांकन, पहिचान, र क्षयीकरण** कोषको लगानीको रुपमा सरकारी ऋणपत्र, ट्रेजरी बिल्स, विकास ऋणपत्र, अन्य ऋणपत्र र सुचिकृत नभएका इक्विटी उपकरणमा गरिएको लगानी रहेको छ । उल्लेखित लगानीहरूको मूल्यांकन नेपाल लेखामान ३९ र नेपाल वित्तिय प्रतिवेदन मान ९ को आधारमा गरिएको छ । सरकार र केन्द्रिय बैंकको ऋणपत्र तथा ट्रेजरी बिल्समा भएको लगानीलाई परिशोधन लागत को आधारमा मुल्यांकन गर्नु पर्दछ भने व्यापारिक प्रयोजनका लागी गरिएका लगानी बाहेक अन्य इक्विटी उपकरणलाई उचित बजार मूल्यमा मुल्यांकन गरी अन्य विस्तृत आम्दानीको विवरण मा समावेश गर्नु पर्दछ । नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्यांकन गर्ने विधिको विविधता, गणनाको जटिलता र यस्तो लगानीमा संलग्न रकमको महत्वको आधारमा हाम्रो लेखापरीक्षणमा यसलाई लेखापरीक्षणको मुख्य विषयको रूपमा लिइएको छ ।	लगानीको पहिचान, मूल्यांकन र क्षयीकरण को परिक्षण प्रक्रियाको सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती निम्नअनुसार रहेको छ : • नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तिय प्रतिवेदनमानको आधारमा कोषको लगानी र यसको मूल्यांकनको समीक्षा । • उपलब्ध प्रमाण तथा परिस्थितिको आधारमा लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति तथा Business Model को मूल्यांकन तथा सोको आधारमा व्यवस्थापनले सो लगानीको वर्गीकरण गरेको कुराको निर्क्योल । • प्रशोधित लागत को आधार मा गरिएको मूल्यांकन को परिक्षण गर्दा हामीले प्रभावकारी ब्याज दर र Amortization Schedule नमुनाको आधारमा परीक्षण । • सुचिकृत लगानीलाई नेपाल स्टक एक्सचेन्जले २०८० आषढ मसान्तमा प्रकाशित गरेको अन्तिम करोबार मूल्यको आधारमा मूल्यांकन गरी अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरेको तथा सूचीकरण नभएका इक्विटी उपकरणलाई अंकित मूल्यमा मूल्यांकन गरको कुराको यकिन।
२.	**सूचना प्रविधि नियन्त्रण प्रणाली** करोबारको लेखांकन तथा हिसाब, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायहरुलाई आवश्यक	

	प्रतिवेदनहरु बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली कोषको महत्वपूर्ण प्रक्रिया हो । त्यस्ता प्रतिवेदनहरु कोषको सफ्टवेयरको प्रभावशालितामा निर्भर रहन्छ। कुनै पनि नियन्त्रण असफलता, Validation Failures, गलत तथ्यांकको इन्ट्रि तथा तथ्यांकको गलत Extraction ले गर्दा व्यवस्थापन, शेयरधनी र नियामकर्ताहरु लाई गलत रिपोर्टिंग हुन सक्ने भएको कारण हामीले यसलाई हाम्रो लेखापरीक्षणको मुख्य कुरा मानेका छौं ।	सूचना प्रविधि सम्बन्धी हाम्रो लेखापरीक्षण पद्धती कोषका सूचना प्रविधि नीति तथा असल अभ्यासहरुमा आधारित छ जुन निम्नअनुसार रहेको छः • कोषद्वारा विभिन्न ग्राहकहरुको लागि आपनाइएको Coding प्रणालीको बुझाई । • कोषको सूचना प्रविधि प्रणालीमा तथ्यांकको इन्ट्रि तथा सोको आधारमा वित्तीय जानकारीको Extraction बारेको बुझाई । • कोषको नीति नियममा कुनै परिवर्तन हुँदा प्रयोगकर्ताका आवश्यकताहरूको जाँच गर्ने । • प्रणालीबाट उत्पन्न भएका प्रतिवेदनलाई नमुना छनौटबाट जाँच गर्ने । कर्जाको सम्बन्धमा ब्याज आम्दानी र खर्च हिसाब प्रमाणीकरणको लागि हामीले कोषको सफ्टवेयरको नमुनाको आधारमा परीक्षण गरेका छौं। • हामी कोषद्वारा गरिएको सूचना प्रविधि लेखापरीक्षणमा निर्भर रहेका छौं ।

अन्य सूचनाहरुः

कोषको व्यवस्थापन अन्य सूचना तथा जानकारीको तयारीको लागि जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन। वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन तथा निष्कर्ष व्यक्त गर्दैनौं । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसँग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसँग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ । यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिर्पोट गर्नु आवश्यक छ ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा त्रुटिबाट होस सारभूत किसिमले जालसाजी वा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ।

वित्तीय विवरण तयार गर्दा संस्थालाई विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा बन्द गर्नु बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको निरन्तर सञ्चालनका लागी संस्थाको क्षमता मूल्यांकन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कोषको व्यवस्थापानमा रहेको छ ।

सञ्चालक समिति कोषको वित्तीय रिपोर्टिङ प्रक्रियाको निरीक्षणको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु

हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ ।सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

१.२ नागरिक लगानी कोष, २०७८।७९

कैफियत सहितको राय

हामीले यसैसाथ संलग्न नागरिक लगानी कोष तथा सहायक कम्पनीको २०७९ आषाढ मसान्तको एकीकृत वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत नाफा नोक्सान विवरण, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको रायको आधार खण्डमा उल्लेखित विषयको प्रभाव बाहेक नागरिक लगानी कोषको संलग्न एकीकृत वित्तीय विवरणले नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम २०७९ आषाढ मसान्तको एकीकृत

वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत वित्तीय कार्य तथा एकीकृत नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **योजनाहरुको आय, व्यय, सम्पत्ति र दायित्वः** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१.१. नेपाल वित्तीय प्रतिवेदन मानको वित्तीय प्रतिवेदनको वैचारिक संरचनाको खण्ड ४ मा उल्लेख भए बमोजिम वित्तीय प्रतिवेदनको तत्वहरुमा प्रतिवेदन निकायसँग सम्बन्धित सम्पत्ति, दायित्व, इक्विटी आय र व्यय पर्दछन् । नागरिक लगानी कोषले बचतकर्ताहरुबाट रकम लिई लगानीकर्ता हिसाब योजना तथा नागरिक एकाङ्क योजना संचालन गर्दै आएको छ । कोषले आफ्नो वित्तीय विवरण तयार गर्दा केन्द्रीय कार्यालयको आय, व्यय तथा सम्पत्ति र दायित्व मात्र प्रस्तुत गर्दछ । नागरिक लगानी कोषले बचतकर्ताबाट रकम लिई संचालन गर्दै आएको लगानीकर्ता हिसाब योजनाहरु तथा नागरिक एकाङ्क योजनाको आय, व्यय तथा सम्पत्ति र दायित्व आफ्नो वित्तीय विवरणमा प्रस्तुत गर्दैन । यसरी नागरिक लगानी कोषले आफैले संचालन गरेका योजनाहरुको आय, व्यय तथा सम्पत्ति र दायित्व आफ्नो वित्तीय विवरणमा प्रस्तुत नगर्दा नेपाल वित्तीय प्रतिवेदन मानको वैचारिक संरचना र लेखाको सामान्य सिद्धान्तको विपरित हुन जान्छ ।

१.२. यस वर्ष नागरिक लगानी कोषद्धारा सञ्चालित ७ वटा योजनाहरुको संचालन आम्दानी रु. १४ अर्ब ९५ करोड ९६ लाख र संचालन खर्च रु. १२ अर्ब ९२ करोड ४ लाख नागरिक लगानी कोषको वित्तीय विवरणको नाफा नोक्सान विवरणमा समावेश गरिएको छैन । यसै गरी, उक्त योजनाहरुको रु. २ खर्ब २० अर्ब ८१ करोड ४६ लाखको सम्पत्ति र दायित्वको पनि नागरिक लगानी कोषको वासलातमा प्रस्तुत गरिएको छैन ।

१.३. यसरी प्रचलित नेपाल वित्तीय प्रतिवेदन मानको वित्तीय प्रतिवेदनको वैचारिक संरचनाको खण्ड ४ को व्यवस्थालाई दृष्टिगत गर्दा कोषले आफ्नो वित्तीय विवरणमा केन्द्रीय कार्यालयका साथै आफूले संचालन गर्दै आएका योजनाहरुको आय, व्यय, सम्पत्ति र दायित्व समेत प्रस्तुत हुनुपर्ने देखिन्छ ।

२. **उपदान योजनाः** कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक नियमावली, २०४८ को खण्ड १२.४ उपदान को अनुसूची ११ अनुसार बीमाङ्कीय व्यवस्था गर्ने गरिएको र उक्त व्यवस्था वापतको रकम आर्थिक बर्षको अन्तमा कर्मचारीहरुको व्यक्तिगत खातामै जम्मा गरिएको पाईयो । कर्मचारीहरुले सो खातामा मासिक तलबको ५ प्रतिशत रकम समेत जम्मा गर्दै आईरहेको पाईयो । कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक नियमावली तथा वित्तीय विवरण तयार गर्दा कोषले प्रदान गर्ने उपदान परिभाषित सुविधा योजना रहेको प्रष्ट देखिन्छ । यसरी प्रदान गरिने परिभाषित सुविधा योजना अन्तर्गतको उपदान योगदानमा आधारित नहुने अवकाश योजना हुनपर्नेमा कोषले व्यवस्था वापतको रकम कर्मचारीहरुको व्यक्तिगत खाता मै जम्मा गरिदिँदा सो योजना योगदानमा आधारित अवकाश योजना हुन गएको पाईयो ।

३. **कोषमा रकमान्तरः** नागरिक लगानी कोषको संचालक समितिको २०६६।३।४ को बैठकको निर्णयले खूद मुनाफाको ५% बराबरको रकम कर्मचारी कल्याणकारी कोषमा बाँडफाँड गर्ने निर्णय गरेको देखिन्छ । सोहि निर्णय अनुसार यस वर्ष रु.३,३१,९५,५४२ र गत वर्ष रु.३,८८,४०,८०९ संचित मुनाफाबाट कर्मचारी कल्याणकारी कोषमा स्थानान्तरण गरिएको र यस वर्ष २०७६।७७ को रु.३,०९,८३,५२९ कोषले सञ्चालन गरेको लगानीकर्ता अवकाश योजनामा पठाएको देखिन्छ । उक्त रकम कोषले खर्च दाबी नगरी संचित मुनाफाबाट समायोजन गरेको देखिन्छ ।

४. **बैंक मौज्दातको हिसाब भिडानः** केन्द्रीय कोषतर्फ २०७९ आषाढ मसान्तमा ११ बैंक खातामध्ये ७ बैंक खातामा रहेको रु.२४,४९,४३,६२३ सकारात्मक मौज्दात तथा ४ बैंक खातामा रहेको रु.२४,४५,०६,३४७ ऋणात्मक मौज्दात समेत रु.४,३७,२७६ सकारात्मक देखिएतापनि बैंक विवरण अनुसारको रु.४,६२,५४,६८६ बैंक मौज्दात हिसाब भिडान गरेको पाइएन ।

५. **राष्ट्रिय बीमा संस्थानसँगको कारोवारः** यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

५.१. कोष अन्तर्गतका योजनाहरुले राष्ट्रिय बीमा संस्थानमा सहभागी हुने योगदानकर्ताहरुको बार्षिक संकलन गरेको उमेर अनुसारको प्रिमियम रकम केन्द्रले राष्ट्रिय बीमा संस्थानमा बुझाउनु पर्ने हुन्छ । सो बापत संकलन गरिएको रकम र केन्द्रले संस्थानलाई बुझाएको रकम बीच रु.२१,९८,५९,३६८ को भिन्नता रहेको तथा संलग्न नहुनेहरुको हकमा कोषमै राखिएको रकम बीचको हिसाब मिलान गरेको पाइएन । साथै राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा बापत संकलन भएको रकम बराबर दायित्व देखाएको पाइएन । राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा बापत संकलन भएको रु.३,४४,७५,१६,८५१.०५ रहेको र केन्द्रले राष्ट्रिय बीमा संस्थानलाई दायित्व देखाएको रु.३,०६,८६,७३,०९९.५३ रहेको छ । फरक रु.३७,८८,४३,७५१.५२ को हिसाब मिलान गरेको छैन ।

५.२. कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजना अन्तर्गत रहेका सम्पूर्ण राष्ट्रसेवकहरुको उमेर विवरण कोषको तथ्यांक प्रणाली अन्तर्गत नरहेकोले बीमा संस्थानमा भुक्तानी गरेको प्रिमियम राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा योजना संचालन कार्यविधि बमोजिम भएको पुष्टि हुने देखिएन ।

५.३. कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजनामा राष्ट्रिय बीमा संस्थानबाट ३९,१९८ जना योगदानकर्ताहरुको बीमालेख जारी भएको छैन ।

६. **नेपाल राष्ट्र बैंकसँगको कारोवारः** केन्द्रको लेखाप्रणालीमा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रु.४,९०,५७,८१५ देखिन्छ भने राष्ट्र बैंकको समर्थन पत्र अनुसार रु.८१,२२,९८,६२३ मात्र रहेको देखिन्छ । फरक रकमको समायोजन हिसाब तयार नगरेकोले उक्त रकम सम्बन्धमा यकिन गर्न सकिएन ।

७. **लेखा नीति तथा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको खुलासाः** कोषले आफ्नो वित्तीय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानमा उल्लेख भए बमोजिम कर्मचारीलाई प्रदान गरिएको सम्पूर्ण सहुलियतपूर्ण कर्जाको सन्दर्भमा रोजगारदाताको योगदान, सोको लेखा नीति तथा टिप्पणीमा आवश्यक खुलासा समावेश गरेको छैन ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । नागरिक लगानी कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

संस्थाको वित्तिय विवरणको लेखा लेखापरीक्षणलाइ असर गर्ने प्रमुख विषयहरु लेखा परीक्षणको मुख्य विषयका रुपमा लिइएको छ । यस्ता प्रमुख विषयहरु लेखापरिक्षण तथा सोको राय व्यक्त गर्दा समग्रमा लिइएको छ, साथै उक्त प्रमुख विषयहरुका लागी बैग्लै राय व्यक्त गरिएको छैन । लेखापरीक्षणका यी प्रमुख विषयहरु देहाय बमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छः

लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रतिक्रिया
लगानीको पहिचान , मापन तथा क्षयीकरणः संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट बैकको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ । लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखा परिक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	लगानीको पहिचान, मापन तथा क्षयीकरणको सम्बन्धमा हाम्रो लेखा परीक्षणको प्रकृया देहाय बमोजिम रहेको छः क) लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समीक्षा गरिएको । ख) संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाहको समिक्षा गरिएको । ग) सूचिकृत लगानीको मापन २०७९ आषाढ ३२ को बजार मूल्य बमोजिम रहे नरहेको चेक जाँच गरिएको, तथा सूचिकृत नरहेको लगानीको मूल्यांकन परल मुल्यको आधारमा गरिएको । **हाम्रो लेखा परीक्षणको परिणामः** लगानीको पहिचान, मापन तथा क्षयीकरणमा कोषले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो ।

अन्य विषयः लेखापरीक्षणका क्रममा देखिएका अन्य विषयहरु देहाय बमोजिम छनः

१. **सुविधाको उपयोगः** कर्मचारी बचत बृद्धि अवकाश कोष संचालन कार्यविधि, २०५९ को दफा १२ कार्यक्रममा जम्मा भएको रकमको भुक्तानी को खण्ड १ अनुसार देहायको अवस्थामा कार्यक्रममा जम्मा भएको रकम सहभागी कर्मचारीलाई भुक्तानी दिइने व्यवस्था छ ।

(क) कर्मचारीले सेवाबाट अवकाश प्राप्त गरेमा,

(ख) कर्मचारीको उमेर ५८ बर्ष पुगेमा, वा

(ग) कर्मचारी स्थायी रुपमा अपाङ्ग भएमा ।

माथि उल्लेखित अवस्था बाहेक अन्य कुनै पनि अवस्थामा भुक्तानी दिन नपाइने व्यवस्था छ ।

आयकर ऐन, २०५८ को दफा ६५ बमोजिम यदि अवकाश भुक्तानी एकमुष्ठ रूपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त लाभ मानिने व्यवस्था छ ।

कर्मचारी बचत बृद्धि अवकाश कोषको यस वर्षको लेखापरीक्षणको क्रममा सहभागीले कर्मचारी बचत बृद्धि अवकाश कोष योजनाबाट खण्ड १ अनुसारको अवस्थामा भुक्तानी पश्चात सहभागीको खाता बन्द हुनुपर्नेमा फेरि सोहि सहभागीले पुरानै कार्यालयबाट नयाँ खाता खोली रकम जम्मा भएको देखिन्छ । यस वर्ष ३८८ सहभागीको खाता बन्द स्वरुप रु.३६,९९९,४५६.३० भुक्तानी गरिएको तर उक्त खाता पुरानै कार्यालयबाट पुनः खोलिएको पाईयो । उक्त कार्य कर्मचारीको वास्तविक अवकाश नभई आयकर ऐन, २०५८ ले व्यवस्था गरेको सुविधाको लागि मात्र गरिएको देखिन्छ ।

२. **सहायक कम्पनीमा लगानीः** संचालक समितिको निर्णय नं २५८६ मिति २०७६।१०।२० मा नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लिमिटेडमा रु.२ अर्ब ५५ करोड (५१%) लगानी गर्ने निर्णय गरिएको पाईयो । कर्मचारी बचत बृद्धि अवकाश कोष योजनाबाट सापटी लिएको रु.२,२२०,०००,००० मध्ये रु.८०,०००,००० ब्याज सहित भुक्तानी गरिसकेको र बाँकी रु.२,१४०,०००,००० हालसम्म पनि भुक्तानी गरेको

छैन । उक्त सम्पूर्ण सापटी रकम अल्पकालीन समयको लागि मात्र सापटी लगिएको भनिए तापनि हालसम्म पनि उक्त रकम केन्द्रले भुक्तानी गरेको छैन । केन्द्रको स्टक डिलरमा लगानी अल्पकालीन लगानी नभई दिर्घकालीन लगानी भएको हुँदा साथै सो लगानी बापतको शेयर स्वामित्व समेत केन्द्रको भएकोले केन्द्रले सो लगानी योजनाको कोषबाट रकम लेनदेन देखाई लगानी गर्नु उपयुक्त देखिँदैन ।

३. **अन्तर योजना लेनदेन हिसाव भिडानः** आन्तरिक लेनदेन गर्दा आर्थिक वर्षको अन्त्यमा आन्तरिक लेनदेन हिसाब राफसाफ नगरिएको र देहाय बमोजिम आन्तरिक लेनदेन हिसाब देखिएको पाइयो ।

विवरण	यस योजनाको वित्तीय विवरण अनुसार	अन्य योजनाको वित्तीय विवरण अनुसार	फरक (रु.)
लिनुपर्ने		**दिनुपर्ने दायित्व**	
शिक्षक बीमा कोष योजना	४,०१८,०३६,२८६	३,९९६,३६३,२७१	२१,६७३,०१५
लगानीकर्ता हिसाब योजना	७७,७२१,३७८	४८,४२१,६९९	२९,२९९,६७९
सैनिक बीमा कोष योजना	६४०,१५२,१७९	६४०,४६३,८१३	(३११,६३४)
नागरिक एकांक योजना	४५,४१८,९२३	४३,१२९,३२१	२,२८९,६०२
नागरिक पेन्सन योजना	३३५,६४५	१०९,०५२	२२६,५९३
सशस्त्र प्रहरी बीमा कोष योजना	१२९,५८८,६७९	१२९,८८९,१६६	(३००,४८७)
निजामती बीमा योजना	४,२१७,६६२,६९९	४,०५८,०१६,१६९	१५९,६४६,५३०
दिनुपर्ने दायित्व		**लिनुपर्ने**	
नेपाल प्रहरी बीमा योजना	४१२,११४,१४८	५९३,५७५,३४४	(१८१,४६१,१९६)
राष्ट्रिय अनुसन्धान बीमा कोष	६९५,०२८,९२९	६९४,६५६,५००	३७२,४२९

४. **आन्तरिक नियन्त्रण प्रणालीः** कोषको आन्तरिक नियन्त्रण प्रणालीले तल उल्लेख गरे बमोजिकका कार्यहरु समयमै सम्पन्न गर्न सकेको पाइएन ।

४.१. बैंक तथा अन्तर योजनाहरुको हिसाब भिडान, पेश्की तथा प्राप्त आम्दानीको सम्बन्धित खातामा हिसाब मिलान, लगानी र लेखा शाखाको विवरण मिलान गर्ने जस्ता हिसाब भिडान कार्यहरु भएको छैन ।

४.२. कोषको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ विनियम २१ बमोजिम तयार गर्नुपर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरु तयार गरिएको छैन र समयमै वित्तीय विवरणहरु तयार हुने गरेको छैन ।

४.३. प्रभावकारी तवरले विगतको लेखा परीक्षणमा उठाईएका कैफियतहरुको समाधान गर्ने कार्यहरु भएका छैनन् । उक्त देखिएका कमी कमजोरी सुधार गर्न आन्तरिक नीति, नियम तथा निर्देशिका तयार गरी जारी गर्नु पर्ने, आन्तरिक लेखापरीक्षणलाई एउटा परम्परागत निरन्तरता भन्दा पनि फरक ढंगले संस्थाको काम कार्यबाही र तरलताको चित्रण तथा विश्लेषण गर्न सक्ने गरी चुस्त बनाउनु पर्ने देखिन्छ ।

५. **संस्थागत सुशासनः** संस्थागत सुशासन प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालकहरुले पालना गर्नु पर्ने आचार संहिता तयार गर्ने, संस्थाले विभिन्न कम्पनीहरुमा नियुक्त गरी पठाउने संचालकहरुको सीमा तथा काम कर्तव्य तोक्ने, यस्तो विनियमावली अर्थ मन्त्रालयको स्विकृती प्राप्त गरे पछि लागू गर्ने तथा अर्थ मन्त्रालयबाट निर्देशित नीति, नियमहरु

कडाइका साथ पालना गर्नुपर्ने लगायतका सुधारका कामहरु लागू गर्नुपर्ने देखिन्छ । साथै नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५(२) को प्रावधान अनुसार महिला संचालक नियुक्त गरिएको छैन ।

६. **प्रतिफल वितरणः** कोष अन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्ताहरुलाई लाभ प्रदान गर्दा लगानी गरी प्राप्त आम्दानीबाट खर्चहरु घटाई हुन आउने खुद बितरण योग्य (खुद बचत) रकम बाट आवश्यक जगेडा राखी बाँकी रकम समानुपातिक रुपमा बितरण गर्नुपर्ने हुन्छ । कोष अन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्ताहरुलाई प्रतिफल प्रदान गर्दा सञ्चालक समितिले तोकेको ब्याज (योजनाहरुमा ६.५ देखि ७.५ प्रतिशत) प्रदान गर्ने गरेको तथा उक्त ब्याज पश्चात् बाँकी रहने रकम जगेडा कोषमा रकमान्तर गरेको देखियो । यसरी सहभागीहरुलाई ब्याज मात्र प्रदान गर्दा सम्बन्धित बीमाकोष वा योजनाको सहभागीहरुले उचित प्रतिफल समेत नपाएको साथै हाल कायम रहेका सहभागीहरुको योगदानको आय सोही सहभागीहरुलाई लाभ बितरण हुनुपर्नेमा भविष्यका सहभागीले लाभ पाउने देखिन्छ । योजनाहरुको जोखिम व्यवस्थापन तथा प्रतिफल समिकरणका लागी न्यूनतम कोष व्यवस्था गरी बाँकी सबै रकम सहभागीहरुलाई बाँडफाँड गर्नु पर्ने देखिन्छ ।

७. **लगानीः** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७.१. **नेपाल वायु सेवा निगमः** नेपाल वायु सेवा निगमसँग २०७४।२।२९ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमानको खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत बृद्धि अवकाश योजना मार्फत रु.१२,००,००,००,००० (बाह्र अर्ब) को दीर्घकालीन ऋण प्रवाह गरेको छ । निगमसँग २०७९ असार मसान्त सम्म पुँजीकृत गरिएको ब्याज रकम समेत रु. १६,५८१,२७१,९४६.३७ ऋण लगानी देखिएको छ । सम्झौता बमोजिम योजनाले नेपाल वायु सेवा निगमबाट सो ऋण लगानीको रकम प्राप्त गरेको छैन । सम्झौता बमोजिम उक्त विमानको टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना भएको छैन ।

७.२. **माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनीः** माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड र नागरिक लगानी कोष बीच दीर्घकालीन ऋण लिने दिने सम्बन्धमा २०६७।८।२१ गते दुई पक्षीय ऋण सम्झौता भएको र उक्त सम्झौता २०७८ चैत्रमा संशोधन गरी पुरक ऋण सम्झौता भएको देखिन्छ । पुरक ऋण सम्झौता बमोजिम आयोजनाले २०७८।५।४ बाट व्यापारिक उत्पादन शुरु गर्ने र २०७८।९।३० सम्म ब्याज पुँजीकरण गरी नयाँ कर्जा भुक्तानी तालिका स्वीकृत गरेको देखिन्छ । संशोधित कर्जा भुक्तानी तालिका अनुसार २०७८ चैत्र मसान्तबाट किस्ता भुक्तानी हुनुपर्ने अनुसार किस्ता भुक्तानी भएको देखिन्छ । गत वर्ष किस्ता भुक्तानी हुनुपर्ने अनुसार किस्ता भुक्तानी भएकाले जोखिम व्यवस्था गरिएको छैन । माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड सँग २०७९ असार मसान्त सम्म पुँजीकृत गरिएको ब्याज समेत रु.५,४६७,५३५,८११ ऋण लगानी देखिएको छ ।

७.३. **समस्याग्रस्त संस्थामा रहेको मुद्दती निक्षेपः** समस्याग्रस्त सस्थामा रहेको मुद्दती निक्षेप (बाँकी कुल साँवा रकम रु ६२५,९६२,२८८.११ मा कायम गरिएको साधारण ब्याज दर (४ प्रतिशत) कोष अन्तर्गत योजनाहरुको कोष लागत (बीमा कोषको हकमा ६.५ प्रतिशत) भन्दा पनि घटी रहेको छ । साथै समस्याग्रस्त भनिएका कतिपय वित्तीय संस्थाहरु हाल अन्य बैंकहरुमा मर्ज भईसकेका वा सामान्य सञ्चालनमा आईसकेको अवस्थामा यो रकम समस्याग्रस्त राखी न्यून ब्याज दरमा रकम लगानी गरेकोले कोष अन्तर्गतका योजनाहरुको कोष रकमको उचित उपयोग भएको पाइएन । समस्याग्रस्त मुद्दती निक्षेप वर्षको अन्त्यमा लिनुपर्ने देखाइएको रु.६२५,९६२,२८८.११ मा सम्बन्धित संस्थाले समर्थन गरे नगरेको यकिन गर्न समर्थन पत्र लिएको पाइएन ।

८. **नेपाल राष्ट्र बैंकसँगको कारोवारः** कर्मचारी बचत बृद्धि योजनाको वित्तीय विवरणमा नेपाल राष्ट्र बैंकसँगको कारोबार रु.२,३९७,०५०,१७० ले ऋणात्मक रहेको देखिन्छ । राष्ट्र बैंकको समर्थन पत्र अनुसार नागरीक लगानी कोषसँगको ब्यालेन्स रु.८१२,२९८,६२३ रहेकोमा सो रकममध्ये कर्मचारी बचत बृद्धि योजनाको रकम छुट्याई फरक रकमको भिडान गरिएको पाइएन ।

९. **सहायक कम्पनीको लेखापरीक्षणः** नागरीक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लिमिटेड रहेको छ । उक्त कम्पनीको २०७८।७९ को लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार सो कम्पनीको कुल सम्पति, चालु दायित्व तथा आयकर पछिको नाफा/नोक्सान क्रमशः रु.३२,८८०,१२,९३२।४९, रु. ४,९८,७७,३४६।२३ र (रु.४३,१९,५६,४०६।८६) रहेको छ ।

१०. **सूचना प्रविधि प्रणालीः** नयाँ लेखा प्रणालीको विषयवस्तु तथा उपयोग हुने विषयहरुलाई समावेश गरी सफ्टवेयरको विकास गर्नुपर्नेमा नागरिक लगानी कोषले आफूले प्रयोगमा ल्याएको नयाँ लेखा प्रणालीमा सम्पत्ति आवेदन प्रतिवेदन तथा विवरणहरु, सहभागी ऋणीले अर्ध वार्षिक भित्र ब्याज भुक्तानी गरेमा सहभागीलाई उक्त किस्तामा तोकेको ब्याजमा ०.५ प्रतिशत ब्याज छुट प्रदान गर्ने, एकांक योजनाको शेयर लगानी विक्रि लगानी निति तथा उल्लेख प्रतिशत भन्दा माथि नाफा गरी विक्री गर्नु पर्ने विषय जस्ता विवरणहरु सूचना प्रविधि प्रणालीमा प्रविष्ट गरिएको छैन ।

कोषले प्रयोजनमा ल्याएको NLK Web based software ले दिने तथ्यांक तथा विवरणहरु एक आपसमा मेल खाएको पाईएन । कर्मचारी बचत बृद्धि अवकाश कोषको २०७८।७९ को सहभागिको भुक्तानि रकमको लेखापरिक्षणको क्रममा NLK Web based software ले वास्तविक भुक्तानी रकम भन्दा फरक रकम प्रस्तुत गरेको केही उदाहरण निम्नलिखित छन् । सूचना प्रविधि प्रणाली र उक्त प्रणालीबाट निस्कने तथ्यांक फरक नपर्ने व्यवस्था गर्नुपर्दछ ।

सहभागीको नाम तथा सहभागी कोड	वास्तविक भुक्तानी रकम	NLK Web Based software द्वारा देखाईएको भुक्तानी रकम	फरक रकम
001KBB0129750 (6426343.0) RAM MANDAL	४०५,२४१।४३	४०६,७५१।३३	(१,५०९।९०)
001KBB0203452 (6133391.0) BIJENDRA DHOJ NAKARMI	४९,०००।९९	६१,९१९।७७	(१२,९१८।७८)
001KBB0265802 (6168289.0) ICHHA WATI MALLA RANJIT	३३,४५६।२२	३५,२९५।१२	(१,८३८।९०)
001KBB0036794 (5482623.0) PRADEEP PAUDEL	१६५,४२२।४९	१६२,३९७।५८	३,०२४।९१

११. **अन्य जानकारीः** अन्य जानकरीको जिम्मेवारी व्यवस्थापनमा रहन्छ । अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर, वित्तीय विवरण तथा लेखापरीक्षणको प्रतिवेदन भने समावेश हुँदैनन् । हामीलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षकको प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्ष रहेको छ ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितका हुन नदिन व्यवस्थापनले आवश्यक ठानेका आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी यस कोषको व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा यस कोषको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत कोषलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ ।

शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

१.३ निक्षेप तथा कर्जा सुरक्षण कोष, २०७९।८०

कैफियत सहितको राय

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोषको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक निक्षेप तथा कर्जा सुरक्षण कोषको २०८० आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

नेपाल सरकार, अर्थ मन्त्रालय,वित्तिय क्षेत्र व्यवस्थापन महाशाखाको २०७४।१२।२९ को निर्देशन बमोजिम २०७४/७५ मा कर्जा सुरक्षण कोषबाट रु.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट रु.२ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी चुक्ता पुँजी रु.२ अर्ब ९३ करोड ४० लाखले बृद्धि भएको छ, जुन निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ (४) को कोषको रकम सुरक्षीत निक्षेपको दावी भुक्तानी वा सोध भर्ना बाहेक अन्य प्रयोजनमा खर्च गर्न नसकिने प्रावधान अनुसार रहेको छैन, जसका कारण कोषको शेयर पुँजी उल्लेखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लेखित रकम बराबर घटी भएको छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरिक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेको छैन।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटि बाट होस्, सारभूत किसिमको जालसाजी वा त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको जालसाजी वा त्रुटि भएमा सो जालसाजी वा त्रुटि सधै पत्ता लाग्छ भन्ने छैन। जालसाजी वा त्रुटिहरु जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो जालसाजी वा त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदनः

हामीलाई उपलब्ध जानकारी, स्पष्टिकरण, सूचनाहरु र हाम्रो लेखापरीक्षणको आधारमा निम्न अनुसार प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ उपलब्ध भयो।

ख) यस प्रतिवेदनसंग संलग्न वित्तिय विवरणहरु निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३ र अन्य प्रचलित कानुन वमोजिम तयार भएको र कोषले राखेको लेखासँग दुरुस्त रहेको छ।

ग) हाम्रो रायमा कोषबाट पाएको विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कोषको हिसाब किताबको परीक्षणको आधारमा कोषको संचालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरति काम गरेको वा अनियमित कार्य गरेको वा कोषको सम्पत्ति हिनामिना गरेको वा कानुन विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

१.४बीमा प्राधिकरण, २०७९।८०

लेखापरीक्षकको राय

हामीले नेपाल बीमा प्राधिकरणको यसै साथ संलग्न २०८० असार मसान्त (१६ जुलाई २०२३) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं । हाम्रो रायमा प्राधिकरणको वित्तीय विवरणले २०८० असार मसान्त (१६ जुलाई २०२३) को वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

हामीले नेपाल वित्तिय प्रतिवेदन मानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । प्राधिकरणको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले सोही उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter)

लेखापरिक्षणका मुख्यमामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन् । सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै राय व्यक्त गर्दैनौं । लेखापरीक्षण सम्बन्धी मुख्य व्यहोराहरू नभएको जानकारी गराउँदछौ ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्राधिकरणको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेबार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले प्राधिकरणको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै प्राधिकरणलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । प्राधिकरणको व्यवस्थापनको लागि उत्तरदायी पक्षले प्राधिकरणको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्शमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल वित्तिय प्रतिवेदन मान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्श निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्श भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्श लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

१.५ नेपाल राष्ट्र बैङ्क, २०७९।८०

Opinion

We have audited the accompanying financial statements of Nepal Rastra Bank, which comprise the Statement of Financial Position as at Asar 31, 2080, (July 16, 2023), the Statement of Net Income and Other Comprehensive Income, the Statement of Cash Flows and the Statement of Changes in Equity for the year then ended, and a summary of the significant accounting policies and other explanatory information.

In our opinion and to the best of our information and according to the explanations given to us, the aforesaid financial statements present fairly, in all material respects, the financial position of the Bank, as at Asar 31, 2080, (July 16 , 2023), and its financial performance, cash flows and the changes in equity for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with Nepal Financial Reporting Standards (NFRS) and, where applicable, the International Financial Reporting Standards (IFRS).

Basis for Opinion

We conducted our audit of the financial statements in accordance with Nepal Government Auditing Standards (NGASs) and, where applicable, the International Standards on Auditing (ISAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for

the Audit of the Financial Statements section of our report. We are independent constitutional body mandated to conduct public sector audit in Nepal. Further, we have fulfilled our ethical responsibilities in accordance with the Code of Ethics implemented by the office. We believe that the audit evidence we have obtained are sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

Key Audit Matters (KAM)

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. We have determined the matters described below to be the key audit matters in our report.

Key Audit Matters	Basis	How the matters were addressed in our audit
Investment in foreign securities and term deposits with foreign bank NRB's balances held in foreign securities and term deposits with foreign banks amounting to NPR 1,182.81 billion, equivalent to 74.48 % of NRB's total assets, impact of which is significantly material to the financial statements.	The NRB holds huge amount of its assets in foreign currency. Considering the nature of these investments, their impairment assessment requires judgement and significant estimates. Further, the value of foreign investment fluctuates along with the change in foreign currency exchange rates resulting in foreign exchange gain loss which are material. The measurement, presentation and disclosures of the investment in foreign securities and term deposits and recognition of income from those investments require management judgement and hence has been identified as a Key Audit Matter.	Our audit procedures to address the risk of material misstatement relating to the foreign investments, which was considered to be a significant risk included: ▪ Assessment of the design and testing of the operating effectiveness of management's control in assessing the carrying value of investments in foreign currencies, ▪ Obtaining direct confirmations from the related banks to confirm the balances of the investment reported in the financial statements. Upon receipt of the confirmations, necessary reconciliations were made, and ▪ Detailed analysis of exchange rates used and valuation procedures, recalculation of interest income, and evaluation of recognition, measurement, presentation and disclosures in the financial statements in accordance with applicable NFRSs. Based on our procedures performed we concluded that the investment in foreign securities in the financial statements are acceptable.

Key Audit Matters	Basis	How the matters were addressed in our audit
Balances with International Monetary Fund (IMF) NRB's assets held with International Monetary Fund (IMF) as at the yearend amounted to NPR 25.86 billion equivalent to 1.63% of total assets, impact of which is material to the financial statements. NRB has been allocated SDR on the basis of member's quota. Liabilities with IMF represent 2.46% of the total liabilities of the NRB. NRB's disclosures relating to transactions with IMF are included in the Note 5.14 of the financial statements.	Due to the unique structure, terms, valuation, foreign currency translation and periodic interest accrual of the IMF holdings and allocations, it was considered key audit matters to our audit.	Our audit procedures to address the risk of material misstatement relating to IMF holdings and allocations included verification of the SDR holdings provided by the IMF and allocations with information published on the IMF website and subsequently testing the exchange rates used to translate those amounts into the reporting currency as at the year end. Furthermore, we examined relevant documents and the basis of computation of interest income on SDR holding and expenses on SDR allocation and transactions undertaken during the year. Based on our audit procedures performed we concluded that the balances with IMF in both assets and liabilities reported in the financial statements are acceptable.
Valuation of Gold and Silver NRB maintained gold and silver as stock for minting purpose and for reserves. The value of gold and silver maintained as reserves for notes in circulation amounts to NPR 34.03 billion. NRB's disclosures about gold and silver are included in Note 5.1 of the financial statements.	The valuation of these gold and silver are carried out in line with the international market which is subject to market volatility and other external economic factors. Due to the unique nature of the asset's valuation methodology adopted and associated risk, it was considered key audit matters.	Our audit procedures included reviewing the valuation methodology adopted and carrying out the physical verification of gold and silver on a sample basis. Based on our procedures performed, we concluded that the valuation of gold and silver carried out and disclosed in the financial statements are acceptable.

Key Audit Matters	Basis	How the matters were addressed in our audit
Transaction with Government of Nepal NRB acts as the banker, advisor and fiscal agent of the Government of Nepal (GoN) and is primarily responsible for managing banking transactions on behalf of GoN including loan and grant received from foreign countries and entities, collection and administration of funds of various ministries and the national exchequer. NRB's assets held as advances and receivable from Government amounts to NPR 14.6 billion. Similarly, Deposit of Government is NPR 45.08 billion.	Given the unique nature as well as the high volume of transactions undertaken by NRB on behalf of the GoN, it was considered key audit matter.	Our audit procedures to address the risk of material misstatement relating to Deposit, advances and payments of Government included: ▪ Assessment of the design and testing of the operating effectiveness of management's control in assessing the carrying value of Deposit of Government, and ▪ Confirm the balances from records maintained by the Financial Comptroller General Office (FCGO), Nepal and reconciliation mechanism of NRB to reconcile the balances with the record of the FCGO. NRB's disclosure about the advances and receivable from Government and Deposit of Government are included in Note 4.9 and Note 4.21 of the financial statements respectively. Based on our procedure performed, we concluded that the balances with the Government of Nepal reported in the financial statements are acceptable.

Key Audit Matters	Basis	How the matters were addressed in our audit
Currency in Circulation The balance of currency in circulation represents the value of all bank notes issued in Nepal and the liability is measured at face value of all bank notes issued less any bank notes cancelled/destroyed and withdrawn from circulation and maintained in the note chest vault of NRB. NRB's disclosures about currency in circulation are included in Note 4.23 of the financial statements	Issuance of banknotes is one of the key roles of NRB as defined in the Nepal Rastra Bank Act, 2058 and is a key audit matter due to: ▪ Significant importance to the users of the financial statements, ▪ The balance is significantly material to the NRB's financial statements, and ▪ Complexity in assessing the accuracy of the liability for banknotes that are in circulation in the economy of Nepal.	We performed the following audit procedures in relation to currency in circulation: ▪ Tested those general controls which are relevant to the accurate recording of the issuance and return of bank notes within the system responsible for recording the balance of currency in circulation, ▪ We performed a comparison of current year's movements against the prior periods focusing on the number of bank notes issued by denomination, and ▪ Our audit procedures included communicating with the concerned department to understand the note issue process and carrying out physical inspection of notes held at NRB vault including note chest against currency in circulation on sample basis. Based on the procedure we performed we concluded that the balance of currency in circulation disclosed in the financial statements are acceptable.

Key Audit Matters	Basis	How the matters were addressed in our audit
IT System and Control The financial information of NRB is primarily generated through NRB's IT systems which is continuously undergoing changes to meet its operating needs and to address the internal and external threats.	The primary information for the financial statements is generated from the IT system and its controls. Therefore, we considered NRB's IT system as a key audit matter.	We performed the following audit procedures: ▪ Tested the design and operating effectiveness of NRB's IT access controls over the information systems that are critical to financial reporting, ▪ Tested IT general controls (logical access, changes management and aspects of IT operational controls) including testing of request for access to systems, ▪ Tested NRB's periodic review of access rights and reviewed requests for changes to system for appropriate approval and authorization, ▪ Considered the control environment relating to various interfaces, configurations and other application layer control, and ▪ Performed test of IT General Controls to evaluate the application development and database, hosting platforms and segregation of incompatible duties relevant to application and database change management. Based on the procedures performed, we considered the change managements, segregation of duties, controls and outputs in relation to financial accounting and reporting systems to be acceptable.

Information Other than the Financial Statements and Auditor's Report Thereon

NRB's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management report and other progress reports but does not include the financial statements and our auditor's report thereon.

Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon. In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed, we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

Management Letter

Management Letter highlighting the areas of improvement for the internal control system and other aspects in Nepal Rastra Bank is enclosed with this report.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards (NFRSs) and for such internal control as management determines is necessary to enable the preparation of the financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing NRB's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Group or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the Group's financial reporting process.

Auditors' Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error and to issue an auditors' report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with Nepal Government Auditing Standards (NGASs) and, where applicable, the International Standards on Auditing (ISAs), will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually, or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with Nepal Government Auditing Standards (NGASs) and and, where applicable, the International Standards on Auditing (ISAs), we exercised professional judgement and maintain professional scepticism throughout the audit. We also:

1. Identified and assessed the risks of material misstatement of the financial statements, whether due to fraud or error, designed and performed audit procedures responsive to those risks and obtained audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
2. Obtained an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the NRB's internal control.
3. Evaluated the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
4. Concluded on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or condition that may cast significant doubt on the NRB's ability to continue as a going concern. If we concluded that a material uncertainty exists, we were required to draw attention in our auditors' report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditors' report.

5. Evaluated the overall presentation, structure and content of the financial statements, including the disclosures and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
6. Obtained sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the NRB to express an opinion on the financial statements. We are responsible for the direction, supervision and performance of the NRB audit. We remain solely responsible for our audit opinion.

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

१.६ आर बि बि मर्चेन्ट बैङ्किङ, २०७९।८०

Report on the Audit of the Financial Statements

We have audited the accompanying financial statement of RBB Marchant Banking (the 'Company') which compromise the Statement of Financial Position as at Ashad 31, 2080 (July 16, 2023), the Statement of Profit or Loss (including Other Comprehensive Income), the Statement of Change in Equity and the Statement of Cash Flow for the Year then ended on that date, and a summary of the significant accounting policies and other explanatory information (here after referred to as "the financial statement").

Opinion

In our opinion, the accompanying financial statements presents fairly, in all material respects, the financial position of the company as at Ashad 31, 2080 (July 16, 2023) and its financial performance, change in equity, cash flow for the year then ended, and a summary of significant accounting policies and other explanatory information, in accordance with Nepal Financial Reporting Standards and comply with Companies Act, 2063.

Basis of Opinion

We conduct our audit of the financial statement accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those Standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements Section of our report. We are independent of the Company in accordance with the ICAN Handbook of the Code of Ethics for Professional Accountants together with the ethical requirements that are relevant to our audit of the financial statement in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion in the financial statements.

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgement, were of most significance in our audit of the financial statement and include the most significant assessed risk of material misstatement (whether or not due to fraud) identified, including those which has the greatest effect on the overall audit strategy; the allocation of resources in the audit and directing the effort of engagement team. We summaries below the key audit matter, in arriving at our audit opinion above, together with our key audit procedures to address those matters and, as required for public interest entities, our result from those procedures. These matters were addressed in the context of our audit of the financial statement as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

S.N.	Key Audit Matters	Audit's Response
1.	**Income from Depository Participants** ➢ Major portion of company's revenue consist of income from depository participants which includes revenue from Annual Maintenance Charges (DEMAT AMC), Mero share Renewal Fees, Account Opening Fee (DEMAT) and Mero Share Registration Fee etc. Revenue from these services are recognized in the statement of profit or loss when cash is received. ➢ DP Department recognized revenue on cash basis while commission paid to CDSC and SEBON, it was booked based on accrual basis	**Our Audit approach regarding verification of process of revenue recognition included.** ➢ Obtaining clear understanding of the process of revenue recognition from data provided by the Depository Participants Department. ➢ Recalculation of revenue based on the bills issued by CDSC, as the charges to be paid to it is predefined as a percentage/amount of the revenue collected. ➢ Reconciliation of income booked by RBB Merchant and bill issued by of CDSC and SEBON.

Information Other than the financial Statements and Auditor's Report Thereon

The Company Management is responsible for the preparation of other information. The other information comprises the information included in the Management Report, Report of the Board of Directors and Chairman's Statement but does not include the financial statement and our auditor's report thereon.

Our opinion in the financial statements does not cover the other information and we don't express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and in doing so, consider whether the other information is materially inconsistent with the financial statements of our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated.

If, based on the work we have performed we conclude that there is a material misstatement of this other information, we are required to report that fact. We have nothing to report in this regard.

Responsibility of Management and those Charges with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of financial statement that are free from material misstatement whether due to fraud and error.

In preparing the financial statement, management is responsible for assessing the Company's ability to continue as going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease the operation, or has no realistic alternative but to do so.

The Board of Directors is responsible for overseeing the Company's financial reporting process.

Auditors Responsibility for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue and auditor's report

that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatement can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decision of user taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism through the audit.

We also:

loss model as well as NRB provisioning norms are considered. Considering the significance of the above matter to the financial statements, we have identified this as a key audit matter. *(Ref. Note 4.6, 4.7 and 4.35 of Financial Statements)*	Assess the grouping of a homogeneous group of loans based on the nature and purpose of loans including data of historical loss experience in portfolios based on past due data from the system as well as data of loan loss provisioning of the defined group in the past.
c. Information Technology System and Control over Financial Reporting	
The Bank's Information Technology environment is complex and involves many independent and inter-dependent information technology systems used in the Bank's operations for processing and recording a large volume of transactions at numerous locations. As a result, there is a high degree of reliance and dependency on such information technology systems for the Bank's financial reporting process. Appropriate Information technology, general controls and application controls are required to ensure that such information technology systems can process the data, as required, completely, accurately, and consistently for reliable financial reporting. The accuracy and reliability of the financial reporting process depend on the information technology systems and the related control environment, including information technology general controls over user access management and change management across applications, networks, database, and operating systems, and Information technology automated application controls. Due to the importance of the impact of the information technology systems and related control environment on the Bank's financial reporting process, we have identified testing of such Information technology systems and related control environment as a key audit matter.	Our audit approach regarding the information technology of the bank is based upon the Information Technology Guidelines issued by NRB and included: a. Understanding of the business processes, IT Systems used to generate and support those balances and associated IT application controls and IT dependencies in manual controls. b. Understanding the coding system adopted by the bank for various categories of customers. c. Evaluating and testing the design and operating effectiveness of certain control activities over the integrity of the material IT systems that the relevant to financial reporting. d. Understanding the feeding of the data in the system and going through the extraction of the financial information and statements from the IT system existing in the bank. e. Checking the user /authority matrix for any changes in the regulations/ policy of the bank f. Reviewed the reports generated by the system on a sample basis and verified the interest income and expense booking regarding loans and deposits on a test basis with the CBS of the bank. g. Reliance on the independent Information System Audit of the bank.
d. Investment valuation and impairment	
Investment of the bank comprises investment in government bonds, T-bills, investment in quoted and unquoted equity instruments. The valuation of the aforesaid securities has been done in compliance with NFRS and NRB Directive. Investment in Himal Cement Company (HCC) was made by erstwhile NIDC Development Bank Ltd (NPR 36,892,100) which originally held 80.90%	Our audit approach regarding verification of the process of investment valuation, identification and impairment included: a. Review of the investment of the bank and its valuation having reference to NFRS and NRB Directives.

shares in HCC, which has been reduced to 26.74% after the Government of Nepal (Financial Comptroller General Officer) invested NPR 100 million in the year 2071. Land and buildings owned by HCC including at Chovar were taken over for Intermodal Container Depot and other facilities as per the decision of the government, however, liquidation of HCC is still in process with the agreed purchase consideration from the government thus bank's share in compensation is still to be determined and progressed. Given the varieties of treatments recommended for the valuation of investment based on the nature of cash flow, the business model adopted, the complexity of calculations and the significance of the amount involved in such investments, we have considered this a Key Audit Matter. *(Ref. Note 4.8, 4.10, 4.11, 5.8.4, 5.8.5 and 5.27 to the financial statements)*	b. Assess the nature of the expected cash flow of the investments as well as the business model adopted by the management based on available evidence/circumstances and ensured that the classification of investment is commensurate with the nature of cash flow and management's intention of holding the investment. c. Test check the effective interest rate and amortization schedule on a test basis for the investment valued at amortized cost. d. Review the decisions and correspondences made with HCC and Government of Nepal. e. Ensure that fair valuation has been done at the closing rate in NEPSE at the year-end for quoted investment and for the unquoted investment, net assets value based on the certified financial reports. f. Review the valuation report provided by independent valuator.
e. Property, Plant and Equipment (PPE)	
The valuation of Property, Plant and Equipment is a significant and complex area of the audit due to its materiality and the subjectivity involved in fair values. The bank's PPE includes significant assets subject to estimation uncertainties, particularly in determining fair values. The bank has revalued land owned /occupied by it during the year using the independent professional valuers. Given the basis adopted and prices used for determining the market (fair) value of the land, the complexity of calculations and the significance of the amount involved in such revaluations, we have considered this a Key Audit Matter. *(Ref. Note 3.8, 4.13 and 5.13 to the financial statements)*	Our audit approach regarding verification of property, plant and equipment included: a. Confirm that PPE is initially recorded at historical cost and verify the accuracy of the cost basis by examining invoices, contracts and other relevant documentation. b. Confirm the existence and ownership of significant PPE by physically inspecting assets, reviewing title deeds, and confirming ownership documentation. c. Assessing the appropriateness of management's assumption and the application of professional judgement in the revaluation process. d. Evaluating the qualifications and experience of the independent valuators engaged by the bank for the valuation, including review of their methodologies. e. Evaluating the review reports provided by independent reviewer and management assumptions taken. f. Ensure that the valuation methods applied are consistent with relevant accounting standards. g. Assessing the adequacy of supporting documentation including the valuation report and related evidence.

Information Other than the Consolidated Financial Statement and Auditors' Report Thereon

The Bank's Management is responsible for the other information. The other information comprises the information included in the Management Report, the Board of Directors, and Chairman's Statement but does not include the consolidated financial statements and our auditor's report thereon. Our opinion on the consolidated financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the consolidated financial statements, our responsibility is to read the other information and in doing so, consider whether the other information is materially inconsistent with the consolidated financial statements, or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated. As the other information documents are in the process of completion, the management has provided written representation that the final version of the documents will be provided when available thus we have nothing to report in this regard.

Responsibility of Management and Those Charged with Governance for the Consolidated Financial Statements

Management is responsible for the preparation and fair presentation of the consolidated financial statements in accordance with Nepal Financial Reporting Standards and for such internal control as management determines is necessary to enable the preparation of consolidated financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the consolidated financial statements, management is responsible for assessing the Group's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Group or to cease operations or has no realistic alternative but to do so. Those charged with Governance are responsible for overseeing the Group's financial reporting process.

Auditors' Responsibilities for the Audit of Consolidated Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the consolidated financial statements are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with Nepal Standards on Auditing (NSAs) will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken based on these consolidated financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the consolidated financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit to design audit procedures that are appropriate in the circumstances, but not for the purposes of expressing an opinion on the effectiveness of the Group's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by the management,

- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Group's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the consolidated financial statements or if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Group to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure, and content of the consolidated financial statements, including the disclosures, and whether the consolidated financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Group to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision, and performance of the group audit. We remain solely responsible for our audit opinion.

We have communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit. A separate management letter outlining such findings and deficiencies has been issued on this date.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the Consolidated Financial Statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such communication.

Report on Other Legal and Regulatory Requirements

We further report that:

- We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.
- The consolidated financial statements including the consolidated statement of financial position, consolidated statement of profit or loss, consolidated statement of other comprehensive income, consolidated statement of changes in equity, consolidated statement of cash flows including a summary of significant accounting policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Company Act, 2063, and they are in agreement with the books of accounts of the Bank; and the accounts and records of the Bank are properly maintained in accordance with the prevailing laws.
- In our opinion, the returns received from the branches of the bank are adequate for the audit purpose, though the statements are independently not audited.
- To the best of our information and according to the explanations given to us and from our examination of the books of account of the Bank, except as disclosed in Note 5.7.3 to the financial statements, we did not come across the cases where the Board of Directors

or any member thereof or any employee of the Bank have acted deliberately in contrary with the provisions of the law relating to accounts or caused loss or damage to the Bank or committed any misappropriation or violated any directive of Nepal Rastra Bank.

- In our opinion, the business of the Bank was conducted within the scope of its authority.

१.१० राष्ट्रिय बीमा कम्पनी लिमिटेड, २०७३।७४

राय व्यक्त नगरिएको

हामीले राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षण कार्य सम्पन्न गरेकाछौं जसमा २०७४ आषाढ ३१ को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धि टिप्पणीहरूको लेखापरीक्षण समावेश रहेका छन् ।

राय व्यक्त नगरिनुका आधार भन्ने अनुच्छेदमा राय व्यक्त गर्न नसकिनुका लागि वर्णन गरिएका विषयवस्तुहरूको महत्वको कारणले हुन जाने कूल प्रभावको पर्याप्त तथा उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न असमर्थ भएका छौं । तसर्थ, ती वित्तीय विवरणहरू उपर हामी राय व्यक्त गर्न सक्दैनौ ।

राय व्यक्त नगरिनुका आधार

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेकाछौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको ***"वित्तीय विवरणहरूप्रति लेखापरीक्षकको जिम्मेवारी"*** शीर्षक अन्तर्गत उल्लेख गरेकाछौं । राष्ट्रिय बीमा कम्पनी लिमिटेडको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट जारी "Handbook of the Code of Ethics for Professional Accountants" अनुरूप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेकाछौं । लेखापरीक्षणबाट राय व्यक्त गर्न नसक्ने आधारकारूपमा वित्तीय विवरणहरूमा गहन असर पार्ने व्यहोराहरू निम्नानुसार रहेका छन् :

१. नेपाल वित्तीय प्रतिवेदन मानहरू (Nepal Financial Reporting Standards) अनुसार वित्तीय विवरणहरू तयार नगरीएको

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) बाट जारी गरीएको निर्देशन वमोजिम नेपाल सरकारको स्वामित्व भएका सूचीकृत संस्थाहरूले आर्थिक वर्ष २०७२।७३ देखि नेपाल वित्तीय प्रतिवेदनमानहरू (Nepal Financial Reporting Standards) अनुसार वित्तीय विवरणहरू तयार गर्नुपर्ने व्यवस्था रहेकोमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडका यी वित्तीय विवरणहरू नेपाल वित्तीय प्रतिवेदनमानहरू (NFRS) अनुसार तयार गरिएका छैनन् । यस कम्पनीले वित्तीय विवरणहरू तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानहरू (NFRS) अनुसार तयार नगरेको तथा यसबाट पर्न जाने एकिकृत प्रभाव यकिन गर्न सकिएन ।

१.१ सस्पेन्स (Suspense) हिसाब : कम्पनीको आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरणहरूमा *"RBS to RBCL Suspense A/c"* शीर्षक अन्तर्गत देखाइएको रू. २५६,१८०,३५४।०० *(Cr.)* आ.व. २०७२।७३ बाट यस वर्षमा सारिएको छ ।

क्र.स.	विवरण	डेविट (रू.)	क्रेडिट (रू.)	खुद रकम (रू.)
१	बैङ्क-मूख्य कार्यालय	१७७,६७९,४१२।७१	५२,७१६,९६१०।४२	३४,९४९,०१९७।७१
२	बैङ्क-शाखा कार्यालय	१८,५७२,५७५।७४	३७,८२२,९७६।९४	१९,२५०,४०१।२०
३	अन्तर शाखा हिसाब	२,४००,०००।००	२८,६००,०००।००	२६,२००,०००।००
४	कर्मचारी कर्जा पेश्की	३,७९९,७९९।०८	-	(३,७९९,७९९।०८)
५	पुनर्बीमा	२२३,१२५,७६९।२५	१२,५११,०५१३।१७	(९८०१५२५६।०८)
६	प्राप्त गर्नुपर्ने	९,४३७।२६	-	(९,४३७।२६)
७	तिर्न बाँकी	४,४४१,८४५।००	६,४०५,१७५।००	१,९६३,३३०।००
८	जीवन वीमा विभाग	३८,१८४,४८५।६२	-	(३८,१८४,४८५।६२)

९	अन्य सम्पत्ति	१५७,६००।००	-	(१५७,६००।००)
१०	जानकारीमा नआएको	१०,१३४।८८	-	(१०,१३४।८८)
	जम्मा (आ.व. २०७१।७२ को शुरू मौज्दात)	**४६८,३८१,०५९।५४**	**७२५,१०८,२७५।५३**	**२५६,७२७,२१५।९९**
	आ.व. २०७१।७२ मा समायोजन			(५४६,८६२।००)
	आ.व. २०७२।७३ मा समायोजन			-
	आ.व. २०७३।७४ मा समायोजन			-
	यस वर्षको अन्तिम मौज्दात			**२५६,१८०,३५४।००**

उक्त रकमलाई पुष्टि गर्ने विवरणहरू प्राप्त हुन सकेनन् । तसर्थ, उपरोक्त सस्पेन्स लगायतका अद्यावधिक नभएका हिसाबहरू अद्यावधिक गर्दा कम्पनीको वित्तीय विवरणहरूमा पर्न सक्ने प्रभाव यकिन गर्न सकिएन ।

कम्पनीले पुनर्बीमा तथा सस्पेन्स (Suspense) अन्तर्गतका विभिन्न शीर्षकहरू मध्ये नमिलेको हिसाब आर्थिक वर्ष २०७०।७१ बाट क्रमश व्यवस्था गर्दैजाने निर्णय बमोजिम आर्थिक वर्ष २०७३।७४ मा रू. २९५,४५७,४५३।०० को खर्च लेखाङ्कन व्यवस्था गरेको र हालसम्म कूल व्यवस्था रू. १,०२१,९७२,९८९।०० रहेको छ ।

१.२ कम्पनीको आर्थिक वर्ष २०७३।७४ को वित्तीय विवरणहरूमा चालु दायित्व तर्फ Bank Reconciliation Suspense A/c शीर्षक अन्तर्गत रू. 76,631,529.62 (Cr.) देखाइएको छ । यस लेखा शीर्षकमा आर्थिक वर्ष २०७२।७३ बाट रू. 76,626,532.00 (Cr.) शुरू मौज्दातको रूपमा यस वर्षमा सारिएको र यस वर्ष रू.4,997.62(Cr.) बराबरको थप रकमलाई Bank Reconciliation Suspense A/c मार्फत विभिन्न बैङ्कहरूमा समायोजन गरिएको देखाईएको छ । यी हिसाबहरूलाई पुष्टिगर्ने विवरणहरू प्राप्त हुन सकेनन् । साथै, यसरी उपयुक्त लेखा शीर्षकहरूमा लेखाङ्कन नगरी Suspense A/c मार्फत लेखाङ्कन गरिएका हिसाबहरूको वित्तीय विवरणहरूमा पर्न सक्ने प्रभाव यकिन गर्न सकिएन ।

१.३ राष्ट्रिय बीमा संस्थानसँगको हिसाबः कम्पनीले यस आर्थिक वर्षको अन्त्यमा 'अन्य सम्पत्ति' अन्तर्गत जीवन बीमा विभाग (Life Insurance Division) शीर्षकमा रू. ६०,३७१,४२०।०० (Cr), जसको शुरू मौज्दातको रूपमा अघिल्लो आ.व. बाट सारिएको रू. ८८,८२५,६४६।०० (Cr) अर्थात दिनुपर्ने देखाईएको छ । यसरी, Life Insurance Division शीर्षकमा यस वर्षमा रू. २८,४५४,२२६।०० (Dr) समायोजन भएको देखिन्छ । त्यस्तै, Life Insurance Division (Loan Adjustment) शीर्षक अन्तर्गत रू. १२,६११,२७९।०० (Dr) देखाइएको छ । उक्त रकमहरूको वास्तविक विवरणको पूर्णरूपमा समायोजन/हिसाबमिलान हुन नसकेको तथा सोलाई पुष्टि गर्ने कुनै प्रमाण हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन ।

१.४ स्थिर सम्पत्तिः २०७४ आषाढ मसान्तको वित्तीय विवरणहरूमा स्थिर सम्पत्तिको मौज्दात रू. ३६,८७४,५४५।०० रहेको छ । कम्पनीको केन्द्रीय कार्यालय रहेको भवन तथा जग्गा कम्पनीको नाममा नामसारी भएको देखिएन । अर्धवार्षिक रूपमा गर्नुपर्ने भौतिक परीक्षण, वार्षिक रूपमा गर्नुपर्ने सम्पत्तिको प्रतिवेदन तथा विस्तृत सम्पत्ति रजिष्टर तयार गरेको पाईएन । साथै, स्थिर सम्पत्तिको बीमा सुरक्षणका कागजात समेत लेखापरीक्षणको समयमा उपलब्ध भएनन् ।

१.५ लगानी सम्बन्धमाः कम्पनीको हिसावमा लेखाङ्कन भएको दीर्घकालीन लगानीमध्ये निम्न बमोजिमका लगानी हालसम्म पनि राष्ट्रिय बीमा संस्थानको नाममा नै रहेको पाइयो ।

लगानीको विवरण	**रकम (रू.)**
एन. आइ. डि. सी. क्यापिटल मार्केट्स लि.	३००,०००।००
नेपाल विकास बैङ्क लि.	४,०००,०००।००
नेपाल आयल निगम	३००,०००।००
नेपाल ल्यूव आयल कं. लि.	७२२,९१५।००
नेपाल राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.	२००,०००।००

लगानीको विवरण	रकम (रू.)
गोरखकाली रबर उद्योग लि.	५,०००,०००।००
ज्योती स्पिनिङ्ग मिल्स	१०,०००,०००।००
सिद्धार्थ डेभलेपमेन्ट बैङ्क लि.	२७,२७१,९२३।००
जम्मा	**४७,७९४,८३८।००**

१.६ बैङ्क मौज्दातः कम्पनीको नाममा रहेका बैङ्क खाताहरूमध्ये निम्न लिखित बैङ्क मौज्दातहरू हिसाब मिलान गर्न बाँकी देखिएको छ ।

बैङ्कको नाम	रकम (रू.)
बैङ्क अफ काठमाण्डौं (स्वरोजगार ०६०००००६२१११५२४)	३५,४६३,५३०।१८
बैङ्क अफ काठमाण्डौं (डिभिडेन्ड ०१०००००६०४१४५२४)	(१५,२९५।००)
राष्ट्रिय वाणिज्य बैङ्क (नारायणगढ २८४०१)	३२४,१३९।०६
नेपाल बैङ्क लि. (पोखरा ९११४०३५)	१०१,५४६।५०

साथै, बिभिन्न बैङ्क हिसाब मिलान विवरणहरूमा समायोजन गर्नुपर्ने भनी देखाइएका रकम रू. १०४,७०९,८७२।९६ लामो अवधिदेखि समायोजन गरेको पाइएन ।

१.७ धरौटी खाता सम्बन्धमाः २०७४ आषाढ मसान्तको वित्तीय विवरणहरूमा धरौटी मौज्दात रू. ९,४६७,६८७।०० देखाइएको छ । जसमध्ये शुरू मौज्दातको रूपमा पछिल्लो आ.व. बाट रू.६,२०८,२१४।०० सारिएको छ । उक्त शुरू मौज्दातको मूख्य–मूख्य व्यक्तिगत खाताहरू नबनाएकोले सो शुरू मौज्दातमध्ये यस वर्ष समायोजन गर्नुपर्ने रकम यकिन गर्न सकिएन । साथै, यस्तो मौज्दातको तेश्रो पक्षबाट पुष्टिकरण पनि लिइएको छैन ।

१.८ पुनर्बीमक सम्बन्धि हिसाबः पुनर्बीमा सम्बन्धि कारोबार तथा मौज्दातहरूसँग सम्बन्धित पुनर्बीमा सम्झौता वमोजिम लेखाङ्कन, नियमितरूपमा फछ्यौट हिसाब मिलान नगरिएको तथा हरेक पुनर्बीमकको छुट्टाछुट्टै लेजर खाता लेखापरीक्षणको अवधिमा उपलब्ध हुन नसकेकाले उक्त हिसाबहरूको यथार्थता यकिन गर्न सकिएन । त्यस्तै, पुनर्बीमकहरूसँगको कारोबारका सम्बन्धमा तेश्रो पक्षबाट मौज्दात पुष्टिकरण प्राप्त हुन सकेन ।

२०७४ आषाढ मसान्तको वित्तीय विवरणहरूमा अन्य सम्पत्ति तथा दायित्वतर्फ पुनर्बीमक सम्बन्धि देखाइएका विभिन्न मौज्दातहरू निम्नानुसार छन् । जसको सम्बन्धमा तेश्रो पक्षबाट मौज्दात पुष्टिकरण प्राप्त हुन सकेन ।

विवरण	शीर्षक	यस वर्षको मौज्दात (रू.)	गत बर्षको मौज्दात (रू.)
पुनर्बीमकबाट प्राप्त हुन बाँकी	अन्य सम्पत्ति	(२७,७०५,११६।००)	६१,०८८,४०६।००
टी.टी वापत प्राप्त हुन बाँकी दावी	अन्य सम्पत्ति	७१,८३६,९४५।००	४५,१५९,६४२।००
पुनर्बीमकलाई दिन बाँकी	चालु दायित्व	५८,३२७,२७७।००	५८,३२७,२७७।००
टेरोरिज्म पूल/इन्स्योरेन्स पूल	चालु दायित्व	१०,१५२,६९१।००	१०,१५२,६९१।००
क्यास लस	चालु दायित्व	१५,८१४,३९०।००	१५,८१४,३९०।००

१.९ अभिकर्तालाई दिन बाँकी रकम सम्बन्धमाः २०७४ आषाढ मसान्तको वित्तीय विवरणहरूमा अभिकर्तालाई दिन बाँकी रकम रू.१४,३८२,६४६।०० देखाइएकोमा शुरू मौज्दातकोरूपमा पछिल्लो आ.व. बाट सारिएको क्रेडिट मौज्दात रू.१४,९५०,५६५।०० समावेश रहेको देखिन्छ । कम्पनीले अभिकर्ता कमिसन सम्बन्धि हिसाबहरूको समयमा नै फछ्यौंट/हिसाब मिलान नगरेको तथा उक्त हिसाबलाई पुष्टिकरण गर्ने कुनै पनि आधार लेखापरीक्षणको क्रममा उपलब्ध हुन नसकेकाले सोको यथार्थता यकिन गर्न सकिएन ।

१.१० बीमा शुल्क प्राप्त नगरी बीमा जोखिम स्वीकारः बीमा ऐन, २०४९ को दफा २७ अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली २०४९ को ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाएसम्म बीमक र बीमित बीचमा कारोवार भएकै नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै कम्पनीले बीमा प्रिमियम रकम बाँकी राखी बीमा स्वीकार गरेको पाइयो । साथै, कतिपय अवस्थामा बीमा प्रिमियम प्राप्त नभई बीमा आम्दानी बाँधेको उपयुक्त देखिँदैन । उक्त रकमको पुष्टि गर्ने कुनै विवरण प्राप्त हुन सकेन ।

यस शीर्षक अन्तर्गत शुरू मौज्दातको रूपमा रू.४७,७१५,९६२।०० सारिएकोमा यस वर्ष रू.२२,९१६,१५८।०० थप भई जम्मा रू.७०,६३२,१२०।०० हुन आएको देखिन्छ । उक्त शुरू मौज्दातको यस आ.व. मा उपयुक्त समायोजन गरेको देखिदैन । यस्तो मौज्दातको तेश्रो पक्षबाट पुष्टिकरण पनि लिइएको छैन ।

१.११ आयकरः

(१) २०७४ अषाढ मसान्तको वित्तीय विवरणहरूमा अग्रिम आयकर मौज्दात रू. ३२२,४३६,०३०।०० (शुरू मौज्दात रू. ८२७,३४२,१३५।००) देखाइएको छ । त्यस्तै, अग्रिम कर कट्टी वापत प्राप्त गर्नुपर्ने (TDS Receivable) शीर्षक अन्तर्गत रू. १३२,८९३,१६९।०० (शुरू मौज्दात रू. १९७,२३१,९८०।००) देखाइएकोमा सो रकमलाई प्रमाणित गर्ने टिडिएस् सर्टिफिकेट लगायतका विवरणहरू लेखापरीक्षणको क्रममा उपलब्ध हुन सकेनन् । आय विवरण पेश नगरिएको, साथै ठूला करदाता कार्यालयले कम्पनीको Unaudited Provisional वासलात तथा नाफा नोक्सान हिसाब तथा सम्बन्धित कागजातको अध्ययन तथा परीक्षण गरि मिति २०७८।०६।११ मा जारी गरिएको पत्रद्वारा शुल्क तथा ब्याज सहित रू. १८९,३३०,९४७६३ संशोधित कर निर्धारण गरेको कर समायोजन नभैसकेकोले अग्रिम आयकर मौज्दात, अग्रिम कर कट्टी वापत प्राप्त गर्नुपर्ने (TDS Receivable) तथा कम्पनीको आयकर दायित्वको वास्तविकता यकिन गर्न सकिएन ।

(२) कम्पनीले यस आ.व. को अन्तमा रू. ४,५३०,०९०।०० श्रोतमा कट्टा गरिएको कर तिर्न बाँकी देखाएको छ । शुरू मौज्दात रू. ४६,८४४,६३२।०० मा राष्ट्रिय बीमा संस्थानबाट हस्तान्तरण भईआएको दायित्व रू. ४५,६४०,८८४।०० मध्ये रू. ४४,९४८,२२६।०० को कर फछ्यौट आयोगको निर्णय बमोजिम हिसाब मिलान गरिएको देखियो । ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरद्वारा कम्पनीबाट प्राप्त Unaudited Provisional वासलात तथा नाफा नोक्सान हिसाबको अध्ययन तथा परीक्षण गरि मिति २०७८।०६।११ को पत्रद्वारा रू. १०,५९०,५५५।०० को अग्रिम कर कट्टी दायित्व कायम गरि सो को दफा ११९ र १२० को ब्याज तथा शुल्क सहित रू. २२,६३७,३१०।८२ को अग्रिम कर कट्टी दायित्व कायम गरिएको देखियो । राष्ट्रिय बीमा संस्थानबाट हस्तान्तरण भई आएको बाँकी हिसाब तथा ठूला करदाता कार्यालयद्वारा निर्धारण गरिएको अग्रिम करकट्टी समायोजन नभैसकेकोले कम्पनीको यस आ.व. को अन्तमा देखिएको श्रोतमा कट्टा गरिएको तिर्न बाँकी कर रकमले वास्तविक दायित्वको यथार्थ चित्रण गर्दैन ।

१.१२ प्रवन्धपत्र अनुसारको शेयर संरचना नरहेकोः कम्पनीको प्रवन्धपत्र अनुसार ७० प्रतिशत संस्थापक शेयर र ३० प्रतिशत सर्वसाधारण शेयर रहने व्यवस्था रहेको छ । साथै, ७० प्रतिशत संस्थापक शेयरमध्ये नेपाल सरकारको ४१.०३ प्रतिशत, कर्मचारी सञ्चय कोषको १९.३७ प्रतिशत तथा नेपाल बैङ्क लिमिटेडको ९.६० प्रतिशत शेयर रहने व्यवस्था रहेको छ । तर, २०७४ आषाढ मसान्तको कम्पनीको शेयर संरचनामाथि उल्लेख गरे वमोजिम रहेको पाइएन । साथै, कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित शेयर लगत हाम्रो लेखापरीक्षणको अवधिमा उपलब्ध हुन सकेन ।

शेयरधनीको विवरण	प्रवन्धपत्र अनुसार	२०७३ आषाढ मसान्तको शेयर संरचना
नेपाल सरकार	४१.०३%	४७.५०%
कर्मचारी सञ्चय कोष	१९.३७%	२२.००%
नेपाल बैङ्क लिमिटेड	९.६०%	१०.९६%
सर्वसाधारण	३०.००%	१९.५४%
जम्मा	**१००.००%**	**१००.००%**

१.१३ अन्तर-शाखा हिसाब मिलानः कम्पनीको शाखा हिसाबमा रू. ८९,२६,२४१।०० (Dr.) शुरू मौज्दात देखिएको छ । यस आ.व.मा मिलान नगरिएको रकम रू. २२,०००।०० ले वृद्धि भई अन्तिम मौज्दात रू. ८,९४८,२४१ कायम भएको छ । शाखा हिसाब मिलान पछि वित्तीय विवरणहरूमा त्यसले पार्ने प्रभाव यकिन गर्न सकिएन ।

१.१४ न्यून बीमा शुल्क तथा मूल्य अभिवृद्धि करः कम्पनीले यस आर्थिक वर्षमा आन्तरिक राजस्व विभागलाई पेश गरेको मू.अ.कर विवरणमा कूल बीमा शुल्क आम्दानी रू.८७८,५३०,८३९ र सो आम्दानीमा लाग्ने मू.अ.कर रू. ११४,२०९,००९ देखाईएको भएतापनि वित्तीय विवरणहरूमा कूल बीमा शुल्क आम्दानी रू. ८५७,५८३,६२५।८८ र सो आम्दानीमा लाग्ने मू.अ.कर रू. ११०,६९२,९११ मात्र देखाईएको छ । यसरी फरक पर्न गएको बीमा शुल्क रू. २०,९४७,२१३।१२ र मू.अ.कर रू. ३,५१६,०९८।०० को उचित आधार उपलब्ध हुन सकेन । यसरी उल्लेखित फरक रकमले कम्पनीको नाफा तथा मू.अ.कर दायित्वमा कमी भएको देखिन्छ ।

साथै, आन्तरिक राजस्व विभागलाई पेश गरिएको आषाढ २०७४ को मू.अ.कर विवरणको आधारमा रू. १०,५२१,१४३ तिर्नुपर्ने देखिन्छ तर कम्पनीको वित्तीय विवरणहरूमा रू.२२,३८१,३८३।०० फिर्ता पाउनुपर्ने देखाईएको छ र उक्त फरकको उचित आधार कम्पनीले उपलब्ध गराउन सकेन । तसर्थ, कम्पनीको कूल बीमा शुल्क तथा मू.अ.कर दायित्व यति नै हो भनी यकिन गर्न सकिने अवस्था रहेन ।

२.१५ कूल बीमा शुल्कः कम्पनीको आय/व्यय हिसावमा देखिएको कूल बीमा शुल्क आम्दानी र कम्पनीले जारी गरेको बिजकको जम्मा रकममा निम्नानुसार फरक परेको देखिन्छ, जस अनुसार रू. २७,०१३,२४६।२२ बराबरको आय बढी लेखाङ्कन भएको देखिन्छ ।

बीमाको किसिम	बिजक रकम (रू.)	लेखाङ्कन रकम (रू.)	फरक परेको (रू.)
अग्नि	१०४,४२४,७३०।८७	१०४,४२४,७३०।८७	-
सामुद्रिक	७७,९३९,६९३।६२	७७,९३९,६९३।६२	-
हवाई	३०६,८३६,८३४।७७	३३४,१८१,७४७।२१	२७,३४४,९१२।४४
इन्जिनियरिङ्ग	११,९९१,८५२।१६	११,९९१,८५२।१६	-
मोटर	१४९,९४३,७३६।०८	१४९,८६१,७७९।६२	(८१,९५६।४६)
पशुपन्छी तथा वाली	६,०९९,६८७।५७	६,०९९,६८७।५७	-
विविध	१७३,३३३,८४४।५९	१७३,०८४,१३४।८३	(२४९,७०९।७६)
जम्मा	**८३०,५७०,३७९।६६**	**८५७,५८३,६२५।८८**	**२७,०१३,२४६।२२**

१.१६ विदेशी विनिमय दरमा परिर्वतनको प्रभावः नेपाल लेखामान २१ **"विदेशी विनिमय दरमा परिर्वतनको प्रभाव"** मा उल्लेख गरे बमोजिम प्रत्येक मौद्रिक कारोबारको मिलान गर्दा सिर्जना हुने विनिमय लाभ वा नोक्सानीलाई सोहि बखत लेखाङ्कन गर्नुपर्दछ । तर कम्पनीले एभिएसन इन्स्योरेन्सको हकमा पुनर्बीमकबाट प्राप्त गरेको दावी बापत रकमलाई प्राप्त गरेको समयमा लेखाङ्कन नगरी सिधै ग्राहकलाई भुक्तानी गर्ने समयमा मात्र लेखाङ्कन गर्ने गरेको पाइयो जसले गर्दा पुनर्बीमकबाट प्राप्त गर्दा र ग्राहकलाई भुक्तानी गर्दाको समय अवधिमा सिर्जना भएको विनिमय लाभ वा नोक्सानीको सही लेखाङ्कन हुनसकेको पाइएन । यसले समेत वित्तीय विवरणहरू को यथार्थतामा प्रभाव पारेको देखिन्छ ।

१.१७ दावीः लेखापरीक्षणको क्रममा कम्पनीमा परेको दावी, भुक्तानी भएको दावी, भुक्तानी हुन बाँकी दावी, पुनर्बीमकबाट प्राप्त गर्नुपर्ने तथा प्राप्त दावी वापतको रकम, सर्भे फी लगायतको वास्तविकता यकिन हुन सक्नेगरी यथेष्ट विवरणहरू उपलब्ध हुन नसकेकोले दावी सम्बन्धित हिसाबकिताबहरूको यर्थाथता यकिन गर्न सकिएन ।

साथै,

(१) **आ.व. २०७२।७३ मा परेको भुक्तानी हुन बाँकी दावी**

(क) भुक्तानी हुन बाँकी दावी बढी देखाईएकोः आ.व.२०७२।७३ को वित्तीय विवरणहरूमा देखाईएको सो वर्षमा (आ.व. २०७२।७३) परेको तर भुक्तानी हुन बाँकी दावी मध्ये आ.व.२०७३।७४ मा भुक्तानी भए पश्चात बाँकी हुनुपर्ने दावी भन्दा आ.व.२०७३।७४ को अन्तमा देखाईएको भुक्तानी हुन बाँकी दावी अधिक रहेको पाईयो ।

वित्तीय विवरणहरू	२०७२।७३	२०७३।७४	२०७३।७४ को अन्तमा भुक्तानी हुन बाँकी हुनु पर्ने दावी (रू.)	२०७३।७४ को अन्तमा देखाईएको भुक्तानी हुन बाँकी दावी (रू.)
बीमाको किसिम	चालु आ.व.मा परेको भुक्तानी हुन बाँकी दावी (रू.)	एक आ.व.अघि परेको दावी भुक्तानी (रू.)		
अग्नि	-	१,००९,०२८।००	-	५०,०००।००
सामुद्रिक	१३,५००,०००।००	६,२२२,९६७।००	७,२७७,०३३।००	१३,५००,०००।००
हवाई	१९,२०६,१००।००	१,२०५,९१८।२९	१८,०००,१८१।७१	१९,२०६,१००।००
इन्जिनियरिङ्ग	२,०००,०००।००	५,४९२,५६३।००	-	२,०००,०००।००
मोटर	५४,३७३,७५०।००	६०,७२३,०३३।२०	-	५४,३७३,७५०।००
विविध	३,००६,८५४।५७	४,५७१,२४७।७६	-	१,७५९,०८७।७२

पशुपन्छी तथा वाली	४८७,०००।००	४५१,३२५।००	३५,६७५।००	४८७,०००।००
जम्मा	**९२,५७३,७०४।५७**	**७९,६७६,०८२।२५**	**२५,३१२,८८९।७१**	**९१,३७५,९३७।७२**

(ख) भुक्तानी हुन बाँकी भन्दा अधिक भुक्तानी गरिएको

आ.व.२०७२।७३ को वित्तीय विवरणहरूमा देखाईएको सो वर्षमा (आ.व. २०७२।७३) परेको तर भुक्तानी हुन बाँकी दावी रहेको दावी भन्दा सोको सम्बन्धमा आ.व.२०७३।७४ मा भुक्तानी देखाइएको रकम अधिक भएको पाईयो ।

वित्तीय विवरणहरू	**२०७२।७३**	**२०७३।७४**	**अधिक भुक्तानी (रू.)**
बीमाको किसिम	**चालु आ.व.मा परेको भुक्तानी हुन बाँकी (रू.)**	**एक आ.व.अघि परेको दावी भुक्तानी (रू.)**	
अग्नि	-	१०,०९,०२८।००	१०,०९,०२८।००
इन्जिनियरिङ्ग	२०,००,०००।००	५४,९२,५६३।००	३४,९२,५६३।००
मोटर	५,४३,७३,७५०।००	६,०७,२३,०३३।२	६३,४९,२८३।२०
विविध	३०,०६,८५४।५७	४५,७१,२४७।७६	१५,६४,३९३।१९
जम्मा	**५,९३,८०,६०४।५७**	**७,१७,९५,८७१।९६**	**१,२४,१५,२६७३९**

(२) **आ.व. २०७१।७२ मा परेको भुक्तानी हुन बाँकी दावी**

(क) भुक्तानी हुन बाँकी दावी बढी देखाईएको: आ.व.२०७१।७२ को वित्तीय विवरणहरूमा देखाईएको सो वर्षमा (आ.व. २०७१।७२) परेको तर भुक्तानी हुन बाँकी दावीमध्ये आ.व.२०७२।७३ तथा आ.व.२०७३।७४ मा भुक्तानी भए पश्चात बाँकी हुनु पर्ने दावी भन्दा आ.व.२०७३।७४ को अन्तमा देखाईएको भुक्तानी हुन बाँकी दावी धेरै रहेको पाईयो ।

वित्तीय विवरणहरू	**२०७१।७२**	**२०७२।७३**	**२०७३।७४**	**२०७३।७४ को अन्तमा भुक्तानी हुन बाँकी रहनु पर्ने दावी (रू.)**	**२०७३।७४**
बीमाको किसिम	**चालु आ.व.मा परेको भुक्तानी हुन बाँकी दावी (रू.)**	**एक आ.व.अघि परेको दावी भुक्तानी (रू.)**	**दुई आ.व.अघि परेको दावी भुक्तानी (रू.)**		**दुई आ.व.अघि परेको भुक्तानी हुन बाँकी दावी (रू.)**
इन्जिनियरिङ्ग	-	५,४८४,२५६।९७	-	-	२,९००,०००।००
मोटर	७९,२६५,०००।००	५६,४६१,७१८।४०	२१,१८५,८८५।२०	१,६१७,३९६।४०	४९,०३७,०००।००
विविध	१०,३५३,५७८।००	३,०६५,८६०।८६	१९९,६१०।००	७,०८८,१०७।१४	१७,८८९,३७०।००
जम्मा	**८९,६१८,५७८।००**	**६५,०११,८३६।२३**	**२१,३८५,४९५।२०**	**८,७०५,५०३।५४**	**६९,८२६,३७०।००**

(ख) भुक्तानी हुन बाँकी भन्दा अधिक भुक्तानी गरिएको: आ.व. २०७१।७२ मा दावी परेको तर भुक्तानी हुन बाँकी रहेको दावी सम्वन्धमा आ.व.२०७१।७२ को वित्तीय विवरणहरूमा बिभिन्न बीमा शीर्षकहरुमा देखाईएको भुक्तानी हुन बाँकी दावी भन्दा आ.व.२०७२।७३ तथा २०७३।७४मा जम्मा रू. ५,५६२,१०६।९७ अधिक भुक्तानी गरेको पाईयो ।

(३) **आर्थिक वर्ष २०७०।७१ मा परेको भुक्तानी हुन बाँकी दावी**

(क) भुक्तानी हुन बाँकी दावी बढी देखाईएको: आ.व.२०७०।७१ को वित्तीय विवरणहरूमा देखाईएको सो वर्षमा (आ.व. २०७०।७१) परेको तर भुक्तानी हुन बाँकी दावीमध्ये आ.व. २०७१।७२, आ.व.२०७२।७३ तथा आ.व. २०७३।७४ मा भुक्तानी भए पश्चात बाँकी हुनुपर्ने दावी भन्दा आ.व. २०७३।७४ को अन्तमा देखाईएको भुक्तानी हुन बाँकी दावी अधिक रहेको पाईयो ।

वित्तीय विवरणहरू	२०७०।७१	२०७१।७२, २०७२।७३ र २०७३।७४	२०७३।७४ को अन्तमा भुक्तानी हुन बाँकी रहनु पर्ने दावी (रू.)	२०७३।७४
बीमाको किसिम	चालु आ.व.मा परेको भुक्तानी हुन बाँकी दावी (रू.)	२०७०।७१ परेको भुक्तानी हुन बाँकी दावी मध्ये भुक्तानी (रू.)		तीन आ.व.अघि परेको भुक्तानी हुन बाँकी दावी (रू.)
अग्नि	३,४७५,४५३।००	५,३७६,७२९।३५	-	३७,३७६,८२९।००
सामुद्रिक	३,३८७,६९३।००	४,९५८,५०१।९७	-	१,४२०,०००।००
हवाई	६८४,१८४।००	२३,९५२,२६७।७३	-	१७६,२३१,६६६।९४
इन्जिनियरिङ्ग	४३५,४००।००	-	-	१,८७१,०००।००
विविध	५,१७९,३०४।००	१४,८६८,६००।००	-	२,२३४,९०९।००
जम्मा	**१३,१६२,०३४।००**	**४९,१५६,०९९।०५**	**-**	**२१९,१३४,४०४।९४**

(ख) भुक्तानी हुन बाँकी भन्दा अधिक भुक्तानी गरिएको: आ.व. २०७०।७१ मा दावी परेको तर भुक्तानी हुन बाँकी रहेको दावी सम्वन्धमा आ.व.२०७०।७१ को वित्तीय विवरणहरूमा विभिन्न वीमा शीर्षकहरुमा देखाईएको भुक्तानी हुन बाँकी दावी भन्दा आ.व. २०७१।७२, २०७२।७३ तथा २०७३।७४मा जम्मा रू. १०४,४०१,५११।५७ अधिक भुक्तानी गरेको पाईयो ।

(४) आ.व. २०६९।७० तथा सो भन्दा अघि परेको भुक्तानी हुन बाँकी दावी: आ.व. २०७०।७१ को वित्तीय विवरणहरूमा आ.व. २०६९।७० तथा सो भन्दा अघिका आ.व.हरूमा परेको कुनै पनि भुक्तानी हुन बाँकी दावी नदेखाईएको हुँदा उक्त आ.व.हरूमा के कति दावीहरू भुक्तानी हुन बाँकी हुन् भनी कुनै जानकारी प्राप्त हुन सकेन । तर आ.व. २०६९।७० तथा सो भन्दा अघिका आ.व.हरूमा परेको तर भुक्तानी हुन बाँकी दावी वापत आ.व. २०७१।७२, आ.व. २०७२।७३ तथा आ.व. २०७३।७४ मा निरन्तर भुक्तानी भैरहेको देखाईएको छ ।

	आ.व. २०६९।७० तथा सो भन्दा अघि परेको भुक्तानी हुन बाँकी दावी वापत गरिएको भुक्तानी			
बीमाको किसिम	२०७१।७२ (रू.)	२०७२।७३ (रू.)	२०७३।७४ (रू.)	जम्मा (रू.)
अग्नि	६३५,४४४।००	४,३७५।००	१०,२००।००	६५०,०१९।००
सामुद्रिक	२,१२१,८६०।००	-	१,२३५,९५३।६०	३,३५७,८१३।६०
हवाई	-	१,७८२,०००।००	१,८९०,८४८।३३	३,६७२,८४८।३३
इन्जिनियरिङ्ग	-	-	४,३२२,६५८।००	४,३२२,६५८।००
मोटर	२७,८००,६३०।००	८,९७६,०२६।००	१५,८५३,५६०।००	५२,६३०,२१६।००
विविध	६२,२६०।००	१,०४५,६८०।००	-	१,१०७,९४०।००
जम्मा	**३०,६२०,१९४।००**	**११,८०८,०८१।००**	**२३,३१३,२१९।९३**	**६५,७४१,४९४।९३**

त्यस्तै, आ.व. २०७२।७३ को वित्तीय विवरणहरूमा तीन आ.व. वा सो भन्दा अघि परेको भुक्तानी हुन बाँकी दावी (आ.व. २०६९।७० तथा सो भन्दा अघिको) रू.१३९,३०७,९०५।०० देखाईएको छ । तर, सोमध्येबाट के, कसरी तथा कति रकम भुक्तानी भएको भनी यकिन गर्न सकिएन । साथै, त्यसरी भुक्तानी भएका दावीहरूमध्ये के कति रकम पुनर्बीमकबाट प्राप्त गर्नुपर्ने वा नपर्ने हो, सो समेत यकिन गर्न सकिएन ।

(५) मोटर दावी सम्बन्धमा

(क) व्यवस्थापनबाट प्राप्त जानकारी अनुसार २०७३।०८।२३ मा रू. २,४,२३७,३३२।०० तथा २०७५।०१।०४ मा रू. २३६,९६९,७५५।०० गरि जम्मा रू. २६१,२०७,०८७।०० दावी अपलेखन गरिएको देखिन्छ । जुन आ.व.मा अपलेखन गर्ने निर्णय भएको हो (आ.व. २०७३।७४ तथा आ.व. २०७४।७५) सोही आ.व.मा (आ.व. २०७३।७४ तथा आ.व. २०७४।७५) नै अपलेखन (वित्तीय विवरणहरूमा समायोजन) गरिनु पर्नेमा अगाडिको आ.व. (आ.व. २०७१।७२) को वित्तीय विवरणहरूमा समायोजन गरिएको देखिन्छ । अपलेखन हुनु अघि आ.व. २०७०।७१ सम्मका भुक्तानी हुनबाँकी दावी जम्मा रकम रू. २९६,६२३,००७।०० रहेकोमा रू. २६१,२०७,०८७।०० मात्र अपलेखन गरिएको देखिन्छ । बाँकी रू. ३५,४१५,९२०।०० का सम्बन्धमा उपरोक्त रकम वित्तीय विवरणहरूमा समेत देखाईएको छैन भने अपलेखन पनि गरिएको देखिदैन ।

साथै, यस वर्षको वित्तीय विवरणहरूमा उक्त अपलेखन गरिएको भुक्तानी हुन बाँकी दावीका सम्बन्धमा कुनै उल्लेख भएको पाईएन ।

(**ख**) कम्पनीको दावी निर्देशिका २०७२।७३ को दफा ८(ई) अनुसार ३० दिनको सूचना दिएर ३ वर्षको दावीलाई बाँकी राखी अन्य दावी फाईलहरू बन्द गर्न सकिने व्यवस्था भएकोमा आ.व. २०७१।७२ मा आ.व. २०६७।६८ तथा सो अघिका दावीहरू मात्र अपलेखन हुनसक्ने देखिन्छ । त्यस्तै, २०७५।०१।०४ अपलेखन गर्ने निर्णय भएका दावीहरूको सम्बन्धमा दावी निर्देशिका वमोजिम ३० दिनको सूचना प्रकाशित भए नभएको समेत यकिन गर्न सकिएन ।

(**ग**) यस वर्षको वित्तीय विवरणहरूमा तिर्नुपर्ने मोटर दावी (Motor Claim Payables) शीर्षकमा चालु दायित्व अन्तर्गत रू. २,३९३,१६२।०० अलग्गै देखाईएकोछ, जसका सम्बन्धमा कुनै विवरण प्राप्त हुनसकेन ।

१.१८ अन्य सम्पत्ति तथा दायित्वः लेखापरीक्षणको क्रममा अन्य सम्पत्ति तथा दायित्वको रूपमा देखाईएका विभिन्न खाताहरूका सम्बन्धमा वास्तविकता यकिन हुन सक्नेगरी यथेष्ट विवरणहरू उपलब्ध हुन नसकेकोले सम्बन्धित हिसाबकिताबहरूको यर्थाथता यकिन गर्न सकिएन । जस्तैः

विवरण	शीर्षक	यस वर्ष (रू.)	गत वर्ष (रू.)	थपघट (रू.)
विविध आसामी	अन्य सम्पत्ति	८,८५०,६३३।७८	८,१०७,६७२।७८	(७४२,९६१।००)
अग्रिम भुक्तानी	अन्य सम्पत्ति	४२२,३६४।००	१,१३०,२७९।००	(७०७,९१५।००)
कर्मचारी पेश्की	अन्य सम्पत्ति	९००,६०६।१२	४२०,११३।५९	४८०,४९२।५३
अन्य सम्पत्ति	अन्य सम्पत्ति	७८,७७६,९६८।००	७८,७७६,९६८।००	-
बीमा समितिबाट प्राप्त गर्नुपर्ने (लघु बीमा)	अन्य सम्पत्ति	२,७०५,९४०।७४	४४१,५८८।६९	२,२६४,३५२।०५
विविध साहू	चालु दायित्व	२६,६८२,१६२।०६	३१,२०२,६३४।००	(४,५२०,४७१।९४)
सेवा शुल्क तिर्न बाँकी	चालु दायित्व	२५,१४६,०६०।८९	२५,२९३,२२४।३७	(१४७,१६३।४८)
को-इन्स्योरेन्स प्रिमियम तिर्नुपर्ने	चालु दायित्व	१३,३७४,९५५।००	१३,३७४,९५५।००	-
भुक्तानी गर्नुपर्ने दावी कोष	चालु दायित्व	६,३५०,६७०।००	६,३५०,६७०।००	-
को-इन्स्योररबाट प्राप्त गर्नुपर्ने दावी	चालु दायित्व	३,१०१,१३४।८०	३,१०१,१३४।८०	-
अल्पकालीन कर्मचारी कर्जा	अल्पकालीन कर्जा	१४,३३०,५७६।१८	१४,४०१,२६२।१८	(७०,६८६।००)

त्यस्तै, दीर्घकालीन कर्मचारी दायित्वको यथार्थता यकिन गर्न बीमाङ्कीय मूल्याङ्कन गरिएको छैन ।

१.१९ स्वरोजगार कोषको हिसावः नेपाल सरकार यूवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यक्रम अन्तर्गत वित्तीय संस्थाहरूबाट प्रदान हुने ऋण सुरक्षाणार्थ बीमा कार्य गर्न स्वरोजगार कोष नामक अलग्गै संस्था स्थापना भएकोमा उक्त संस्थाको सम्पूर्ण हिसाब (अनुसूची- २६ को बुँदा नम्बर १९) यस कम्पनीको वित्तीय विवरणहरूमा समावेश गरिएको देखिन्छ, जुन उपयुक्त हुने देखिदैन ।

२. मूख्य लेखापरीक्षणका विषय

माथि ***राय व्यक्त नगरिनुका आधार*** खण्डमा उल्लेखित विषयहरू बाहेक हामीले अन्य कुनै मूख्य लेखापरीक्षणको विषय निर्धारण गरेका छैनौं ।

३. वित्तीय विवरणहरू प्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

विद्यमान सान्दर्भिक कानूनहरू, कम्पनी ऐन २०६३, बीमा ऐन २०४९, बीमा समितिका निर्देशनहरू तथा नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने, उल्लेखित वित्तीय विवरणहरू तयार गर्ने तथा तिनको सही प्रस्तुतिकरण गर्ने उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखा नीतिहरूको छनोट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपूर्ण अनुमान गर्ने कार्यहरू पर्दछन ।

वित्तीय विवरणहरू तयार गर्दा कम्पनीको व्यवसायको अविच्छिन्नताको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुहरूको स्तरीयता विवरण देखाउनुपर्ने वा अविच्छिन्नतासँग सम्बन्धित जानकारीहरू खुलासा गर्ने दायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ ।

कम्पनीको वित्तीय प्रतिवेदन प्रक्रिया सम्बन्धि जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

४. वित्तीय विवरणहरू प्रति लेखापरीक्षकको जिम्मेवारी:

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरू जालसाजी वा भुलवाट मुक्त छन् वा छैनन् भन्ने कुरा उचितरूपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ नै भन्ने हुँदैन । त्रुटिहरू जालसाजी वा गल्तीबाट निम्तिन्छन र ती त्रुटिहरूले अलग–अलग वा समग्ररूपमा वित्तीय विवरणहरूको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

वित्तीय विवरणहरू को लेखापरीक्षणको जिम्मेवारी सम्बन्धि अन्य कुराहरू :

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमताको प्रयोग गरेकाछौं । वित्तीय विवरणहरू उपर जालसाजी वा भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटीहरूको पहिचान र जोखिमको मूल्याङ्कन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरू केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरू समेत अवलम्बन गरेकाछौं ।

- भूलबाट हुने त्रुटीभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता नलाग्ने जोखिम अधिक हुन्छ । सस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गने उद्देश्यले नभई, निकाय सुहाँउदो लेखापरीक्षण प्रक्रिया तयार गर्नका लागि सस्थाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धि जानकारी लिएकाछौं ।

- व्यवस्थापनले प्रयोग गरेको लेखानीति, लेखा अनुमान एवम् वित्तीय विवरणहरू सँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याङ्कन गरेकाछौं ।

- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्न्ताको निष्कर्षलाई हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरूको आधारमा मूल्याङ्कन गरेकाछौं । भविष्यमा हुनसक्ने जोखिमको सम्भावनालाई नकार्न नसकिने हुनाले आगामी दिनहरूमा अविच्छिन्न्ता रहने कुराको आश्वासन दिन सकिदैन ।

- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरूको पूर्णरूपले पालना गरिएको तथा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विवरणहरू आएको खण्डमा सञ्चालक समितिलाई जानकारी गराउने भन्ने सूचित गरिएको ।

अन्य कानूनी र नियमहरूको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हाम्रो छड्के लेखापरीक्षण तथा हामीले पाएसम्मको सूचना एवम् लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त जानकारी र स्पष्टिकरणहरूको आधारमा देहाय वमोजिम प्रतिवेदन पेश गर्दछौं :

(**क**) माथि बुँदा नं २ ***(राय व्यक्त नगरिनुका आधार)*** मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफहरू सन्तोषजनक पाएकाछौं ।

(**ख**) माथि बुँदा नं २ ***(राय व्यक्त नगरिनुका आधार)*** मा उल्लेखित अवस्थाहरूमा बाहेक अन्य अवस्थाहरूमा हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा कम्पनीको हिसाबकिताबहरू प्रचलित कानून वमोजिम ठीकसंग राखिएका छन् ।

(**ग**) माथि बुँदा नं २ ***(राय व्यक्त नगरिनुका आधार)*** मा उल्लेखित अवस्थाहरूले पार्ने प्रभाव बाहेक यस प्रतिवेदनका साथ संलग्न वासलात, नाफा-नोक्सान हिसाब, इक्युटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण कम्पनीले राखेको हिसाबकिताब वमोजिम छन ।

(**घ**) लेखापरीक्षणको सिलसिलामा कम्पनीको सञ्चालक समिति वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा कम्पनीको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

(**ङ**) कम्पनीको हिसाबकिताबहरूमा कुनै पनि जालसाजी गरिएको हाम्रो जानकारीमा आएन ।

(**च**) हाम्रो रायमा कम्पनीले असमाप्त जोखिमको लागि पर्याप्त जगेडा बीमा ऐन वमोजिम राखेको छ ।

(छ) कम्पनीले लेखासँग सम्वन्धित आधारभुत कागजातहरू व्यवस्थित तरिकाले नराख्नु, समयमा कागजातहरू उपलब्ध गराउन नसक्नु, कारोवार भएकै समयमा हिसाव किताबको लेखा नराख्नु, आवश्यक सूचना प्रविधि पूर्वाधारको व्यवस्था नहुनु, विभिन्न सम्पत्ति तथा दायित्वको रूपमा रहेको उठाउनुपर्ने तथा दिनुपर्ने रकमको तेश्रो पक्षबाट संस्थागत पुष्टिकरण समयमा नलिनु, बैङ्क खाताको समयमा हिसाव मिलान तथा आवश्यक समायोजन नगर्नु, स्थिर सम्पत्तिको सुरक्षाको लागी यथोचित व्यवस्था नगर्नु, आन्तरिक लेखापरीक्षण समयमा नगर्नु जस्ता आन्तरिक नियन्त्रण प्रणालीको कमजोरी देखिएकोले कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा यथेष्ट सुधार गर्नुपर्ने देखिन्छ । उपयुक्त आन्तरिक नियन्त्रण प्रणालीको अभावमा कम्पनीको कार्यदक्षता, मितव्ययीता, कार्यकुशलता, जोखिम व्यवस्थापन प्रणाली तथा नीति नियमको परिपालनामा कमी रहेको दृष्टिगत गरिएकोछ ।

१.११ राष्ट्रिय बीमा संस्थान, २०७२।७३

रायको अस्वीकरण

हामी राष्ट्रिय बीमा संस्थानको वित्तीय विवरणहरू लेखापरीक्षण गर्न अनुबन्ध भएका थियौं, जसमा २०७३ आषाढ ३१ गतेको वासलात, सोहि मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाव, एकिकृत आयब्यय हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा परिवर्तनको विवरण र महत्वपूर्ण लेखा नीतिहरूको सारांश सहितको वित्तीय टिप्पणीहरू समावेश छन् ।

हाम्रो यसै प्रतिवेदनको राय अस्वीकरणको लागि आधार अनुच्छेदमा वर्णन गरिएका गम्भिर विषयहरूका कारण वित्तीय विवरण उपर लेखापरीक्षण राय स्थापित गर्ने आधारका रुपमा पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न नसकेको कारण हामीले राष्ट्रिय बीमा संस्थानको यसैसाथ संलग्न वित्तीय विवरणहरूमा कुनै राय व्यक्त गरेका छैनौ ।

राय अस्वीकरणको लागि आधार

हामीले संस्थानको आर्थिक वर्ष २०७२/७३ को लेखासम्बन्धी अभिलेखको परीक्षण र उच्च तह तथा व्यवस्थापकीय कर्मचारीहरुसंग गरेको छलफलको आधारमा वित्तीय विवरणमा सारभूतरुपमा असर गर्ने निम्नलिखित विषयहरुमा लेखापरीक्षण राय स्थापित गर्न चाहिने पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौ:

१. **जगेडा तथा कोषको आधार स्पष्ट नभएको:** संस्थानको पूंजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा क्रमश: रु.९०,५८५, रु.३,३७,४६,५५९ र रु.६५,००,००० मौज्दात रहेको छ जसमा गतवर्षको मौज्दातमा यसवर्ष कुनै थपघट भएको छैन् । जगेडा कोषबाट के कति कुन शीर्षकमा छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्ष खुल्ने विवरण उपलब्ध छैन् ।

२. **महाबिपत्ति कोषमा जम्मा गरिएको रकमको पर्याप्तता एकिन गर्ने आधार नभएको:** जीवन बीमा वित्तीय निर्देशिका, २०६७ को बुदा नं २३ अनुसार बीमकले महाबिपत्ति कोष कायम गर्नुपर्नेमा संस्थानले महाबिपत्ति कोषमा यस वर्ष रु.२७७,६४४ (गत वर्ष रु.०) जम्मा गरेका तथा कोषको मौज्दात रु.९०,२७,३४३ (गत वर्ष रु.८७,४९,६७९) रहेकोमा सो व्यवस्था अनुरुप पर्याप्त भए नभएको एकिन गर्ने आधार स्पष्ट छैन् ।

३. **बीमाङ्कीय मुल्याङ्कन नगरेको:** बीमा ऐन २०४९को दफा २६ अनुसार जीवन बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको मूल्याँकन बीमाङ्कीद्वारा गराउनु पर्नेमा आ.ब. २०६४/६५ पश्चात बीमाङ्कीय मुल्याङ्कन नगरेको कारण जीवन बीमा कोष लगायतका दायित्वको मूल्याँकन पर्याप्त भए नभएको एकिन गर्न सकिने अवस्था छैन् ।

४. **प्रधान कार्यालय रहेको जग्गा तथा भवनको स्वामित्वको कागजात उपलब्ध नभएको:** संस्थानको प्रधान कार्यालय रहेको रु.७६,९७,७४० (परल मूल्य) विगत वर्षहरुदेखि नै सोहि रकम लेखांकन गरिएको जग्गा तथा भवनको स्वामित्व पुष्ट्याँई गर्ने कागजात उपलब्ध छैन् ।

५. **दीर्घकालीन लगानी अन्तर्गत प्रदर्शित:** अन्य कम्पनीको साधारण शेयरमा गरेको लगानीको पूर्ण विवरण तथा स्वामित्वका कागजात उपलब्ध नभएको संस्थानको वासलातमा अन्य कम्पनीको साधारण शेयर शीर्षक अन्तर्गत रु.१,५०,३४,९९,६८७ (गत वर्ष रु.१,५०,२३,९२,५८७) उल्लेख गरेको मध्ये रु. २४,०६,२४,७२७ (१६ प्रतिशत) रकम लगानीको स्वामित्व पुष्ट्याँई गर्ने कागजात उपलब्ध छैन् ।

६. **बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण उपलब्ध नभएको:** बीमालेखको धितोमा प्रवाह भएका कर्जा मौज्दात रु.१,४७,५८,२८,२०६ को कर्जा प्रवाह मिति, कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण उपलब्ध छैन् ।

७. **अन्य दीर्घकालीन कर्जा अन्तर्गत**

७.१ **अभिकर्ता कर्जाको विवरण उपलब्ध नभएको:** अभिकर्ता कर्जा शीर्षक अन्तर्गत मौज्दात रहेको रु.१,०९,३५,७०१ को कर्जा वितरण मिति, शुरुको मौज्दात, यस वर्ष थप भएको रकम, असुल भएको रकम, अन्तिम मौज्दात, कर्जाको किसिम, बक्यौता आयु वर्गिकरण, आदि खुल्ने विवरण उपलब्ध छैन् ।

७.२ **कर्मचारी कर्जाको विवरण उपलब्ध नभएको:** कर्मचारी कर्जा शीर्षक अन्तर्गत मौज्दात रहेको रु.२३,१८,२९,८६७ को कर्जा वितरण मिति, शुरुको मौज्दात, यस वर्ष थप भएको थप रकम, असुल भएको रकम, अन्तिम मौज्दात, बक्यौता आयु वर्गिकरण, आदि खुल्ने विस्तृत विवरण उपलब्ध छैन् ।

८. **बैंक मौज्दात एकिन गर्ने आधार तथा बैंक सम्बन्धी अन्य विवरणहरु उपलब्ध नभएको**

संस्थानको नाममा कतिवटा बैंक खाताहरू सञ्चालनमा रहेको छ भन्ने पूर्ण विवरण उपलब्ध छैन् । साथै, वित्तीय विवरणमा समावेश १६६ बैंक खातामध्ये १४७ बैंक खाताको मात्र हिसाव मिलान विवरण तयार गरिएको छ । बैंक हिसाब मिलान विवरण तयार गरिएका बैंक खाताहरुको हकमा पनि पहिचान गर्न नसकिएको रकम (Unidentified Figure) रु. १८,८१,८३,६०,६४२ बक्यौता रहेको छ र विगत धेरै वर्षदेखिका रकम पहिचान गरी हिसाव अद्यावधिक गरिएको छैन् ।

साथै, संस्थानको वित्तीय विवरणमा बैंक मौज्दात रु.६५,५६,६१,२९९ ऋणात्मक रहेको छ । त्यस्तै, बैंक खाताहरुको मौज्दात पुष्टि गर्ने बैंक मौज्दात समर्थन पत्र समेत उपलब्ध छैन् ।

९. **अल्पकालीन लगानीको सुरक्षा एकिन नगरेको एवं निर्णय कार्यान्वयनमा ढिलाईले नोक्सानी ब्यहोरेको**

मुद्दती खाताहरूमा लगानी गर्दा लगानीको सुरक्षण, आय तथा नगद पूर्वानुमानको विश्लेषण गर्ने गरेको छैन् । जसको कारण संस्थानले उपयूक्त आम्दानी गर्न सके नसकेको र लगानी सुरक्षित छ छैन एकिन गर्न सकिने अवस्था छैन् । साथै, सञ्चालक समितिले विभिन्न बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपमा लगानी गर्ने निर्णय गरेको धेरै दिनपछि मात्र रकम लगानी गर्ने गरेबाट लगभग यस आ.व.मा मात्रै रु.४१,०४,४२७ ब्याज आम्दानी गुमाएको देखिन्छ ।

१०. **अन्य सम्पत्ति अन्तर्गत**

१०.१ **राष्ट्रिय बीमा कम्पनी लि.संग पाउनुपर्ने हिसाब मिलान नगरेको:** संस्थानले वासलातमा राष्ट्रिय बीमा कम्पनी लि.संग पाउनुपर्ने देखाएको रु.२६,३२,९३,७५४ पाउनुपर्ने रकमको समर्थनपत्र लिई मौज्दात एकिन गर्ने वा हिसाव भिडान गरेको छैन् ।

१०.२ **पुनर्बीमकसँगको लिन बाँकि विवरण उपलब्ध नभएको:** संस्थानले वासलातमा देखाएको पुनर्बीमकबाट प्राप्त हुन बाँकि रकम रु.१२,०४,२२,६९१ को विस्तृत विवरण उपलब्ध छैन् तथा सम्बन्धित पुनर्बीमकबाट समर्थनपत्र प्राप्त गरी मौज्दात एकिन गरेको छैन् ।

१०.३ **विविध आसामीको विवरण उपलब्ध नभएको:** विविध आसामी अन्तर्गत उल्लेखित मौज्दात रु.५७,८२,०३६ को कुन व्यक्तिबाट के वापत कति वर्षदेखि रकम प्राप्त हुनबाँकि रहेको हो सो खुल्ने आयुगत विस्तृत विवरण उपलब्ध छैन् र सम्बन्धित आसामीबाट समर्थनपत्र प्राप्त गरी वास्तविक अवस्था एकिन गरिएको छैन् ।

१०.४ **अग्रिम आयकरको विवरण उपलब्ध नभएको:** संस्थानले वासलातमा देखाएको अग्रिम आयकर मौज्दात रु.३,४२,६१,८६,८७८ को विस्तृत विवरण उपलब्ध छैन् । साथै, आ.व.२०६९/७० देखि यताका कर निर्धारण हुन बाँकि भएकोले उल्लेखित रकम कर दायित्व भूक्तानी गर्न पर्याप्त भए नभएको एकिन गर्न सकिने आधार छैन्।

आ.व.२०५९/६० देखि २०६७/६८ सम्मको थप आयकर वापतको रकम रु.२,२५,०१,५०,००० स्वीकार गरी कर फछ्यौंट आगोगसंग सम्झौता गरेको भएता पनि सो वापत वित्तीय विवरणमा खर्च व्यवस्था गरेको छैन् ।

१०.५ **धरौटीको विवरण उपलब्ध नभएको:** धरौटी शीर्षक अन्तर्गत विगत वर्षदेखिनै वासलातमा देखाएको मौज्दात रु.२७,३३,०६,१५८ को विस्तृत विवरण उपलब्ध छैन् ।

११. **चालु दायित्वको तथा व्यवस्था अन्तर्गत**

११.१ अभिकर्तालाई दिन बाँकि रकमको विवरण उपलब्ध नभएको: संस्थानले वासलातमा अभिकर्तालाई दिन बाँकि हिसाब अन्तर्गत रु.१,४२,८४,९२५ मौज्दात उल्लेख गरेको भएता पनि व्यक्तिगत एवं आयुगत विवरण उपलब्ध छैन् ।

११.२ पुनर्बीमकलाई भुक्तानी गर्न बाँकि विवरण उपलब्ध नभएको: पुनर्बीमकलाई भुक्तानी गर्न बाँकि शीर्षक अन्तर्गत गत वर्ष रु.३७,७८,८६,१८१ रहेकोमा यस वर्षको अन्त्यमा रु.४०,३१,७३,७७५ रहेको छ । भुक्तानी गर्न बाँकी रकममा वृद्धि भएको रु.२,५२,८७,५९४ लाई पुष्टि गर्ने पुनर्बीमा शुल्कको गणनाको आधार तथा कसकसलाई कहिलेदेखि कति रकम भुक्तानी गर्न बाँकी रहेको हो सो देखिने विस्तृत विवरण उपलब्ध छैन् र सम्बन्धित पुनर्बीमकबाट मौज्दात समर्थनपत्र प्राप्त गरी मौज्दात एकिन गरेको छैन् ।

११.३ विविध साहुको विवरण उपलब्ध नभएको: विविध साहु अन्तर्गत वासलातमा देखाएको मौज्दात रु.१,२५,५५,५१९ को आयुगत विस्तृत विवरण उपलब्ध छैन् र सम्बन्धित पार्टीबाट समर्थनपत्र प्राप्त गरी मौज्दात एकिन गरेको छैन् ।

११.४ बीमाङ्कीय सेवा शुल्कको विवरण उपलब्ध नभएको: गत वर्ष भुक्तानी गर्न बाँकि बीमाङ्कीय सेवा शुल्क रु.६९,३२,२०८ रहेकोमा यस वर्ष रु.८,००,००० ले वृद्धि भई रु.७७,३२,२०८ मौज्दात रहेको छ । बीमाङ्कीय सेवा शुल्क वृद्धि भएको रकम व्यवस्था गरेको गणनाको आधार तथा भुक्तानी गरिएको र गर्न बाँकि रहेको रकमको विस्तृत विवरण उपलब्ध छैन् ।

११.५ भुक्तानी हुँन बाँकि दाबी बापत व्यवस्था एकिन गर्ने आधार नभएको: भुक्तानी हुँन बाँकि दाबी भुक्तानी रकम अन्तर्गत वासलातमा देखाएको रु.४८,८६,३२,०५०को विस्तृत विवरण उपलब्ध नभएकोले भुक्तानी हुँन बाँकि दाबी वापतको व्यवस्था रकम पर्याप्त भए नभएको एकिन गर्ने आधार छैन् ।

११.६ पेन्सन तथा उपदान व्यवस्थाको पर्याप्तता एकिन गर्ने आधार नभएको: पेन्सन तथा उपदान व्यवस्था अन्तर्गत यस वर्ष रु.१,२५,६२,८९५ भुक्तानी गरेको छ भने रु.१,५०,००,००० थप व्यवस्था गरेको छ । तर थप व्यवस्था रकम गणना गरेको आधार उपलब्ध नभएकोले संस्थानको कर्मचारी नियमावली, २०५४ तथा सर्वमान्य लेखा सिद्धान्त अनुसार एक्चुयरी मूल्याँकन आ.ब.२०६५।६६ देखि नगरेको कारण कर्मचारीलाई उपदान, निवृतिभरण, संचित विदा, आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता एकिन गर्नसक्ने आधार छैन् ।

१२. बीमा कारोवार सम्बन्धी आम्दानी तथा खर्चहरु पूर्ण रुपमा एकिन गर्न नसकिएको

१२.१ बीमा समितिद्वारा जारी गरिएको जीवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०६७ को बुदा नं ८ अनुसार, बीमकले बीमा शुल्कको आम्दानी नगद प्राप्तिको आधारमा जनाउनु पर्ने भनि उल्लेख गरेकोमा संस्थानले बीमितले बीमा शुल्क बैंक खातामा जम्मा गरेको डिपोजिट स्लिप आफ्नो काउण्टरमा पेश गरि रसिद काटेपछि मात्र आम्दानी जनाउने प्रचलन र कतिपय बैंकको हिसावमिलान नभई ठुलो रकम हिसाव मिलान हुन बाँकि रहेको अवस्थामा बीमा समितिले तोके बमोजिम वास्तविक बीमा आम्दानी लेखांकन भएको छ भन्ने आधार छैन् ।

१२.२ बीमा शुल्क वापत एक भन्दा बढी अवधिका लागि भुक्तानी प्राप्त गर्दा कुल रकमलाई दायित्व एवं बीमा शुल्क आम्दानी शीर्षकमा छुट्टयाएर लेखाङ्कन गर्ने नगरेकोले आ.व.२०७२/७३ मा लेखांकन गरिएको बीमा शुल्क आम्दानीले यथार्थ स्थितिको चित्रण गर्न सकेको छैन् ।

१२.३ जोखिमांकन (Underwriting) गरिएका बीमालेखहरुको बीमा शुल्क आम्दानीको हकमा जोखिमांकन शाखाबाट प्राप्त विवरण (रु.१,३९,६०,८७,७१७) भन्दा वित्तीय विवरण (रु.२,०२,३०,०७,५१६) मा देखाईएको रकम रु.५२,०२,८९,७१३ ले बढि भएता पनि हिसाव भिडान गरी वास्तविक रकम एकिन गरेको छैन् ।

१२.४ बीमा शुल्क प्राप्त मिति वा भुक्तानी प्राप्त गर्नुपर्ने मिति मध्ये पछिल्लो मितिमा मात्र बीमा शुल्क आम्दानी जनाउन पाउने व्यवस्था भएता पनि भुक्तानी प्राप्त गर्नुपर्ने मिति भन्दा पहिले नै बीमा शुल्क आम्दानी जनाउने गरिएको छ । यसरी देखाइएको मितिहरुको फरक १ दिन देखि २,११७ दिन सम्मको रहेको छ । परीक्षण गरिएका कुल १७,८९२ अवस्थाहरुमा यसरी बीमा शुल्कमा लेखाङ्कन गरिएको रकम रु.१९,९६,२५,९७८ रहेको छ । जसले गर्दा वित्तीय विवरणमा सोहि रकमले प्रिमियम आम्दानी अधिक र दायित्व रकम न्युन लेखांकन भएको छ ।

१२.५ बिगत अवधिको बीमा शुल्क रु.७,१२,४२,३०५ बैंक दाखिलाका आधारमा यस वर्ष आम्दानी जनाइएको छ । जुन रकम कुन कुन बिमितबाट कुन बीमालेखबापत कुन अवधीको प्राप्त भएको हो भन्ने विस्तृत विवरण उपलब्ध छैन ।

१२.६ एकिकृत आयव्यय विवरणमा दावी भुक्तानी खर्च शीर्षक अन्तर्गत रु.२,९७,२१,४४,३२३ लेखाँकन गरेको भएता पनि संस्थानको दावी भुक्तानीको निमित्त अभिलेख राखिने दावी भुक्तानी रजिष्टरमा रु.२,६३,२३,८९,०६३ मौज्दात रहेकोमा दुई विवरण बीचको फरक रकम रु.३३,९७,५५,२५९ को हिसाब भिडान गरी वास्तविक रकम एकिन गरेको छैन् ।

१२.७ अभिकर्ता कमिशन खर्च वापत रु.१०,१७,१२,७५१ लेखाङ्कन गरेको भएता पनि सो रकम कुन कुन अभिकर्तालाई कुन बीमालेखवापत भूक्तानी गरिएको वा गर्नुपर्ने हो सो उल्लेखित विस्तृत विवरण उपलब्ध छैन् ।

१२.८ पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरुप गर्नुपर्नेमा सो सम्झौता अनुरुप गणना गरेको पुष्टि गर्ने आधार छैन् । बीमा शुल्क आम्दानीको १.२५ प्रतिशतले हुन आउने एकमुष्ट रकम रु.२,५२,८७,५९४ खर्च व्यवस्था गरेको छ । साथै, पुनर्बीमा कमिशन आय गणना गरी लेखाङ्कन गरेको छैन् ।

१२.९ संस्थानको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परीक्षण गरे बापतको खर्च रु.३९,०६,९०६ लेखांकन गरेको भएता पनि सोलाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरणहरु उपलब्ध छैन् ।

१२.१० मिति २०४९/४/१ देखि संस्थानले बोनस दर ६.५ प्रतिशत कायम गरेको छ । व्यवसायिक उतारचढाव एवं जीवन बीमाकोषको मुल्याङ्कनका आधारमा बोनस दर निर्धारण गर्ने नगरिएको तथा बीमा समितिले पछिल्ला वर्षहरु आ. व.०५८।०५९ देखि आ.व. ०६३।०६४ सम्मको बोनस दरलाई २०७२/१२/११ मा स्वीकृति प्रदान गर्दा प्राप्त निर्देशन बमोजिम अर्को व्यवस्था नभएसम्म सोहि दरमा अन्तरिम बोनस गणना गर्ने गरेका कारण संस्थानको सञ्चालन नतिजा तथा लेनदेनमा बीमांकीय मूल्याँकन पश्चात पर्ने असर एकिन गर्न सक्ने अवस्था छैन् ।

१३. लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विस्तृत विवरण नभएको

१३.१ संस्थानले यस आर्थिक वर्षसम्म सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटिमा रु.४६,९२,२५,००० लगानी गरेबाट रु.४,०२,१७,०६३ आम्दानी लेखांकन गरेको छ । तर, कुन लगानीबाट कुन अवधिको कति रकम आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.२ बैंक तथा वित्तीय संस्थामा खोलिएको "कल" खाताबाट भएको ब्याज आम्दानी वापत रु. ६,४०,९२,८७२ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरुबाट प्राप्त भएको ब्याज आम्दानी रकम सहितको विस्तृत विवरण उपलब्ध छैन् ।

१३.३ कर्मचारीलाई दिएको कर्जा वापत ब्याज आम्दानी रु.२६,१९,४०३ लेखाङ्कन गरेको भएता पनि कर्मचारीलाई प्रदान गरेको कर्जाको रकम, सोको आयुगत विवरण र सो बापत कति ब्याज आम्दानी लेखांकन गरिएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.४ अन्य आय (विविध) शीर्षक अन्तर्गत रु.४६,७५,१८३ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानी के वापत आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.५ बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षक अन्तर्गत रु.१०,८५,४३,६४४ लेखाङ्कन गरेको भएता पनि कुन बीमालेखको धितोमा कर्जा प्रवाह भएको हो, प्राप्त हुनुपर्ने ब्याज कति हो, सोमध्ये कति ब्याज प्राप्त भएको हो र प्राप्त हुन बाँकी ब्याज कति छ खुल्ने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.६ अन्य प्रत्यक्ष आम्दानी शीर्षक अन्तर्गत रु.१,९७,१३,४९५ बीमा शुल्क ढिलो प्राप्त भए वापतको ब्याज आम्दानी बापत लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरुप प्राप्त भएको हो खुल्ने विस्तृत विवरण उपलब्ध छैन् ।

१४. विगत बर्षको लेखापरीक्षण कैफियतहरु सम्बोधन नगरेको

आ.व.२०७१/७२ सम्मको लेखापरीक्षण प्रतिवेदनमा कैफियत जनाइएका वित्तीय विवरणमा गहन असरपर्ने विषयहरुको विवरण तयार नगरेको र त्यस्ता रकमहरु आ.व.२०७२/७३ को वित्तीय विवरणमा समायोजन वा हिसावमिलान नगरेको कारण त्यस्ता रकमहरुले आ.व.२०७२/७३ को वित्तीय विवरणमा के कस्तो असर परेको छ भन्ने एकिन गर्न सकिने अवस्था छैन् ।

१५. पछिल्ला आर्थिक वर्षहरुको हिसाव अद्यावधिक नभएको

संस्थानको आ.व.२०७३/७४ पछिको लेखा, हिसाब किताव तथा वित्तीय विवरण तयारी कार्य सम्पन्न भइ नसकेको तथा आ.व. २०७२/७३ को केकति रकम पछिल्ला वर्षहरुमा समायोजन गरेको विवरण तयार नगरेको कारण

हामीले आ.व.२०७२/७३ मा उल्लेखित रकमहरुको हालसम्मको अवस्था र प्रतिवेन अवधिपछाडि घटेका घट्ना एवं कारोवारहरुको समिक्षा गर्न सकिने अवस्था छैन् ।

१६. सम्बन्धित कानुनी नियमनकारी तथा लेखामानका व्यवस्थाहरुको पालना नगरेको

१६.१ बीमा व्यवसाय इजाजत पत्र नविकरण नगरी व्यवसाय सञ्चालनमा रहेको: बीमा ऐन २०४९ दफा ११ अनुसार बीमकले आफ्नो दर्ताको प्रमाणपत्रको नविकरणको लागि प्रत्येक वर्ष चैत्रमसान्तसम्ममा तोकिएको दस्तूर सहित तोकिएको ढाँचामा बीमा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ । तथापी संस्थानले बीमा व्यवसाय प्रमाणपत्रको नविकरण आ.व. २०६४/६५ यता गरेको छैन् ।

१६.२ बीमा ऐन २०४९ बमोजिम चुक्ता पूँजी कायम नभएको: संस्थानले बीमा ऐनको २०४९ को दफा १२ (ख) अनुरुप कम्तिमा रु.२,५०,००,००,००० चुक्ता पूँजी कायम गरेको हुनुपर्नेमा आ.व. २०७२/७३ मा रु.१२,९३,००,००० मात्र चुक्ता पूँजी कायम रहेकोले सम्बन्धित ऐनको पालना भएको छैन् ।

१६.३ सेवा शुल्क समयमा समयमा बीमा समितिमा दाखिला नगरेको: संस्थानले बीमा ऐनको २०४९ को दफा ३६ तथा ४० अनुरुप बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क बीमा समितिमा प्रत्येक आ.व.बुझाउनुपर्नेमा यस आ.व वापतको सेवा शुल्क रु.१,९९,७७,१९९ सहित विगत वर्षहरुको बक्यौता गरी रु. ८,३९,३०,०७८ सेवा शुल्क समयमा नबुझाएकोले सम्बन्धित ऐनको पालना भएको छैन् ।

१६.४ लगानी एअरमार्क गर्ने व्यवस्था पालना नभएको: संस्थानले बीमा समितिको परिपत्र नं. ३० अनुसार लगानी एअरमार्क गर्नुपर्ने व्यवस्था पालना गरेको छैन् ।

१६.५ सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण नगरेको: आयकर ऐन २०५८ दफा २७ बमोजिम सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण गरी कर्मचारीको आयमा कर गणना गर्दा समावेश गर्ने नगरेकोले आयकर ऐन अनुसार पारिश्रमिक अगृम आयकर कट्टि भएको छैन ।

१६.६ सम्बन्धित नेपाल लेखामानका व्यवस्थाहरुको पालना नगरेको: यसै प्रतिवेदनमा माथि उल्लेखित सर्वमान्य लेखा सिद्धान्त विपरित लेखाकंनका गरिएका विषयवस्तुका अतिरिक्त निम्नानुसारको कारोवारमा गरिएका लेखांकन समेत सम्बन्धित लेखमान अनुसार भएको छैन् र सोको असरका बारेमा लेखासम्बन्धी ब्याख्यात्मक टिप्पणीमा पर्याप्त खुलासा गरेको छैन् ।

(१) संस्थानले स्थिर सम्पतिहरुमा ह्रासकट्टी आयकर ऐन,२०५८ को अनुसूची २ अनुसार गरेको कारण नेपाल लेखामान १६ (Property Plant & Equipement) अनुसार ह्रासकट्टी गरेको छैन् ।

(२) संस्थानले सम्पतिहरुको नेपाल लेखामान ३६ (Impairment) अनुसार वर्षान्तमा हानी नोक्सानी परीक्षण (Impairment Test) गरेको छैन ।

(३) संस्थानले आयकर गणना गर्दा नेपाल लेखामान १२ (Income Taxes) अनुसार स्थगन करको समेत गणना गरी लेखांकन गर्नु पर्नेमा चालु करमात्र लेखांकन गर्ने गरेको छ ।

(४) संस्थानले सरकारी/पब्लिक लिमिटेड संस्थानको बचतपत्र/ऋणपत्रमा बीमा समितीबाट जारी निर्देशन बमोजिम लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य बढी भएमा त्यस्तो बढी रकमलाई स्थगन गरिएको खर्च (Deferred Expenditure) को रुपमा लेखाङ्कन गरी सो खर्चलाई त्यस्तो लगानीको अवधि भित्र समानुपातिक आधारमा (Pro-rata Basis) मा अपलेखन गर्ने तथा लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य कम भएमा त्यस्तो फरक रकमलाई लगानी अवधि भित्र समानुपातिक आधारमा लगानीबाट आयको रुपमा लेखाङ्कन गर्ने नीति लिई लगानीको मुल्य परिवर्तनलाई लेखाङ्कन गर्ने गरेको छैन । साथै नेपाल लेखामान ३२ (Financial Instrument Presentation) तथा नेपाल लेखामान ३९ (Financial Instrument Recognition and Measurement) अनुसार लेखाङ्कन गरेको छैन् ।

(५) संस्थानले पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरेको लगानीको मुल्य परिवर्तनलाई लेखाङ्कन गर्दा नेपाल लेखामान ३२ तथा नेपाल लेखामान ३९ अनुसार गर्नु पर्नेमा मुल्य परिवर्तनलाइ लाई लेखाङ्कन गर्ने गरेको छैन् ।

(६) संस्थानले कर्जा तथा कर्जाको आय लेखाङ्कन नेपाल लेखामान ३२ तथा नेपाल लेखामान ३९ अनुसार नगरी प्रदान गरिएको कर्जा रकमलाई खुद कर्जा तथा उक्त कर्जाबाट प्राप्त नगद ब्याजलाई ब्याज आय लेखाङ्कन गर्ने गरेको छ ।

१७. लेखा प्रणाली जोखिमपूर्ण रहेको: संस्थानको दैनिक कार्य सम्पादन (जस्तै: बीमा शुल्क आम्दानीको विवरण, दावी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैले विकास गरेको सफ्टवेयर विगत २३ वर्षदेखि

प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्टवेयरको ग्राफिकल युजर इन्टरफेस (Graphical User Interface, GUI) समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्न कोडको प्रयोग गर्नुपर्ने कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखा बाहेक अन्य शाखाबाट निकाल्न नसक्दा संस्थानको प्रयोग गरेको सफट्वेयरको उपयोगिता तथा प्रभावकारीता एकदमै न्युन रहेको छ ।

सफ्टवेयरको सम्पूर्ण जिम्मेवारी संस्थानमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारी बाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप (Backup) राख्न नसक्नु र नगरिनु, ब्याकअप (Backup) व्यवस्थापनका लागि आवश्यक ठोसकार्यहरु जस्तै, ब्याकअपको लग नराखिनु, डाटा रिकभरी (Data Recovery) सम्बन्धी कुनै किसिमको लिखित योजना नहुनु, आदिले संस्थानको कम्प्युटराइज्ड लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको छ ।

१८. **आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको:** लेखासंग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रुपमा नराख्नु, कारोवार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरु पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले भिडान नगर्नु र लामो समयदेखि बक्यौता रहेका रकमहरुको हिसाब मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको एकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान आन्तरिक नियन्त्रण प्रणाली अत्यन्तै कमजोर भई वित्तीय विवरणमा उल्लेखित रकमहरुको वास्तविक अवस्था एकिन गर्न सकिने अवस्था छैन् ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनु पर्ने तथा दिनु पर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक गर्ने नगरेको, बजेट तथा वास्तविक आम्दानी खर्चको भिन्नता परीक्षण नगरेको र गोश्वारा हिसावले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरु तयार गर्ने परिपाटिका कारण वित्तीय विवरणहरूको विश्वसनीयतामा प्रश्नचिन्ह खडा भएको छ । साथै, संस्थानले प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरुमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरु, आम्दानी तथा खर्चहरुको गणना तथा लेखांकनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रुपमा प्रस्तुत (Adequate Disclosure) गर्ने गरेको छैन् ।

हाम्रो परीक्षणका दौरानमा ज्ञात हुन आएका आन्तरिक नियन्त्रण प्रणालीका कमजोरीका विषयहरु हामीले छुट्टै जारी गरेको व्यवस्थापन पत्रमा उल्लेख गरेका छौं ।

माथि उल्लेखित मामिलाहरूको नतिजाका कारण हामी वासलात, नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा रेकर्ड गरिएको वा रेकर्ड नगरिएका रकमहरुको विस्तृत विवरण उपलब्ध नभएका कारण के कस्तो समायोजन आवश्यक हुन सक्छ सो निर्धारण गर्न असमर्थ छौ ।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको उत्तरदायित्व

प्रचलित कानून तथा लेखा सिद्धान्त अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, सोको कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थानको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थानको व्यवस्थापनमा रहेको छ ।

संस्थानको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

नेपाल लेखापरीक्षणमान अनुसार संस्थानको वित्तीय विवरणहरूको लेखापरीक्षण गर्ने र लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने जिम्मेवारी हाम्रो दायित्व हो ।

यद्यपि, हाम्रो प्रतिवेदनको राय अस्वीकरणको आधार अनुच्छेदमा वर्णन गरिएका कुराहरूको कारणले गर्दा, हामीले संलग्न वित्तीय विवरणहरूमा लेखापरीक्षण राय स्थापित गर्ने आधार प्रदान गर्न पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौं ।

वित्तीय विवरणहरूको लेखापरीक्षणसँग सम्बन्धित नेपालमा प्रचलित सान्दर्भिक नैतिक आवश्यकताहरू अनुसार हामी संस्थानबाट स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरू अनुरूप हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेका छौं ।

१.१२ राष्ट्रिय बीमा संस्थान, २०७३।७४

रायको अस्वीकरण

हामी राष्ट्रिय बीमा संस्थानको वित्तीय विवरणहरू लेखापरीक्षण गर्न अनुबन्ध भएका थियौं, जसमा २०७४ आषाढ ३१ गतेको वासलात, सोहि मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाव, एकिकृत आयव्यय हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा परिवर्तनको विवरण र महत्वपूर्ण लेखा नीतिहरूको सारांश सहितको वित्तीय टिप्पणीहरू समावेश छन् ।

हाम्रो यसै प्रतिवेदनको राय अस्वीकरणको लागि आधार अनुच्छेदमा वर्णन गरिएका गम्भिर विषयहरूका कारण वित्तीय विवरण उपर लेखापरीक्षण राय स्थापित गर्ने आधारका रुपमा पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न नसकेको कारण हामीले राष्ट्रिय बीमा संस्थानको यसै साथ संलग्न वित्तीय विवरणहरूमा कुनै राय व्यक्त गरेका छैनौ ।

राय अस्वीकरणको लागि आधार

हामीले संस्थानको आर्थिक वर्ष २०७३/७४ को लेखासम्बन्धी अभिलेखको परीक्षण र उच्च तह तथा व्यवस्थापकीय कर्मचारीहरुसंग गरेको छलफलको आधारमा वित्तीय विवरणमा सारभूतरुपमा असर गर्ने निम्नलिखित विषयहरुमा लेखापरीक्षण राय स्थापित गर्न चाहिने पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौ:

१. **जगेडा तथा कोषको आधार स्पष्ट नभएको:** संस्थानको पूंजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा क्रमश: रु.९०,५८५, रु.३,३७,४६,५५९ र रु.६५,००,००० मौज्दात रहेको छ जसमा गतवर्षको मौज्दातमा यसवर्ष कुनै थपघट भएको छैन् । जगेडा कोषबाट के कति कुन कोष शीर्षकमा छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्ष खुल्ने विवरण उपलब्ध छैन् ।

२. **महाबिपत्ति कोषमा जम्मा गरिएको रकमको पर्याप्तता एकिन गर्ने आधार नभएको:** जीवन बीमा वित्तीय निर्देशिका, २०६७ को बुदा नं २३ अनुसार बीमकले महाबिपत्ति कोष कायम गर्नुपर्नेमा संस्थानले महाबिपत्ति कोषमा यस वर्ष रु.३७३,२४७ (गत वर्ष रु.२,७७,६४४) जम्मा गरेका तथा कोषको मौज्दात रु.९४,००,५९० (गत वर्ष रु.९०,२७,३४३) रहेकोमा सो व्यवस्था अनुरुप पर्याप्त भए नभएको एकिन गर्ने आधार स्पष्ट छैन् ।

३. **बीमाङ्कीय मुल्याङ्कन नगरेको:** बीमा ऐन २०४९को दफा २६ अनुसार जीवन बीमा व्यवसाय गर्ने बीमकले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको मूल्याँकन बीमाङ्कीद्वारा गराउनु पर्नेमा आ.ब. २०६४/६५ पश्चात बीमाङ्कीय मुल्याङ्कन नगरेको कारण जीवन बीमा कोष लगायतका दायित्वको मूल्याँकन पर्याप्त भए नभएको एकिन गर्न सकिने अवस्था छैन् ।

४. **प्रधान कार्यालय रहेको जग्गा तथा भवनको स्वामित्वको कागजात उपलब्ध नभएको:** संस्थानको प्रधान कार्यालय रहेको रु.७६,९७,७४० (परल मूल्य) विगत वर्षहरुदेखि नै सोहि रकम लेखांकन गरिएको जग्गा तथा भवनको स्वामित्व पुष्ट्याँई गर्ने कागजात उपलब्ध छैन् ।

५. **दीर्घकालीन लगानी अन्तर्गत प्रदर्शित अन्य कम्पनीको साधारण शेयरमा गरेको लगानीको पूर्ण विवरण तथा स्वामित्वका कागजात उपलब्ध नभएको:** संस्थानको वासलातमा अन्य कम्पनीको साधारण शेयर शीर्षक अन्तर्गत रु.१,५२,८७,९९,०२७ (गत वर्ष रु.१,५०,३४,९९,६८७) उल्लेख गरेको मध्ये रु.२४,०६,२४,७२७ (१५.७ प्रतिशत) रकम लगानीको स्वामित्व पुष्ट्याँई गर्ने कागजात उपलब्ध छैन् ।

६. **बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण उपलब्ध नभएको:** बीमालेखको धितोमा प्रवाह भएका कर्जा मौज्दात रु.१,५७,७१,९७,५५२ (गत वर्ष रु. रु.१,४७,५८,२८,२०६) को कर्जा प्रवाह मिति, कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण उपलब्ध छैन् ।

७. अन्य दीर्घकालीन कर्जा अन्तर्गत

७.१ अभिकर्ता कर्जाको विवरण उपलब्ध नभएको: अभिकर्ता कर्जा शीर्षक अन्तर्गत मौज्दात रहेको रु.९०,८०,३४६ (गत वर्ष रु.१,०९,३५,७०१)को कर्जा वितरण मिति, शुरुको मौज्दात, यस वर्ष थप भएको रकम, असुल भएको रकम, अन्तिम मौज्दात, कर्जाको किसिम, बक्यौता आयु वर्गिकरण, आदि खुल्ने विवरण उपलब्ध छैन् ।

७.२ कर्मचारी कर्जाको विवरण उपलब्ध नभएको: कर्मचारी कर्जा शीर्षक अन्तर्गत मौज्दात रहेको रु.२४,९६,६१,१६३ (गत वर्ष रु.२३,१८,२९,८६७) को कर्जा वितरण मिति, शुरुको मौज्दात, यस वर्ष थप भएको रकम, असुल भएको रकम, अन्तिम मौज्दात, बक्यौता आयु वर्गिकरण, आदि खुल्ने विस्तृत विवरण उपलब्ध छैन् ।

८. बैंक मौज्दात एकिन गर्ने आधार तथा बैंक सम्बन्धी अन्य विवरणहरु उपलब्ध नभएको: संस्थानको नाममा कतिवटा बैंक खाताहरू सञ्चालनमा रहेको छ भन्ने पूर्ण विवरण उपलब्ध छैन् । साथै, गत वर्ष १६६ बैंक खाता वित्तीय विवरणमा समावेश गरिएकोमा यसवर्ष १६३ बैंक खाता सञ्चालनमा रहेको जानकारी गराएको भएता पनि वित्तीय विवरणमा १४४ बैंक खाता समावेश गरिएको साथै यसवर्ष १०६ (गत वर्ष १४७) बैंक खाताको मात्र हिसाव मिलान विवरण तयार गरिएको छ । बैंक हिसाब मिलान विवरण तयार गरिएका बैंक खाताहरुको हकमा पनि पहिचान गर्न नसकिएको रकम (Unidentified Figure) रु.१,३६,६१,९५,८२५ (गत वर्ष रु. १८,८१,८३,६०,६४२) ऋणात्मक बक्यौता रहेको छ र विगत धेरै वर्षदेखिका रकम पहिचान गरी हिसाव अद्यावधिक गरिएको छैन् ।

साथै, संस्थानको वित्तीय विवरणमा बैंक मौज्दात रु.१,१२,४४,७३,७६२ (गत वर्ष रु. ६५,५६,६१,२९९) ऋणात्मक रहेको छ । त्यस्तै, बैंक खाताहरुको मौज्दात पुष्टि गर्ने बैंक मौज्दात समर्थन पत्र समेत उपलब्ध छैन् ।

९. अल्पकालीन लगानीको सुरक्षा एकिन नगरेको एवं निर्णय कार्यान्वयनमा ढिलाईले नोक्सानी ब्यहोरेको: मुद्दती खाताहरूमा लगानी गर्दा लगानीको सुरक्षण, आय तथा नगद पूर्वानुमानको विश्लेषण गर्ने गरेको छैन् । जसको कारण संस्थानले उपयूक्त आम्दानी गर्न सके नसकेको र लगानी सुरक्षित छ छैन एकिन गर्न सकिने अवस्था छैन् । साथै, सञ्चालक समितिले विभिन्न बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपमा लगानी गर्ने निर्णय गरेको धेरै दिनपछि मात्र रकम लगानी गर्ने गरेबाट लगभग यस आ.व.मा मात्रै रु.१,९९,११,७१३ (गत वर्ष रु.४१,०४,४२७) ब्याज आम्दानी गुमाएको देखिन्छ ।

१०. अन्य सम्पत्ति अन्तर्गत:

१०.१ राष्ट्रिय बीमा कम्पनी लि.संग पाउनुपर्ने हिसाब मिलान नगरेको: संस्थानले वासलातमा राष्ट्रिय बीमा कम्पनी लि.संग पाउनुपर्ने देखाएको रु.२६,२८,८५,२३९ (गत वर्ष रु.२६,३२,९३,७५४) पाउनुपर्ने रकमको समर्थनपत्र लिई मौज्दात एकिन गर्ने वा हिसाव भिडान गरेको छैन् ।

१०.२ पुनर्बीमकसँगको लिन बाँकि विवरण उपलब्ध नभएको: संस्थानले वासलातमा देखाएको पुनर्बीमकबाट प्राप्त हुन बाँकि रकम रु.१२,४४,८०,८८५ (गत वर्ष रु.१२,०४,२२,६९१) को विस्तृत विवरण उपलब्ध छैन् तथा सम्बन्धित पुनर्बीमकबाट समर्थनपत्र प्राप्त गरी मौज्दात एकिन गरेको छैन् ।

१०.३ विविध आसामीको विवरण उपलब्ध नभएको: विविध आसामी अन्तर्गत उल्लेखित मौज्दात रु.७२,०४,५७७ (गत वर्ष रु.५७,८२,०३६) को कुन व्यक्तिबाट के वापत कति वर्षदेखि रकम प्राप्त हुनबाँकि रहेको हो सो खुल्ने आयुगत विस्तृत विवरण उपलब्ध छैन् र सम्बन्धित आसामीबाट समर्थनपत्र प्राप्त गरी वास्तविक अवस्था एकिन गरिएको छैन् ।

१०.४ अग्रिम आयकरको विवरण उपलब्ध नभएको: संस्थानले वासलातमा देखाएको अग्रिम आयकर मौज्दात रु.३,६८,९९,१७,८९९ (गत वर्ष रु.३,४२,६१,८६,८७८) को विस्तृत विवरण उपलब्ध छैन् । साथै, आ.व.२०६९/७० देखि यताका कर निर्धारण हुन बाँकि भएकोले उल्लेखित रकम कर दायित्व भूक्तानी गर्न पर्याप्त भए नभएको एकिन गर्न सकिने आधार छैन् ।

आ.व.२०७३।०५।२७ मा राजश्व कार्यालय समक्ष विवादित रहेको आयकर वापतको रकम रु. ९,३७,१५,५५१ तथा मूल्य अभिवृद्धि कर रु.९७,५७,८८२ को लागि प्रशासनिक समिक्षा आवेदन पेश गरिएकोमा सोको सुनुवाई भई नसकेको र सो वापत वित्तीय विवरणमा खर्च व्यवस्था एवं खुलाशा गरेको छैन् ।

१०.५ धरौटीको विवरण उपलब्ध नभएको: धरौटी शीर्षक अन्तर्गत विगत वर्षदेखिनै वासलातमा देखाएको मौज्दात रु.२७,३३,०६,१५८ को विस्तृत विवरण उपलब्ध छैन् ।

११. चालु दायित्वको तथा व्यवस्था अन्तर्गत

११.१ अभिकर्तालाई दिन बाँकि रकमको विवरण उपलब्ध नभएको: संस्थानले वासलातमा अभिकर्तालाई दिन बाँकि हिसाब अन्तर्गत रु.७५,८२,०४० (गत वर्ष रु.१,४२,८४,९२५) मौज्दात उल्लेख गरेको भएता पनि व्यक्तिगत एवं आयुगत विवरण उपलब्ध छैन् ।

११.२ पुनर्बीमकलाई भुक्तानी गर्न बाँकि विवरण उपलब्ध नभएको: पुनर्बीमकलाई भुक्तानी गर्न बाँकि शीर्षक अन्तर्गत गत वर्ष रु.४०,३१,७३,७७५ रहेकोमा यस वर्षको अन्त्यमा रु.४४,२४,०२,९०९ रहेको छ । भुक्तानी गर्न बाँकी रकममा वृद्धि भएको रु.३,९२,२९,१३४ लाई पुष्टि गर्ने पुनर्बीमा शुल्कको गणनाको आधार तथा कसकसलाई कहिलेदेखि कति रकम भुक्तानी गर्न बाँकी रहेको हो सो देखिने विस्तृत विवरण उपलब्ध छैन् र सम्बन्धित पुनर्बीमकबाट मौज्दात समर्थनपत्र प्राप्त गरी मौज्दात एकिन गरेको छैन् ।

११.३ विविध साहुको विवरण उपलब्ध नभएको: विविध साहु अन्तर्गत वासलातमा देखाएको मौज्दात रु.१,५९,७२,७७९ (गत वर्ष रु.१,२५,५५,५१९) को आयुगत विस्तृत विवरण उपलब्ध छैन् र सम्बन्धित पार्टीबाट समर्थनपत्र प्राप्त गरी मौज्दात एकिन गरेको छैन् ।

११.४ बीमाङ्कीय सेवा शुल्कको विवरण उपलब्ध नभएको: गत वर्ष भुक्तानी गर्न बाँकि बीमाङ्कीय सेवा शुल्क रु.७७,३२,२०८ रहेकोमा यस वर्ष रु.८,००,००० (गत वर्ष रु.८,००,०००) ले वृद्धि भई रु.८५,३२,२०८ मौज्दात रहेको छ । बीमाङ्कीय सेवा शुल्क वृद्धि भएको रकम व्यवस्था गरेको गणनाको आधार तथा भुक्तानी गरिएको र गर्न बाँकि रहेको रकमको विस्तृत विवरण उपलब्ध छैन् ।

११.५ भुक्तानी हुँन बाँकि दाबी बापत व्यवस्था एकिन गर्ने आधार नभएको: भुक्तानी हुँन बाँकि दाबी भुक्तानी रकम अन्तर्गत वासलातमा देखाएको रु.७४,४१,४३,१७१ (गत वर्ष रु.४८,८६,३२,०५०) को विस्तृत विवरण उपलब्ध नभएकोले भुक्तानी हुँन बाँकि दाबी वापतको व्यवस्था रकम पर्याप्त भए नभएको एकिन गर्ने आधार छैन् ।

११.६ पेन्सन तथा उपदान व्यवस्थाको पर्याप्तता एकिन गर्ने आधार नभएको: पेन्सन तथा उपदान व्यवस्था अन्तर्गत यस वर्ष रु.१,४७,९२,६११ (गत वर्ष रु.१,२५,६२,८९५) भुक्तानी गरेको छ भने रु.१,५०,००,००० (गतवर्ष रु.१,५०,००,०००) थप व्यवस्था गरेको छ । तर थप व्यवस्था रकम गणना गरेको आधार उपलब्ध नभएकोले संस्थानको कर्मचारी नियमावली, २०५४ तथा सर्वमान्य लेखा सिद्धान्त अनुसार एक्चुयरी मूल्याँकन आ.ब.२०६५।६६ देखि नगरेको कारण कर्मचारीलाई उपदान, निवृतिभरण, संचित विदा, आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता एकिन गर्नसक्ने आधार छैन् ।

१२. बीमा कारोवार सम्बन्धी आम्दानी तथा खर्चहरु पूर्ण रुपमा एकिन गर्न नसकिएको

१२.१ बीमा समितिद्वारा जारी गरिएको जीवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन, २०६७ को बुदा नं ८ अनुसार, बीमकले बीमा शुल्कको आम्दानी नगद प्राप्तिको आधारमा जनाउनु पर्ने भनि उल्लेख गरेकोमा संस्थानले बीमितले बीमा शुल्क बैंक खातामा जम्मा गरेको डिपोजिट स्लिप आफ्नो काउण्टरमा पेश गरि रसिद काटेपछि मात्र आम्दानी जनाउने प्रचलन र कतिपय बैंकको हिसावमिलान नभई ठुलो रकम हिसाव मिलान हुन बाँकि रहेको अवस्थामा बीमा समितिले तोके बमोजिम वास्तविक बीमा आम्दानी लेखांकन भएको छ भन्ने आधार छैन् ।

१२.२ बीमा शुल्क वापत एक भन्दा बढी अवधिका लागि भुक्तानी प्राप्त गर्दा कुल रकमलाई दायित्व एवं बीमा शुल्क आम्दानी शीर्षकमा छुट्टयाएर लेखाङ्कन गर्ने नगरेकोले आ.व.२०७३/७४ मा लेखांकन गरिएको बीमा शुल्क आम्दानीले यथार्थ स्थितिको चित्रण गर्न सकेको छैन् ।

१२.३ जोखिमांकन (Underwriting) गरिएका बीमालेखहरुको बीमा शुल्क आम्दानीको हकमा जोखिमांकन शाखाबाट प्राप्त विवरण (रु.२,५९,९०,८७,६३५) भन्दा वित्तीय विवरण (रु.३,१३,८३,३०,७२६) मा देखाईएको रकम रु.५३,९२,४३,०९१ (गत वर्ष रु.५२,०२,८९,७१३) ले बढि भएता पनि हिसाव भिडान गरी वास्तविक रकम एकिन गरेको छैन् ।

१२.४ बीमा शुल्क प्राप्त मिति वा भुक्तानी प्राप्त गर्नुपर्ने मिति मध्ये पछिल्लो मितिमा मात्र बीमा शुल्क आम्दानी जनाउन पाउने व्यवस्था भएता पनि भुक्तानी प्राप्त गर्नुपर्ने मिति भन्दा पहिले नै बीमा शुल्क आम्दानी जनाउने गरिएको छ । यसरी देखाइएको मितिहरुको फरक १ दिन देखि २,६४० दिन (गत वर्ष १ दिन देखि २,११७ दिन)सम्मको रहेको छ । परीक्षण गरिएका कुल १९,४७१ (गत वर्ष १७,८९२) अवस्थाहरुमा यसरी बीमा शुल्कमा लेखाङ्कन गरिएको रकम रु.२४,६३,७८,०९६ (गत वर्ष रु.१९,९६,२५,९७८) रहेको छ । जसले गर्दा वित्तीय विवरणमा सोहि रकमले प्रिमियम आम्दानी अधिक र दायित्व रकम न्युन लेखांकन भएको छ ।

१२.५ बिगत अवधिको बीमा शुल्क रु.७,६४,२९,७७२ (गत वर्ष रु.७,१२,४२,३०५) बैंक दाखिलाका आधारमा यस वर्ष आम्दानी जनाइएको छ । जुन रकम कुन कुन बिमितबाट कुन बीमालेखबापत कुन अवधीको प्राप्त भएको हो भन्ने विस्तृत विवरण उपलब्ध छैन् ।

१२.६ एकिकृत आयव्यय विवरणमा दावी भुक्तानी खर्च शीर्षक अन्तर्गत रु.३,३९,८६,०९,१२८ (गत वर्ष रु.२,९७,२१,४४,३२३) लेखाँकन गरेको भएता पनि संस्थानको दावी भुक्तानीको निमित्त अभिलेख राखिने दावी भुक्तानी रजिष्टरमा रु.२,८७,७६,३२,६०८ (गत वर्ष रु.२,६३,२३,८९,०६३) मौज्दात रहेकोमा दुई विवरण बीचको फरक रकम रु.५२,०९,७६,५२० (गतवर्ष रु.३३,९७,५५,२५९) को हिसाब भिडान गरी वास्तविक रकम एकिन गरेको छैन् ।

१२.७ अभिकर्ता कमिशन खर्च वापत रु.११,१५,४५,६७२ (गतवर्ष रु.१०,१७,१२,७५१) लेखाङ्कन गरेको भएता पनि सो रकम कुन कुन अभिकर्तालाई कुन बीमालेखवापत भूक्तानी गरिएको वा गर्नुपर्ने हो सो उल्लेखित विस्तृत विवरण उपलब्ध छैन् ।

१२.८ पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरुप गर्नुपर्नेमा सो सम्झौता अनुरुप गणना गरेको पुष्टि गर्ने आधार छैन् । बीमा शुल्क आम्दानीको १.२५ प्रतिशतले हुन आउने एकमुष्ट रकम रु.३,९२,२९,१३४ (गतवर्ष रु.२,५२,८७,५९४) खर्च व्यवस्था गरेको छ । साथै, पुनर्बीमा कमिशन आय गणना गरी लेखाङ्कन गरेको छैन् ।

१२.९ संस्थानको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परीक्षण गरे बापतको खर्च रु ४४,००,४६३ (गत वर्ष रु.३९,०६,९०६) लेखांकन गरेको भएता पनि सोलाई पुष्टि गर्ने सम्बन्धित बीमालेखसहितको विस्तृत विवरणहरु उपलब्ध छैन् ।

१२.१० मिति २०४९/०४/०१ देखि संस्थानले बोनस दर ६.५ प्रतिशत कायम गरेको छ । व्यवसायिक उतारचढाव एवं जीवन बीमाकोषको मुल्याङ्कनका आधारमा बोनस दर निर्धारण गर्ने नगरिएको तथा बीमा समितिले पछिल्ला वर्षहरु आ. व.०५८।०५९ देखि आ.व. ०६३।०६४ सम्मको बोनस दरलाई २०७२/१२/११ मा स्वीकृति प्रदान गर्दा प्राप्त निर्देशन बमोजिम अर्को व्यवस्था नभएसम्म सोहि दरमा अन्तरिम बोनस गणना गर्ने गरेका कारण संस्थानको सञ्चालन नतिजा तथा लेनदेनमा बीमांकीय मूल्याँकन पश्चात पर्ने असर एकिन गर्न सक्ने अवस्था छैन् ।

१३. लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विस्तृत विवरण नभएको

१३.१ संस्थानले यस आर्थिक वर्षसम्म सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटिमा रु.४६,९२,२५,००० (गतवर्ष रु.४६,९२,२५,०००) लगानी गरेबाट रु.१०,०८,६१,९३८ (गतवर्ष रु.४,०२,१७,०६३) आम्दानी लेखांकन गरेको छ । तर, कुन लगानीबाट कुन अवधिको कति रकम आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.२ बैंक तथा वित्तीय संस्थामा खोलिएको "कल" खाताबाट भएको ब्याज आम्दानी वापत रु. ६६,७४,०१,४६६ (गतवर्ष रु.६,४०,९२,८७२) आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरुबाट प्राप्त भएको ब्याज आम्दानी रकम सहितको विस्तृत विवरण उपलब्ध छैन् ।

१३.३ कर्मचारीलाई दिएको कर्जा वापत ब्याज आम्दानी रु.२४,०५,१८० (गतवर्ष रु.२६,१९,४०३) लेखाङ्कन गरेको भएता पनि कर्मचारीलाई प्रदान गरेको कर्जाको रकम, सोको आयुगत विवरण र सो बापत कति ब्याज आम्दानी लेखांकन गरिएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.४ अन्य आय (विविध) शीर्षक अन्तर्गत रु.१३,५१,२३५ (गतवर्ष रु.४६,७५,१८३) आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानी के वापत आम्दानी भएको हो देखिने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.५ बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षक अन्तर्गत रु.१२,२७,०४,०२८ (गतवर्ष रु.१०,८५,४३,६४४) लेखाङ्कन गरेको भएता पनि कुन बीमालेखको धितोमा कर्जा प्रवाह भएको हो, प्राप्त

हुनुपर्ने ब्याज कति हो, सोमध्ये कति ब्याज प्राप्त भएको हो र प्राप्त हुन बाँकी ब्याज कति छ खुल्ने विस्तृत विवरण उपलब्ध छैन् ।

१३.६ अन्य प्रत्यक्ष आम्दानी शीर्षक अन्तर्गत रु.१,५४,६१,४८७ (गतवर्ष रु.१,९७,१३,४९५) बीमा शुल्क ढिलो प्राप्त भए वापतको ब्याज आम्दानी बापत लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरुप प्राप्त भएको हो खुल्ने विस्तृत विवरण उपलब्ध छैन् ।

१४. विगत बर्षको लेखापरीक्षण कैफियतहरु सम्बोधन नगरेको: आ.व.२०७२/७३ सम्मको लेखापरीक्षण प्रतिवेदनमा कैफियत जनाइएका वित्तीय विवरणमा गहन असरपर्ने विषयहरुको विवरण तयार नगरेको र त्यस्ता रकमहरु आ.व.२०७३/७४ को वित्तीय विवरणमा समायोजन वा हिसावमिलान नगरेको कारण त्यस्ता रकमहरुले आ.व.२०७३/७४ को वित्तीय विवरणमा के कस्तो असर परेको छ भन्ने एकिन गर्न सकिने अवस्था छैन् ।

१५. पछिल्ला आर्थिक वर्षहरुको हिसाव अद्यावधिक नभएको: संस्थानको आ.व.२०७३/७४ पछिको लेखा, हिसाब किताव तथा वित्तीय विवरण तयारी कार्य सम्पन्न भइ नसकेको तथा आ.व. २०७३/७४ को केकति रकम पछिल्ला वर्षहरुमा समायोजन गरेको विवरण तयार नगरेको कारण हामीले आ.व.२०७३/७४ मा उल्लेखित रकमहरुको हालसम्मको अवस्था र प्रतिवेन अवधिपछाडि घटेका घट्ना एवं कारोवारहरुको समिक्षा गर्न सकिने अवस्था छैन् ।

१६. सम्बन्धित कानुनी नियमनकारी तथा लेखामानका व्यवस्थाहरुको पालना नगरेको

१६.१ बीमा व्यवसाय इजाजत पत्र नविकरण नगरी व्यवसाय सञ्चालनमा रहेको: बीमा ऐन २०४९ दफा ११ अनुसार बीमकले आफ्नो दर्ताको प्रमाणपत्रको नविकरणको लागि प्रत्येक वर्ष चैत्रमसान्तसम्ममा तोकिएको दस्तूर सहित तोकिएको ढाँचामा बीमा समितिको कार्यालयमा निवेदन दिनु पर्नेछ । तथापी संस्थानले बीमा व्यवसाय प्रमाणपत्रको नविकरण आ.व. २०६४/६५ यता गरेको छैन् ।

१६.२ बीमा ऐन २०४९ बमोजिम चुक्ता पूँजी कायम नभएको: संस्थानले बीमा ऐनको २०४९ को दफा १२ (ख) अनुरुप कम्तिमा रु.२,५०,००,००,००० चुक्ता पूँजी कायम गरेको हुनुपर्नेमा आ.व. २०७२/७३ मा रु.१२,९३,००,००० (गतवर्ष रु. १२,९३,००,०००) मात्र चुक्ता पूँजी कायम रहेकोले सम्बन्धित ऐनको पालना भएको छैन् ।

१६.३ सेवा शुल्क समयमा समयमा बीमा समितिमा दाखिला नगरेको: संस्थानले बीमा ऐनको २०४९ को दफा ३६ तथा ४० अनुरुप बीमा शुल्कको १ प्रतिशत सेवा शुल्क बीमा समितिमा प्रत्येक आ.व.बुझाउनुपर्नेमा यस आ.व वापतको सेवा शुल्क रु.३,०९,९१,०१५ सहित विगत वर्षहरुको बक्यौता गरी रु. ९,५१,२१,०९४ सेवा शुल्क समयमा नबुझाएकोले सम्बन्धित ऐनको पालना भएको छैन् ।

१६.४ लगानी एअरमार्क गर्ने व्यवस्था पालना नभएको: संस्थानले बीमा समितिको परिपत्र नं. ३० अनुसार लगानी एअरमार्क गर्नुपर्ने व्यवस्था पालना गरेको छैन् ।

१६.५ सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण नगरेको: आयकर ऐन २०५८ दफा २७ बमोजिम सहुलियत कर्मचारी कर्जाको ब्याज परिमाणीकरण गरी कर्मचारीको आयमा कर गणना गर्दा समावेश गर्ने नगरेकोले आयकर ऐन अनुसार पारिश्रमिक अगृम आयकर कट्टि भएको छैन ।

१६.६ सम्बन्धित नेपाल लेखामानका व्यवस्थाहरुको पालना नगरेको: यसै प्रतिवेदनमा माथि उल्लेखित सर्वमान्य लेखा सिद्धान्त विपरित लेखाकंनका गरिएका विषयवस्तुका अतिरिक्त निम्नानुसारको कारोवारमा गरिएका लेखांकन समेत सम्बन्धित लेखमान अनुसार भएको छैन् र सोको असरका बारेमा लेखासम्बन्धी व्याख्यात्मक टिप्पणीमा पर्याप्त खुलासा गरेको छैन् ।

(१) संस्थानले स्थिर सम्पतिहरुमा ह्रासकट्टी आयकर ऐन,२०५८ को अनुसूची २ अनुसार गरेको कारण नेपाल लेखामान १६ (Property Plant & Equipement) अनुसार ह्रासकट्टी गरेको छैन् ।

(२) संस्थानले सम्पतिहरुको नेपाल लेखामान ३६ (Impairment) अनुसार वर्षान्तमा हानी नोक्सानी परीक्षण (Impairment Test) गरेको छैन ।

(३) संस्थानले आयकर गणना गर्दा नेपाल लेखामान १२ (Income Taxes) अनुसार स्थगन करको समेत गणना गरी लेखांकन गर्नु पर्नेमा चालु करमात्र लेखांकन गर्ने गरेको छ ।

(४) संस्थानले सरकारी/पब्लिक लिमिटेड संस्थानको बचतपत्र/ऋणपत्रमा बीमा समितीबाट जारी निर्देशन बमोजिम लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य बढी भएमा त्यस्तो बढी रकमलाई स्थगन गरिएको खर्च (Deferred Expenditure) को रुपमा लेखाङ्कन गरी सो खर्चलाई त्यस्तो लगानीको अवधि भित्र समानुपातिक

आधारमा (Pro–rata Basis) मा अपलेखन गर्ने तथा लगानीको अङ्कित मूल्य भन्दा परल मूल्य कम भएमा त्यस्तो फरक रकमलाई लगानी अवधि भित्र समानुपातिक आधारमा लगानीबाट आयको रुपमा लेखाङ्कन गर्ने नीति लिई लगानीको मुल्य परिवर्तनलाई लेखाङ्कन गर्ने गरेको छैन । साथै नेपाल लेखामान ३२ (Financial Instrument Presentation) तथा नेपाल लेखामान ३९ (Financial Instrument Recognition and Measurement) अनुसार लेखाङ्कन गरेको छैन् ।

(५) संस्थानले पब्लिक लिमिटेड कम्पनीको शेयरमा गरेको लगानीको मुल्य परिवर्तनलाई लेखाङ्कन गर्दा नेपाल लेखामान ३२ तथा नेपाल लेखामान ३९ अनुसार गर्नु पर्नेमा मुल्य परिवर्तनलाइ लाई लेखाङ्कन गर्ने गरेको छैन ।

(६) संस्थानले कर्जा तथा कर्जाको आय लेखाङ्कन नेपाल लेखामान ३२ तथा नेपाल लेखामान ३९ अनुसार नगरी प्रदान गरिएको कर्जा रकमलाई खुद कर्जा तथा ऊक्त कर्जाबाट प्राप्त नगद ब्याजलाई ब्याज आय लेखाङ्कन गर्ने गरेको छ ।

१७. **लेखा प्रणाली जोखिमपूर्ण रहेको:** संस्थानको दैनिक कार्य सम्पादन (जस्तैः बीमा शुल्क आम्दानीको विवरण, दावी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैले विकास गरेको सफ्टवेयर विगत २३ वर्षदेखि प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्टवेयरको ग्राफिकल युजर इन्टरफेस (Graphical User Interface, GUI) समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्न कोडको प्रयोग गर्नुपर्ने कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखा बाहेक अन्य शाखाबाट निकाल्न नसक्दा संस्थानको प्रयोग गरेको सफट्वेयरको उपयोगिता तथा प्रभावकारीता एकदमै न्युन रहेको छ ।

सफ्टवेयरको सम्पूर्ण जिम्मेवारी संस्थानमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारी बाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप (Backup) राख्न नसक्नु र नगरिनु, ब्याकअप (Backup) व्यवस्थापनका लागि आवश्यक ठोसकार्यहरु जस्तै, ब्याकअपको लग नराखिनु, डाटा रिकभरी (Data Recovery) सम्बन्धी कुनै किसिमको लिखित योजना नहुनु, आदिले संस्थानको कम्प्युटराइज्ड लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको छ ।

१८. **आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको:** लेखासंग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रुपमा नराख्नु, कारोवार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरु पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले भिडान नगर्नु र लामो समयदेखि बक्यौता रहेका रकमहरुको हिसाब मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको एकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु, आदि कारणले विद्यमान आन्तरिक नियन्त्रण प्रणाली अत्यन्तै कमजोर भई वित्तीय विवरणमा उल्लेखित रकमहरुको वास्तविक अवस्था एकिन गर्न सकिने अवस्था छैन् ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनु पर्ने तथा दिनु पर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक गर्ने नगरेको, बजेट तथा वास्तविक आम्दानी खर्चको भिन्नता परीक्षण नगरेको र गोश्वारा हिसावले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरु तयार गर्ने परिपाटिका कारण वित्तीय विवरणहरूको विश्वसनीयतामा प्रश्नचिन्ह खडा भएको छ । साथै, संस्थानले प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरुमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरु, आम्दानी तथा खर्चहरुको गणना तथा लेखांकनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रुपमा प्रस्तुत (Adequate Disclosure) गर्ने गरेको छैन् ।

हाम्रो परीक्षणका दौरानमा ज्ञात हुन आएका आन्तरिक नियन्त्रण प्रणालीका कमजोरीका विषयहरु हामीले छुट्टै जारी गरेको व्यवस्थापन पत्रमा उल्लेख गरेका छौं ।

माथि उल्लेखित मामिलाहरूको नतिजाका कारण हामी वासलात, नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणमा रेकर्ड गरिएको वा रेकर्ड नगरिएका रकमहरुको विस्तृत विवरण उपलब्ध नभएका कारण के कस्तो समायोजन आवश्यक हुन सक्छ सो निर्धारण गर्न असमर्थ छौ ।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था वहन गर्ने अख्तियारीको उत्तरदायित्व

प्रचलित कानून तथा लेखा सिद्धान्त अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण

प्रणालीको तर्जुमा गर्ने कार्य, सोको कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थानको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थानको व्यवस्थापनमा रहेको छ ।

संस्थानको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था वहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

नेपाल लेखापरीक्षणमान अनुसार संस्थानको वित्तीय विवरणहरूको लेखापरीक्षण गर्ने र लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने जिम्मेवारी हाम्रो दायित्व हो ।

यद्यपि, हाम्रो प्रतिवेदनको राय अस्वीकरणको आधार अनुच्छेदमा वर्णन गरिएका कुराहरूको कारणले गर्दा, हामीले संलग्न वित्तीय विवरणहरूमा लेखापरीक्षण राय स्थापित गर्ने आधार प्रदान गर्न पर्याप्त उपयुक्त लेखापरीक्षण प्रमाणहरू प्राप्त गर्न सकेनौं ।

वित्तीय विवरणहरूको लेखापरीक्षणसँग सम्बन्धित नेपालमा प्रचलित सान्दर्भिक नैतिक आवश्यकताहरू अनुसार हामी संस्थानबाट स्वतन्त्र छौं र हामीले यी आवश्यकताहरू अनुरूप हाम्रा अन्य नैतिक जिम्मेवारीहरू पूरा गरेका छौं ।

१.१३ कोष व्यवस्थापन कम्पनी लिमिटेड, २०७९।८०

लेखापरीक्षकको राय

हामीले कोष व्यवस्थापन कम्पनी लिमिटेडको (यस पछि कम्पनी भनिएको) यसै साथ संलग्न २०८० आषाढ ३१ मितिको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सानी हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरू भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरू बमोजिम माथि उल्लेखित वित्तीय विवरणहरूले सारभूत रूपमा कम्पनीको मिति २०८० आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू प्रचलित कानुनका अधिनमा रही कम्पनी ऐन २०६३ अनुरूप यथार्थ चित्रण गर्दछ ।

लेखापरीक्षकको रायका आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान बमोजिम सम्पन्न गरेका छौ । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the code of Ethics for Professional Accountants बमोजिम हामी कम्पनीसँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड बुक बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौ। हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल वित्तिय प्रतिवेदनमान अनुरूप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर सञ्चालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर सञ्चालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ ।

संचालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरू सम्पूर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत रूपमा त्रुटिरहित छन् वा छैनन् भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरूपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधैँ पहिचान हुन्छन् भन्ने आश्वस्तता रहँदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरूले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरूले लिने आर्थिक निर्णयहरूलाई अलग अलग वा समग्र रूपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने उक्त गलत प्रस्तुतिलाई सारभुत रूपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरूप लेखापरीक्षणको क्रममा हामी व्यावसायीक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले

- वित्तिय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलतप्रस्तुतिहरूको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरू तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौ । मिलिभगत, ठगी, जानाजानी भुलचुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणलीको मिचाई समावेश हुने भएकोले गल्तीहरूभन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरूको पहिचान नहुने जोखिम अधिक रहन्छ ।

- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धी राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरू तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धी खुलासाहरूको मूल्याङ्कन गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरू सँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको व्यवसायीक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नु पर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदनको मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरूले कम्पनी अविच्छिन्न निकायको रूपमा नरहन सक्दछ ।

- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अन्तर्रनिहित कारोवार एवम् घटनाहरूलाई वित्तीय विवरणमा निष्पक्ष रूपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौ ।

- हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरू लाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरू लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरूको जानकारी गराउदछौ ।

- सुशासनको जिम्मेवारी बहन गरेकाहरू लाई प्रासंगिक नैतिक आवश्यकताहरू पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरू साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउँदछौ ।

अन्य कानूनी तथा नियमक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन

कम्पनी ऐन २०६३ को दफा ११५ (३) बमोजिम :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरू पाएका छौं ।

ख) हामीले लेखापरीक्षणमा गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब ऐन बमोजिम ठीकसँग राखिएको छ ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, आय विवरण, नाफा नोक्सान हिसाब, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण र संलग्न अनूसूचिहरू तोकेको ढाँचा र तरिकाअनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, वही खाता, श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) हामीले लेखापरीक्षणको समयमा कम्पनीको संचालक समिति वा कुनै प्रतिनिधि वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

१.१४ नेपाल डिजिटल पेमेन्ट्स कम्पनी, २०७९।८०

Opinion

We have audited the financial statements of 'Nepal Digital Payments Company Ltd' (the Entity, Company), which comprise the Statement of Financial Position as at 31 Ashad 2080 (16 July 2023), Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity, Statement of Cash flow for the year then ended, and Notes to the Financial Statements & Significant Accounting Policies.

In our opinion, the accompanying financial statements, in all material respects, give a true and fair view of the financial position of Nepal Digital Payments Company Ltd as at 31 Ashad 2080 (16 July 2023), and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.

Basis for Opinion

We conducted our audit in accordance with Nepal Standard on Auditing (NSAs). Our responsibilities under those standards are further described in *Auditor's Responsibilities for the Audit of Financial Statements* section of our report. We are independent of the entity in accordance with ICAN's *Handbook of Code of Ethics for Professional Accountants* together with the ethical requirements that are relevant to our audit of financial statements and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgements, were of most significance in our audit of the financial statements of the current period and include higher or significant assessed risks of material misstatements identified, including those which had the greatest effect on: the overall audit strategy; the allocation of resources in the audit; and directing the efforts of the engagement team.

We summarize below the key audit matter, together with our key audit procedures followed to address that matter and our results for those procedures. This matter was addressed, and our results are based on procedures undertaken, in the context of, and solely for the purpose of, our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on this matter.

Key Audit Matter	The risk	The response
NDPC Uses Mobile Financial System (MFS). It is the core software used to provide mobile wallet services. The main core financial system provides the engine for managing funds, enabling transactions and keeping the proper records.	Software testing (such as Provisional Acceptance Test (PAC) followed by Final Acceptance Test (FAC) has not been completed. Due to which effective operation of the system may not be ensured. Further, MFS is unable to provide customer balance report from July 03-2023 to July 18 2023 due to which actual customer balances cannot be verified.	To address such risks for material error, our audit procedures included amongst others; • Obtained an understanding of Entity's IT control environments, IT policies and key changes during the audit period. • Carried out the test of control of MFS software for significant audit assertions. • Reconciled customer balances from daily transaction reports which still have differences, however they are not material. Our Result: We assessed the appropriateness of the audit procedures performed, evidences obtained and considered to be acceptable.

Other Matter

We draw your attention to audit findings, as included in the 'Management Letter' section of our report, which identify internal control weaknesses and audit recommendations to address them, which we came across during the course of our audit. Our opinion is not modified in respect of this matter.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the entity's ability to continue as a going concern, disclosing as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the entity or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the entity's financial reporting process.

Auditor's Responsibilities for the audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually

or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal financial controls relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the entity's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the entity's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the entity to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentations.

We communicate with those charged with governance regarding, among other matters, the plans, scope and timing of the audit and significant audit findings including any significant deficiencies in internal control that we identified during our audit.

Report on other Legal and Regulatory Requirements

- Information and explanations, to the best of our knowledge and belief which were necessary for the purpose of audit completion were obtained.
- The books of accounts of the company have been maintained as per requirement of the Companies Act, 2063
- The financial statements are in agreement with books of accounts of the Company
- We have not come across the cases where Board of Directors or any employees of the Company have acted contrary to the provision of law relating to the accounts or committed any misappropriation or caused loss or damage to the Company relating to the accounts.
- Books of accounts of the Company has been maintained and presented fairly.

६. अन्य विषयका साथ साथै लेखापरीक्षणमा योजना अनुसारको कार्यक्षेत्र, कार्य समस्या र लेखापरीक्षणको क्रममा पाईएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन २०६३ को प्रावधानहरू पालना सम्बन्धी प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सम्पूर्ण सुचना तथा स्पष्टिकरणहरु र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) हामीले लेखापरीक्षणको समयमा दिइएको सूचना एंव स्पष्टीकरणका आधारमा एंव संस्थाहरूको परीक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने अनुच्छेदमा उल्लेख गरिएका बाहेक संस्थाको संचालक समिति वा त्यसका सदस्यहरू वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानी नोक्सानी गरे गराएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

ङ) संस्थामा लेखासम्बन्धी कुनै जालसाजी भएको कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

च) कम्पनी ऐन २०६३ को दफा ७६(१) मा प्रत्येक पब्लिक कम्पनीले कारोबार शुरू गर्ने इजाजत पाएको एक बर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने तथा सोही ऐनको दफा ८०(१) अनुसार प्रत्येक पब्लिक कम्पनीले वार्षिक साधारण सभा भएको तीस दिनभित्र सो सभामा उपस्थित शेयरधनीहरूको संख्या, वार्षिक आर्थिकविवरण, सञ्चालक र लेखापरीक्षकको प्रतिवेदन र सो सभाले गरेका निर्णयको एक प्रति कार्यालयमा पठाउनु पर्ने उल्लेख भए बमोजिम पालना नभएकोले सो को पालना हुनपर्दछ ।

२. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरू

२.१ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, २०७७।७८

कैफियत सहितको राय

हामीले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको २०७८ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७।७८ (मिति २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्त) सम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेकमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको संलग्न मिति २०७७ श्रावण १ गते देखि २०७८ आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र महत्वपूर्ण लेखा नीति तथा लेखा टिप्पणीले विगतमा अपनाइएका लेखानीतिहरु र नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

१. नेपाल सरकारको स्वामित्व भएको कम्पनीले आर्थिक वर्ष २०७३।७४ देखि लागु हुनेगरि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (**NFRS**) अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ । यद्यपि कम्पनीले लेखा नीतिमा उल्लेख गरे अनुसार सर्वमान्य लेखा नीतिको आधारमा वित्तीय विवरण तयार गरेको छ । नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) लागु गरी वित्तीय विवरण तयार गर्दा वित्तीय विवरणमा पर्ने प्रभाव सम्बन्धमा पर्याप्त प्रमाण उपलब्ध नभएको र यसको प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्दछ ।

२. अर्थ मन्त्रालयको साविकको नेपाल खाद्य संस्थानलाई च.न. १६० प.स. २०७४।७५ मिति २०७४।०९।२६ लेखेको पत्र अनुसार नेपाल सरकारको ऋण लगानी रु. ४२,४३,११७.३५ र शेयर लगानी रु. १,१५,९८,३०,०००.०० रहेकोमा कम्पनीले ऋण लगानी वापतको रकम रु. ४२,४३,११७.३५ को लेखाङ्कन गरेको छैन भने शेयर लगानीमा रु.८७,६६,०००.४१ घटी लेखाङ्कन गरिएकोले खाद्य व्यवस्था व्यापार कम्पनीको वासलातले शेयर पूंजीको समग्र रुपमा सही तथा यथार्थ चित्रण गर्दैन ।

३. कम्पनीले (साविकको नेपाल खाद्य संस्थान) विभिन्न दातृ संस्था तथा विदेशी सहयोग अन्तर्गत आर्थिक वर्ष. २०३४।३५ देखि भुक्तानी गर्नुपर्ने भनी देखाइएको रु.१४ करोड ३ लाख ५० हजार तथा भारतीय खाद्यान्न काउण्टर पार्ट फण्डलाई भुक्तानी गर्नुपर्ने भनी देखाइएको रकम रु. ११ करोड ५७ लाख १८ हजार भुक्तानी गर्नुपर्ने हो वा होइन यकिन गरी हिसाब मिलान गर्नेतर्फ कारवाही गर्नुपर्दछ ।

४. कम्पनीले (साबिक नेशनल ट्रेडिङ्ग लिमिटेड) नेपाल सरकारबाट पाँच प्रतिशत ब्याज दरले प्राप्त सुरक्षित ऋण रु. ३५,९२,६४,२७५.९४ प्रत्येक वर्ष भुक्तानी गर्नुपर्नेमा यस आर्थिक वर्षमा कुनैपनि रकम भुक्तानी भएको छैन । साथै, सो ऋण वापत गत आर्थिक वर्षमा तिर्नुपर्ने ब्याज खर्च रु. १,६६,३४,४२८.१२ को व्यवस्था गरेको पाइएन । यस आर्थिक अवधिमा पनि ब्याज खर्च रु. १,७९,६३,२१३.८० को व्यवस्था गरेको पाइएन । समयमा ऋण भुक्तानी तथा ब्याज खर्चको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

५. कम्पनीको वित्तीय विवरणअनुसार वर्षान्तमा ह्रास कट्टी पश्चातको स्थिर सम्पत्ति रु. ३५ करोड ८० लाख ८० हजार रहेकोमा कतिपय प्रादेशिक, मुख्य शाखा तथा शाखा कार्यालयहरुको सम्पत्ति विवरणमा ती कार्यालयहरुको अधीनमा रहेका जग्गाहरुको विवरण (क्षेत्रफल) तथा मूल्य नै समावेश नगरिएको, सम्पत्तिमा देखाएको जग्गाहरुको धनीपूर्जा प्राप्त नगरेको, केही जग्गाहरुको लेखाङ्कन नगरिएको पाईयो । साथै, सम्पूर्ण विवरण सहितको स्थिर सम्पत्ति रजिष्टर अद्यावधिक नगरिएकाले लेखापरीक्षणका क्रममा स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गर्न सकिएन । साथै कम्पनीद्वारा पूर्णरुपमा जीर्ण तथा ध्वस्त भएका गोदामहरु स्थायी सम्पत्तिबाट अपलेखन नगरिएको, कम्पनीको वासलातले स्थिर सम्पत्तिको समग्र रुपमा सही तथा यथार्थ चित्रण गर्दैन।

६. कम्पनीमा लगानीको लागि सम्भावित नोक्सानी शीर्षक अन्तर्गत रु.८९,२८,६००.०० रहेकोमा साविकको नेपाल खाद्य संस्थानबाट गाभेर विगत १६ वर्षभन्दा अगाडि देखि आएको शेयर लगानी मध्ये मेची धान चामल कम्पनी, सगरमाथा धान चामल कम्पनी, नारायणी धान चामल कम्पनी, जनकपुर धान चामल कम्पनी, लुम्बिनी धान चामल कम्पनी, सुदुरपश्चिम धान चामल कम्पनी, मेची महाकाली धान चामल कम्पनीहरुको जम्मा वापत रु. ५२,७८,६००.०० व्यवस्था गरेको, बाँकी लगानी गरिएका संस्थाहरु विघटन भइसकेको र लगानी फिर्ता हुने सम्भावना नरहेको लगानीको सम्भावित नोक्सानीको व्यवस्था र लगानीको आवश्यक समायोजन गरी हिसाब मिलान गर्नुपर्दछ । साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडबाट गाभेर आएको शेयर लगानी मध्ये गोरखकाली रबर उद्योग र साझा भण्डार सहकारी लिमिटेडको जम्मा रु. ३६,५०,०००.०० लगानी जोखिम व्यवस्था गरेको छ भने बाँकी लगानीको कुनैपनि जोखिम व्यवस्था गरिएको छैन । साथै विभिन्न कम्पनीमा रहेको लगानीको जोखिमको यकिन गरी उचित व्यवस्था गरेको पाईएन ।

७. कम्पनीले सूचीकृत कम्पनीमा गरेको लगानी रु. २९,००,०००.०० रहेकोमा साविकको नेपाल खाद्य संस्थानबाट गाभेर आएको रू. १५,००,०००.०० र साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडबाट गाभेर आएको रु.१४,००,०००.०० देखिन्छ । सूचीकृत नभएको कम्पनीमा गरेको लगानी रु. १,८२,७१,९०६.४० रहेकोमा जस मध्ये साविकको नेपाल खाद्य संस्थानबाट गाभेर आएको रू. ८२,४०,७००.०० र साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडबाट गाभेर आएको रु.१,००,३१,२०६.४० देखिन्छ । मुद्दती खातामा रु. १,६४,७१,००,०००.०० मुद्दती रकम रहेको देखिन्छ । कम्पनीको लगानी रहेका केही कम्पनीहरु बिघटन भइसकेका र सो लगानी वापत कम्पनीले व्यवस्था गरिसकेको तर विघटन भएको आधिकारिक प्रमाण लिएर लगानी तथा सो सम्बन्धी व्यवस्थालाई समायोजन गर्नेतर्फ औपचारिक पहल गर्नुपर्दछ । कम्पनीले लगानीको मुल्यांकन गरी जोखिम भएको लगानीको जोखिम ब्यबस्था र लगानी सम्पत्तिको यथार्थ चित्रण गर्नुपर्छ । कम्पनीको लगानी रहेका कम्पनीहरुबाट प्राप्त हुन बाँकी वा प्राप्त भएको लाभाशंको एकिन गरि लाभाशं प्रष्टयाउन कागजातको आधारमा कम्पनीको लगानीको समायोजन गर्नुपर्दछ ।

८. कम्पनीको नेपाल राष्ट्र बैंकको खाता नं. १२०६१०१०७।००१।००१५२४, १२०६१०१०७।००१।००००५२४, १२०६१०१०७।००१।००२।५२४ र राष्ट्रिय वाणिज्य बैंक खाता नं. १०९।९००।५२५४१।०१ को बैंक स्टेटमेन्ट अनुसारको रकम र लेजर अनुसारको रकममा विगत २०३४।३५ सालदेखि क्रमशः रु. ३१,६१२.००, रु.६,२४,३९२.३५, रु. १,४७१,४८१.०८ र रु. ५९,३०९.०० (ठेगाना नखुलेको राष्ट्रिय वाणिज्य बैंक खाता नं. ५५ र २०० क्रमशः रु. १,२०,०००.०० र रु. २,२३,३७५.४० सहित) फरक भिडान हुन नसकेको व्यहोरा गत आर्थिक वर्षका लेखापरीक्षण देखि नै औंल्याइए पनि सो सम्बन्धी कुनै प्रगति गरेको पाईएन । कम्पनीले धेरै बर्षदेखि आईरहेको फरकलाई सम्भव भएसम्म भिडान गर्ने र भिडान नभएको अवस्थामा अपलेखन गर्नुपर्ने देखिएको छ । साथै कम्पनीको नेपाल बैक लिमिटेड, खाता नं. ५९२०००००१ को लेजरमा रहेको रकम र खाता अनुसारको रकम भिडान गर्दा रु. ६,३००.६० भिडान नभएको देखिएको छ । यसरी बैंक हिसाब बैंक समर्थन पत्र अनुसार दुरुस्त नराख्दा कम्पनीको दैनिक बैकिङ्ग कार्यहरुमा पनि प्रतिकूल असर पर्न गएको देखिन्छ ।

९. कम्पनीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम ४ अनुसार मौजूदा सूचीको विवरण जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालय र जिल्ला प्रशासन कार्यालयको सूचना पाटीमा टाँस गरी वा कम्पनीको वेवसाइटमा राखी अर्धवार्षिक रुपमा सार्वजनिक नगरेकोमा सोको पालना गर्नुपर्दछ ।

१०. मुद्दती खातामा रु. १,६४,७१,००,०००.०० मुद्दती रकम रहेको देखिन्छ । कम्पनीको मुद्दती खातामा रहेको रकम जग्गा बिक्री प्राप्त भएको सो कम्पनीले पूँजीगत कार्यमा खर्च गर्नुपर्ने सो नभएको यथाशिघ्र पूँजीगत कार्यमा खर्च गर्नुपर्छ ।

११. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड जमिन तथा गोदाम भाडामा लगाएकोमा केहि भाडा दिएका पार्टीहरुबाट भाडा प्राप्त भएपछि मात्र भाडाको आम्दानी लेखाकंन गरेको पाइयो ।नेपाल लेखामान ०७ भाडाको आम्दानीको लेखाकंन प्रोदभावी आधारमा (Accrual Basis) गर्नुपर्नेमा सो नभई आम्दानीको लेखाकंन नगद आधारमा (Cash Basis) गरिएको पाइयो ।

१२. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको नख्खु स्थित गोदामको गोदाम न ८ को युनाइटेड टेलिकम र कार्यालय बीचको सम्झौता मासिक भाडादर रु.१,१४,२५८ करार पत्रको बुँदा न ३ मा महिना भुक्तान हुने बित्तिकै बुझाउने कुरा उल्लेख भएको पाइन्छ । तर युनाइटेड टेलिकमले मिति २०७४ माघ महिना देखि भाडा नबुझाएको पाइयो । उक्त महिनामा मासिक भाडा उठाउने र सो पार्टीलाई त्यस गोदाम खाली गराउनुपर्नेमा सो नगरी पुनः सम्झौताको बुदा नं. ४ मा सम्झौता अवधि मिति २०७५ श्रावण देखि २०७६ असार मसान्तसम्म भएको देखिन्छ । उक्त पक्षले समयमा भाडा नबुझाउदा पनि पुनः सम्झौतामा भाडा रकम विलम्व शुल्क जरिवानाको व्यवस्था सम्झौता पत्रमा उल्लेख गरेको छैन । उक्त पक्षलाई भाडा बुझाउन ताकेता पटक पटक गरेको देखिन्छ । यस कार्यालयले मिति २०७६।०९।०१ मा जिल्ला प्रशासनलाई पत्र लेखी गोदाम भाडा असूल तथा खाली गर्न ताकेता गरेको देखिन्छ । उक्त पार्टीले मासिक रु.१,१४,२५८ ले २०७४ माघ महिना देखि २०७७ असार मसान्तसम्म सम्झौता अवधिभरको बाँकी भाडा रु.३३,१०,४८६.९९ देखिन्छ । साथै यस वर्षको आम्दानी रु.१,१४,२५८ प्रति महिना रु १३,७१,०९६ को लेखाङ्कन नगरिएको पाईयो । उक्तको पक्षको हाल सम्झौताको म्याद पनि समाप्त भएको, र गोदाम पनि नछोडेको र लामो समयदेखि भाडा पनि नबुझाएको तर भाडा सम्झौतामा म्याद थपको लागि पटक पटक निवेदन दिएको पाइन्छ । यसरी सो रकमहरुको ११ प्रतिशतको दरले सामान्य व्याजदरमा रु. ६,३३,१८० व्याज आम्दानी लेखाङ्कन हुनुपर्ने देखिन्छ । प्रादेशिक कार्यालय थापाथलीले मिति २०७७।१०।१८ मा कम्पनीको सम्पत्ति व्यवस्थापनलाई म्याद थपको लागि यूटिएलले पठाएको पत्रको छायाँप्रतिको साथ निवेदन गरेको देखिन्छ । सम्पत्ति व्यवस्थापन महाशाखाबाट उक्त निकायसँग रहेको सो गोदाम खाली गरी कानूनी सम्मत भाडा असूल गर्ने र गोदाम खाली गराउने साथै भाडाको लागि नयाँ टेण्डर गर्न अविलम्व प्रकृया थालनी गर्नुपर्दछ ।

१३. कम्पनी साविकको नेपाल खाद्य संस्थानले श्री फनल्याण्ड इन्टरटेन्टमेण्ट प्रा.लि.सँग मिति २०७४।०३।०७ भएको बहाल करार सम्झौताको दफा न २ मा "प्रत्येक महिनाको ३० गते भित्र बहाल रकम बुझाउनु पर्ने म्याद भित्र नबुझाई ढिलो गरी बुझाएमा वार्षिक १० प्रतिशतले हुने रकम हर्जाना सहित बुझाउनु पर्नेछ भन्ने उल्लेख भएको पाइयो तर समयमा वहाल रकम र जरिवाना नतिरेको पाइयो । शर्त ३ मा प्रत्येक २ बर्षमा दश प्रतिशत भाडा बृद्धि हुने कुरा उल्लेख भएको तर कार्यावन्यन भएको पाइएन । शर्त न. ६ मा जग्गामा स्थायी किसिमको भौतिक संरचना (भवन गोदाम) आदि वनाउन पाइनेछैन तर वालबालिकाको मनोरञ्जनको लागि संरचना निर्माणमा बाधा नपर्ने उल्लेख भएको तर कस्तो निर्माण गर्ने स्पष्ट भएको पाइदैन स्थलगत निरिक्षणका क्रममा सो स्थलमा ठुलो भौतिक संरचना निर्माण भएको सो सम्झौता अनुसार नियमन नभएको देखिन्छ र सो सम्झौता अनुसार नियमन गर्नुपर्ने देखिन्छ ।

१४. खाद्य व्यवस्था तथा व्यापार कम्पनीको नख्खु स्थित गोदाम अगाडि भागमा रहेको ०३-०३-०२-०० र ०१-१०-३.५-०० रोपनी जग्गा भाडामा श्री एकीकृत कृषि विकास सहकारी र प्रतिभा बहुउद्देश्यीय सहकारीले करारनामामा कृषि व्यवसाय सञ्चालन गर्न भाडा लिएको भनि उल्लेख भएपनि स्थलगत अनुगमनका क्रममा सो क्षेत्रमा हार्डवेयर तथा अन्य गोदामको लागि प्रयोग भएको पाइयो । मिति २०७६ असोज २२ गते दुई वर्षको लागि मासिक

रु.३१,००० मा तीन महिनाको एकमुष्ट महिना सुरु हुने पहिलो महिनाको ८ गते भित्र रु.९३,००० तिर्नुपर्ने कुरा उल्लेख भएको छ । सम्झौताको बुँदा न ३ मा कृषि व्यवसाय सञ्चालन अवधि सम्झौता लागू भएको मितिले २ बर्षको हुनेछ र अर्को व्यवस्था नभएसम्म १० प्रतिशत भाडा वृद्धि हुने गरी सम्झौताको म्याद कायम रहेको मानिने छ भनि शर्त राखिएको पाइन्छ । यस जग्गामा बनेका टहरा कसरी बनाउने र त्यसको स्वामित्व र लागत के हुने भन्ने स्पष्ट खुलेको पाइदैन उक्त पक्षले दिएको निवेदनमा टहरा निर्माणमा करीब २ करोड ५० लाख खर्च गरेको व्यवस्थापकीय झञ्झट हुने र दीर्घकालीन योजना बनाएर पन्ध्र वर्षको लागि नविकरण गरीदिनुहुन भनि २०६५ भाद्र १९ मा कार्यालयलाई पत्र लेखेको पाइन्छ । उक्त पक्षको करार सम्झौता अन्त्य भएको मिति देखि कम्पनीले टेन्डर आह्वान गर्दा मिति २०७४।११।१० उक्त जग्गा भाडाको मासिक भाडा तिर्न श्री गुडलक कम्पनी प्रा.लि. पोखराले मासिक बहाल रकम रु.२,५०,००३।- कबोल गरेको पाइन्छ तर उक्त सहकारीहरुले सो जग्गा खाली नगरेको कारण उक्त पार्टी सम्झौता गर्न आएको देखिदैन । सो पश्चात पनि उक्त पक्षलाई सो जग्गा खाली गरी पुनः टेण्डर आह्वान गरी भाडा लगाउने कार्यमा ठोस कार्य प्रगती भएको पाइदैन । करार सम्झौताको बुँदा न १० मा पहिलो पक्ष र दोस्रो पक्ष बीचमा कुनै विवाद भएमा नेपाल खाद्य संस्थान सञ्चालक समितिको निर्णय दुवै पक्षका लागि मान्य हुने कुरा उल्लेख भएको पाइन्छ । उक्त जग्गाको म्याद सम्झौता २०७७ कार्तिक मसान्तमा सकिएको र पटक–पटक खाली गरिदिनुहुन ताकेता गर्दा पनि उक्त पक्षले अटेर गरेको शर्त बमोजिम सो जग्गाको खाली गराउन सञ्चालक समितिमा पेश गर्नुपर्ने देखिन्छ सो भएको पाइएन । यसबाट कम्पनीलाई मासिक कम्तिमा २ लाख आम्दानी वञ्चित भएको अबिलम्व नयाँ टेन्डर मार्फत भाडा लगाउनुपर्ने देखिन्छ । साथै साविकको नेपाल खाद्य संस्थान श्री एकीकृत कृषि विकास सहकारी र प्रतिभा बहुउदेश्यीय सहकारी बीचको सम्झौतामा मिति २०७२।८।१ को सम्झौताको बुँदा नं. २ मा महिना शुरु भएको ७ दिन भित्र पहिलो पक्षलाई बहाल रकम भुक्तानी गनुपर्ने यसमा व्याज, जरिवाना सहित सम्झौता गर्नुपर्ने र सोही बमोजिम भाडा रकम प्राप्त गर्नुपर्दछ ।

१५. कम्पनीलाई आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वरबाट प्राप्त प.सं. २०७७।०७८ च.नं. ६६३ २०७७।१०।२६ मा आयकर र जरिवाना वापतको रकम रु.४२,०३,६१,५४१.९७ (मिति २०७७।१०।२६ सम्म) भएता पनि कम्पनीको खातामा लेखाकंन नभएको पाईयो । उक्त रकम यकिन गरी सो वापतको रकम व्यवस्था गर्नुपर्दछ ।

१६. कम्पनीले श्रम नियमावली २०७५ को नियम ५६ को अधीनमा रही प्रतिष्ठानले ऐन र नियमावली बमोजिम काम कारवाही नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र श्रम अडिट गराउन पर्दछ । तर कम्पनीले ऐन अनुसार श्रम अडिट नगरेको हुनाले नियमअनुसार गराउनुपर्ने देखिन्छ ।

१७. कम्पनीसंग गाभिएको साविकको नेपाल खाद्य संस्थान, संस्थान ऐन, २०२१ को दफा १४ वमोजिम विघटन प्रक्रियामा अघि बढाउनु पर्दछ । मूल्य अभिवृद्धि कर ऐन २०५२, दफा १८(१) वमोजिम करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वंय निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा बिद्युतीय माध्यमबाट कर लाग्ने कारोबार गरेको वा नगरेको जो सुकै भए तापनि कर विवरण पेश गर्नुपर्नेछ । आयकर कर ऐन २०५८, दफा ९८ बमोजिम प्रत्येक व्यक्तिले आय बर्ष समाप्त भएको तीन महिना भित्र दफा ९७, ९८ र १०० को अधिनमा रहि सो वर्षको आय विवरण दाखिला गर्नुपर्नेछ । सो नगरेकोले सो को व्याज, जरिवाना तथा अन्य नियम बमोजिम तिनुपर्ने देखिन्छ ।

१८. कम्पनीसंग गाभिएको साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडले, कम्पनी ऐन २०६३ को दफा १३६ बमोजिम खारेजीको प्रक्रियामा अगाडी बढाउनु पर्दछ । मूल्य अभिवृद्धि कर ऐन २०५२, दफा १८(१) वमोजिम करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वंय निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा बिद्युतीय माध्यमबाट कर लाग्ने कारोबार गरेको वा नगरेको जो सुकै भए तापनि कर विवरण पेश गर्नुपर्नेछ । आयकर कर ऐन २०५८, दफा ९८ बमोजिम प्रत्येक व्यक्तिले आय बर्ष समाप्त भएको तीन महिना भित्र दफा ९७,९८ र १०० को अधिनमा रहि सो वर्षको आय विवरण दाखिला गर्नुपर्नेछ । सो नगरेकोले सो को व्याज, जरिवाना तथा नियम बमोजिम तिनुपर्ने अन्य करहरु तिर्नुपर्ने देखिन्छ ।

१९. कम्पनीको भद्रकाली स्थित साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको कुटनीतिक नियोगलाई बिक्री गरिने डिउटी फ्री लिकर्स वा सामान बिक्री केन्द्रको भवन र अगाडीको जग्गा ड्राईभिङ्ग सेन्टर र पार्टी प्यालेस सञ्चालनको लागि भाडामा दिएको देखिन्छ । कम्पनीको भाडामा दिने भन्दा सिंहदरवार अगाडीको मानव भिडभाड हुने मुख्य व्यापार हुने क्षेत्रमा आफैले व्यापारिक प्रायोजनको लागि कम्पनीको उदेश्य बमोजिम बिक्री प्रर्वद्धन गर्न खाद्य सामग्री व्यापार गर्ने, साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको गोदाममा मौज्दात रहेको डिउटी फ्री लिकर्स अन्य सामान रहेको सो कानुनी प्रकृया पुरा गरि भाडामा दिनुभन्दा कम्पनीका खाद्य तथा अन्य सामग्री व्यवस्थित गरि व्यापार प्रर्वद्धनको लागि बिक्री तथा प्रर्दशनी कक्षको रुपमा प्रयोग गरि नमुना बिक्री कक्ष सञ्चालन गर्न सुझाव दिइन्छ ।

२०. कम्पनी ऐन २०६३ बमोजिम स्थापित हुने कम्पनीलाई कानुनी व्यक्ति (Legal Person) को मान्यता दिएको र कम्पनीको उद्धेश्य प्राप्तिको लागि प्रचलित कानुन बमोजिम पेशा, व्यवसाय गर्ने स्वतन्त्रता दिएको छ । उद्धेश्य वमोजिम कम्पनीको तर्फवाट सञ्चालन गरिने कृयाकलापको कारणले सिर्जना हुने दायित्व प्रचलित कानुन अनुसार कम्पनी उत्तरदायी हुने व्यवस्था रहेको भएता पनि कम्पनी स्वयंको सञ्चालन तथा व्यवस्थापनको विषयमा कम्पनीको सञ्चालक तथा पदाधिकारी नै उत्तरदायी रहने सो ऐनले व्यवस्था गरेको छ । ऐनको दफा ८१(२) को व्यवस्था बमोजिम कम्पनीले कार्यालयलाई तोकिएको समयमा विवरण, सुचना, जानकारी वा जवाफ उपलव्ध नगराएको अवस्थामा जरिवाना आकर्षित हुने र उक्त जरिवाना भुक्तानी गर्ने दायित्व कम्पनीका सञ्चालक वा पदाधिकारीको रहने व्यवस्था गरेको छ । कम्पनीले कम्पनी स्थापनाकाल देखि हाल सम्म बार्षिक साधारण सभा नगरेको साथै कम्पनी ऐनको दफा ५१, ७८, ८०,१२०,१३१ वा १५६ अनुसार वार्षिक विवरण तथा अध्यावधिक नगरेकोले सो वापत ठुलो जरिवानाको दायित्व सृजना हुने देखिन्छ । सो नगरेको वापत सृजना हुने जरिवाना भुक्तानी गर्ने दायित्वको सम्बन्धित सञ्चालक वा पदाधिकारीवाट बहन गर्नुपर्दछ ।

२१. कम्पनीको २०७७।०७८ को अन्तिम मितिमा मूल्य अभिवृद्धि कर शीर्षक अन्तर्गत रु.१,०३,७७,८५४.०७ उल्लेख गरिएको छ । साथै मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम दर्ता भएको व्यक्तिले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्नेछ । आन्तरिक राजस्व कार्यालय त्रिपुरेश्वरबाट प्राप्त प.सं. २०७७।०७८ च.नं. ६६४ मिति २०७७।१०।२६ मा मूल्य अभिवृद्धि कर वापतको रकम रु. १,७७,६७,३५५.०० माग भएको पाइयो । कम्पनीले उक्त बक्यौता रकम तिर्नुपर्ने हो वा होईन यकिन गरी फछ्यौंट नगरिएको पाइयो ।

२२. नेपाल सरकारको २०७५।७६ को बजेट वक्तव्य मार्फत नेपाल खाद्य संस्थानलाई राष्ट्रिय आपूर्ति कम्पनीको रुपमा पुनर्संरचना गरी नेशनल ट्रेड्रिङ लिमिटेडको सम्पत्ति र दायित्व सो कम्पनीमा गाभ्ने निर्णय गरेको थियो । यसैगरी मिति २०७६।०४।२८ गते वाट लागु हुने गरि साविकको नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल खाद्य संस्थान खारेज भई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड स्थापना भएको र २०७६।५।३ देखि कारोबार सुरु भएको छ । मन्त्रीपरिषद्को निर्णयको बुँदा नं. २ बमोजिम कम्पनी ऐन २०६३ को दफा १७३ मा भएको व्यवस्था अनुसार नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्गको सम्पूर्ण शेयर सम्पत्ति र दायित्व कम्पनीमा नामसारी गर्नुपर्नेमा सो नभएको पाईयो ।

२३. कम्पनीको शाखा कार्यालय हुम्लाले भौ.न. २१६ मिति २०७८।०३।०९ मा भएको कारोबारमा २०७८।२।२२ देखि २०७८।३।७ सम्म लकडाउन अवधिमा छुट बिक्री गर्ने निर्णय भएको पाइयो । कम्पनीको प्रधान कार्यालयको २०७८।२।२० गतेको छुट बिक्री गर्ने परिपत्रमा बुँदा न १ मा खाद्य वस्तु चामलहरु मध्येबाट अधिकतम ३० केजीसम्म र कर्णालीको सिमी २ केजीसम्म प्रति परिवारलाई कम्पनीको साविकको मूल्यमा २० प्रतिशत छुट गरी बिक्री वितरण गर्ने, बुँदा न २ मा खाद्यवस्तु बिक्री वितरण गर्दा खरिदकर्ताको सम्पर्क नम्बर र पहिचान खुल्ने कागजात राख्ने । बुँदा न ३ मा खाद्यान्न बिक्रीको परिमाण, बिक्री रकम र छुट रकम खुलेको विवरण दैनिक कम्पनीको प्रधान कार्यालयमा उपलव्ध गराउन निर्देशन भएपनि शाखाले सो नगरेको पाइयो । यस प्रकरणमा कार्यालयमा छुटका साथ बिक्री भएको स्पष्ट खुल्ने सूचना नराख्, बिक्री बिलहरु केरमेट गर्नु, प्रधान कार्यालयको निर्देशन नमान्नु सरोकारवाला संगको समन्वय नगर्नु तालुक कार्यालयको परिपत्र बमोजिमको रेकर्ड नपठाउनुले छुट

बिक्री जनतालाई दिएको विश्वासिलो आधार देखिदैन । शाखाले सरकारको नीति र कार्यालयको निर्देशन पालना गरि छुट दिइएको यथेष्ट प्रमाण भेटिदैन यस उक्त कार्यालयले सो ९१७.४०।– क्विन्टलको अरुवा मोटा चामल प्रति क्विन्टल रु.५,८००।– का दरले जम्मा रकम रु.५३,२०,९२०।– को २० प्रतिशतले हुन आउने रकम रु.१०,६४,१८४।–छुट जनतालाई दिएको पत्यारिलो आधार देखिदैन । नेपाल सरकार तथा कम्पनीको कोभिडमा जनतालाई छुट मार्फत राहत दिने नीति कार्यवन्यन नगरेको पाइयो । यसबाट तत्कालिन कार्यालय प्रमुख र सहायक कर्मचारीले छुट सहितको खाद्यान्न बिक्री कार्यमा औचित्यता पुष्टि हुने कागजात नभएकोले छुट दिएको आधार र प्रमाण नभएको पाइयो । छुट दिई बिक्री गरेको विश्वासिलो प्रमाण नदेखिएकोले सो बराबरको रकम सम्बन्धित कर्मचारीवाट असूल उपर गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

२४. नेपाल सरकारले आर्थिक वर्ष २०७८।७९ बजेट वक्तव्य मार्फत ढुवानी सेवा प्रदायक पार्टीहरुले अनिवार्य मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा आर्थिक अध्यादेश २०७८ मार्फत मूल्य अभिवृद्धि कर ऐन २०५२ मा भएको संशोधन गरि मिति २०७८।०२।१५ देखि लागु हुने गरि ढुवानीकर्ता निकाय मूल्य अभिबृद्धि कर ऐन २०५२ दफा ५ उपदफा ३ को अनुसुची १ (छुट) मा परेको तर मिति २०७८।०२।१५ देखि २०७८ असार मसान्तसम्मको ढुवानीकर्ताले बीजकमा मूल्य अभिवृद्धि कर सहितको रकम पाइयो । सो गर्नाले मूल्य अभिवृद्धि कर रु.८९,३२,६६१.८३ बराबरको रकम खरिदमा कम्पनीलाई थप आर्थिक भार परेको देखिन्छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयवस्तुहरु

लेखापरीक्षणको मुख्य विषयहरु यस्ता विषयहरु हुन् जुन हाम्रो रायमा कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी महत्वपूर्ण रहेका छन् । यस्ता विषयहरुलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय दिने क्रममा सम्बोधन गरिएको छ । यी विषयहरुमा हामीले छुट्टै राय प्रदान गर्दैनौं, हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षणको मुख्य विषयको रुपमा निर्धारण गरेका छौं ।

क्र.सं.	लेखापरीक्षणको मुख्य विषय	लेखापरीक्षकको प्रतिक्रिया
१.	**लगानी मूल्याङ्कन, पहिचान र क्षयीकरण :** कम्पनीको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, विभिन्न संस्थाहरुको शेयरमा गरिएको लगानी छ । लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताको आधारमा लगानीको पहिचान मापन तथा क्षयीकरणको विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समीक्षा गरिएको। कम्पनीको बिजनेस मोडल तथा अपेक्षित नगद प्रवाहको समीक्षा गरिएको। सूचीकृत शेयर लगानीको तथा सूचीकृत नभएको शेयर लगानीको मापन २०७८ आषाढ ३१ को बजार मूल्य बमोजिम जोखिम रहे नरहेको चेकजाँच नगरेको र मूल्याङ्कन परल मूल्यको आधारमा गरिएको । मूल्यमा भएको जोखिमको उचित जोखिम व्यवस्थामा रहे नरहेका समीक्षा गरिएको।

२.	**गाभिएको कम्पनी खारेजी सम्बन्धमा :** नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृति भएको निर्णयानुसार नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लिमिटेडलाई गाभिएर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दर्ता भईसकेको र मन्त्रीपरिषद्को निर्णयको बुँदा नं. २ , कम्पनी ऐनको दफा १७३ मा भएको व्यवस्था अनुसार नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लिमिटेडको सम्पूर्ण शेयर, सम्पत्ति, दायित्व कम्पनीको नामसारीमा हुनुपर्ने उल्लेख गरेको छ । खाद्य संस्थान ऐनको दफा १४ बमोजिम साथै नेशनल ट्रेडिङ्ग लिमिटेड कम्पनी ऐन २०६३ को दफा १३६ बमोजिम साबिकका दुबै कम्पनी खारेजीको प्रक्रियामा अगाडि बढ्नुपर्ने देखिन्छ ।	कम्पनी ऐन २०६३ को दफा १३६ बमोजिम साबिकको नेशनल ट्रेडिङ्ग कम्पनी खारेजमा जानुपर्ने भएको, नभएको समीक्षा गरिएको । नेपाल खाद्य संस्थान, संस्थान ऐन २०२१ को दफा १४ बमोजिम खारेजी प्रक्रियामा जानुपर्ने भएको , नभएको समीक्षा गरिएको। सो खारेजीमा समयमा नहुँदा लेखापरीक्षण देखि अन्य आर्थिक भारहरु भविष्यमा पर्ने नपने समीक्षा गरिएको।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटि बाट होस् सारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण तयारी, सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धित महत्वपूर्ण अनुमान गर्नुपर्दछ ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी निरन्तर सञ्चालन हुने, क्षमताको मुल्याङ्कन गर्ने, आवश्यक बमोजिमको खुलासा गर्ने र निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ । संचालक समिति कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा निश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिब आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सँधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र यस्ता गलत विवरण जसलाई सरोकारावालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निणर्यलाई प्रभाव पार्न सक्दछ सो लाई प्राथमिकता दिईन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखाापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट आधारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सार गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणको समष्टिगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा कम्पनीले चालूरुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घट्नाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । आधारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासा बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अप्राप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ ।

५. व्यवस्थापनले तयार पारेका वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोबार र घट्नाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेका मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपुर्ण कैफियतहरु शासकिय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसहिंताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टीकरणको साथै माग गरेका विवरणहरु सन्तोषजनक रुपमा प्राप्त गर्‍यौं ।

२. संलग्न वासलात आय विवरण तथा नगद प्रवाह विवरण कम्पनीको श्रेस्तासँग दुरुस्त रहेको छ ।

३. कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) लागु नगरेको तथा प्रतिवेदनमा कैफियत रहेको वाहेक हिसाब किताब एवं श्रेस्ता, प्रचलित कानून बमोजिम राखिएका छन् ।

४. हामीलाई प्राप्त भएको विवरण, गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा कम्पनीका कर्मचारी तथा सञ्चालकले कम्पनीलाई हानि-नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

५. कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी भएको हाम्रो जानकारीमा आएन ।

२.२ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, २०७८।७९

कैफियत सहितको राय

हामीले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको २०७९ आषाढ मसान्तको वासलात एवं सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८।७९ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेकमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको संलग्न मिति २०७८ श्रावण १ गते देखि २०७९ आषाढ मसान्तसम्मको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन

सम्बन्धी विवरण र महत्वपूर्ण लेखा नीति तथा लेखा टिप्पणीले विगतमा अपनाइएका लेखा नीतिहरु र नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

१. नेपाल सरकारको स्वामित्व भएको कम्पनीले आर्थिक वर्ष २०७२।७३ देखि लागू हुनेगरि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुसार वित्तीय विवरण तयार गर्नुपर्दछ । यद्यपि कम्पनीले लेखा नीतिमा उल्लेख गरे अनुसार सर्वमान्य लेखा नीतिको आधारमा वित्तीय विवरण तयार गरेको छ । नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) लागू गरी वित्तीय विवरण तयार गर्दा वित्तीय विवरणमा पर्ने प्रभाव सम्बन्धमा पर्याप्त प्रमाण उपलब्ध नभएको र यसको प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्दछ ।

२. अर्थ मन्त्रालयको साविकको नेपाल खाद्य संस्थानलाई च.न. १६० प.स. २०७४।७५ मिति २०७४।९।२६ लेखेको पत्रअनुसार नेपाल सरकारको ऋण लगानी रु.४२,४३,११७.३५ र शेयर लगानी रु.१,१५,९८,३०,००० रहेकोमा कम्पनीले ऋण लगानी वापतको रकम रु.४२,४३,११७.३५ को लेखाङ्कन गरेको छैन भने शेयर लगानीमा रु.८७,६६,०००.४१ घटी लेखाङ्कन गरेकोले खाद्य व्यवस्था व्यापार कम्पनीको वासलातले शेयर पूंजीको समग्र रुपमा सही तथा यथार्थ चित्रण गर्दैन ।

३. कम्पनीले (साविकको नेपाल खाद्य संस्थान) विभिन्न दातृ संस्था तथा विदेशी सहयोग अन्तर्गत आर्थिक वर्ष. २०३४।३५ देखि भुक्तानी गर्नुपर्ने भनी देखाएको रु.१४ करोड ३ लाख ५० हजार तथा भारतीय खाद्यान्न काउण्टर पार्ट फण्डलाई भुक्तानी गर्नुपर्ने भनी देखाएको रकम रु. ११ करोड ५७ लाख १८ हजार भुक्तानी सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नेतर्फ कारवाही गर्नुपर्दछ ।

४. कम्पनीले (साबिक नेशनल ट्रेडिङ्ग लिमिटेड) नेपाल सरकारबाट पाँच प्रतिशत ब्याज दरमा प्राप्त सुरक्षित ऋण रु. ३५,९२,६४,२७५.९४ प्रत्येक वर्ष भुक्तानी गर्नुपर्नेमा यस आर्थिक वर्षमा कुनै पनि रकम भुक्तानी भएको छैन । साथै, सो ऋण वापत गत आर्थिक वर्षमा तिर्नुपर्ने ब्याज खर्च रु. १,७९,६३,२१३.८० को व्यवस्था गरेको पाइएन । यस आर्थिक अवधिमा पनि ब्याज खर्च रु. १,७९,६३,२१३.८० को व्यवस्था नगरिएकोले खाद्य व्यवस्था व्यापार कम्पनीको वासलातले समग्र रुपमा सही तथा यथार्थ चित्रण गर्दैन । साथै, समयमा ऋण भुक्तानी तथा ब्याज खर्चको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

५. कम्पनीको वित्तीय विवरण अनुसार वर्षान्तमा ह्रास कट्टी पश्चातको स्थिर सम्पत्ति रु. ३७ करोड ७३ लाख २९ हजार ६ सय ७ रहेकोमा कतिपय प्रादेशिक, मुख्य शाखा तथा शाखा कार्यालयहरुको सम्पत्ति विवरणमा ती कार्यालयहरुको अधीनमा रहेका जग्गाहरुको विवरण (क्षेत्रफल) तथा मूल्य नै समावेश नगरिएको, सम्पत्तिमा देखाएको जग्गाहरुको धनीपूर्जा प्राप्त नगरेको, केही जग्गाहरुको लेखाङ्कन गरेको पाइएन । साथै, सम्पूर्ण विवरण सहितको स्थिर सम्पत्ति रजिष्टर अद्यावधिक नगरेकाले लेखापरीक्षणका क्रममा स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गर्न सकिएन । साथै कम्पनीद्वारा पूर्णरुपमा जीर्ण तथा ध्वस्त भएका गोदामहरु स्थायी सम्पत्तिबाट अपलेखन नगरिएकोले कम्पनीको वासलातले स्थिर सम्पत्तिको समग्र रुपमा सही तथा यथार्थ चित्रण गर्दैन ।

६. कम्पनीमा लगानीको लागि सम्भावित नोक्सानी शीर्षक अन्तर्गत रु.८९,२८,६००.०० रहेकोमा साविकको नेपाल खाद्य संस्थानबाट गाभेर विगत १६ वर्षभन्दा अगाडि देखि आएको शेयर लगानी मध्ये मेची धान चामल कम्पनी, सगरमाथा धान चामल कम्पनी, नारायणी धान चामल कम्पनी, जनकपुर धान चामल कम्पनी, लुम्बिनी धान चामल कम्पनी, सुदुरपश्चिम धान चामल कम्पनी, मेची महाकाली धान चामल कम्पनीहरुवापत रु. ५२,७८,६००.०० व्यवस्था गरेको, बाँकी लगानी गरिएका संस्थाहरु विघटन भइसकेको र लगानी फिर्ता हुने सम्भावना नरहेको लगानीको सम्भावित नोक्सानीको व्यवस्था र लगानीको आवश्यक समायोजन गरी हिसाब मिलान गर्नुपर्दछ । साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडबाट गाभेर आएको शेयर लगानी मध्ये गोर्खाली रबर उद्योग र साझा भण्डार

सहकारी लिमिटेडको जम्मा रु. ३६,५०,०००.०० लगानी जोखिम व्यवस्था गरेको छ भने बाँकी लगानीको कुनै पनि जोखिम व्यवस्था गरिएको छैन । साथै विभिन्न कम्पनीमा रहेको लगानीको जोखिमको यकिन गरी उचित व्यवस्था गरेको पाईएन ।

७. कम्पनीले सूचीकृत कम्पनीमा गरेको लगानी रु. ३३,४१,९००.०० रहेको देखिन्छ । सूचीकृत नभएको कम्पनीमा गरेको लगानी रु. १,७८,३०,००६.४० रहेको देखिन्छ । मुद्दती खातामा रु. १,६३,०४,९८,५६४.०० मुद्दती रकम रहेको देखिन्छ । कम्पनीको लगानी रहेका केही कम्पनीहरु बिघटन भइसकेका र सो लगानी वापत कम्पनीले व्यवस्था गरिसकेको तर विघटन भएको आधिकारिक प्रमाण लिएर लगानी तथा सो सम्बन्धी व्यवस्थालाई समायोजन गर्नेतर्फ पहल गर्नुपर्दछ । कम्पनीले लगानीको मुल्यांकन गरी जोखिम भएको लगानीको जोखिम व्यवस्था र लगानी सम्पत्तिको यथार्थ चित्रण गर्नुपर्छ । कम्पनीको लगानी रहेका कम्पनीहरुबाट प्राप्त हुन बाँकी वा प्राप्त भएको लाभाशंको एकिन गरि लाभाशं प्रष्टयाउन कागजातको आधारमा कम्पनीको लगानीको समायोजन गर्नुपर्दछ ।

८. कम्पनीको नेपाल राष्ट्र बैंकको खाता नं. १२०६१०१०७।००१।००१५२४, १२०६१०१०७।००१।०००५२४, १२०६१०१०७।००१।००२।५२४ र राष्ट्रिय वाणिज्य बैंक खाता नं. १०९।९००।५२५४१।०१ को बैंक स्टेटमेन्ट अनुसारको रकम र लेजर अनुसारको रकममा विगत २०३४।३५ सालदेखि क्रमशः रु.३१,६१२.००,रु.६,२४,३९२.३५,रु.१,४७१,४८१.०८ र रु.५९,३०९.०० (ठेगाना नखुलेको राष्ट्रिय वाणिज्य बैंक खाता नं. ५५ र २०० क्रमशः रु. १,२०,०००.०० र रु. २,२३,३७५.४० सहित) फरक भिडान हुन नसकेको व्यहोरा गत आर्थिक वर्षका लेखापरीक्षण देखि नै औंल्याइए पनि सो सम्बन्धी कुनै प्रगति गरेको पाईएन । कम्पनीले धेरै वर्षदेखि आईरहेको फरकलाई सम्भव भएसम्म भिडान गर्ने र भिडान नभएको अवस्थामा अपलेखन गर्नुपर्ने देखिएको छ । साथै कम्पनीको नेपाल बैक लिमिटेड, खाता नं. ५९२०००००१ को लेजरमा रहेको रकम र खाता अनुसारको रकम भिडान गर्दा रु. ६,३००.६० भिडान नभएको देखिएको छ । यसरी बैंक हिसाब बैंक समर्थन पत्र अनुसार दुरुस्त नराख्दा कम्पनीको दैनिक बैकिङ्ग कार्यहरुमा पनि प्रतिकूल असर पर्न गएको देखिन्छ ।

९. मुद्दती खातामा रु. १,६३,०४,९८,५६४.०० मुद्दती रकम रहेको देखिन्छ । कम्पनीको मुद्दती खातामा रहेको रकम जग्गा बिक्री प्राप्त भएकोले सो कम्पनीले पूँजीगत कार्यमा खर्च गर्नुपर्नेमा सो नभएकोले यथाशिघ्र पूँजीगत कार्यमा खर्च गर्नुपर्छ ।

१०. कम्पनीले जमिन तथा गोदाम भाडामा लगाएकोमा केहि भाडा दिएका पार्टीहरुवाट भाडा प्राप्त भएपछि मात्र भाडाको आम्दानी लेखाकंन गरेको पाइयो ।नेपाल लेखामान ०७ सिद्दान्त अनुसार भाडाको आम्दानीको लेखाकंन प्रोदभावी आधारमा (Accrual Basis) गर्नुपर्नेमा सो नभई आम्दानीको लेखाकंन नगद आधारमा (Cash Basis) गरिएको पाइयो । कम्पनीले जमिन तथा गोदाम भाडामा लगाएकोमा केहि भाडा दिएका पार्टीहरुवाट बहाल रकम प्राप्त भएपछि मात्र भाडाको आम्दानी लेखाकंन गरेको पाइयो । कम्पनीको सम्पत्ती व्यवस्थापन महाशाखा तथा कार्यालयहरुबाट बिभिन्न व्यक्ति पार्टी तथा निकायहरुलाई जमिन, घर तथा गोदाम बहालमा दिएको सो वहाल, लामो समयसम्म ठुलो रकम बक्यौता रहेको पाइयो ।

११. कम्पनीले अन्तिम मौज्दात मुल्याकन गर्दा नेपाल लेखामान ४ सिद्दान्त अनुसार प्रत्येक माल सामानको लागत मूल्य (Cost Value) तथा खुद योग्य प्राप्त मूल्य (Net Realizable Value) मध्ये जुन कम छ सोही आधारमा मुल्याकंन गर्नु पर्दछ । कम्पनीले अन्तिम मौज्दातको मुल्याकंन गर्दा बिक्री मूल्यको आधारमा मौज्दात मुल्याकंन गरेको देखिन्छ ।

१२. कम्पनीले देशभरका शाखा तथा डिपोहरुमा हवाई वा स्थलमार्गबाट खाद्यान्न ढुवानी गर्न आ.व. २०७८।७९ मा ढुवानी खर्च वापत बजेट बिनियोजन भएको रु.४०,०३,२४,२००/– मध्ये यथार्थ खर्च रु. ३७,३५,६८,००१.३३/- भई रु.२,६७,५६,१९८.६७/– खर्च हुन नसकेकोले उक्त रकम नेपाल सरकारलाई फिर्ता गर्नुपर्दछ ।

१३. श्रम नियमावली २०७५ को नियम ५६ को अधीनमा रही प्रतिष्ठानले ऐन र नियमावली बमोजिम काम कारवाही नभएको सम्बन्धमा प्रत्येक वर्षको पौष मसान्तभित्र श्रम अडिट गराउनु पर्दछ । तर कम्पनीले ऐन अनुसार श्रम अडिट नगरेको हुनाले नियम अनुसार गराउनुपर्दछ ।

१४. कम्पनीसंग गाभिएको साविकको नेपाल खाद्य संस्थान, संस्थान ऐन, २०२१ को दफा १४ र साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडले, कम्पनी ऐन २०६३ को दफा १३६ बमोजिम विघटन प्रक्रियामा अघि बढाउनु पर्दछ ।

१५. मूल्य अभिवृद्धि कर ऐन २०५२, दफा १८(१) वमोजिम करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर रकम स्वंय निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र कर अधिकृत समक्ष वा हुलाकबाट रजिष्ट्री गरी वा बिद्युतीय माध्यमबाट कर लाग्ने कारोबार गरेको वा नगरेको जो सुकै भए तापनि कर विवरण पेश गर्नुपर्नेछ । आयकर कर ऐन २०५८, दफा ९८ बमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको तीन महिना भित्र दफा ९७, ९८ र १०० को अधिनमा रहि सो वर्षको आय विवरण दाखिला गर्नुपर्नेछ । सो नगरेकोले सो को व्याज, जरिवाना तथा अन्य नियम बमोजिम तिनुपर्ने पर्दछ ।

१६. कम्पनी ऐन, २०६३ बमोजिम स्थापित हुने कम्पनीलाई कानुनी व्यक्ति (Legal Person) को मान्यता दिएको र कम्पनीको उद्धेश्य प्राप्तिको लागि प्रचलित कानुन बमोजिम पेशा, व्यवसाय गर्ने स्वतन्त्रता दिएको छ । उद्धेश्य वमोजिम कम्पनीको तर्फवाट सञ्चालन गरिने कृयाकलापको कारणले सिर्जना हुने दायित्व प्रचलित कानुन अनुसार कम्पनी उत्तरदायी हुने व्यवस्था रहेको भएता पनि कम्पनी स्वयंको सञ्चालन तथा व्यवस्थापनको विषयमा कम्पनीको सञ्चालक तथा पदाधिकारी नै उत्तरदायी रहने सो ऐनले व्यवस्था गरेको छ । ऐनको दफा ८१(२) को व्यवस्था बमोजिम कम्पनीले कार्यालयलाई तोकिएको समयमा विवरण, सुचना, जानकारी वा जवाफ उपलव्ध नगराएको अवस्थामा जरिवाना आकर्षित हुने र उक्त जरिवाना भुक्तानी गर्ने दायित्व कम्पनीका सञ्चालक वा पदाधिकारीको रहने व्यवस्था गरेको छ । कम्पनीले कम्पनी स्थापनाकाल देखि हाल सम्म बार्षिक साधारण सभा नगरेको साथै कम्पनी ऐनको दफा ५१, ७८, ८०, १२०, १३१ वा १५६ अनुसार वार्षिक विवरण तथा अध्यावधिक नगरेकोले सो वापत ठुलो जरिवानाको दायित्व सृजना हुने देखिन्छ । सो नगरेको वापत सृजना हुने जरिवाना भुक्तानी गर्ने दायित्वको सम्बन्धित सञ्चालक वा पदाधिकारीवाट बहन गर्नुपर्दछ ।

१७. नेपाल सरकारको आ.ब. २०७५।७६ को बजेट वक्तव्य मार्फत नेपाल खाद्य संस्थानलाई राष्ट्रिय आपूर्ति कम्पनीको रुपमा पुनर्संरचना गरी नेशनल ट्रेड्रिङ लिमिटेडको सम्पत्ति र दायित्व सो कम्पनीमा गाभ्ने निर्णय गरेको थियो । मिति २०७६।४।२८ गते वाट लागु हुने गरि साविकको नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल खाद्य संस्थान खारेज भई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड स्थापना भएको र सोही मितिवाट कारोबार सुरु भएतापनि कम्पनी रजिष्ट्रको कार्यालयबाट दर्ता न. २२१३१०-२०७६।७७ मिति २०७९ श्रावण २८ गते आन्तरिक राजस्व कार्यालय स्थायीलेखा नम्वर ६०९५९६७५१ कारोवार स्वीकृति लिएको देखिन्छ । मन्त्रिपरिषद्को निर्णयको बुँदा नं. २ बमोजिम कम्पनी ऐन २०६३ को दफा १७३ मा भएको व्यवस्था अनुसार नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्गको सम्पूर्ण शेयर सम्पत्ति र दायित्व कम्पनीमा नामसारी गर्नुपर्दछ ।

१८. आन्तरिक राजश्व कार्यालय, त्रिपुरेश्वरबाट प्राप्त प.सं. २०७७।७८ च. नं. ६६३ मिति २०७७।१०।२६ पत्रमा आयकर र जरिवाना वापतको रकम रु. ४२,०३,६१,५४१.९७ (मिति २०७७।१०।२६ सम्म) र उक्त कार्यालयको प्राप्त प.सं. २०७७।७८ च. नं. ६६४ मिति २०७७।१०।२६ मा मूल्य अभिवृद्धि कर वापतको रकम रु. १,७७,६७,३५५.०० माग भएको पाइयो । कम्पनीले उक्त बक्यौता रकम सम्बन्धमा यकिन गरी फछर्यौट गरिएको पाइएन ।

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम दर्ता भएको व्यक्तिले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नुपर्ने व्यवस्था भएकोमा कम्पनीको आ.व. २०७७।७८ को अन्तिम मितिमा मूल्य अभिवृद्धि कर

शीर्षक अन्तर्गत रु.१,०३,७७,८५४.०७ उल्लेख गरिएको छ । उक्त मुल्य अभिवृद्धि करवापतको रकमको समयमा विवरण पेश तथा बैंक दाखिला गर्नुपर्दछ ।

१९. कम्पनीको प्रादेशिक कार्यालय सुर्खेतले आ.ब. २०७६।७७ को दिन बाँकी मूल्य अभिबृद्धि कर रकमलाई यस आ.ब. २०७८।७९ मा हवाई ढुवानी मूल्य अभिबृद्धि कर थप खर्च अन्तर्गत लेखाङ्कन गरेको पाईयो । साथै उक्त खर्चको श्रीमिका एयर कार्गो बाट कुनै बिजक जारी गरिएको पाईएन । भौ.न. ५५४ बाट यस वर्ष थप लेखाङ्कन गरि मूल्य अभिबृद्धि कर रकम रु.२५,३६,४४३.०० भुक्तानी भएको पाइयो । जुन वर्षको खर्च हो सोही वर्ष लेखाङ्कन गर्नुपर्दछ । बिजक जारी भएपछि मात्र भुक्तानी गर्नुपर्दछ ।

२०. नेपाल सरकारले आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्य मार्फत ढुवानी सेवा प्रदायक पार्टीहरुले अनिवार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा आर्थिक अध्यादेश २०७८ मार्फत मूल्य अभिबृद्धि कर ऐन २०५२ मा भएको संशोधनले मिति २०७८।२।१५ देखि लागू हुने गरी ढुवानीकर्ता निकाय मूल्य अभिबृद्धि कर ऐन २०५२ दफा ५ उपदफा ३ को अनुसुची १ (छुट) मा परेको तर मिति २०७८।२।१५ देखि २०७८ असार मसान्तसम्मको ढुवानीकर्तालि बिलजारी गर्दा मूल्य अभिवृद्धि कर सहित जारी गरेको पाइयो । यसले कम्पनीलाई मूल्य अभिवृद्धि कर रु.८,२६,२०३.५१ बराबरको रकम ढुवानी सेवा खरिदमा थप आर्थिक भार परेको देखिन्छ ।

२१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ बमोजिम घर जग्गा वा सम्पत्ती कर, दफा ५६ बमोजिम भुमिकर र दफा ५७ बमोजिम घर जग्गा बहाल कर कम्पनीले स्थानीय नगरपालिका वा गाउँपालिका क्षेत्रभित्र कम्पनीको स्वामित्वमा रहेको घर, जमिन तथा गोदाम जस्ता सम्पत्तिहरुको स्थानीय सरकारले कर लगाउने प्रावधान छ । कम्पनीले उक्त सम्पत्ति कर वापतको ठुलो रकम सम्भावित दायित्वमा हुनसक्ने छ । यसले भविष्यमा कम्पनीको वित्तीय दायित्वमा प्रभाव पर्ने र यसको प्रभाव महत्वपूर्ण तथा व्यापक हुनसक्छ । हाम्रो लेखापरीक्षणको क्रममा सोको व्यवस्था भएको पाइएन । यसले भविष्यमा कम्पनीलाई ठूलो आर्थिक दायित्व सृजना हुनसक्ने भएकोले सो दायित्वलाई कम गर्न कम्पनीले प्रत्येक वर्ष उचित रकम व्यवस्था गर्दे जानुपर्ने देखिन्छ ।

२२. कम्पनीमा गभिनुभन्दा अगाडि साबिकको नेशनल ट्रेडिङ लिमिटेडको रामशाह पथ र त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा कुटनीतिक सुबिधा प्राप्त व्यक्ति तथा निकायका लागि वण्डेड वयरहाउसमा र ड्यिूटी फ्री सपमा विभिन्न किसिमका मदिरा, चकलेट, चुरोट, घडी, गरगहना करयुक्त र करमुक्त बिक्री बितरण गर्ने गरेको पाइयो । साबिकको नेशनल ट्रेडिङ्गको नाममा रहेको वण्डेड वयरहाउसमा करयुक्त र करमुक्त आयात भएका मदिरा, चुरोट, सिगार लगाएतका समानहरु लामो समय देखि रहेको कतिपय समानहरु सडी गली काम नलाग्ने भई नष्ट भएको हुदाँ उक्त समानहरुको मौज्दात शुन्य स्थितिमा झार्न भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, राजश्व मिनाहा, नास्ने तथा परल मूल्य मा बिक्री गर्ने, लिलामी आदि कार्यको लागि तत्कालिन राजश्व बिभागका उपमहानिर्देशकको संयोजकत्वमा ६ सदस्य समिति गठन भएको, सो समितिले मिति २०७४।५।४ मा दिएको प्रतिबेदन अनुसार परल मूल्य जम्मा USD ५,७१,५१५.५६ मध्ये लिलाम गर्नुपर्ने USD २,५८,२९८.५६ र काम नलाग्ने भई नष्ट गर्नुपर्ने USD ३,१३,२१६.८९ का करमुक्त मदिराहरु रहेको प्रतिबेदनमा खुलेको पाइयो । मिति २०७७।८।२९ गते उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयका उप-सचिवको संयोजकत्वमा गठित कार्यदलले मिति २०७९।५।६ मा पेश गरेको प्रतिबेदनमा तत्कालीन कम्पनीको जिन्सी प्रतिबेदन, स्टक लेजर आधारमा जम्मा मूल्य USD ५,६३,५६४.०६, जसमध्ये तत्कालिन खरिद मूल्य USD २,६३,६८७.४९, काम नलाग्ने भई नष्ट गर्नुपर्ने, USD ३,००,८७६.५७ कर मुक्त मदिरा तथा अन्य सामानहरु गोदाममा रहेको कति सामान प्रयोग हुन योग्य र अयोग्य छुट्याउन अधिकांश समानहरु टुटफुट भएका, म्याद गुज्रिएका, सडी गली काम नलाग्ने, लेवल नभएकोले समानहरुको अवस्था यकिन गर्न कठिन भएको प्रतिवेदनमा उल्लेख भएको पाइयो । वण्डेड वायरहाउसको गोदाममा रहेका करमुक्त सामानहरु आ.व. २०५६।५७ को खरिद मूल्य USD ५,६३,५६४.०८ वरावरको बियर अन्य मदिरा, बिभिन्न प्रकारका मदिरा २९,६७६ वोतल र अन्य समानहरु २,५२७ समेत गरी USD २,६२,६८७.४९ आगामी दिनमा सुपथ मूल्यमा बिक्री गर्न सकिने र टुटफुट भई सडेगलेका, काम नलाग्ने, म्याद समाप्त भएका उपभोग गर्न नसकिने भएका मदिरा तथा अन्य सामानहरु USD ३,००,८७६.५७ बरावरको रहेको उल्लेख छ । उक्त कार्यदलले बिभिन्न मदिराजन्य

बस्तुहरुको उपभोग्य म्याद सकिएकोले सम्बन्धित निकायको स्वीकृति लिई नष्ट गर्नुपर्ने, उपभोग योग्य मदिराको मूल्य यकिन गरि सुपथ मूल्यमा बजारमा बिक्री गर्न उपयुक्त हुने, मौज्दातमा रहेका सामानहरुको सरकारको नियम वमोजिमका कर, राजश्व, भन्सार मिनाहाको लागि तालुक मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा अनुरोध गर्ने, वण्डेड वयरहाउसमा रहेका बस्तु भन्सार, अन्तशुल्क र मूल्य अभिबृद्धि कर बापतको बैक ग्यारेन्टी धरौटी राखी पैठारी गर्नुपर्ने भएकोले सो को कर यकिन गरी वजारमा बिक्रीको प्रकृयामा लैजान उपयुक्त हुने, कर मिनाहा स्विकृत भए पश्चात अन्तःशुल्क स्टिकर टासी सुपथ मूल्य कायम गरी बिक्री बितरण गर्न उपयुक्त देखिन्छ । कम्पनीको सञ्चालक समितिबाट निर्णय गरी नियमअनुसार लाग्ने राजश्व तिरी नाश्न वा लिलाम गर्न भन्सार बिभागबाट स्वीकृत र नियमअनुसार राजश्व मिनाहाको लागि अर्थ मन्त्रालयबाट स्वीकृति लिन उपयुक्त हुने प्रतिबेदनमा उल्लेख भएकोले, सो सामानको बिवरण अनुसूची वनाई पेश गरेको पाइयो । वण्डेड वयरहाउसमा स्टक रहेको सामानहरुको करमुक्त सामानहरुको लिलामी, बिक्री तथा नाश्ने सम्बन्धमा कम्पनी सञ्चालक समितिबाट निर्णय गरी राम्रो/नराम्रो, प्रयोग गर्न मिल्ने/नमिल्ने सामानहरु छुट्याई सामानहरुको उपभोग्य मिति समेतलाई ध्यान दिई म्याद नगुज्रिने मदिराजन्य पदार्थहरुको परीक्षण पश्चात उपभोग योग्य मूल्य निर्धारण गरी भन्सार, अन्तशुल्क, मू.अ.कर निर्धारण गर्ने, कर लाग्ने बस्तुमा लाग्ने राजश्व मिनाहाको लागि तालुक मन्त्रालय मार्फत अर्थ मन्त्रालयबाट स्वीकृति लिई आन्तरिक राजश्व कार्यालयवाट अन्तःशुल्क स्टिकर टाँसी कम्पनीको रामशाहपथस्थित बिक्री कक्षवाट बिक्री गर्ने, लिलाम गर्ने तथा अयोग्य नाश्नुपर्ने सामानको लागि आबश्यक प्रकृयाबाट नष्ट गर्दा उपयुक्त हुन्छ ।

२३. मन्त्रिपरिषद्को मिति २०७४।२।४ को निर्णय बमोजिम साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा रहेको काठमाण्डौ महानगरपालिका वडा न. १२ टेकुस्थित कि.न. १,८,३८ र ९५ को एकमुष्ट क्षेत्रफल ९४९-१०-००-०३ (रोपनी) जमिन त्यहाँ रहेको घर र गोदाम समेत एकमुष्ट मूल्य रु.३,२८,२८,८२,८८३ नेपाल आयल निगमलाई बिक्री गरेको पाइयो । यसमा रहेको जग्गाको मात्र क्षेत्रफललाई आनामा रुपान्तरण गर्दा ७९४.१९ आनाको प्रतिआना रु.४१ लाखका दरले हुन आउने रु.३,२५,६१,६८,७५० को रकमको ५ प्रतिशत रिटेन्सन मनी वापत हुन आउने रु.१६,२८,०८,४३७.५० रकम भुक्तानी रोक्का राख्ने दुवै पक्ष विच सहमति सम्झौतामा भएको पाइयो । मिति २०७४।२।१७ को सम्झौताको शर्त न. ८ मा समझदारी पत्रमा हस्ताक्षर हुनासाथ, प्रथम पक्ष खरिद गरिने भनिएको जग्गा भोग गरिरहेका पक्षहरुलाई बिक्री गर्न लागिएको व्यहोरा जानकारी सहितको लिखित सूचना दिनुपर्ने, सो बहाल वा विनाबहालमा बसेकाहरुलाई हटाउने दायित्व प्रथम पक्षको हुने, हटाउन नसकेमा हटाउनको लागि सम्बन्धित निकायसंग संयुक्त रुपमा पहल गरिने साथै बहाल वा विना बहालमा बसेका निकाय, संस्था वा व्यक्ति सो जग्गावाट नहटेसम्म जग्गा रजिष्ट्रेशन गर्दाका वखत खरिद बिक्री गरिने सम्पुर्ण रकमको ५ प्रतिशत रिटेन्सन मनी वापत हुने रकम भुक्तानी रोक्का राख्ने दुवै पक्षविच सहमति भएको पाइयो । कम्पनीले नेपाल आयल निगमलाई उक्त रकमको लागि पटक पटक पत्रचार गरेको, निगमको मिति २०७९/१०/१२ को प.स. २०७९/८० च.न. ४३५५ पत्र अनुसार टेकुस्थित निगमको परिसरमा नेपाल प्रहरीको जिल्ला परिसर काठमाण्डौ रहेको उक्त निकायले प्रहरी परिसर भवन निर्माण क्रममा रहेको सो निकाय हटेपछि मात्र सो वापतको रकम नेपाल आयल निगमले भुक्तानी गर्न सकिने व्यहोरा उल्लेख गरेको देखियो । सो रकम खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको हिसाब किताबमा लेखाङ्कन गर्नु पर्ने देखिन्छ।

२४. कम्पनीले (साविकको नेशनल ट्रेडिङ्ग लिमिटेड) काठमाण्डौ महानगरपालिका वडा न. २८ रामशाहपथस्थित क्षेत्रफल ७-१०-०-० रोपनी जग्गा खसड सप्लायर्स (प्रो.श्याम कुँवर) लाई १० वर्षको लागि प्रति महिना रु. १३,५८,५०० भाडामा दिन मिति २०७०।११।१२ सम्झौता भएको देखिन्छ । काठमाण्डौं महानगरपालिकावाट मिति २०७३।२।१७ र ०९/२४ मा नक्सापास भएको तर पाटन उच्च अदालतको मिति २०७२।९।८ को फैसलामा भृकुटीमण्डप क्षेत्र हरियाली संरक्षण क्षेत्र एवं ऐतिहासिक, सामाजिक, पर्यटकीय र सामरिक महत्वको रहेकोले यस क्षेत्रमा कुनै पनि निर्माण कार्य गर्न नहुने, यस महत्वपुर्ण जग्गामा व्यापारिक भवन वनाउने सम्झौता त्रृटिपुर्ण रहेको भनी महानगरको उक्त निर्णय बदर गरेको देखिन्छ । यस बिचमा उक्त पक्षले सम्झौता अनुसारको जग्गा भाडा दिएको देखिदैन । सम्मानित सर्वोच्च अदालतको मिति २०७९।७।२७ को फैसला उत्प्रेषण आदेश अनुसार काठमाण्डौं महानगरपालिका र नेशनल ट्रेडिङ्ग लिमिटेड बिचमा नक्सापास भएको, सो पक्ष अदालतमा नगएको, बिशुद्ध

करारनामावाट सिर्जित बैयक्तिक प्रकृतिको हक अधिकार रिटको क्षेत्राधिकार नरहेको, माग दावी बमोजिम हकदैया नपुग्ने भएकोले आदेश दिन नपर्ने ठहर गरेको छ । कम्पनी र खप्पड सप्लायर्स बिचमा कुनै सम्वन्ध नरहेको अदालतको ठहर छ । फैसलावाट उक्त पक्षको मागदावी नपुगेकोले आदेश गर्न नपर्ने सोही अनुसार शर्त तथा सम्झौता रद्ध भएको पाइयो । कम्पनीले नियमअनुसार अबिलम्व नयाँ भाडादर कायम गरी पुनः टेण्डर गर्नुपर्छ ।

२५. साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा रहेको क्षेत्रफल १-०७-१३ महेन्द्रनगर वसपार्कमा रहेको नेशनल ट्रेडिङ्ग लिमिटेड र प्रगती कन्ट्रक्सन (प्रो. विरबहादुर बुढाथोकी) बिचको भाडा सम्झौता मिति २०७५।१०।९ मा भएको सम्झौताको शर्त नं २ मा भाडा वापत मासिक रु.२,१२,२३६.८९ अक्षेरुपी (दुईलाख बाह्रहजार दुई सय तिरसठ्ठी रुपैया उनान्व्वे पैसा) प्रत्येक तिन महिनामा महिना भुक्तान भएको सात गते भित्र भुक्तानी गर्नुपर्ने, १५ गते भित्र नबुझाएमा १० प्रतिशत जरिवाना गरी असुली हुने साथै ३० गतेसम्म नवुझाएमा सम्झौता उलघंन भएको मानी हटाउन सकिनेछ । करार अवधि मिति २०७५।११।२३ देखि मिति २०७७।१२।२३ सम्म कायम रहनेछ । शर्त ९ मा संस्थालाई आवश्यक परेमा १५ दिनको अग्रिम सूचना दिई हटाउन सकिनेछ । भाडावालाले जुनसुकै संरचना वनाए पनि पत्र काटेको १५ दिनमा भित्र छोड्नु पर्ने व्यवस्था छ । उक्त पार्टीले हाल २०७९ असार मसान्तसम्म तिर्न वाँकी भाडा रकम रु. ४६,०४,२९५.८१ रहेकोमा सो रकम प्राप्त भएको पाइएन । बक्यौता रहेको रकम हर्जनासहित असुलउपर गर्नुपर्दछ साथै उक्त क्षेत्रमा करिव ११० वटा जति सटर रहेको र पुरानो सम्झौताको अवधिसमेत समाप्त भएकोले कम्पनीले उक्त स्थानको भाडादर समयसापेक्ष हुनेगरी पुनरावलोकन गरी प्रतिस्पर्धात्मक तरिकाले भाडामा लगाउनु पर्दछ ।

२६. कम्पनीले कञ्चनजंघा हाउजिङ प्रा.लि.संग प्रादेशिक कार्यालय काठमाडौं अन्तर्गत थापाथली स्थित कि.न. ७७५ को क्षेत्रफल ११-१५-०३-०३ मा ट्रेड टावर निर्माण गर्ने सम्झौता वमोजिम मिति २०६५।६।६ को शर्त नं ४.४ मा निर्माण हुने भवनको लागत रकममा घट्न नपाउने गरी द्वितीय पक्षले स्वीकृत मापदण्ड अनुसार स्ट्रक्चर डिजाइनमा सामान्य परिवर्तन गर्न चाहेमा प्रथम पक्षको स्वीकृत लिनुपर्नेछ भन्ने उल्लेख भएको तर स्थलगत निरीक्षणका क्रममा प्रथम पक्षसंग स्वीकृत विना सो भवनको माथिल्लो छतमा ट्रस हालेको पाइयो। सम्झौताको शर्त नं ९.२ मा महिना सुरु भएको तिसौ दिन दिन भित्र बहाल रकम नबुझाएमा बार्षिक दश प्रतिशत व्याज हर्जना थपी अर्को तिन महिनासम्म बुझाउने साथै तिन देखी नौ महिनासम्म पन्ध्र प्रतिशतका दरले व्याज जरिवाना बुझाउने र उक्त समय भित्र पनि बहाल नबुझाएमा सम्झौता रद्ध हुने उल्लेख छ । उक्त सम्झौताको शर्त नं १४ को (१) बमोजिम तोकिए बमोजिमको समयमा द्धितिय पक्षले प्रथम पक्षलाई भाडा नबुझाएमा शर्त नं. (४) का शर्तहरु कुनै पक्षले उलघंन गरेमा सम्झौता रद्ध हुने उल्लेख भए तापनि सो पक्षले लामो समयसम्म सम्झौता अनुसार भाडा नबुझाएको तथा बिभिन्न शर्तहरु उलघंन गरेको पाइयो । शर्तको दफा १५.३ मा स्वीकृत नक्सा अनुसारको निर्मित भवनको लिज अवधिभरका लागि विध्वंसात्मक तोडफोड दुर्घटना तथा दैविक बीमा गराउनुपर्ने, सो बीमा गराउने दायित्व द्वितीय पक्षको हुने र निर्मित भवन, भौतिक पूर्वाधारहरुको लिज अवधिभर मर्मत गराउने दायित्व पनि द्धितिय पक्षको हुने कुरा उल्लेख भएकोमा बीमा गरेको कागजात पेश गरेको पाइएन । शर्तको दफा १५.१२ मा यस सम्झौतामा उल्लेख गरिएका कुराहरु दुवै पक्षले अक्षरशः पालना गर्नुपर्ने शर्त रहेको तर उक्त पक्षले धेरै शर्तहरु उलघंन गर्दा समेत आवश्यक कारवाही प्रकृया अगाडी बढेको पाइएन । उक्त भवनको बीमा भएको कागज पेश नगरेका कारण बीमा भएको यकिन नहुदाँ दैबिक प्रकोपबाट हुने क्षतिको जोखिम उच्च रहेको देखिन्छ। उक्त पक्षको २०८० असार मसान्त सम्म रु.१६,६७,१७१.७५ बक्यौता देखिन्छ।सम्झौता अनुसार भाडा रकम ब्याजसहित प्राप्ति गर्नुपर्दछ ।

२७. कम्पनीले (साविकको नेशनल ट्रेडिङ्ग लिमिटेड) अगाडीको २१,००० वर्गफिट खाली जग्गा भाडामा लगाउन मुलखर्क भिमसेन ड्राइभिङ्ग सेन्टर प्रा.लि.संग ड्राइभिङ्ग सेन्टर, चमेना गृह, पार्किङ्ग गर्नको लागि पहिलोपटक मिति २०७६।१०।२० मा सम्झौता भएकोमा मिति २०७८।९।१३ पून सम्झौता भएको देखिन्छ । उक्त सम्झौताको शर्त नं २ मा प्रति महिना रु.६,९५,००० प्रत्येक महिनाको ७ गते भित्र बुझाउनुपर्ने उल्लेख भएको तर उक्त

पक्षबाट समयमा वहाल नवुझाए पनि कुनै हर्जना लिने भन्ने स्पष्ट खुलेको पाइदैन। मिति २०७६ फाल्गुण १ देखि स्वीकृत व्यवसायिक कार्य सञ्चालन गर्न आबश्यक भौतिक संरचना निर्माण गर्ने तिन महिना अबधि सहित पाँच वर्षका लागि सम्झौता भएको पाइयो । बहाल रकम विलम्ब भएमा व्याज, जरिवाना कति लिने, भाडा नियमित नतिरेमा के गर्ने स्पष्ट उल्लेख भएको पाइदैन । सो कारण उक्त पक्षले मिति २०८० असार मसान्तसम्म रु.८३,४०,०००/- बहाल रकम बक्यौता रहेको देखिन्छ । उक्त पक्षवाट सम्झौता अनुसार भाडा रकम प्राप्ति गर्नुपर्दछ ।

२८. कम्पनीको नख्खुस्थित गोदामको अगाडि भागमा रहेको ०३-०३-०-०० र ०१-१०-३.५-०० रोपनी जग्गा साविकको नेपाल खाद्य संस्थान र श्री एकीकृत कृषि विकास (पछी प्रतिभा वहुउद्धेश्यिय सहकारी संस्थासमेत थप भएको) बीचको मिति २०६९।११।१८ मा २०७०।१।१ देखि लागु हुनेगरी सम्झौतामा कृषि व्यवसाय सञ्चालन गर्न भाडा लिएको भनी उल्लेख भएपनि स्थलगत अनुगमनका क्रममा सो क्षेत्रमा हार्डवेयर तथा अन्य गोदामको लागि प्रयोग भएको पाइयो । मिति २०७६ असोज २२ गतेको भएको सम्झौतामा दुई वर्षको लागि मासिक रु.३१,००० मा तीन महिनाको एकमुष्ट रकम महिना सुरु हुने पहिलो महिनाको ८ गते भित्र रु.९३,००० तिर्नुपर्ने कुरा उल्लेख भएको छ । सम्झौतामा जग्गामा बनेका टहरा कसरी बनाउने र त्यसको स्वामित्व र लागत के हुने भन्ने स्पष्ट खुलेको पाइदैन। सम्झौताको बुँदा नं ३ मा कृषि व्यवसाय सञ्चालन गर्ने भनिएको तर उक्त पार्टीले बिभिन्न हार्डवेयरको गोदामलाई भाडामा दिई मोटो रकम असुलेको पाइयो। सम्झौताको शर्त नं २ मा लागू भएको मितिले २ वर्षको हुनेछ र अर्को व्यवस्था नभएसम्म वार्षिक १० प्रतिशत भाडा वृद्धि हुने गरी सम्झौताको म्याद कायम रहेको मानिने छ भनी चलाखीपूर्ण बाक्य उल्लेख भएको पाईन्छ। करार सम्झौताको बुँदा न १० मा पहिलो पक्ष र दोस्रो पक्ष बीचमा कुनै विवाद भएमा नेपाल खाद्य संस्थान सञ्चालक समितिको निर्णय दुवै पक्षका लागि मान्य हुने कुरा उल्लेख भएको पाइन्छ । उक्त पक्षले टहरा निर्माणमा करिब २ करोड ५० लाख खर्च गरेको, व्यवस्थापकीय झञ्झट हुने र दीर्घकालीन योजना बनाएर पन्ध्र वर्षको लागि नविकरण गरी दिनुहुन भनी मिति २०७५ भाद्र १९ मा कार्यालयलाई पत्र लेखेको देखिन्छ। उक्त जग्गाको म्याद सम्झौता २०७७ कार्तिक मसान्तमा सकिएको र पटक—पटक खाली गरिदिनुहुन ताकेता गर्दा पनि उक्त पक्षले नगरेको भेटिन्छ । जग्गाको खाली गराउन शर्त अनुसार सञ्चालक समितिमा पेश गर्नुपर्ने सो भएको पाइएन ।जग्गा खाली गराउन कम्पनीको तर्फवाट बोलपत्र आव्हान गरि छनौट भएको करार सम्झौता अन्त्य भएको मिति देखि लागुहुने गरि कम्पनीले बोलपत्र आह्वान गर्दा मिति २०७४।११।१० उक्त जग्गा भाडाको मासिक भाडा तिर्न श्री गुडलक कम्पनी प्रा.लि. पोखराले मासिक बहाल रकम रु.२,५०,००३ कबोल गरेको पाइन्छ । तर उक्त सहकारीहरुले सो जग्गा खाली नगरेको कारण उक्त पार्टी सम्झौता गर्न आएको देखिएन । सो पश्चात पनि उक्त पक्षलाई सो जग्गा खाली गरी पुनः बोलपत्र आह्वान गरी भाडा लगाउने कार्यमा ठोस निर्णय भएको पाइदैन ।यसबाट कम्पनीलाई मासिक कम्तिमा २ लाख आम्दानी वञ्चित भएको देखिन्छ । उक्त पक्षले करारमा कृषि व्यवसाय सञ्चालन गर्न भनिएता पनि बिभिन्न हार्डवेयर पसलका गोदामहरुलाई भाडामा लगाई मोटो रकम भाडा असुलेको पाइयो । कानुन अनुसार उक्त पक्षलाई हटाई समय सापेक्ष भाडा निर्धारण गरि नयाँ बोलपत्र आह्वान गरि भाडा लगाउनुपर्दछ।

२९. कम्पनीको प्रादेशिक कार्यालय काठमाडौं अन्तर्गत (साबिकको नेपाल खाद्य संस्थान) नख्खुस्थित गोदाम न. ८ युनाइटेड टेलिकमसंग मिति २०७५।४।१ देखि २ वर्षको लागि मासिक भाडा रु.१,१४,२५८ मा सम्झौता भएतापनि बिलम्ब भएमा त्यसको व्याज जरिवाना के कति तिर्ने भन्ने शर्तमा उल्लेख भएको पाइएन । मिति २०७८।१०।२३ मा बिभिन्न प्रतिनिधिहरुको रोहवरमा उक्त गोदामको ताला खोली भएका सामानहरु जफत गरेको पाइयो । उक्त पार्टीले समयमा भाडा नतिरेकोले कम्पनीलाई ठुलो नोक्सानी भएको पाइयो । उक्त पक्षको भाडा वापत रु.५५,९८,६४२ रकम बक्यौता देखिन्छ । सम्झौतामा नियमित बहाल रकम प्राप्त नभएमा व्याज जरिवानाका शर्तहरु नराखेको, लामो समय भाडा बक्यौता हुदा पनि नियम बमोजिम सम्झौता रद्ध गरी समयमा कारवाही गर्न नगरेकोले बक्यौता रकम नउठ्ने अवस्था छ । यसमा सम्बन्धितलाई जिम्मेवार वनाउनु पर्दछ ।

३०. कम्पनीको प्रादेशिक कार्यालय, काठमाडौं र गोरखापत्र संस्थान बिच नख्खु गोदाम ५ को लागि मिति २०७८।८।१ देखि दुई वर्षको लागि मासिक भाडा कर सहित रकम रु.३,११,८५० रहेको, भाडा सम्झौतामा शर्त नं ३ मा मासिक

रुपमा महिना भुक्तान भएको ७ दिन भित्र दिनुपर्ने बिलम्ब भएमा ओभरड्राफ्ट कर्जा सरहको व्याज जरिवाना बुझाउने भन्ने उल्लेख भएको तर उक्त पक्षले समयमा भाडा नतिर्दा पनि सम्झौता अनुसारको व्याज लिएको पाइएन । प्रादेशिक कार्यालय काठमाडौंले प.स. ४७४ मिति २०७९।२।२६ पठाएको पत्रमा २०७८ मंसिर देखि २०७९ असारसम्म को ८ महिनाको रू २४,९४,८००/- बुझाउन ताकेता गरेकोमा सो भाडा रकममा सम्झौता बमोजिमको ओडी सरह हुने व्याज उल्लेख गरेको पाइएन ।सम्झौता अनुसार व्याज समेत गणना गरी भाडा रकम प्राप्ति गर्नुपर्दछ ।

३१. कम्पनीको शाखा कार्यालय, संखुवासभा र श्री खडग बहादुर दमाई (केउरेनीपानी-३, भोजपुर) बिचमा कम्पनीको तुमलिङ्गटारमा रहेको कि.नं. ९३८, क्षेत्रफल २२०० ब.मि.को जग्गा र सो जग्गामा रहेको २०० मे.टनको गोदाम र चौकीदार क्वाटर समेत मिति २०७६।४।१ देखि दुई वर्षको लागि मासिक रु.२५,२००/– भाडामा दिने भनी सम्झौता भएको, समयमा भाडा भुक्तानी नहुदाँ लगाईने जरिवाना सम्वन्धमा सम्झौतामा उल्लेख भएतापनि लिएको पाईएन। सम्झौता हुदा सुरक्षण वापत कुनै पनि धरौटी लिएको पाईएन । सम्झौताको शर्त नं. ६ मा गोदाम तथा घर जग्गा चौकीदार क्वाटरको संरक्षण तथा अतिक्रमण हुन नदिने गरि प्रयोग गर्नुपर्ने, जग्गाको मौजुदा संरचनाको परिवर्तन गर्नुपरेमा कम्पनीको सहमति लिनुपर्ने उल्लेख भएको तर उक्त जग्गामा सहमति विना करिव २० ओटा जति पसल बनाई भाडामा दिएको स्थलगत अवलोकनवाट देखिएको छ । उक्त पार्टीसंग सम्झौताको म्याद २०७८ असार मसान्तमा सकिएको तर भाडा वापत रु.३,४६,०४०/–वक्यौता देखिन्छ । उक्त बक्यौता रकम व्याजसहित असुल गर्नुपर्दछ । समयसापेक्ष बहाल रकम निर्धारण गरि वोलपत्रवाट भाडामा लगाउनु पर्दछ ।

३२. कम्पनीको प्रादेशिक कार्यालय बिराटनगरमा साविकको नेशनल ट्रेडिङ्ग लिमिटेडको नाममा दर्ता कायम रहेको बिराटनगर महानगरपालिका वडा न. ११ को कि.न. २३९ क्षेत्रफल ५-०-० विगाहा, कि.न. २५४ क्षेत्रफल ०-०-१९ विगाहा, कि.न. १५८ क्षेत्रफल ०-३-८ विगाहा, कि.न. २६१ क्षेत्रफल ०-३-३ विगाहा, घर र गोदाम समेत बिगत तिन वर्षदेखि नेपाल सरकारले कोभिड अस्पताल बनाई प्रयोग गरेको र हालसम्म पनि संक्रमण अस्पताल भनी प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको सो वापत कम्पनीलाई कुनै पनि आम्दानी प्राप्त भएको देखिदैन।सो जग्गा कम्पनीको नाममा नामसारीसमेत भएको देखिदैन । व्यवस्थापनले प्रदेश सरकारसंग समन्वय गरि यथाशक्य जग्गा भाडा प्राप्त गर्नुका साथै जग्गा कम्पनीको नाममा ल्याउनुपर्दछ ।

३३. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र होडसियाङ्ग ग्रिन हाउस थापाथलीविच कम्पनीको स्वामित्वमा रहेको काठमाण्डौं महानगरपालिका वडा नं ११ को कि.नं २३९५ क्षेत्रफल १६-१३-०-० रोपनी जग्गा कृषि तथा कृषिजन्य पर्यटन व्यवसाय सञ्चालन गर्ने गरी मिति २०७६।११।७ देखि २०८२ श्रावण मसान्त म्याद कायम रहने गरी प्रति महिना मासिक भाडा रु.१,६१,७७६/– मा सम्झौता भएको र सम्झौताको शर्त नं २ मा मासिक रुपमा पहिलो वर्ष समाप्त भए पश्चात प्रत्येक वर्ष तोकिएको बहाल रकममा १० प्रतिशत बृद्धि गरी हुन आउने रकम प्रत्येक महिनाको ७ गते भित्र बहाल रकम बुझाउने उल्लेख भएको देखिन्छ । तर बहाल रकम वुझाउन बिलम्ब भएमा व्याज, जरिवाना कति लिने भन्ने उल्लेख नभएको एवम् बहाल रकम नियमितरुपमा प्राप्त नभई उक्त पक्षसंग २०८० असार मसान्तसम्म रु.१०,५१,५४४/–रकम बक्यौता रहेको देखिन्छ । सम्झौता अनुसार भाडा रकम प्राप्त गर्नुपर्दछ ।

३४. साविकको नेपाल खाद्य संस्थानले फनल्याण्ड इन्टरटेन्टमेण्ट प्रा.लि. सँग मिति २०७४।३।७ मा कि.न. २३९५ को क्षेत्रफल २६-०१-३-०१ मध्ये ७ रोपनी जग्गा मासिक भाडा रकम रु.१०,५१,०००/–लिने गरी सम्झौता गरेको र सम्झौताको दफा नं २ मा "प्रत्येक महिनाको ३० गते भित्र बहाल रकम बुझाउनु पर्ने, म्याद भित्र नबुझाई ढिलो गरी बुझाएमा वार्षिक १० प्रतिशतले हुने रकम हर्जाना सहित बुझाउनु पर्नेछ" उल्लेख भएको पाइयो तर समयमा वहाल रकम र जरिवाना तिरेको पाइएन । शर्त नं ३ मा भाडा अबधि हस्ताक्षर भएको मितिवाट दश वर्षको हुने, प्रत्येक २ वर्षमा दश प्रतिशत भाडा बृद्धि हुने गरी बहाल दर कायम रहने छ भन्ने कुरा उल्लेख भएको तर कार्यावन्यन भएको देखिदैन। शर्त नं. ६ मा जग्गामा स्थायी किसिमको भौतिक संरचना (भवन गोदाम) आदि वनाउन पाइनेछैन तर वालबालिकाको मनोरञ्जनको लागि सुविधा सम्पन्न फन पार्क निर्माण गर्नका लागि आबश्यक

पर्ने संरचना वनाउन बाधा नपर्ने उल्लेख भएको तर कस्तो निर्माण गर्ने भन्ने विषय सम्झौतामा स्पष्ट उल्लेख भएको देखिदैन। स्थलगत निरिक्षणका क्रममा सो स्थलमा ठुलो भौतिक संरचना निर्माण भएको देखिन्छ। कम्पनीले लामो समयसम्मको भाडा सम्झौता गर्दा दिर्घकालसम्म द्धितिय पक्षले करार उलघंन गरेमा कस्तो कारवाही हुने, भाडा नियमित नतिरेमा के गर्ने, बिबाद भएमा के गर्ने आदि विषय शर्तमा उल्लेख भएको पाइएन । उक्त पक्षसंग २०८० असार मसान्तसम्मको बहाल रु. ४,११,०६,९६६.६७ बक्यौता रहेको देखिन्छ । सम्झौता अनुसार व्याज, जरिवाना सहित उक्त भाडा रकम प्राप्त गर्नुपर्दछ।

३५. कम्पनीको दैनिक कामकारवाही प्रविधि मैत्री एकिकृत प्रणालीवाट कारोवार गर्न उद्यम स्रोत योजना (Enterprise resource planning) ERP तयार गर्ने र क्रमिकरुपमा Accounting, Inventory, Recruitment, PIS, PBRS, कम्प्युटर नेटवर्किङ्ग लगाएत सफ्टवेयर खरिद, निर्माण, बिकाश र स्तरोन्नतिका लागि आ.व. २०७८/७९ मा नेपाल सरकारवाट अनुदान स्वरुप रु.५०,००,०००/- र कम्पनीको आन्तरिक स्रोतबाट रु.७०,००,०००/- गरी एकमुष्ठ रु.१,२०,००,०००/- रकम बिनियोजन भएको देखिन्छ।

कम्पनीले Accounting, Inventory, Recruitment, PIS, PBRS लगाएतका सफ्टवेयर निर्माण, बिकाश र स्तरोन्नतिका कार्य गर्नका लागि बिभिन्न पार्टीहरुसंग यस आर्थिक वर्षमा सम्झौता भएको आधारमा खर्च लेखी व्यवस्था हिसावमा राखिएको पाइयो । कम्पनी जिन्सी, लेखा एंव बिलिङ्गका काम चुस्तदुरुस्त राख्न सफ्टवेयर बिकास गर्न मिति २०७९/०१/१६ मा बोलपत्र प्रकाशन गरेको मिति २०७९/०२/०३ आशय पत्र प्रभावग्राही नदेखिएको, सार्वजनिक खरिद नियमवली २०६४ नियम ७० उपनियम ८ कम्तीमा तिनवटा आशयपत्रदाता छनौट हुन नसकेमा पुन सुचना प्रकाशन गर्नुपर्ने, नियम ८४ उपनियम (३क) सुचना प्रकाशन तीन भन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश हुनुपर्नेमा सो सम्वन्धमा कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सुचना प्रकाशन गर्नु पर्नेछ तर कम्पनीले आर्थिक बर्षको अन्त हुन लागेकोले पुनःआशयपत्र गर्न नसकिने कारण उल्लेख गरेको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रूपैयाँसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्न सक्नेछ। सार्वजनिक खरिद नियमवली २०६४ नियम ८५ उपनियम १(क) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड बमोजिम उपनियम (४) सिमामा रहि नियमवलीको नियम ७० उपनियम १(क) १ पाँच लाख रुपैया सम्मको लागत अनुमान भएको सेवा तथा अन्य सेवा खरिद गर्न सकिने छैन कम्पनीले एकाउन्टीङ्ग लगाएत अन्य सफ्टवेयर खरिदमा सो पालना गरेको देखिदैन । खाद्य व्यवस्था तथा व्यापार कम्पनी खरिद तथा आर्थिक विनियमली २०७९ को नियम १०० (१)क मा व्यवसायिक प्रयोजनको लागि रु. बिस लाख सम्म र सार्वजनिक निर्माण कार्यहरुका लागि, रु. दश लाख सम्म लागत अनुमान भएको सार्वजनिक निर्माण कार्य, मालसामान खरिद, परामर्श सेवा, ढुवानी सेवा, क्लियरिङ्ग फर्वाडिङ्ग तथा अन्य सेवा भएमा खरिद गर्न सकिनेछ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को २ बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न पाइने छैन । कम्पनीले एकाउन्टिङ्ग लगाएत सफ्टवेयर खरिद गर्दा वोलपत्र आव्हान गरेको प्रथम पटक परामर्शदाता छनौट नभए पछि पुनः बोलपत्र नगरी टुक्रा टुक्रा पारि खरिद गरेको देखिन्छ । एकाउन्टीङ्ग सफ्टवेयर नेटवर्किङ्ग सामग्री खरिद गर्दा कार्य सम्पन्न नभएकोले उक्त कामको बिल, भौचर प्राप्त भई नसकेको हुदाँ सो प्रयोजनका लागि रु.४७,३१,०८४/- साविकमा व्यवस्था हिसावमा राखिएको देखिन्छ। उक्त कार्यको लागि पूँजीगत शीर्षकवाट पूँजीगत खर्च लेखाँकन गरी मिति २०७९/०३/३१ भौ.न.१७०५ सम्भाव्यता अध्ययन र आवश्यकता (Feasibility study & requirments) को एकिन गरि सन्दर्भ र शर्तहरु (Term of reference) स्वीकृत गरी एकाउन्टीङ्ग इन्भेन्टरी सफ्टवेयर तयार गर्न सेवा परामर्शको लागि इनोभेटिभ सोलुसन प्रा.लि.लाई रु.४,४८,०००/-,मिति २०७९/०३/३१ भौ.न.१८३६ बाट वेवसाइट अध्याबधिक एवं विस्तार खर्च इलाइटकोड टेक प्रा.लि.लाई रु.४,९४,९४०/-, मिति २०७९/०३/३१ भौ.न.१८३७ वाट जिन्सी व्यवस्थापन प्रणाली बिकाश तथा सञ्चालनका लागि ग्लोवल टेक्नोलोजी सेन्टर प्रा.लि.लाई रु.४,८९,०६४/-, मिति २०७९/०३/३१ भौ.न.१८३८ वाट कर्मचारी सूचना व्यवस्थापन प्रणाली अध्यावधिक तथा स्तरोन्नति खर्चका लागि एम्फसिस टेक फाउन्डेसन प्रा.लि.लाई रु.४,९१,५५०/-, मिति २०७९/०३/३१ भौ.न.१८४२ वाट

एकाउन्टीङ्ग सफ्टवेयर टेली खरिदका लागि इन्फोसिस कम्प्युटर एण्ड सर्भिस प्रा.लि.लाई रु.१,३६,७३०/-, मिति २०७९/०३/३१ भौ.न.१८४३ वाट इ-कमर्श पोर्टल बिकाश एवं सञ्चालनका लागि भिन्टेज बिट प्रा.लि.लाई रु.४,९६,६३५/-, मिति २०७९/०३/३१ भौ.न.१८४४ वाट प्रधान कार्यालय नेटवर्किङ्ग गर्ने कार्यका लागि होम आईटी प्रा.लि.लाई रु.९,८४,७९५/-, मिति २०७९/०३/३१ भौ.न.१८६० वाट प्रधान कार्यालय, मुख्य शाखा कार्यालय तथा शाखाहरुमा गरी जम्मा बाह्र कार्यालयहरुमा इलेक्ट्रोनिक्स हाजिरी जडान तथा सञ्चालन गर्ने कार्यका लागि सिवेक टेक्नोलोजी प्रा.लि.लाई रु.६,४६,३६०/-, मिति २०७९/०३/३१ भौ.न.१८९२ वाट प्रधान कार्यालयमा सर्भर जडान तथा सञ्चालनका लागि ग्लोवल विङ्गस प्रा.लि.लाई रु.९,९१,०१०/- गरी रु. ५१,७९,०८४/- वरावरको व्यवस्था हिसावमा राखिएको देखिन्छ ।

हामीले लेखापरीक्षण, नेपाल लेखापरीक्षणमान तथा सामान्य लेखापरीक्षण अभ्यासको आधारमा सम्पन्न गरेका छौं । यी लेखापरीक्षणमान अनुसारको हाम्रो जिम्मेवारी हाम्रो प्रतिवेदनको "वित्तीय विवरण उपर लेखापरीक्षकको जिम्मेवारी" अनुच्छेदमा व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाद्वारा प्रकाशित "व्यवसायिक आचार संहिता" को व्यवस्था अनुसार हामी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट स्वतन्त्र छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयवस्तुहरु :

लेखापरीक्षणको मुख्य विषयहरु यस्ता विषयहरु हुन् जुन हाम्रो रायमा कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी महत्वपूर्ण रहेका छन् । यस्ता विषयहरुलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय दिने क्रममा सम्बोधन गरिएको छ । यी विषयहरुमा हामीले छुट्टै राय प्रदान गर्दैनौ, हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षणको मुख्य विषयको रुपमा निर्धारण गरेका छौं ।

क्र.सं.	लेखापरीक्षणको मुख्य विषय	लेखापरीक्षकको प्रतिक्रिया
१.	**लगानी मूल्याङ्कन, पहिचान र क्षयीकरण :** कम्पनीको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, विभिन्न संस्थाहरुको शेयरमा गरिएको लगानी छ । लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताको आधारमा लगानीको पहिचान मापन तथा क्षयीकरणको विषयलाई लेखापरीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समीक्षा गरिएको। कम्पनीको बिजनेस मोडल तथा अपेक्षित नगद प्रवाहको समीक्षा गरिएको। सूचीकृत शेयर लगानीको तथा सूचीकृत नभएको शेयर लगानीको मापन २०७८ आषाढ ३१ को बजार मूल्य बमोजिम जोखिम रहे नरहेको चेकजाँच नगरेको र मूल्याङ्कन परल मूल्यको आधारमा गरिएको । मूल्यमा भएको जोखिमको उचित जोखिम व्यवस्थामा रहे नरहेका समीक्षा गरिएको ।
२.	**गाभिएको कम्पनी खारेजी सम्बन्धमा :** नेपाल सरकार मन्त्रीपरिषद्बाट स्वीकृति भएको निर्णयानुसार नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लिमिटेडलाई गाभिएर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड दर्ता भईसकेको र मन्त्रीपरिषद्को निर्णयको बुँदा नं.२ , कम्पनी ऐनको दफा १७३ मा	कम्पनी ऐन २०६३ को दफा १३६ बमोजिम साबिकको नेशनल ट्रेडिङ्ग कम्पनी खारेजमा जानुपर्ने भएको, नभएको समीक्षा गरिएको ।

	भएको व्यवस्था अनुसार नेपाल खाद्य संस्थान तथा नेशनल ट्रेडिङ्ग लिमिटेडको सम्पूर्ण शेयर, सम्पत्ति, दायित्व कम्पनीको नामसारीमा हुनुपर्ने उल्लेख गरेको छ । खाद्य संस्थान ऐनको दफा १४ बमोजिम साथै नेशनल ट्रेडिङ्ग लिमिटेड कम्पनी ऐन २०६३ को दफा १३६ बमोजिम साबिकका दुबै कम्पनी खारेजीको प्रक्रियामा अगाडि बढ्नुपर्ने देखिन्छ ।	नेपाल खाद्य संस्थान, संस्थान ऐन २०२१ को दफा १४ बमोजिम खारेजी प्रक्रियामा जानुपर्ने भएको , नभएको समीक्षा गरिएको। सो खारेजीमा समयमा नहुँदा लेखापरीक्षण देखि अन्य आर्थिक भारहरु भविष्यमा पर्ने नपर्ने समीक्षा गरिएको।

वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी

कम्पनीको व्यवस्थापन अन्य जानकारीको तयारीको लागी जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन ।

वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसंग सारभुत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।

यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभुत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई जानकारी गर्नु आवश्यक छ । हामीसँग यस सम्बन्धमा जानकारी गर्ने केही छैन ।

व्यवस्थापन पत्र :

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा प्रशासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी :

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य नियम, अभ्यास अनुरुप वित्तीय विवरण तयार पार्ने तथा यथोचित प्रस्तुतिकरण गर्ने र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु आधारभूतरुपमा गलत आँकडा सहितका हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार पार्दा कम्पनीले अनवरत् सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुनसक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलाउनुपर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत कम्पनीलाई खारेजमा लैजाने, अन्य तरिकाले संचालन बन्द गर्ने वाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा वाहेक वित्तीय विवरणहरु अनवरत् संचालन मान्यतामा आधारित लेखाप्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ ।

वित्तीय विवरण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा निश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिब आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भए तापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सँधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, त्रुटि (Fraud) बाट निम्तिन्छ र यस्ता गलत विवरण जसलाई सरोकारावालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ सो लाई प्राथमिकता दिईन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी र त्रुटिबाट आधारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको आधारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणको समष्टिगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

२. लेखापरीक्षणका क्रममा कम्पनीले चालूरुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घट्नाहरु वा परिस्थितिहरुमा आधारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधारमा उचित भएको निष्कर्ष निकालिन्छ । आधारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासा बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अप्राप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ तर भविष्यका घट्नाहरु वा परिस्थितिहरुका कारण कम्पनी अविछिन्न नरहन पनि सक्दछ ।

३. व्यवस्थापनले तयार पारेका वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोबार र घट्नाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

४. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकिय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

५. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसहिंताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन २०६३ को आवश्यकता सम्बन्धी प्रतिवेदन

हाम्रो लेखापरीक्षणको आधारमा देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं ।

१. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टीकरणको साथै माग गरेका विवरणहरु सन्तोषजनक रुपमा प्राप्त गर्यौं ।

२. संलग्न वासलात आय विवरण तथा नगद प्रवाह विवरण कम्पनीको श्रेस्तासंग दुरुस्त रहेको छ ।

३. कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) लागु नगरेको तथा प्रतिवेदनमा कैफियत रहेको वाहेक हिसाब किताब एवं श्रेस्ता, प्रचलित कानून बमोजिम राखिएका छन् ।

४. हामीलाई प्राप्त भएको विवरण, गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा कम्पनीका कर्मचारी तथा सञ्चालकले कम्पनीलाई हानि-नोक्सानी गरेको हाम्रो जानकारीमा आएन ।

५. कम्पनीमा लेखा सम्बन्धी कुनै जालसाजी भएको हाम्रो जानकारीमा आएन ।

२.३ औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, २०७८।७९

कैफियत सहितको राय

हामीले औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थाको वित्तीय विवरणले २०७९ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाह विवरणले प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियतसहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छ :

१. **अवकाश दायित्व -** नेपाल लेखामान-३७ (सांयोगिक दायित्व तथा सम्पत्ति) अनुसार वित्तीय विवरण सही र दुरुस्त हुनको लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा प्रतिष्ठानले कर्मचारी दायित्व मध्ये कर्मचारी अवकाश भएका बखत भुत्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको छ । तर त्यसको लागि पर्याप्त कोष खडा गरेको छैन । यस वर्षको अन्त्यसम्म कुल अवकाश दायित्व रु ४,०५,९४,५१६.२९ रहेको छ भने प्रतिष्ठानको जम्मा बैंक मौज्दात रु २,९२,९७,१२८.९४ रहेको छ ।त्यसमा पनि अवकाश कोषवापत रकम खुलाएर जम्मा गरेको देखिएन ।

   प्रतिष्ठानको कर्मचारी व्यवस्थापन विनियमावली, २०५७ बमोजिम कर्मचारीको उपदान तथा संचित विदाको रकम वापत प्रति वर्ष खाइपाइ आएको तलबको औसतमा पचास दिन बराबरको रकम अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भए पनि २०७८।७९ मा सो कोषमा रकम जम्मा गरेको छैन । प्रतिष्ठानले दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ ।

   हामीले नेपाल सरकारी लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण कार्य गऱ्यौं। ती मान अनरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन् । यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा राय प्रदान गर्दा सम्बोधन गरिएको छ । हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं । कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा संचार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैनन ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन । लेखापरीक्षणका क्रममा त्यस्ता गलत विवरणहरुलाई प्राथमिकता दिइन्छ, जुन जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु भएको वित्तीय विवरणलाई आधार मानी सरोकारवालाहरुले गरेको निर्णयलाई प्रभाव पार्न सक्दछ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु त्था खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण

   जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

२.४ धौवादी फलाम कम्पनी, २०७९।८०

कैफियत सहितको राय

हामिले धौवादी फलाम कम्पनीको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०८० असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय-व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्तवमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको लेखापरीक्षण मार्गदर्शन बमोजिम सम्पन्न गरेका छौं । ती लेखापरीक्षणमान तथा लेखापरीक्षण मार्गदर्शन बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको उत्तरदायित्व" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको "द हयाण्ड्बुक अफ द कोड अफ एथिक्स्फर प्रोफेसनल एकाउन्टेन्ट्स" (The Handbook of the code of Ethics for professional Accounts) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो ह्याण्डबुकको आवश्यकता बमोजिमको नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

राय व्यक्त गर्ने आधार

कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) अनुसार वित्तीय विवरण तयार गर्नु पर्नेमा वित्तीय विवरण पुरानो नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त बमोजिम तयार गरेको छ । यसरी वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards) अनुसार तयार नगरेकोमा सो को असर अनिश्चित छ तथा सारभूत हुन सक्छ ।

मुख्य लेखापरीक्षण मामिलाहरु (Key Audit Matter)

हाम्रो व्यवसायिक मुल्याङ्कनको आधारमा चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा प्रमुख सान्दर्भिक मामिला नै लेखापरीक्षणका प्रमुख विषयहरु हुन । यी मामिलाहरु वित्तीय विवरणमा राय व्यक्त गर्ने क्रममा लेखापरीक्षणमा समावेश गरिएको तथा ती मामिलाहरुमा हामी छुट्टै राय दिदैनौ । हामीले चालु आर्थिक वर्षको वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा कुनै मुख्य लेखापरीक्षण मामिलाहरु रहेका छैनन् ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल बित्तिय प्रतिवेदनमान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा त्रुटि बाट होस, सारभूत रुपमा जालसाजी वा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई कम्पनी विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, कम्पनी निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ ।

कम्पनीको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि संचालक समिति तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरु जिम्मेवारी छन् ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा त्रुटि बाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएतापनि लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत जालसाजी वा त्रुटिहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटि बाट उत्पन्न हुन सक्दछन र सो गलत प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको लेखापरीक्षण मार्गदर्शन अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले वित्तीय विवरणमा जालसाजी वा त्रुटि बाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मूल्यांकन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं ।

- मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तृतिहरुको पहिचान नलाग्ने जोखीम अधिक रहन्छ ।
- कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासगिंक हुने कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीतिहरुको औचित्य, लेखाअनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको अविच्छिन्न रुपमा रहिरहने अवधारणामा आधारित लेखाको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धित सारभूत अनिश्चितताको कारणले कम्पनीको अविच्छिन्न रुपमा रहिरहने क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नु पर्दछ । हाम्रो निष्कर्षहरु हाम्रा लेखापरीक्षण प्रतिवेदन मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेका हुन्छन् । तथापी भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न कम्पनीको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अन्तनिहित कारोवार एवंम घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्यांकन गर्दछौं । हामीले वित्तीय विवरण उपर सुशासनको जिम्मेवारी बहन गरेको अधिकारीहरुबाट तथा अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं । सुशासनको जिम्मेवारी बहन गरेका अधिकारीहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धि प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

अन्य कानुनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

कम्पनी ऐन, २०६३ को आवश्यकता बमोजिम निम्न प्रतिवेदन पेश गरेका छौं :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना तथा स्पष्टीकरणहरु सम्पुर्ण रुपमा पाएका छौ ।

ख) हाम्रो रायमा कम्पनीले आफ्नो हिसाव किताब र अभिलेखहरु कैफियत सहितको रायको आधारमा उल्लेखित गरिएकोमा बाहेक प्रचलित कानुन बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

घ) हामीले लेखापरीक्षणको समयमा कम्पनीको संचालक समिति वा कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरित वा अनियमित कार्य गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको कुरा हाम्रो जानकारीमा आएन ।

२.५ नेपाल औषधि लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले नेपाल औषधि लिमिटेडको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान र अन्य समग्र आय हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका बिषयले पार्ने असर बाहेक, पेस भएको वित्तीय विवरणहरुले कानुनवमोजिम सारभुतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसार छनः

१. **लेखा विवरण तोकिएको मापदण्ड अनुसार तयार नगरिएकोः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागू हुने गरि प्रभावकारी वित्तिय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तिय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ । तर संलग्न गरिएको २०७९।८० को वित्तिय विवरण नेपाल वित्तिय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रमाव महत्वपुर्ण तथा व्यापक हुन सक्दछ ।

२. **अवकाश दायित्व वरावरको कोष खडा नगरिएकोः** नेपाल लेखामान-१ वित्तिय विवरणको प्रस्तुती तथा लेखामान ३७ (व्यवस्था सांयोगिक दायित्व र सम्पत्ति) बमोजिम वित्तिय विवरण सही र दुरुस्त हुनको लागि सबै किसिमका दायित्व समावेश गर्नुपर्नेमा लिमिटेड ले कर्मचारी दायित्व मध्ये कर्मचारी अवकाश भएका वखत भुक्तानी गर्नुपर्ने दायित्व वासलातमा समावेश गरेको तर त्यसको लागि कुनै पनि कोष खडा गरेको छैन । यसवर्षको अन्त्य सम्म कुल अवकाश दायित्व रु.३०,२८,५१,८९०।७३ रहेको छ भने सम्बन्धित बैक कोषको कुनै व्यवस्था गरेको छैन । लिमिटेडले दायित्व बराबरको रकम कोषमा जम्मा गर्नुपर्दछ ।

३. **कम्पनिको जायजेथा तथा ह्रासकट्टी को पर्याप्तता को अभावः** सम्पत्तिको ह्रासकट्टी नेपाल लेखामान १६ (सम्पत्ति, उपकरण र औजार) मा गरिएको व्यवस्था अनुसार गर्नु पर्दछ । तर कम्पनीले सम्पत्तिको विवरण अद्यावधिक गरेको छैन । साथै लिमिटेडको स्वामित्वमा रहेको जग्गा आफ्नो उचित मोल (Fair Value) भन्दा निकै कम मुल्यमा त्यसको ऐतिहासिक लागतमा लेखांकन भएको छ, जसले गर्दा कुल सम्पत्तिको न्युन मूल्यांकन हुन गएको छ र स्वपुँजी ऋणात्मक हुन पुगेको छ ।

४. **अनुदानमा प्राप्त सम्पत्तिको लेखांकन उपयूक्त हिसावले नभएकोः** नेपाल लेखामान-२० (सरकारी अनुदानको लेखांकन र खुलासा) बमोजिम सरकारी अनुदानका लागि गरिएको व्यवस्थासंग मेल खाने गरि लिमिटेडले दातृ संस्थाहरुबाट निःशुल्क प्राप्त गरेको पूँजीगत अनुदानलाई लेखांकन गरेको छैन । त्यस्तो अनुदानले क्षतिपुर्ति गर्ने खर्चलाई लिमिटेडले लेखांकन गर्ने अवधिभर नाफा-नोक्सानमा लेखांकन गर्नु पर्नेमा सो अनुरुप गरेको पाइएन ।

लिमिटेडको आयातित मेशिनरीको यथार्थ लागतको चित्रण भएको छैन र नाफा-नोक्सानमा त्यसको प्रतिकुल असर परेको छ । फरक-फरक उपयोगी आयु भएका सम्पत्तिलाई एउटै विधि र एउटै दर प्रयोग गरि ह्रासकट्टी गर्दा सम्पत्तिको यथार्थ रकमको चित्रण भएको छैन । लिमिटेडको स्वामित्व र नियन्त्रणमा रहेको ह्रासयोग्य सम्पत्तिको आयुको सम्बन्धमा जानकारी प्राप्त गर्न सकिएन ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। हामीले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरेको विषयको साथै विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डमा जान नसकेकाले औषधि व्यवस्था विभागबाट Good Manufacturing Practice (GMP) संचालन अनुमति पाएको छैन । संचालन अनुमति नपाई औषधि उत्पादन गरिरहेको बिषय वाहेक जानकारी गराउनुपर्ने अन्य विशेष लेखापरीक्षण विषय नभएको जानकारी गराउँदछौं ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनी व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण युक्त वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा

निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सम्पुर्ण सुचना तथा स्पष्टिकरणहरु पाएका छौं।

२. यो प्रतिवेदनसँग सम्बन्धित वासलात, वासलात बाहिरका कारोबारहरु, सो मितिमा समाप्त भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणिहरु र संलग्न अनुसूचीहरु कम्पनीले राखेको हिसाब किताब वहीखाता श्रेता र लेखासंग दुरूस्त रहेका छन् ।

३. हामीले कम्पनीको श्रेस्ता लेखापरीक्षणको समयमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित कुनै कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानी नोक्सानी गरे गराएको लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

४. लिमिटेडमा लेखा सम्बन्धी कुनै जालसाली भएको हाम्रो जानकारीमा आएन ।

२.६ नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, २०७९।८०

कैफियत सहितको लेखापरीक्षकको राय

हामीले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको यसै साथ संलग्न २०८० असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०८० असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई आर्थिक वर्ष २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ ।

२. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची २ अनुसार सेवाको निर्यात हुनका लागि नेपाल बाहिरको व्यक्तिलाई सेवा आपूर्ति हुनुपर्दछ । कम्पनीको त्रिभुवन विमानस्थल शाखाले स्थापना कालदेखि नै निर्यात गरिने मालसामानको लागि नेपालकै कम्पनी र एजेन्टहरुलाई दिएको गोदाम सेवालाई सेवाको निर्यात मानि मूल्य अभिवृद्धि कर ऐन २०५२ को अनुसूची २ बमोजिम शुन्य प्रतिशत मूल्य अभिवृद्धि कर लगाई सेवा आपूर्ति गरेको देखियो । कम्पनीले यस बर्ष निर्यात गोदाम सेवा शुल्क र सो को विलम्ब शुल्क रु. ३ करोड २३ लाख ८२ हजार ७४८ को १३ प्रतिशत ले हुने मूल्य अभिवृद्धि कर रु. ४२ लाख ९ हजार उठाएको छैन ।उपरोक्त सेवामा कानून बमोजिम मूल्य अभिवृद्धि कर उठाउने व्यवस्था गर्नु पर्दछ ।

३. **उपदान व्यवस्था :** कर्मचारी (सेवा, शर्त तथा सुविधा) विनियमावली, २०७२ को विनियम १०८(१) अनुसार पाँच वर्ष सेवा गरेपश्चात आखिरी महिनाको तलबलाई निश्चित दरले गुणन गरि प्रत्येक सेवा वर्षको लागी हुने रकम स्थायी कर्मचारीले अवकाश हुँदा उपदानको रुपमा पाउने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार पाँच वर्ष देखि दश वर्ष सेवा गरेकोलाई १.५, दश वर्ष देखि पन्ध्र वर्ष सेवा गरेकोलाई २, पन्ध्र वर्ष देखि बीस वर्ष सेवा गरेकोलाई २.५, बीस वर्ष भन्दा बढी सेवा गरेकोलाई ३ को गुणन दर प्रयोग गर्ने व्यवस्था छ । कम्पनीले उपदानको व्यवस्था गणना गर्दा प्रत्येक कर्मचारीका लागि ३ को गुणन दर प्रयोग गरी वित्तीय विवरणमा उपदानको रु. ५,९१,६४,३८३ व्यवस्था गरेको छ । कम्पनीले उपदानको व्यवस्था गणना गर्दा प्रत्येक कर्मचारीका लागि उक्त विनियमले परिभाषित गरेको सेवा वर्षको आधारमा गुणन दर प्रयोग गरी व्यवस्था गर्नु पर्दछ ।

४. **असामीः** कम्पनीको वित्तीय विवरणमा शंकास्पद असामीको रुपमा रु. ३७,५९,३०५।- लेखाङ्कन भएको पाइयो । सो रकम लामो समयदेखि अचल रहेको र सो रकमको निर्धारणको आधार यकिन नभएकोले उक्त रकम असामी नै हुन भनी यकिन गर्न सक्ने अवस्था छैन ।यस सम्बन्धमा गतविगतको प्रतिवेदनमा उल्लेख गरेतापनि स्थिति यथावत छ ।

५. **लेखा नीतिहरु**: लेखा नीतिहरु जस्तै ह्रासकट्टी, स्थिर सम्पति लेखांकन, बिक्री आम्दानी लेखांकन, प्रत्यक्ष खर्च, लिज पट्टा आदि सम्बन्धी नीतिहरु तयार गरिएको छैन । कम्पनीको लेखा सम्बन्धि नीति तथा टिप्पणीहरु प्रयाप्त तथा यर्थाथ सूचनाहरु प्रवाह गर्दैनन् । कम्पनीले श्रेस्तामा स्थिर सम्पतिको भोगचलन हुने आयुको अनुमान र ह्रासकट्टी गर्ने गरेको छैन । त्यस्तै लिज पट्टा अवधि र सम्पति प्रयोगको अवधिको आंकलन गरिएको छैन र खराब असामीको वर्गीकरण गरिएको छैन । कम्पनीले लेखा कार्यविधिहरु समयापेक्ष संसोधन सहित अद्यावधिक गर्नु पर्दछ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन्। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा सञ्चार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैन।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरणहरु जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३) व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ।

हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५) व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७) शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन

१) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ।

३) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षणबाट सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५) संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

२.७ हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, २०७८।७९

लेखापरीक्षकको राय

हामीले हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको यसैसाथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय स्थिति विवरण, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य कम्प्रिहेन्सिभ आय विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखासंग सम्बन्धित टिप्पणीहरुको लेखापरिक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर वाहेक उद्योगको वित्तीय विवरणले २०७९ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त वमोजिम यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमान (NFRS):** सरकारी कम्पनीलाई २०७३।७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ । तर संलग्न गरिएको

२०७८।७९ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवदेन मानअनुसार तयार गरिएको छैन,जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ ।

२. **स्थिर सम्पत्तिः** उद्योगले स्थिर सम्पति रु. १४ करोड २४ लाख ४२ हजारमा नेपाल लेखामान १६ (जायजेथा, संयन्त्र तथा उपकरण) अनूसार सम्पत्तिको उपयोग आयु, प्रयोग गर्ने तरिका, अवशेष मुल्य आदिको आधारमा ह्रास दर निर्धारण गरेको छैन । साथै सम्पतिको मुल्यमा महत्वपुर्ण हिस्सा ओगट्ने सम्पत्तिको इकाईलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन । त्यस्तै, उद्योगले विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेकोले स्थिर सम्पत्तिको वास्तविक (प्रयोगमा नआउने वा नासिएको /बिग्रिएको आदि) अवस्था एकिन गरेको छैन । साथै , नेपाल लेखामान ३६ सम्पत्तिको क्षयिकरण अनुसार उद्योगले वार्षिक रुपमा सम्पत्तिको क्षयिकरण परीक्षण गरेको छैन र सोको आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन ।

३. **अन्य वित्तिय सम्पति :** उद्योगले अन्य बित्तिय सम्पति रु. ९७ लाख ३१ हजारलाई नेपाल बित्तिय प्रतिवेदन मान ९ बमोजिम बित्तिय सम्पतिलाई सूरुमा उचित मूल्य थपघट लेनदेन लागतमा पहिचान गरि पछि प्रभावकारी व्याजदर प्रयोग गरि परिशोधित लागत (Amortized Cost) मूल्यमा मापन गरेको छैन ।

४. **जिन्सी मौज्दात :** उद्योगको रु. ६७ करोड ६३ लाख ५१ हजार बराबरको जिन्सी मौज्दातको विगत वर्षहरुमा जस्तै यस आर्थिक वर्षमा समेत भौतिक परिक्षण नभएकोले जिन्सी मौज्दातमा देखाइएको रकमको यथार्थता यकिन हुन सकेन । नेपाल लेखामान २ अनुसार जिन्सी उत्पादनको लागि राखिएको कच्चा पदार्थ तथा अन्य आपुर्तिहरुबाट बन्ने तयारी समानको बिक्री मुल्य लागत मुल्यभन्दा कम भएतापनि सो कच्चा पदार्थ तथा आपुर्तिहरुलाई खुद प्राप्य मुल्यमा (Net Realizable Value) मापन गरेको छैन ।

नेपाल लेखामान २ अनुसार जिन्सीको लागत मुल्यांकन गर्दा खरिद मूल्य, रुपान्तरण लागत र सो जिन्सी हालको स्थान तथा अवस्थामा ल्याउन लागेको अन्य खर्चहरु समेत समावेश गर्नुपर्ने हुन्छ । उद्योगले यस बर्षमा वास्तविक उत्पादन साधारण उत्पादन क्षमताभन्दा निकै कम भएतापनि निश्चित उत्पादन ओभरहेडलाई वास्तविक उत्पादनकै आधारमा बाडफाड गरेको हुनाले जिन्सीको मुल्यांकन बढी गरेको देखिन्छ ।

५. **ऋणात्मक वैंक मौज्दात :** उद्योगको आषाढ मसान्त २०७९ को वैंक मौज्दातको विवरण अनुसार ११ वटा वैंकहरुको जम्मा मौज्दात रु ४९ लाख २१ हजार १५४ ले ऋणात्मक रहेको देखिन्छ जुन लेखाको सर्वमान्य सिद्दान्त अनुसार उचित छैन ।

६. **कर्मचारी दायित्व :** उद्योगको कर्मचारी उपदान, औषधी उपचार तथा बिदा व्यवस्था वापतको २०७९ आषाढ मसान्तसम्मको व्यतित अवधिको आधारमा रु. ७० करोड ४५ लाख ४० हजार खुद दायित्व रहेको देखिन्छ । उद्योगसंग यससंग सम्वन्धित जम्मा योजना सम्पत्ति रु १ करोड २२ लाख ४६ हजार मात्र रहेकोले उक्त सम्पत्तिले कर्मचारी दायित्व थेग्न सक्ने अवस्था छैन ।

उपदान, औषधी उपचार तथा बिदा वापतको व्यबस्था नेपाल लेखामान १९ अनुसार कर्मचारी सूविधाहरु Actuarial मुल्याङ्कनको आधारमा गर्नु पर्नेमा सो अनुसार गरेको छैन । जसले गर्दा उद्योगले कर्मचारी दायित्व अन्तर्गत लेखांकन गरेको रकमले यथार्थ चित्रण गरेको छैन ।

७. **कर्मचारी दायित्व :** उद्योगले खरिद सम्झौता अनुसार बिल रकमबाट कट्टा गरेको रकम र आपुर्तिकताहरुले राखेको नगद धरौटी रकम रु ७ करोड २४ लाख ५३ हजार ५६२ जसमा आ.व.२०७६।७७ अघि को र आ. व. २०७७।७८ को रिटेन्सनमनि/अन्य अर्नेष्टमनी क्रमशः रु. ४ करोड ३७ लाख ८९ हजार ६६ र रु २ करोड ८६ लाख ६४ हजार ४९६ फछर्यौट हुन बांकी रहेको देखिन्छ । साथै धरौटी दायित्व रकम लाई कम्पनीले छुट्टै वैंक खाता खोली अभिलेख राखेको छैन ।

८. **लेखांकन नगरिएको दायित्व :** नेपाल विद्युत प्राधिकरणले डेडिकेटेड फिडर वापत माग गरेको थप महसुल रकम रु. ४ करोड ६७ लाख ५६ हजार ८७० को सम्बन्धमा उद्योग र प्रधिकरण बिच मासिक १५ लाख बक्यौता भूक्तानी गर्ने सम्बन्धि सहमती भए अनुसार यस आ. व. मा रु. १ करोड ५० लाख भूक्तानी भएको मा वांकी रु ३ करोड १७ लाख ५६ हजार दायित्वलाई खर्च लेखांकन गरिएको छैन ।

९. **सम्भावित दायित्व** : उद्योग संग सम्बद्ध मूद्धा र दाबी वापतको रकम सम्वन्धमा नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित सम्पत्ति बमोजिम सम्भावित दायित्व रकम निक्यौंल गरी वित्तिय विवरणमा खुलासा गर्नुपर्नेमा सम्भावित दायित्वको प्रकृति उल्लेख भएको तर केही मुद्दाको सम्भावित दायित्वको रकम खुलासा गरेको छैन ।

१०. ऐन नियमको पालना सम्वन्धमा :

क) कम्पनी ऐन, २०६३, दफा ७६(१) अनुसार पब्लिक कम्पनीले कारोबार शुरु गर्ने इजाजत पाएको एक वर्षभित्र प्रथम वार्षिक साधारण सभा गर्नुपर्ने र त्यसपछि प्रत्येक वर्ष कम्पनीको आर्थिक वर्ष पुरा भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गनूपर्ने व्यवस्था रहेकोमा कम्पनीले पछिल्लो आ.व. २०७५।७६ को बार्षिक सधारण सभा गरे पश्चात आ.व. २०७६।७७, २०७७।७८ र २०७८।७९ का बार्षिक साधारण सभाहरु गरेको पाईएन । साथै सो सम्वन्धमा वहन गर्नुपर्ने हर्जानाको दायित्व लेखांकन गरेको छैन ।

ख) कम्पनी ऐन, २०६३, दफा ६०(१) अनुसार पब्लिक कम्पनीको खुद सम्पत्ति (नेटवर्थ) घट्न गई चुक्तापूजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको पैतीस दिनभित्र सञ्चालकहरुले कम्पनी तथा शेयरधनी समेतको हितका लागि उपयुक्त रणनीति तयार गर्नु पर्नेछ र सो जानकारी भएको लगत्तै पछि बस्ने साधारण सभामा यस सम्बन्धी छुट्टै प्रस्ताव राख्नु पर्नेमा त्यस सम्बन्धी सञ्चालक समितिबाट कुनै शेयरधनी समेतको हितका लागि उपयुक्त रणनीति तयार गरिएको छैन ।

ग) सार्वजनिक खरिद नियमावालि २०६४ नियम ७(१) अनूसार सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरु योजना तयार गर्नू पर्नेछ भन्ने प्रावधान रहेकोमा उद्योगले खरिदको गुरु योजना तयार गरेको छैन ।

११. सारयुक्त अनिश्चितता (Material Uncertainty) : उद्योगको आ.व. २०७८।७९ को वित्तीय स्थितिको विश्लेषण गर्दा संचालन घाटा वढ्दो अवस्थामा रहेको, जसले गर्दा नेटवर्थ रु १०० वाट कमी आई जम्मा रु ०.५५ रहन गएको, कर्मचारीको दायित्व रु ५९ करोड ३२ लाख भुक्तानी गर्न सकिने आधार नभएको, प्रति इकाइ कुल नोक्सान रु २७९।१५ रहेकोले निकायको अविछिन्नतामा उपयुक्त नरहेको देखिन्छ ।

लेखापरीक्षणका मुख्य मामलाहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य मामलाहरु (Key Audit Matters) ति मामलाहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयको आधारमा यस अवधिको वित्तिय विवरणको लेखापरीक्षणमा मुख्य महत्व राख्दछन् । यी मामलाहरु हाम्रो लेखापरीक्षणमा र हाम्रो राय जाहेर गर्नमा समग्ररुपमा लिईएको छ, साथै उक्त प्रमुख विषयहरुका लागि वेग्लै राय व्यक्त गरिएको छैन । लेखापरिक्षणका प्रमुख विषयहरु देहाय वमोजिम पहिचान गरि लेखापरिक्षण गरिएको छ ।

लेखापरिक्षणका प्रमुख विषयहरु	लेखापरिक्षकको प्रतिक्रया
१. उद्योगले खानी तथा भुगर्व विभागलाई कम्पनीले पेश गनूपर्ने प्रतिवेदन (Mines Feasibility Report) समयमा पेश नभएको कारणले ४८ प्रतिशत वा सो भन्दा बढि गुणास्तरको चुनढूङ्गा उत्खनन हूने जोगिमारा खानिको लाइसेन्स नविकरण भएको छैन । जसले गर्दा कम्पनिले उत्पादन गनूपर्ने सिमेन्ट र उत्पादकत्वमा ह्रास हूदै जानुलाई लेखापरिक्षणको मुख्य वुदांको रुपमा लिईएको छ ।	१. खानी तथा भुगर्व विभागलाई कम्पनीले पेश गनूपर्ने प्रतिवेदन (Mines Feasibility Report) समयमा पेश नभएको कारण व्यवस्थापन प्रतिनिधित्व पत्र मार्फत प्राप्त गरिएको । २. खानी तथा भुगर्व विभागसंगको करारको अध्ययन गरिएको ।
२. **सुचना प्रविधि प्रणालीवाट निस्किने तथ्यांक तथा विवरण** : उद्योगको वित्तीय प्रस्तुतिकरण, संस्थाले अपनाएको सुचना तथा तथ्यांक प्रणालीवाट निस्किने तथ्यांक तथा विवरणमा आश्रित रहेको छ । तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यकता वमोजिम रहे नरहेको सुनिश्चित गर्न सुचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यकता वमोजिम प्रयाप्त तथा उपयुक्त हुनु पर्दछ । लेखा परिक्षण प्रक्रिया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने	१. उद्योगले अपनाएको सुचना प्रविधि प्रणाली संस्थाको लेखा प्रयोजनका लागि उपयुक्त रहे नरहेको नेपाल लेखा परिक्षणमानको आधारमा गरिएको । २. उद्योगले प्रयोजनमा ल्याएको Minds Frame ले दिने तथ्यांक तथा विवरणहरु नमुना आधारमा रुजु गरिएको ।

भएकोले उक्त विषयलाई लेखा परिक्षणको मुख्य वुदांको रुपमा लिईएको छ ।	
३. कम्पनी ऐन २०६३, दफा ६० (१) अनुसार पव्लिक कम्पनीको खूद सम्पत्ती (नेटवर्थ) घट्न गइ चुक्ता पूंजीको आधा वा सो भन्दा कम हुन आएमा त्यस्तो व्यहोरा जानकारीमा आएको पैतिस दिनभित्र सञ्चालकहरुले उपयुक्त रणनिति तयार गर्नुपर्नेछ । उद्योगको आषाढ मसान्तको खुद सम्पत्ती (नेटवर्थ) जम्मा रु ०.५५ रहेको र उपयुक्त रणनिति तयार गरेको देखिदैंन ।	३. व्यवस्थापन प्रतिनिधित्व पत्र तथा व्यवस्थापन पत्रको प्रतिउत्तर मार्फत वार्षिक साधारण सभामा रणनितिक योजना पेश गर्ने प्रतिवद्धता लिईएको ।
४. उद्योगको वित्तीय विवरणहरुको अध्ययन गर्दा वित्तीय स्थिती दिनप्रतिदिन नाजुक अवस्थामा गइरहेको देखिन्छ । हरेक १ युनिट थप उत्पादन गर्दा कुल घाटा (Gross Loss) रहेकोले उक्त विषयलाई लेखा परिक्षणको मुख्य वुदांको रुपमा लिईएको छ ।	हामीले व्यवस्थापन संग छलफल गरि हाल विद्यमान रहेको असहज परिस्थितिहरु जस्तै अर्न्तराष्टिय बजारमा कोईलाको असामान्य मूल्य बृद्धी हुनु, कोईलाको सहज आपूर्ति नहुनु, अर्थतन्त्रमा आएको तरलता अभावको प्रभाव साथै सिमेन्ट उत्पादनमा निजी क्षेत्रको सघन उपस्थितीको कारण बजार संकुचन हुनु जस्ता कारक तत्वहरुका समिक्षा वित्तीय विवरणमा खुलाइएको ।

अन्य विषयवस्तु माथिको ध्यानाकर्षण : हामी लेखानिति तथा टिप्पणी (नोट नं ५) को बुंदा नं ५.६ तर्फ ध्यानाकर्षण गराउन चाहन्छौ जसमा विभिन्न मुद्दाहरुको जानकारी दिईएको छ । यो विषयले गर्दा हाम्रो माथि उल्लेखित रायमा कुनै परिवर्तन हुने छैन ।

अन्य मामिला : उद्योगले आ.व.२०७५।७६ देखि २०७८।७९ सम्म बेहोरेको घाटा रु ९४ करोड ५५ लाख ४८ हजार ९३५ मा कर प्रयोजनको लागि प्रयोग नगरिएका अप्रयूक्त कर घाटा रु १५ करोड १२ लाख ८७ हजार र कर्मचारी दायित्वमा रु १० करोड १९ लाख ६५ हजार, र स्थिर सम्पत्तिमा रु १ करोड ४५ लाख ७२ हजार गरि जम्मा २६ करोड ७८ लाख २६ हजार स्थगन कर सम्पत्ति लेखांकन गरेको छ । विगत वर्षहरु देखिनै लगातार वढ्दो घाटाका कारण र कर्मचारीहरुको दायित्व फछ्यौंट गर्ने आधार नदेखिएकोले स्थगन कर सम्पत्ति लेखांकन गर्नुको आधार स्पष्ट नभएको देखिन्छ ।

वित्तिय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन र अन्य ऐन, नियम, कानून तथा अभ्यास अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयारी एवं प्रस्तुति गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तिय विवरण जालसाजी, त्रुटी लगायत सारभुत किसिमले त्रुटि तथा गलत आकडा रहित प्रस्तुतिकरण गर्ने, वित्तिय विवरण सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, संचालन र कार्यान्वयन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मूल्यांकन र निकायलाई खारेज (Liquidate) गर्ने मनसाय नभएसम्म सामान्यतया वित्तीय विवरणहरु अविच्छिन्नताको मान्यतामानै तयार गर्ने र सोको उपयूक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरुको जिम्मेवारी निकायको वित्तीय प्रतिवेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ ।

वित्तिय लेखापरीक्षणका लागी लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उद्देश्य वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारणले गहन रुपले गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने कुराको सम्वन्धमा उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय संलग्न भएको प्रतिवेदन पेश गर्नु हो ।

उचित आश्वस्तता भनेको उच्चस्तरको आश्वस्तता भएपनि नेपाल लेखापरीक्षणमानको अधारमा गरिएको लेखापरीक्षणले सम्पूर्ण गलत विवरण पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत विवरण गल्ती वा जालसाँजीको कारणले हुनसक्छ र यदि यस्ता गलत विवरणले वित्तीय विवरणको प्रयोगकर्ताहरुको आर्थिक निर्णयहरु प्रभावित गर्न सक्छन भने त्यस्ता गलत विवरणलाई सारभुत रुपको गलत विवरण मानिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुसार को लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक व्यवसायिक निर्णय गर्नुका साथै व्यवसायिक सन्देह को प्रयोग गर्दछौं । साथै हामीले

(१) वित्तीय विवरणमा जालसांजी वा त्रुटीवाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्यांकन गरि ती जोखिमहरुको लागि प्रभावकारी लेखापरिक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरिक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकाले गल्तीहरु भन्दा जालसांजीवाट हुने सारभूत गलत प्रस्तूतीहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।

२) उद्योगको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरिक्षण प्रक्रिया तर्जुमा गर्नका लागि लेखापरिक्षणमा प्रासंगिक हुने संस्थाको आन्तरिक प्रणालीको वारेमा जानकारी प्राप्त गर्दछौं ।

(३) व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्वन्धि खुलासाहरुको मुल्यांकन गदछौं ।

(४) व्यवस्थापनले प्रयोग गरेको व्यवसायको अविछिन्नतामा आधारित लेखा नितिको आचित्यता तथा प्राप्त लेखापरिक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्वन्धित सारभूत अनिश्चितताको कारणले सस्थाको व्यवसायिक निरन्तरतको क्षमतामा उल्लेख शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेमा, लेखापरिक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्वन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरिक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरिक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले कम्पनी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

(५) व्यवस्थापनले तयार पारेको विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्वन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्यांकन गरिन्छ ।

(६) हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरिक्षण कार्ययोजना, समय तालिका र महत्वपूर्ण लेखापरिक्षण खोजहरु लगायत उद्योगको आन्तरिक नियत्रण प्रणाली रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउदछौं ।

(७) सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सवै सम्वन्ध तथा अन्य कुराहरु साथै सो सम्वन्धि प्रतिरोध वारेमा समेत जानकारी गराउंदछौं ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन

कम्पनी ऐन २०६३ बमोजिम देहायका व्यहोरा प्रतिवेदन गर्दछौ ।

(१) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचनाहरु एवं स्पष्टिकरणहरु पाएका छौ ।

(२) लेखापरीक्षणका लागी प्राप्त श्रेस्ताहरुको आधारमा हाम्रो रायमा हाम्रो प्रतिवेदनको **"कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु"** अनुच्छेदमा उल्लेख गरे बाहेक उद्योगको हिसाब किताब ठीक संग राखिएको छ ।

(३) यो प्रतिवेदन सग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन र संलग्न अनुसूचिहरु उद्योगले राखेको हिसाब किताबहरुसंग दुरुस्त छन् । कम्पनीको वित्तिय बिवरणहरु नेपाल वित्तिय विवरण प्रतिवेदनमान **"कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु"** अनुच्छेदमा उल्लेख गरे बाहेक नेपाल वित्तिय विवरण प्रतिवेदनमान अनुसार तयार भएको छ ।

(४) हामीले प्राप्त गरेसम्मको सूचना, स्पष्टिकरण तथा हामीलाई उपलब्ध गराइएको विवरणहरुको आधारमा उद्योगको संचालक वा प्रतिनिधि वा कुनै कर्मचारीले जानाजानी लेखा सम्बन्धि कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा उद्योगलाई हानी नोक्सानी गरेको वा बेहिसाब गरेको हाम्रो जानकारीमा आएन ।

(५) उद्योगले कम्पनी ऐन, २०६३ को दफा १६४ अनुसारको लेखापरिक्षण समिति गठन गरेको पाइएन ।

(६) उद्योगमा लेखा सम्वन्धि कुनै जालसाजी भएको हाम्रो जानकारीमा आएन ।

(७) लेखापरीक्षणको दौरानमा हाम्रो जानकारीमा आएका आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमि कमजोरीहरु सुधारका व्यहोरा समेटिएको व्यवस्थापत्र छुट्टै जारी गरिएको छ ।

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

२.८ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७८।७९

कैफियत सहितको रायः

हामीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको यसै साथ संलग्न २०७९ आषाढ ३२, (तद्नुसार जुलाई १६, २०२२) को वासलत सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको आय-व्यय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानिति तथा लेखा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा, यस संस्थाको वित्तिय विवरणले आषाढ ३२, २०७९ (जुलाई १६, २०२२) को आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको विवरणले तल उल्लेखित वुदाँहरुले सो वित्तिय विवरणमा पर्ने असर बाहेक सारभूत रुपमा यर्थाथ चित्रण गर्दछ र नेपाल वित्तिय प्रतिवेदन मान (NFRS 2018) अनुसार बनाइएको छ ।

कैफियत सहितको रायको आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरण आधारभुत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन नियमावली संशोधन सहित को नियम २३ (१) बमोजिम प्रत्येक ५/५ बर्षमा भाडा पुनरावलोकन हुने व्यवस्था रहेकोमा संचालक समितिको मिति २०७५/०८/०५ मा बसेको ५२४ औं बैठकबाट भाडादर पुनरावोलकन भएको तर माननीय उद्योग वाणिज्य मन्त्रीज्युको निजि सचिवालयको पत्र संख्या ०७५/७६ च नं ५ मिति २०७५/०८/०९को पत्रबाट उक्त भाडा बृद्धि गर्ने निर्णय हाललाई कार्यन्वयन नगर्न नगराउन निर्देशन भई आएकोले संचलाक समितिको मिति २०७५/१०/०१ मा ५३६औं बैठकबाट उक्त निर्णय यथास्थितीमा राख्ने निर्णय भएको थियो । सोही सम्बन्धमा संचालक समितिको मिति २०७९/०३/२२ गते बसेको ६५२ औं बैठकबाट उल्लेखित संचालक समितिको ५२४ औं बैठकको निर्णय कार्यन्वयन गर्ने निर्णय भएको । मिति २०७५ श्रावण देखि लागु हुने गरी कायम भएको भाडा महशुल २०७९/०३/३२ गते सम्म असुल हुन नसक्दा रकम रु ४९ करोड बाकी बौक्यादा रहेको छ ।

मुख्य लेखापरिक्षण विषयहरुः

मुख्य लेखापरिक्षण विषयहरु त्यस्ता बिषयवस्तुहरु हुन जसले लेखापरिक्षकको पेशागत निर्णयमा यस आर्थिक बर्षको वित्तिय विवरणहरुको लेखा परिक्षण सिलसिल सबैभन्दा महत्वपुर्ण हुन्छन । मुख्य लेखारिक्षण व्यहोराहरु सुशासन प्रति उत्तरदायित्व रहेका व्यक्तिहरु संग संवाद बाट छानिएका हुन्छन । कैफियत सहितको रायको आधारमा व्यक्त बुदा बाहेक, हामीले लेखापरिक्षण प्रतिवेदनमा निम्न मुख्य लेखापरिक्षण विषयहरुः व्यक्त गरेका छौ ।

सरकारले हरेक आर्थिक बर्षको बजेटमा विभिन्न स्थानमा औद्योगिक क्षेत्र विस्तारका लागि रकम छुट्याइएता पनि सम्बन्धित निकायले उक्त परियोजना स्थलमा समस्या रहेको जनाउदै औद्योगिक क्षेत्र विस्तारित कार्य अगाडि बढाउन नसकेको ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :

नेपाल वित्तीय विवरण प्रतिवेदन मान (एन. एफ. आर. एस) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जाल साजी वा गल्तीबाट होस्, आधारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रयालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिको छनौट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

लेखापरीक्षकको जिम्मेवारी :

लेखापरीक्षणको आधारमा एकीकृत वित्तीय विवरण उपर मन्तव्य गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखा परीक्षणमान बमोजिम सम्पन्न गरेका छौ । ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु आधारभुत रुपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई सूचना लगायत अन्य विवरण बारेमा पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि संलग्न हुन्छ। यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी र त्रुटिको कारण आधारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरिक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणमा जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालिको उपयूक्तता बारे परिक्षण बारे परिक्षण गरिएको छ , तापनि त्यस्तो आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार पार्दा प्रयोग गरेको लेखानीतिको स्थीतिको मूल्याङ्कन गर्ने कायै समेत लेखापरीक्षको जिम्मेवारी अर्न्तगत पर्दछ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण रायव्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ।

कम्पनी ऐन २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन :

क. लेखापरीक्षणका लागि मागे अनुसार आवश्यक सूचना एवं स्पष्टीकरण प्राप्त भयो।

ख. पेश गरेको वासलात एवं नाफा-नोक्सान हिसाब किताब कम्पनीले राखेको श्रेस्तासँग दुरुस्त रहेको छ।

ग. यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासताल, नाफा-नोक्सान र नगद प्रवाह विवरण विगतको नेपाल लेखामान अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्त रहेको र नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाको अनुरुपकम्पनीले एन.एफ.आर.एस. अनुसारको वित्तीयविवरण तयार पारेको पाइयो । कम्पनीको हिसाब किताब एवं श्रेस्ता लेखापरिक्षण उल्लेखित भएका टिप्पणी बाहेक प्रचलित कानून बमोजिम राखिएको छ ।

घ. हामीलाई प्राप्त भएको विवरण, गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा कम्पनीका कर्मचारी तथा संचालकले कम्पनीलाई हानी-नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएको छैन।

२.९ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०८० (जुलाई १६, २०२३) को वित्तीय अवस्थाको विवरण सोहि समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान र अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानिति तथा लेखा टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा र हामीलाई दिइएको स्पस्टिकरणहरुको अनुसार, यस संस्थाको वित्तिय विवरणले आषाढ ३१, २०८० (जुलाई १६, २०२३) को आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको विवरणले तल उल्लेखित बुदाँहरुले सो वित्तिय विवरणमा पर्ने असर बाहेक सारभूत रुपमा उचित चित्रण गर्दछ र नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) अनुसार बनाइएको छ ।

रायको आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरण आधारभुत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

१. लेखा नीति तथा टिप्पणी को बुंदा नं ४३.२ मा उल्लेखित "अदालतमा विचारधीन आम्दानी" बमोजिम सञ्चालक समितिले मिति २०७९/०३/२२ मा बसेको ६५२औ बैठकको निर्णयबाट मिति २०७५ श्रावण १ गतेबाटनै लागु हुने गरी भाडा वृद्धि गरी बिलिङ्ग गर्ने निर्णय उपर उच्च अदालत पोखराबाट उक्त भाडादर वृद्धि गर्ने निर्णय कार्यान्वयन नगर्न मिति २०८०/०५/०५ मा अन्तिम फैसला(परमादेश) भएको र उच्च अदालत पाटनबाट मिति २०८०/०४/१० मा मिति २०७९/०३/२२ को निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश

जारी भएकोमा हालसम्म उक्त मुद्दामा फैसला भईसकेको छैन।सोहि सन्दर्भमा सञ्चालक समितिको मिति २०८०/०६/१५ मा बसेको ६९९औं बैठकबाट मिति २०७९/०३/२२ को निर्णयबाट कायम भएको नयाँ भाडा अनुसार आ.व. २०७५/७६ देखि आ.व.२०७९/२०८० सम्मको वृद्धि भएको जमिन बहाल आयमा समावेश नगर्ने निर्णयानुसार बिलिङ्ग गरिएको रु ६३,७५,३७,३६८.४३ आम्दानी जनाईएको छैन । साथै उक्त अवधिमा केहि उध्योगबाट प्राप्त भयको बहाल आयलाई दायित्वमा लेखांकन गरिएको छ ।

२. लेखा नीति तथा टिप्पणी को बुंदा नं ४३.३ मा उल्लेखित "कर्मचारी बोनस" बमोजिम बोनस ऐन २०३० को दफा ५,६,७ र बोनस नियमावली,२०३९ को नियम ६को उपनियम २ बमोजिम ५ प्रतिशत बोनसको प्रावधान भएतापनि कम्पनिले संचालक समितिको निर्णय बमोजिम खुद मुनाफाको १ प्रतिशतले हुने रकम बोनस बापत व्यवस्था गरेको छ ।

मुख्य लेखापरिक्षण विषयहरुः

मुख्य लेखापरीक्षण विषयहरु त्यस्ता विषयबस्तुहरु हुन जसले लेखापरिक्षकको पेशागत निर्णयमा यस आर्थिक बर्षको वित्तिय विवरणहरुको लेखापरीक्षण सिलासिल सबैभन्दा महत्वपूर्ण हुन्छन। मुख्य लेखापरीक्षण व्यहोराहरु सुशासन प्रति उत्तरदायित्व रहेका व्यक्तिहरुसंग संवादबाट छानिएका हुन्छन। कैफियत सहितको रायको आधारमा व्यक्त बुदा बाहेक, हामीले लेखापरिक्षण प्रतिवेदनमा निम्न मुख्य लेखापरिक्षण विषयहरु व्यक्त गरेका छौ ।

लेखापरीक्षणको मुख्य विषय Key Audit Matter	**लेखापरीक्षकको प्रतिक्रिया**
आम्दानीको मापन : कारोबारको लेखांकन तथा हिसाव, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायहरुलाई आवश्यक प्रतिवेदनहरु बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली लिमिटेडको महत्वपूर्ण प्रक्रिया हो । त्यस्ता प्रतिवेदनहरु लिमिटेडको सफ्टवेयरको प्रभावशालितामा निर्भर रहन्छ। कुनै पनि नियन्त्रण असफलता, Validation Failures, गलत तथ्यांकको इन्ट्रि तथा तथ्यांकको गलत Extraction ले गर्दा व्यवस्थापन शेयरधनीहरुलाई गलत प्रतिवेदन हुन सक्ने भएको कारण हामीले यसलाई हाम्रो लेखापरीक्षणको मुख्य कुरा मानेका छौ ।	प्रणालीबाट उत्पन्न भएका प्रतिवेदनलाई नमुना छनोटबाट जाँच, आम्दानी र खर्च हिसाब प्रमाणीकरणको लागि लिमिटेडको सफ्टवेयरको नमुनाको आधारमा प्रतिक्रिया पेश गरेको छौ । हामीले विभिन्न विवरणहरू र भुक्तानीको प्रमाण जस्ता समर्थन प्रमाणहरू सहित सान्दर्भिक IT प्रणालीहरूको मूल्याङ्कन सहित सबै महत्त्वपूर्ण राजस्वहरुका मुख्य नियन्त्रणहरूको परिचालन प्रभावकारिताको मूल्याङ्कन गर्यौं । हामीले जग्गा, भवन,गोदाम, बिद्युत र पानी संग सम्बन्धित सेवाहरू समावेश गरी कम्पनीले प्रदान गर्ने विभिन्न सेवाहरूको प्रकृतिको बारेमा बुझेका छौं ।
क्षयिकरणको पहिचान तथा मापन (Impairment) कम्पनीको स्वामित्वमा रहेको सम्पत्तिमा प्लान्ट र उपकरण र अन्य सम्पत्तिहरू समावेश छन्। कम्पनी सञ्चालन भएको उद्योगको गतिशील प्रकृतिलाई ध्यानमा राखी अमूर्त सम्पत्ति, लगानी र अन्य सम्पत्तिमा भौतिक हानि हुन सक्ने जोखिम छ। सम्पत्ति वा नगद उत्पादन एकाइ (CGU) सँग सम्बन्धित कुनै कमजोरी छ वा छैन भन्ने निर्धारणमा भविष्यको नगद प्रवाह र यी सम्पत्तिहरू र CGU हरूका लागि योजनाहरूको बारेमा महत्त्वपूर्ण निर्णय समावेश छ।	हामीले प्रत्येक सम्पत्तिहरुको क्षयिकरण नीति र प्रक्रियाको समीक्षा गर्यौं। हामीले नगद उत्पादन इकाइहरू (CGU) र तिनीहरूको कमजोरी मूल्याङ्कन र विशेष गरी आम्दानी र आसामीको लागि कमजोरी मोडेलहरू मूल्याङ्कन गर्न र छुट दर, वृद्धि दर र पूर्वानुमान वृद्धि अनुमानहरू सहित मुख्य अनुमानहरूको औचित्य मूल्याङ्कन गर्न प्रयोग गरिएको निर्धारणको मूल्याङ्कन गर्यौं। हामीले नगद प्रवाह प्रक्षेपणको वरिपरि संवेदनशीलता विश्लेषण गर्यौं। हामीले लगानी, आसामी र कम्पनीको अन्य सम्पत्तिहरूमा क्षयिकरणको पर्याप्तता (adequacy) परीक्षण गर्यौं। हामीले सबै महत्त्वपूर्ण वर्गको सम्पत्तिको हानिको समीक्षा गरेका छौ।

लेखापरीक्षणको मुख्य विषय Key Audit Matter	लेखापरीक्षकको प्रतिक्रिया
उचित मूल्य मापन (Fair Value Measurement) सम्पत्ति प्लान्ट र उपकरणहरू मुख्यतया जग्गा, भवनहरू र अन्य सम्पत्तिहरू व्यवस्थापन लिमिटेडका प्राविधिक विज्ञहरूले स्वतन्त्र रूपमा मूल्याङ्कन गरि कम्पनीले उचित मूल्यमा रिपोर्टिङ मितिमा गरिएका सम्पत्ति वा दायित्वहरूलाई वर्गीकरण गरेको छ । उचित मूल्यको निर्धारण उच्च स्तरको निर्णय र डाटाबाट इनपुटमा आधारित हुन्छ जुन बजारमा प्रत्यक्ष रूपमा अवलोकन गर्न सकिँदैन । यसबाहेक, उचित मूल्य मूर्त सम्पत्तिहरूको भविष्यका लाभहरूको अपेक्षित ढाँचाबाट महत्त्वपूर्ण रूपमा प्रभावित हुन्छ ।	हामीले सम्पत्ति वा दायित्वहरूको आधार र वर्गीकरण गर्न छुट नगद प्रवाह (discounted cash flow) को प्रमुख धारणाहरू सहित तीन-स्तरको पदानुक्रम प्रयोग गरी रिपोर्टिङ मितिमा सम्पत्ति वा दायित्वहरुको उचित मूल्य समीक्षा गर्यौं । समिति र विज्ञहरूको संलग्नतामा व्यवस्थापनले प्राप्त गरेको जग्गा र भवन पुनर्मूल्याङ्कन प्रतिवेदनहरूको समीक्षा गर्यौं। हामीले उचित मूल्य निर्धारण गर्न लागू गरिएको पद्धति र मान्यताहरूको मूल्याङ्कन गर्यौं। हामीले प्रक्रियामा संलग्न विशेषज्ञहरूको वस्तुनिष्ठता, स्वतन्त्रता र योग्यताको मूल्याङ्कन गरेका छौं।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय विवरण प्रतिवेदन मान (एन. एफ. आर. एस) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, आधारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रयालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य लेखानीतिको छनौट तथा लागु गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

लेखापरीक्षकको जिम्मेवारी

लेखापरीक्षणको आधारमा वित्तीय विवरण उपर मन्तव्य गर्नु हाम्रो दायित्व हो। हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखा परीक्षणमान बमोजिम सम्पन्न गरेका छौ। ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु आधारभूत रुपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई सूचना लगायत अन्य विवरण बारेमा पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि सलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी र त्रुटिको कारण आधारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरिक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणमा जोखिम मूल्याङ्कन गिर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालिको उपयुक्तता बारे परिक्षण बारे परिक्षण गरिएको छ, ता पनि त्यस्तो आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको राखिएको छैन। व्यवस्थापनले वित्तीय विवरण तयार पार्दा प्रयोग गरेको लेखा नीतिको स्वीतिको मूल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षको जिम्मेवारी अर्न्तगत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण रायव्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

कम्पनी ऐन २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन :

क) लेखापरीक्षणका लागि मागे अनुसार आवश्यक सूचना एवं स्पष्टीकरण प्राप्त भयो ।

ख) पेश गरेको वासलात एवं नाफा नोक्सान हिसाब किताब कम्पनीले राखेको श्रेस्तासँग दुरुस्त रहेको छ ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासताल, नाफा नोक्सान र नगद प्रवाह विवरण विगतको नेपाल लेखामान अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्त रहेको र नेपाल चार्टड एकाउण्टेन्ट्स

संस्थाको अनुरुप कम्पनीले एन. एफ. आर. एस. अनुसारको वित्तीयविवरण तयार पारेको पाइयो। कम्पनीको हिसाब किताब एवं श्रेस्ता लेखापरिक्षण उल्लेखित भएका टिप्पणी बाहेक प्रचलित कानून बमोजिम राखिएको छ।

घ) हामीलाई प्राप्त भएको विवरण, गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा कम्पनीका कर्मचारी तथा संचालकले कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएको छैन ।

२.१० गोरखाली रबर उद्योग लिमिटेड, २०७५।७६

कैफियत सहितको राय

हामीले गोरखकाली रबर उद्योग लिमिटेडको वित्तिय विवरणहरुको लेखापरीक्षण गरेका छौं जसमा २०७६ आषाढ ३१ (१६ जुलाई २०१९) को वित्तिय अवस्थाको विवरण र सोहि मितिमा समाप्त वर्षको नाफा वा नोक्सानीको विवरण, नगद प्रवाहको विवरण, ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा लेखा नितिहरु र लेखासँग सम्बन्धित टिप्पणीहरु समावेश रहेका छन् ।

व्यवस्थापनको उत्तरदायित्व

नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार गर्नु तथा सारभुत रुपमा सहि प्रस्तुतिकरण गर्नु व्यवस्थापनको उत्तरदायित्व हो तथा जाल साजी वा त्रुटीबाट हुन सक्ने सारयुक्त रुपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्न व्यवस्थापनले आवश्यक आन्तरिक नियन्त्रणको व्यवस्था गर्नुपर्दछ ।

लेखापरिक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व वित्तिय विवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरिक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । उक्त लेखामानबाट तोकेको आचार संहिता पालना गर्दै वित्तिय विवरण सारभुत रुपमा गलत आकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरिक्षणमान अनुसार लेखापरिक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ ।

वित्तिय विवरणका आकडा तथा खुलाईएका अन्य विवरणलाई पुस्टयाई गर्ने प्रमाण प्राप्त गर्ने विधि लेखापरिक्षणमा अपनाइएको हुन्छ । लेखापरीक्षणमा अपनाउने विधिको चुनाव हाम्रो फैसलामा निर्भर गर्दछ र सोही विधिको आधारमा हामीले जालीसाजी वा गल्तीको जोखिमबाट सारभूतरुपमा वित्तिय विवरणका तयारी र खुलाईएका विवरण सम्बन्धमा अपनाइएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधि तयार गर्दछ । तर यसले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कति प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागि हुने छैन । कम्पनीले अवलम्वन गरेको लेखासिद्धान्तको उपयुक्तता व्यवस्थापकले गरेको वित्तिय अनुमानको औचित्यताको साथै वित्तिय विवरण प्रस्तुतिको समय स्थितिको मुल्याङ्कन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

रायको आधार

१. यस कम्पनी बर्षोदखि नोक्सानीमा गईरहेको र हाल बन्द अवस्थामा रहेको साथै प्रिफेरेन्स शेयरमा तिर्न बाँकी रहेको लाभांश, कम्पनी व्यवस्थापनमा देखिएको कमजोरी, ऋणात्मक खुद सम्पत्तिको अवस्था, नेपाल सरकारद्धारा घोषणा गरिएको अनिवार्य अवकाश योजना (मितिः २०७५।१०।०३) आदिलाई मध्यनजर गर्दा कम्पनी निकट भविष्यमा संचालनमा आउन नसकिने अवस्था देखिन्छ र कम्पनीको हालको अवस्थालाई हेर्दा कम्पनी निरन्तर रूपमा चलीरहने कुराको यकीन गर्न सकिएन ।

२. **सुरक्षित ऋण तथा छोटो अवधिको ऋणः** यस कम्पनीले नेपाल सरकार तथा बिभिन्न बैंकहरूबाट दीर्घकालीन ऋण र अल्पकालीन ऋण लिईएको पाईयो । हामीलाई यस कम्पनीले लिएको ऋणको ऋण सम्झौता पत्र प्राप्त भएन जसले गर्दा हामीलाई ऋण सम्बन्धि शर्तहरू तथा अन्य प्रावधानहरू जस्तै ब्याजदर, कर्जा भुक्तानी अवधी आदी थाहा भएन

। हामीलाई २०७६ सालको आषाढ मसान्तमा के कति ऋण छ भनी ऋणको ब्यालेन्स पुष्टिकरण उपलब्ध नगराईएकोले वित्तिय अवस्थाको विवरणमा प्रस्तुत गरिएको सुरक्षित ऋण तथा छोटो अवधिको ऋण रकम सही छ भनी यकीन गर्न सकिएन ।

३. **अकला देवी ट्रेडर्सः** हामीलाई उपलब्ध गराईएको ब्यालेन्स पुष्टिकरणको आधारमा यस कम्पनीले आ.व. २०७४।७५ मा अकला देवी ट्रेडर्सबाट रू. ४,८३,१०४.९६ बराबरको डिजेल खरीद गरी त्यही आर्थिक बर्षमा नै भुक्तानी गरिसकेको देखिन्छ । तर, प्रस्तुत वित्तिय विवरणमा उक्त रकम गत आर्थिक बर्षबाट नै भुक्तानी गरेको भनी हिसाब नदेखाईएकोले अझै पनि तिर्नुपर्ने दायित्व भनी देखाईएको छ जुन रकम यस कम्पनीले तिर्नु नपर्ने देखिन्छ ।

४. **व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकमः** अनुसूची ९ मा देखाईएका तिर्नुपर्ने हिसाबहरूको सन्दर्भमा हामीलाई ती हिसाबहरू सही छन् भन्ने कुरामा कुनै पनि प्रमाणित कागजातहरू प्राप्त नभएकोले यस बिषयमा केही भन्न सकिएन ।

५. **जायजेथा, प्लान्ट तथा उपकरणः** यस कम्पनीको लेखा नीति २ मा कुनै बर्षमा सम्पत्ति खरीद गर्दा उक्त सम्पत्तिमा आगामी आर्थिक बर्षबाट मात्र ह्रासकट्टी गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । तर, यस बर्ष रू. २२,००० बराबरको कार्यालय उपकरणको खरीदमा कम्पनीले ह्रासकट्टी गरी वित्तिय विवरण तयार पारेको छ । यसैगरी, कम्पनीले स्थिर सम्पत्ति खाता तयार नगरेकोले कुन सम्पत्ति के कस्तो अवस्थामा छन् भन्ने कुरा यकीन गर्न सकिएन । साथै कम्पनीको सम्पत्तिको मूल्य के कति हो भन्ने कुरा समेत यकीन गर्न नसकिएकोले गत बर्षको लेखापरीक्षणमा देखाईएको रकमलाई नै अल्या मानी वित्तिय विवरण तयार पारिएको छ ।

६. **जिन्सी मौज्दातः** यस कम्पनी २०७२ साल बैशाख महिना देखि बन्द अपस्थामा रहेको छ । यस कम्पनीमा त्यसयता जिन्सी मौज्दातको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था नभएकोले कम्पनीको हिसाब खातामा देखिएको जिन्सी मौज्दात रकम सही छ भनी पुष्टि गर्न सकिएन । हामीले प्रमाणित कागजातको अभावमा तयारी सामानको अन्तिम मौज्दात रकम सही छ भनी पुष्टि गर्न सकेनौं ।

७. **व्यापारिक तथा अन्य प्राप्य रकमः** अनुसूची ३ मा सहयोगी कम्पनी साल्ट ट्रेडिङ कर्पोरेशनलाई तिर्नुपर्ने भनी देखाईएको रकम रु. २,२०,२३,२५७ प्रमाणित बिल भौचर तथा अन्य कागजातहरू नभएकोले उक्त हिसाब सही छ भनी यकीन गर्न सकिएन ।

८. **नगद तथा बैंक मौज्दातः** अनुसूची ४ अन्तर्गत देखाईएका बैंक मौज्दातको सन्दर्भमा प्रमाणित व्यालेन्स पुष्टिकरण नभएकोले सही छ भनी यकीन गर्न सकिएन । यसैगरी नगद मौज्दात के कति छ भनी स्थलगत जाँच गरिएको छैन ।

९. **अग्रिम भुक्तानी रकम र पेश्की सापटी, धरौटीः** अनुसूची ५ अन्तर्गत देखाईएका रकमहरूको सन्दर्भमा हामीलाई उक्त हिसाब सही छ भनी प्रमाणित गर्ने कागजातहरू उपलब्ध नगराईएको हुदाँ ती रकमहरू सही छन् वा छैनन् भनेर पुष्टि गर्न सकिएन ।

१०. **बीमा दाबीः** यस कम्पनीमा गुड लस्ट ईन ट्रान्जिट भनी रू. ७.३ लाख बराबरको बिमा दाबी रहेको छ जुन बिषय अझै पनि अदालतमा सुनुवाईको क्रममा रहेको छ ।

११. **प्रिफेरेन्स शेयरमा लाभांशः** यस कम्पनीमा नेपाल सरकारद्वारा ८% प्रिफेरेन्स शेयरमा रू. १४,८६,५०,००० लगानी भएको देखिन्छ । उक्त पूँजीमा कम्पनीले आषाढ मसान्तसम्ममा रू. १९,०२,७२,५६० बराबरको लाभांश दिनुपर्ने देखिन्छ तर यस वित्तिय विवरणमा उक्त रकम देखाईएको छैन ।

१२. **कर्मचारी खर्चः** यस कम्पनीको गोरखा कार्यालयमा बार्षिक रूपमा तलब विवरण बनाई केबल एउटा मात्र ईन्ट्री राखे गरेको पाईयो । उक्त हिसाब मासिक रूपमा सम्बन्धित व्यक्तिबाट प्रमाणित समेत नगरेको पाईयो जसले गर्दा हामीले तलब विवरण साँचो छ भनी यकीन गर्न सकेनौं ।

१३. **पूर्व भुक्तानी खर्चः** अनुसूची १५ मा काठमाडौं कार्यालयको पूर्व भुक्तानी खर्च भनी रू. १४,२०९ देखाईएको छ जुन आयकर ऐन, २०५८ अनुसार अमान्य हुनेछ ।

१४. **प्रशासकीय खर्चः** यस कम्पनीका अधिकांश प्रशासकीय खर्चहरू कर्मचारीले प्रस्तुत गरेका बिल भौचरका आधारमा लेखांकन गर्ने गरेको पाईयो । अधिकांश खर्चहरू साना रकमका हुने तथा ती खर्चहरू दर्तावाला पसलबाट नगरेको पाईयो । ती खर्चहरू एकमुष्ठ रूपमा हेर्दा रकमको आधारमा धेरै हुन आउने भएकोले उक्त खर्चहरू प्रस्तुत बिलका आधारमा सही छन् वा छैनन् भनी यकीन गर्न सकिएन ।

१५. **ब्याज खर्चः** यस कम्पनीले ब्याज खर्च स्वरूप रू. ५,३९,८८,२३६ देखाएको छ । तर हामीलाई ब्याज खर्च यकीन गर्ने प्रमाणित कागजपत्रहरू उपलब्ध नगराईएकोले उक्त रकम सही छ भनी यकीन गर्न सकिएन ।

१६. **अवकाश भुक्तानीः** उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०७५/०५/२८ मन्त्रिस्तरीय निर्णय, संचालक समितिको बैठक र कर्मचारी नियमावलीको प्रतिवेदनका आधारमा अर्थमन्त्रालयको च.नं. ६३० मिति २०७५।९।९ को पत्रबाट गोरखकाली रबर उद्योग लि. का कामदार/कर्मचारीलाई अनिवार्य अवकाश मार्फत उपदान, बिदा, लुगा, बिमा र संचयकोष लगायतको शिर्षक अन्तर्गत पे अफ गरिने र उक्त रकम हाल चालु दायित्वमा समावेश गरि खर्छमा उल्लेख गरिएको छ ।

हाम्रो रायमा हामीलाई उपलब्ध गराईएको सूचना, स्पष्टिकरण तथा हाम्रो लेखा परिक्षणको आधारमा, माथि रायको आधार अनुच्छेदमा उल्लेख गरिएको बाहेक वित्तिय विवरणहरुले वित्तिय अवस्थाको लागि मिति ३१ आषाढ २०७६ (१६ जुलाई २०१९ को वित्तिय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको बर्षको कारोबारको नतिजा, नगद प्रवाह तथा इक्विटिमा भएको परिवर्तनको लागि क्रमशः नाफा नोक्सानको विवरण, नगद प्रवाह विवरण तथा इक्विटिमा भएको परिवर्तनको विवरणले सारभूत रुपमा समुचित तथा यथार्थ चित्रण गर्दछ तथा ति विवरणहरुले नेपाल लेखामान् तथा कम्पनी ऐनको पालना गर्दछ ।

अन्य कानूनी तथा नियमनकारीको आवश्यकता अनुसारको प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हाम्रो लेखापरिक्षणको आधारमा तथा कम्पनी ऐन २०६३ को दफा ११५ बमोजिम देहायको प्रतिवेदन पेश गरेका छौं ।

१. लेखा परिक्षण सम्पन्न गर्न आवश्यक सुचना तथा स्पष्टीकरण हामीलाई प्राप्त भयो ।
२. हाम्रो परिक्षणको क्रममा कम्पनीले आफ्नो कारोबारहरु प्रतिविम्बित हुने गरी आफ्ना हिसाब किताबहरु प्रचलित कानुन अनुसार ठिकसँग राखेको पायौं ।
३. यस प्रतिवेदनसँग सम्बन्धित वित्तिय विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त पायौं ।
४. हाम्रो लेखा परिक्षणको क्रममा कम्पनीका सञ्चालक वा कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै हानी नोक्सानी पुर्‍याएको देखिदैन ।
५. हिसाब किताबको परिक्षण तथा व्यवस्थापनको स्पष्टीकरणको आधारमा लेखापरिक्षणसँग सम्बन्धित समयअवधिमा कुनै लेखा सम्बन्धि बेहिसाब वा जालासाजी भएको देखिदैन ।

२.११ गोरखकाली रबर उद्योग, २०७६।७७ देखि २०७८।७९

कैफियत सहितको राय

हामीले गोरखकाली रबर उद्योगको यसै साथ संलग्न आषाढ मसान्त २०७७, २०७८ र २०७९ को वासलात, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं । यसमा देखिएका व्यहोराहरुको पाना १७ (सत्र) को प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । कुनै जवाफ भए आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को

दफा ३७ को उपदफा १ बमोजिम ३५ दिन भित्र उपलब्ध गराउनु हुन अनुरोध गरेकोमा २०८०।१२।५ मा प्रतिकृया वा जवाफ प्राप्त भएकोले यो अन्तिम प्रतिवेदन जारी गरेको व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछु ।

वित्तीय विवरणहरु प्रति व्यवस्थापनको दायित्वः नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । व्यस्थापनको जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटि बाट होस, सारभुत किसिमले जालसाजी वा त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा कार्यान्वयन र सञ्चालन गर्ने कार्य; लेखा नीतिहरूको छनौट तथा लागु गर्ने एंव परिस्थिति अनुसार लेखा सम्बन्धि महत्त्वपूर्ण अनुमान गर्ने पर्दछन् ।

लेखापरीक्षकको दायित्वः हाम्रो लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गर्यौं । यी मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रूपमा त्रुटिरहित भएको बारेमा आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्बन्धि सम्पादन कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरीएको कार्यविधि चाहे जालसाजी वा त्रुटि बाट होस, सारभुत रूपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देशयले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा उद्योगले वित्तीय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवं गरिएको महत्त्वपूर्ण अनुमानहरूको उपयुक्ताको तथा मूल्यांकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ । हाम्रो लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षकको रायः हाम्रो रायमा, यस उद्योगको वित्तीय विवरणले आषाढ मसान्त २०७७, २०७८ र २०७९ को आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको विवरण प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हदसम्म नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त अनुसार तयार पारिएको तथा यी विवरणहरूले समुचित तथा यथार्थ चित्रण गर्ने गरी लेजर तथा खाता नराखेको अर्थात वित्तीय विवरणको अभिलेख सफ्टवयरमा समेत नराखेकोले आन्तरिक लेखारीक्षणले उपयोग गरेको वित्तीय विवरणलाइ नै आधार मानी हामीले देहायानुसारको लेखापरीक्षण राय पेश गरेका छौ ।

उद्योगको परिचयः गोरखाको मजुवा देउरालीमा कम्पनी ऐन, २०२१ अन्तर्गत २०४१-२-३० मा ट्रक तथा ननट्रक टायर, ट्युव तथा फ्ल्यापको उत्पादन गरी विक्री वितरण गर्ने उद्देश्य सहित गोरखकाली रवर उद्योग लिमिटेड स्थापना भएको हो । जसमा नेपाल सरकारको साधारण शेयर तथा अग्राधिकार शेयर समेत गरी ३८.६३ प्रतिशत प्रत्यक्ष लगानी रहेको छ ।

यस उद्योगको वित्तीय स्थिति देहायानुसार रहेको छः

आय व्यय (रु हजारमा)

सि.न.	विवरण	२०७९	२०७८	२०७७	२०७६
१	विक्रीको आम्दानी				
२	लागत प्रत्यक्ष खर्च			(३२७४)	(३७५)
	कुल घाटा			**(३२७४)**	**(३७५)**
३	अन्य आम्दानी	२७३	११६४	७८५९	६१७५
४	ह्रास खर्च	**८०१७**	**८७१४**	९४८३	१०३३५
५	विक्री वितरण खर्च				१३४४
६	प्रशासकीय खर्च	४२७६	३९६६	६८७०	६२२३४८

७	व्याज खर्च	९३५५५३	९०३१३२	१०५५२९९	५३९८८
८	खुद नोक्सानी	(९४७५७३)	**(९१४६४६)**	**(१०६७०६६)**	**(६८५५८६)**
९	संचित नोक्सानी	**(५५७३६३७)**	**(४६२६०६४)**	**(३७११४१८)**	**(२६४४३५९)**
	वासलात				
	विवरण	**२०७९**	**२०७८**	**२०७७**	**२०७६**
क	**इक्वीटी तथा दायित्व**				
१	संचित नोक्सानी	(५५७३६३७)	(४६२६०६४)	(३७११४१८)	(२६४४३५१)
२	शेयर चुक्ता पुँजी	४३५८२२	४३५८२२	४३५८२२	४३५८२२
३	गैर चालु दायित्व (सुरक्षित ऋण)	१८४०९६१	१८४०९६१	१८४०९६१	१५२४७२५
४	व्यापारिक तथा अन्य भुक्तानी	३६०५५९३	२६६९९३७	१७६६८०६	१२८६९३०
५	छोटो अवधिको ऋण	१६०६४५	१६०६४५	१६०६४५	१३८२५५
	जम्मा	**४६९३८४**	**४८१३०१**	**४९२८१६**	**७४१३८१**
६	सम्भावित दायित्व आयकर				**८०४**
ख	**सम्पत्ती**				
१	जायजेथा प्लान्ट तथा उपकरण	१४३४३५	१५१४५३	१६०१६७	१६९६५०
२	जिन्सी मौज्दात	१७७३९४	१७७३९४	१७७३९४	१७७३९४
३	व्यापारी तथा अन्य प्राप्य रकम	(२१९३०)	(२१९७१)	(२२०२३)	(२२०२३)
४	अग्रिम भुक्तानी पेश्की र धरौटी	१४३३५८	१४४१७२	१४३३५७	७३६४०
५	नगद तथा बैंक मौज्दात	७१२७	३०२५३	३३९२१	३४२७२०
६	मुद्दती खाता	२००००			
	जम्मा	**४६९३८४**	**४८१३०१**	**४९२८१६**	**७४१३८१**

१. **नीतिगत व्यवस्थाः** नेपालमा राष्ट्रिय उद्योग तथा स्रोत साधनको संरक्षण तथा प्रवद्र्धन गर्नको निमित्त नेपालकोसंविधानले स्पष्ट मार्ग निर्देशन गरेको छ । नेपालको संविधानको धारा ५१ (घ) ८ मा राष्ट्रिय अर्थतन्त्रको विकासको लागि राष्ट्रिय उद्योग धन्दा र साधन स्रोतको संरक्षण र प्रवद्र्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने व्यवस्था गरेको छ भने सोही धाराको उपधारा घ(१०) मा राष्ट्रिय हित अनुकुल आयात प्रतिस्थापन, निर्यात प्रवद्र्धनका क्षेत्रमा वैदेशिक पूँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने व्यवस्था गरेको देखिन्छ । संविधानको यस व्यवस्थाको भावनाअनुरुप कार्य गर्नको निमित्त नेपाल सरकारको लगानीमा स्थापना गरिएका उद्योगहरुको पुनरुत्थान, सुदृढीकरण तथा प्रभावकारी सञ्चालन गर्नुपर्ने देखिन्छ भने निजी क्षेत्रका उद्योगका सन्दर्भमा रुग्ण उद्योग अन्तर्गत परेका उद्योगहरुलाई आवश्यक सहयोग, सुविधा सहित पुनरुत्थान गरी सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

त्यस्तैगरी नेपाल सरकारले तयार पारेको पन्ध्रौं योजनाको रणनीति तथा कार्यनीतिमा आयात प्रतिस्थापन गर्ने तथा अत्यावश्यक वस्तु तथा सेवा उत्पादन गर्ने रुग्ण उद्योग पुनस्र्थापन गरी सञ्चालन गरिने भन्ने व्यवस्था गरेको देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकारको नीति तथा कार्यक्रममा सरकारी स्वामित्वमा रहेका बन्द तथा रुग्ण उद्योग एवम् संस्थानलाई निजी क्षेत्र समेतको सहभागितामा उपयुक्त व्यवस्थापन, विधि र प्रकृयाबाट अधिकतम क्षमतामा पुनः सञ्चालन गरिने उल्लेख छ ।

यसै सन्दर्भमा नेपाल सरकार मन्त्री परिषदको मिति २०७७/०४/१९ गतेको निर्णयअनुसार रुग्ण उद्योगको पहिचान, वर्गीकरण र पुनरुत्थान, पुननिर्माण तथा व्यवस्थापनको लागि नेपाल सरकारलाई सुझाव दिन पुर्व सचिव दिपक सुवेदीको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको छ । उक्त समितिले नेपाल सरकार अर्थ मन्त्रालयले प्रकाशित गरेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षामा उल्लिखित विवरण, सरोकारवालाहरुसँगको छलफल तथा स्थलगत निरीक्षणको क्रममा प्राप्त जानकारीअनुसार उद्योगको भौतिक, वित्तीय, प्राविधिक तथा व्यवस्थापकीय पक्ष देहाय अनुरुप रहेको उल्लेख गरेको छ ।

१.१. **भौतिक पक्षः** यस उद्योगको स्वामीत्वमा मजुवा देउराली स्थित ६६२ रोपनी जग्गा रहेको छ भने सो जग्गामा सुविधा सम्पन्न कारखाना भवन तथा मेशिनहरु रहेका छन् । उद्योगको उक्त भवन तथा जग्गा उद्योगको उद्देश्यअनुरुप सदुपयोग हुन सकेको देखिदैन । उद्योगको प्रयोगविहिन जग्गामा अन्य उद्योगहरु पनि सञ्चालन गर्न सकिने अवस्था रहेको देखिएको उल्लेख छ ।

१.२ **वित्तीय पक्षः**

१.२.१ वित्तीय स्थितिः यस उद्योगको २०७९ अषाढ मसान्तमा शेयर रु ४३ करोड ५८ लाख २२ हजार रहेको छ । स्थिर सम्पत्ति रु. १४ करोड ३४ लाख ३५ अजार छ । चालु सम्पत्ति रु २ करोड ७१ लाख २७ हजार छ ।

१.२.२ उद्योगको आय तथा खर्च : उद्योगको आय छैन तसर्थ आयको खुलासा गर्न सकिएन ।

१.२.३ वित्तीय नतिजाको अनुपात विश्लेषणः उद्योगको आम्दानी नभएकोले सम्पत्तीसंग तुलना गर्न सकिएन ।

१.२.४ वित्तीय प्रतिवेदनमानको कार्यान्वयनको अवस्थाः सबै सरकारी निकायमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गर्नुपर्ने व्यवस्था भएपनि यस उद्योगले वित्तीय प्रतिवेदन तयार गर्न लेजर तथा अन्य खाता नै नराखेको कारण उक्त वित्तीय प्रतिवेदनमान लागु गर्ने अवस्था नै रहेको छैन ।

१.२.५ शेयरः यस उद्योगले रु ७५। दरका शेयर जारी गरेको छ । साधारण शेयरमा चुक्ता पूँजी रु.२८ करोड ७५ लाख ५ हजार मध्ये सर्वसाधरणको लागि ८३९९५३ शेयरले हुने रु ६ करोड २९ लाख ९६ हजार ४७५ चुक्ता देखाएको भए पनि ४४३८ कित्ताको रु ३,३२,८५०। चुक्ता हुन नसकेकोले उक्त रकम ऋणात्मक चुक्ता देखाएको पाइयो । यस्तै नेपाल सरकारले अग्राधिकार शेयरमा रु.१४ करोड ८६ लाख ५० हजार प्रत्यक्ष लगानी गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायानुसार रहेका छनः

क) वित्तीय विवरणमा ४४३८ कित्ता शेयर चुक्ता नभएको देखाए तापनि डा राम कुमार श्रेष्ठले दिएको सर्वोच्च अदालतको रिट WO -०८४५ मा दिएको लिखित जवाफमा रु ६ करोड १६ लाख २३ हजार ६७५ चुक्ता देखाएकोले ८२१६४९ कित्ता मात्र चुक्ता भएको उल्लेख गरेको छ । यस हिसावले १३८६६ कित्ता फरक परेको छ ।

ख) रिटको जवाफमा नेपाल सरकारको रु २ अरव ३५ करोड ६९ लाख ८४ हजार ३४ समेत साल्ट ट्रेडिंग लिमिटेडको रु ६ करोड २० लाख ६० हजार ५५० नेपाल वैंक लिमिटेडको रु १ करोड २० लाख राष्ट्रिय वाणिज्य वैंकको रु ३८ लाख ७० हजार नेपाल औद्योगिक विकास लिमिटेडको रु १ करोड ११ लाख १३ हजार २७५ नेपाल आयल निगम रु १ करोड ५४ लाख ५० हजार हिमाल सिमेन्ट कम्पनी रु ३९ लाख राष्ट्रिय विमा सस्थान रु ३७ लाख ५० हजार र नेशनल ट्रेडिंग लिमिटेड रु २६ लाख ६२ हजार ५०० वरावरको शेयर लगानी उल्लेख गरेकोले वित्तीय विवरणमा देखाएको शेयर लगानी भन्दा रु २ अरव ९ करोड ७५ लाख ९१ हजार ८८४ अर्थात ५८.१३ गुणाले वढी उल्लेख छ ।

२. **खर्च व्यवस्थाः** आर्थिक वर्ष २०७५।७६ मा रु ५४ लाख ६ हजार ४६४ रहेकोमा सो के कुन खर्चको लागि व्यवस्था हो उल्लेख नभएको कारण २०७८।७९ मा समेत सोही रकम वित्तीय विवरणमा पनि तिर्नको लागि व्यवस्था गरेको देखिन्छ । यसै गरी दिन पर्ने गरी तलव तथा ज्याला विमा कपडा उपदान र कर लगायतमा रु ५५ करोड

७२ लाख ४७ हजार ८५३ मात्र व्यवस्था गर्नुपर्नेमा रु ६५ करोड ५ हजार ५२६ गरेकोले ती खर्च शिर्षकमा रु ९ करोड २७ लाख ५७ हजार ६७३ वढी व्यवस्था गरेको लगायतका कारणले २०७६।७७, २०७७।७८ र २०७८।७९ मा रु ९ करोड ५८ लाख ९५ हजार ९०५ अनावश्यक व्यवस्था भएको पाइयो । यसैगरी रु १४ लाख ४६ हजार १२३ र ९२ लाख ९३ हजार ५०० पनि २०७५।७६ मा गरेको व्यवस्था २०७८।७९ सम्म नै सोही व्यवस्था रही रहेको छ ।

यसरी शेयर तथा अन्य खर्च व्यवस्थामा फरक हुनु र कुनै रकम वर्षेनी जिम्मेवरि मात्र सारिनुको प्रमुख कारण लेखा राख्ने रखाउने व्यवस्था भरपर्दो भएन र लेखापरीक्षणमा लेखाका आधारभुत लेजर तथा खाता नै पेश भएन साथै सफ्टवेयरमा लेखा पनि राखेको छैन । यसमा तत्काल लेखाको सफ्टवेयर राखी अभिलेख दुरुस्त बनाउनुपर्दछ ।

३. **लेखा व्यवस्थापनः** लेखा व्यवस्थापन र आन्तरिक लेखापरीक्षणको लागि २०७३।७४ देखि २०७५।७६ सम्म ३ वर्षको मु अ कर समेत रु ५ लाख ८ हजार ५०० र भ्रमण खर्च रु ६२ हजार ८०० समेत आर्थिक वर्ष २०७६।७७ मा अल्टीमेट इन्कर्पोरेशन प्राइभेट लिमिटेडलाई भौ नं ६ मिति २०७६।५।२० वाटर भुक्तानी गरेको छ । यसैगरी २०७७।७८ मा २०७६।७७ को लेखा व्यवस्थापन र आन्तरिक लेखापरीक्षणको लागि भौ नं ८ मिति २०७७।१०।१८ वाट सुरज एसोसिएट्स नयाँ वानेश्वरलाइ मु अ कर समेत रु २ लाख २६ हजार भुक्तानी गरेको छ । यस्तै भौ नं २५ मिति २०७९।३।२९ वाट जि प्रकाश एसोसिएट्सलाइ रु ९५ हजार भुक्तानी समेत रु ८ लाख ९२ हजार ३०० खर्च लेखेको छ । तर लेखापरीक्षणमा लेखाका आधारभुत लेजर नै पेश नहुनुका साथै सफ्टवेयरमा लेखा पनि राखेको छैन । तसर्थ यसमा तत्काल सुधार हुनुपर्दछ ।

४. **आयकर खर्चः** उद्योगको आर्थिक कार्यविधि विनियमावली २०६८ को विनियम ६.४ मा खर्च लेख्दा खर्चको पुष्ट्याई गर्ने प्रमाण तथा कागजात राख्नुपर्दछ । तर भौ नं ६४ मिति २०७७।२।२६ वाट आयकर वापत रु ९ करोड खर्च लेखेको छ । उद्योग स्थापनाकाल देखि नै नोक्सानीमा रहेको र २०७९ आषाढ मसान्तसम्म रु ५ अरव ५७ करोड ३६ लाख ३७ हजार १८६ संचित नोक्सानी भएको देख्दा देख्दै नेपाल सरकारवाट ५ प्रतिशत व्याजमा लिएको रकम आयकर प्रयोजनमा खर्च गरि आयकर लिनुपर्नेमा देखाउनु उचित देखिएन । उक्त रकम नेपाल सरकारको ऋण फिर्ता गरेको मानी हिसाव अध्यावधिक गर्नु पर्दछ ।

५. **उद्योग स्थापनाको लागि साइट सेलेक्सनः** उद्योगको स्थापना गर्दा कच्चा पदार्थको उपलव्धता र स्थापना गर्दा लाग्ने खर्च लगायतका कुरामा ध्यान दिई फिजीविलिटि अध्ययन गर्नुपर्दछ । तर मोरंग झापामा मात्र रवर उत्पादन हुने कुरा जान्दा जान्दै खयर पाउने स्थानमा ६६२ रोपनी जग्गा लिइ करोडौ खर्च गरेर रवर उद्योग स्थापना गर्नुको कुनै कारण देखिदैन । यस्तो हचुवा भरमा उद्योग स्थापना गर्ने प्रचलनको अन्त्य गर्दै यस्ता स्थानमा उद्योग चलाउन उपयुक्त छ भनी सिफारिस गर्ने माथि कानून वमोजिम जिम्मेवार तथा उत्तरदायी हुने परिपाटि वसाल्नु पर्दछ ।

६. **उद्योग संचालन र वन्दमा सुशासनको अवस्थाः** उद्योग नाफा हुने भए मात्र सञ्चालन गर्नुपर्नेमा स्थापनाकाल देखि नै नोक्सान भएको उद्योग २२ वर्ष सञ्चालन गरि २०७२ चैतमा वन्द भएको स्थिति छ । त्यस अवधिमा देहायानुसारका महाप्रवन्धक कार्यरत रहेका देखिन्छः

सि.नं.	महाप्रवन्धकहरु	समयावधि
१	हरिनारायण मल्ल	२०४२-२०४८
२	ईन्दु वहादुर शाही (२०५१ देखि सञ्चालन)	२०४८-२०५२
३	रामभक्त केसी	२०५२-२०५२ (५ महिना)
४	उमेश झा	२०५२-२०६०
५	भक्त प्रल्हाद पाण्डे	२०६०-२०६१
६	पुरुषोत्तम श्रेष्ठ	२०६१-२०६२
७	विनोद कुमार तिवारी	२०६२-२०६४

८	डा जटाधर झा	२०६४-२०६७
९	शितल काजी श्रेष्ठ	२०६७-२०७२
१०	दिनेश कुमार वर्तौला	२०७२-२०७५ माघसम्म निमित्त

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the NEA's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the entity's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the entity's to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the Group to express an opinion on the consolidated financial statements. We are responsible for the direction, supervision and performance of the group audit. We remain solely responsible for our audit opinion.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are

therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such communication.

Other Reporting Requirement Specific to Loan/Grant Agreement

As per the requirements of loan, grant and project agreements funding agencies, we report the following ratios:

SN	Particulars	Requirement	Actual
a	Debt Service Coverage Ratio (DSCR)	1.2	2.27
b	Rate of Return on Historic PPE	6%	4.50%
c	Total loss comprising of Generation Loss, transmission distribution loss	Not Specified	13.46%
d	Debt Equity Ratio	75:25	47.59 : 52.41
e	Current Ratio	At least 1	1.72
f	Average Collection period (months)	2	2.66

Note:

Average collection period has been calculated by excluding the receivable of Rs. 21,878.10 Million relating to due towards dedicated and trunk lines as these were also outstanding since previous years and there are disputes and legal cases pending.

३.७ मोदी जलविद्युत कम्पनी लिमिटेड, २०७९।८०

Auditor's Opinion

We have audited the accompanying Financial Statements of Modi Jalavidut Company Limited, Tripureshor, Kathmandu ("the Company"), which comprise the Statement of Financial Position as of 31st Ashadh, 2080, (16th July, 2023), the Statement of Profit or Loss and Other Comprehensive Income, Statement of Changes in the Equity, Statement of Cash Flows for the year then ended and Notes, Comprising a Summary of Significant Accounting Policies and Other Explanatory Notes.

In our opinion, the accompanying Financial Statements present fairly, in all material aspects, the financial position of the Company as at 31st Ashadh, 2080, (16th July, 2023), and its financial performance, its cash flows for the year then ended, in accordance with Nepal Financial Reporting Standards (NFRS).

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSA). Our responsibilities under those Standards are further described in the *"Auditor's Responsibilities for the Audit of the Financial Statements"* section of our report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants, together with the ethical requirements that are relevant to our audit of the Financial Statements and we have fulfilled our ethical responsibilities in accordance with these requirements and the ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion on the financial statements.

Key Audit Matters

Key audit matters are those matters that, in our professional judgment, were of most significance in our audit of the financial statements of the current period. There is no matter to be reported under Key Audit Matters.

Responsibilities of Management and Those Charged with Governance for the Financial Statements

Management is responsible for the preparation and fair presentation of the Financial Statements in accordance with NFRSs, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

Auditor's Responsibilities for the Audit of the Financial Statements

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risks of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosures in the financial statements or, if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Company to cease to continue as a going concern.

- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit. We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards. From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the financial statements of the current period and are therefore the key audit matters. We describe these matters in our auditor's report unless law or regulation precludes public disclosure about the matter or when, in extremely rare circumstances, we determine that a matter should not be communicated in our report because the adverse consequences of doing so would reasonably be expected to outweigh the public interest benefits of such communication.

Report on other legal and regulatory requirements

On the basis of our examination, we would like to further report that:

1. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.
2. The company has kept proper books of accounts as required by law, in so far as it appears from our examination of those books of account.
3. The Statement of financial position, statement of profit or loss and other comprehensive income, statement of cash flows, statement of changes in equity, significant accounting policies and notes to the accounts dealt by this report are in agreement with the books of account maintained by the company.
4. During our examination of the books of account of the company, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the company has acted contrary to the provisions of law or caused loss or damage to the company.
5. We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book, and
6. The company has not complied following provisions as per Companies Act, 2063
   a. The company has violated Section 86(3), section 92, section 164(1), and Section 185(1) of the companies Act, 2063 and the Section 178(2), Section 54(1), Section 55(1) and Section 100 of labor act, 2074.

३.८ स्यार्पु पावर कम्पनी लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले स्यार्पू पावर कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हाम्रो उत्तम जानकारीमा र हामीलाई दिइएको स्पष्टीकरणहरुको अनुसार माथि उल्लेखित वित्तीय विवरणहरुले, सारभूत रुपमा संस्थाको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदन मान अनुसार उचित रुपमा चित्रण गर्दछन् र सम्बन्धित ऐन लगायत नियम, कानुन अभ्यासको पालना गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु:

नेपाल वित्तीय प्रतिवेदन मान: सरकारी संस्थालाई २०७३/७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ । तर संलग्न गरीएको २०७९/८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिस्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षणको उत्तरदायित्व खण्डमा उल्लेख गरीएको छ । कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौ र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौ । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विस्वस्थ छौ ।

लेखापरीक्षणको मुख्य विषयहरु (Key Audit Matter) :

लेखापरीक्षणका मुख्य विषयहरु ती विषहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो ।

हामीले निर्धारण गरेका छौ कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरीएका कुराहरुका साथै निम्न मुख्य लेखापरीक्षण विषयहरु छन ।

मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matters)	मुख्य लेखापरीक्षणका विषयहरुलाई निम्न तरिकाबाट सम्बोधन गरियो
परियोजना कार्य प्रगतिमा **(Project WIP)** **वित्तीय विवरणको अनुसूची १२(क)** २०८० असार ३१ गतेसम्म कम्पनीको परियोजना कार्य प्रगतिमा विकास र निर्माणका लागि रु. ५०,४४०,५३१।८२ खर्च गरेको भएता पनि परियोजना संचालन र कार्यान्वयनमा आउन बांकी रहेको छ । परियोजना कार्य प्रगतिमा **(Project WIP)** खर्च अन्तर्गत डिजाइन, विकास, परीक्षण, लागत र अन्य संचालन खर्चमा अन्य आम्दानी घटाई लेखाङ्कन गरिएको छ ।	• संचालक समितिको वैठकको माइन्युट तथा कम्पनीको करार सम्झौता आदिको अध्ययन गरियो • खर्च र आय विवरण वा अन्य कुनै कागजातहरूलाई पुष्ट्याई गर्ने आवश्यक सूचना तथा कागजात अध्ययन गरियो । • बिल तथा भरपाई र कागजातहरु परिक्षण गरियो । • वित्तीय विवरणहरुमा खुलासाहरु गरिएका अनुसूचीहरुको पर्याप्त अध्ययन गरियो

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्योहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी कम्पनीको व्यवस्थापनको हो । साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बन्चित छन् भन्ने विस्वस्थ हुनको लागि आवस्यक पर्ने आन्तरीक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविछिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको

रुपमा प्रयोग गर्नुपर्दछ । कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उदेश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छ छैन भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगि मानसिक आस्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिक आस्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीकको जिम्मेवारी सम्वन्धि अन्य कुराहरु यस प्रकार छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरीएका रकमहरु तथा खुलासा गरिएका सुचना लगायत अन्य विवरण बारे पुष्टयाइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरीएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरीने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभुत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरीक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेशण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा कम्पनीले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रदान गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गराइन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारीत हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितीहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनालाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरीन्छ ।

७. शासकीय कार्यभार बहन नगर्ने व्यक्तिलाइ हामीले स्वतन्त्रता सम्वन्धि आचार संहिताको परीपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरीन्छ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्ने आवश्यक ठानेका सुचना, स्पष्टीकरण र जवाफ पाएका छौ ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताव सम्बन्धित ऐन बमोजीम माथी कैफीयत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठीकसँग राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु कम्पनीले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवम् स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि कम्पनीको संचालन समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा पदाधिकारी वा कुनै कर्मचारीले प्रतलित कानुन बिपरीत कुनै कार्य गरेको वा कम्पनी को सम्पती हिनामिना गरेको वा संस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

५. कम्पनीमा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

३.९ राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको २०८० आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तिय विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको २०८० आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

१. **चुक्ता हुन बाँकी शेयरः** बाँडफाँड भएको शेयर मध्ये नेपाल विद्युत प्राधिकरणबाट चुक्ता हुन बाँकी शेयर संख्या ३,२०,७७,३३१ कित्ता वापत रु. ३,२०,७७,३३,१००।- देखिन्छ । नेपाल विद्युत प्राधिकरणको विद्युत प्रसारण प्रणालीको मौजुदा संरचना यस कम्पनीमा समावेश गर्दा ती संरचनाहरुको मूल्यांकन गरी उक्त शेयर पुँजी वापत भुक्तानी हुन बाँकी रकम फरफारक गर्नुपर्दछ ।

२. **शेयर लगानीः** कम्पनीले सूचिकृत नभएको शेयर लगानी रु. २८,०५०,०००।- लागत मुल्यमा नै लेखांकन गरेको छ । नेपाल लेखामान ३६ बमोजिम उक्त शेयर लगानी रकमको क्षय जाँच गर्नु पर्छ ।

३. **सञ्चित घर विदाको बिमाङ्की मुल्याङ्कनः** कम्पनीले सञ्चित घर विदा वापत सृजना गरिएको दायित्व रकम रु. रु. ३,९१३,६५२।४० को नेपाल लेखामान १९ बमोजिम बिमाङ्की (अक्चयुरियल) मुल्यांकन गरेको पाइएन ।

हामीले नेपाल सरकारी लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेका छौं । हामी विश्वस्त छौं की हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

लेखापरीक्षणको मुख्य कुराहरु (Key Audit Matters)

हाम्रो व्यवसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लखोपरीक्षणका मुख्य कुराहरु हुन् । उक्त विषयवस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकीय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरु मध्येबाट गरिएका छन् । वित्तीय विवरणको लेखापरीक्षण र राय व्यक्त गर्नको लागि ती कुराहरु प्रस्तुत गरिएको छ र ती कुराहरु उपर अलग्गै राय व्यक्त गर्दैनौं । हाम्रो प्रतिवेदनमा जानकारी गराउनको लागि देहायका विषयवस्तुहरु लेखापरीक्षणका मुख्य कुराहरु हुन् भनी ठानेका छौं ।

१. **योजनाहरुको प्रगति तथा बजेट सदुपयोगिताः** आर्थिक वर्ष २०७९/८० मा कम्पनीले विभिन्न आयोजनाहरुको लागि लक्ष्य तथा कार्यक्रम निर्धारण गरेको र सो अनुसार वार्षिक बजेट तयार गरी सञ्चालक समितिमा पेश गरेकोमा सञ्चालक समितिले ती आयोजनाहरुको वार्षिक बजेट स्वीकृत गरेको छ । आयोजनाहरुको बजेट खर्च विश्लेषण यस प्रकार छः

विवरण	बजेट	खर्च	प्रतिशत
अचल सम्पत्ति	४८,१०,०००	२७,८९,४३५	५७.९९
वितरण प्रणाली	२५,४०,४९,१६५	२५,४०,४९,१६५	२१.२१
प्रशासनिक खर्चहरु	९,२३,६४,९७९	३,८३,९६,१०१	४१.५७

वार्षिक बजेट र वास्तविक खर्चको तुलनात्मक विवरण अनुसार वितरण प्रणालीमा खर्च अपेक्षाकृत देखिएको छैन ।

२. **शेयर संरचनाः** कम्पनीको शेयर पुँजी अन्तर्गत विभिन्न ८ संघीय मन्त्रालयले रु. ३ अर्ब ४९ करोड शेयर पूँजी चुक्ता गरिसकेको छन् । नेपाल विद्युत प्राधिकरणले जम्मा १.४१ प्रतिशत अर्थात रु. ५ करोड मात्र शेयर रकम चुक्ता गरेको छ । कम्पनी स्थापना हुँदा नेपाल विद्युत प्राधिकरणले ३,२०,७७,३३१ कित्ता शेयरको रकम जम्मा गर्ने व्यवस्था भए पनि सो शेयरको रकम चुक्ता गरेको छैन । यो कम्पनीले सरकारी शेयर लगानीमा मात्र निर्भरता रहनु औचित्यपूर्ण छैन ।

३. कम्पनीले केराबारी न्यु मर्स्याङ्दी १३२ के.भी. प्रसारण लाईन निर्माणको ठेक्का २०७८।०३।२७ मा लगाएको थियो। उक्त आयोजनाको अनुमानित लागत रु. ९५,२४,३३,४६० रहेकोमा २१.५४ प्रतिशत मात्र प्रगति भई १ वर्ष म्याद थप भएको छ । २०८० भाद्र ९ सम्म सम्पन्न गर्नु पर्नेमा भाद्र ९, २०८१ सम्म बढ्ने गरी अवधि बढाएकोमा आयोजनाको समय र मुल्य वृद्धि नबढने गरी समयमा निर्माण कार्य सम्पन्न गराउने व्यवस्था मिलाउनु पर्दछ ।

४. नेपाल विद्युत प्राधिकरणले संचालन गरेको राष्ट्रिय प्रसारण तथा ग्रिडहरुको प्रभावकारी व्यवस्थापनका लागि यो कम्पनी स्थापना भएको हो । यो कम्पनीले साविकमा विद्युत प्राधिकरणले निर्माण गरी पूँजीकरण गरेको र निर्माणाधीन ग्रिडसँग सम्बन्धित संरचनाको मूल्यांकन गरी शेयरको रुपमा यस कम्पनीमा हस्तान्तरण भएको छैन । यो कम्पनी स्थापना भएपछि ७ वटा ट्रान्सिमिशन लाइनको अध्ययन गरी ३ वटाको निर्माण शूरु गरे पनि सम्पन्न नभएको अवस्था छ । ट्रान्समिशन लाइन हस्तान्तरण सम्बन्धमा नीतिगत निर्णय गरी कार्यान्वयन हुन पर्दछ ।

व्यवस्थापन पत्र

व्यवस्थापनको सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यो जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटि बाट होस्, सारभूत किसिमको जालसाजी वा त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासंगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भुलबाट मुक्त छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमका

जालसाजी वा त्रुटि भएमा सो जालसाजी वा त्रुटि सधैं पता लाग्छ भन्ने छैन । जालसाजी वा त्रुटिहरु जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो जालसाजी वा त्रुटिपूर्ण वित्तिय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सुचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको जालसाजी वा त्रुटि पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थालले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तिय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मुल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्न व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेको श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठिकसँग राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले रोखेका हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टिकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले

प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामीना गरेको वा संस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी, भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

३.१० रघुगंगा हाइड्रोपावर लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले श्री रघुगंगा हाइड्रोपावर लिमिटेडको संलग्न २०८० आषाढ मसान्त (१६ जुलाई २०२३) को वित्तीय स्थिति विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, कैफियत सहितको रायको आधारहरु अनुच्छेदमा उल्लेख गरीएका विवरणले वित्तीय विवरणमा पर्ने असर बाहेक संलग्न वित्तीय विवरणहरुले संस्थाको २०८० आषाढ मसान्त (१६ जुलाई २०२३) को वित्तीय अवस्था र सोही मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा वा नोक्सानको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानूनको अधिनमा रही नेपाल वित्तीय प्रतिवेदनमान अनुसार यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधारहरु

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सार्वजनिक जवाफदेहिता भएका सस्थाहरुले अनिवार्य रुपमा आर्थिक वर्ष २०७३।७४ देखि वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गर्ने निर्देशन गरेको छ । यसरी नेपाल वित्तीय प्रतिवेदनमान अनुसार सेवा छुट व्यवस्था (Service Concession Arrangement) मा आवद्ध भई पुर्वाधार विकास गरी संचालन गर्ने संस्थाले वित्तीय विवरण तयार गर्दा तल उल्लेखित अवस्थामा अन्तराष्ट्रिय वित्तीय प्रतिवेदनमान व्याख्या समिति (IFRS Interpretation Committee) ले प्रस्तुत गरेको IFRIC- 12 को प्रावधानको पालना गरेको हुनु पर्दछः

- पुर्वाधार संचालक (Operator) ले कुन सेवा प्रदान गर्ने, कति मुल्य तय गर्ने तथा, कसलाई सेवा प्रदान गर्ने तथा कुन मुल्यमा सेवा प्रदान गर्ने कुराको नियमन तथा नियन्त्रण अनुदानकर्ताले (Grantor) ले गर्दछ ।
- संझौताका सर्तहरुको अन्त्यमा अनुदानकर्ताले पुर्वाधारमा, स्वामित्व लाभदायक हक वा अन्यथा कुनैपनि महत्वपुर्ण अवशिष्ट चासो मार्फत नियन्त्रण गर्दछ ।

१. संस्थाले उर्जा मन्त्रालय अन्तरगत विद्युत विकास विभागबाट अनुमति पत्र प्राप्त गरी विद्युत आयोजना निर्माण गरिरहेको छ । विद्युत खरिद सम्झौताको प्रावधान अनुरुप निर्धारण गरिएको बिक्री मूल्यमा नेपाल विद्युत प्राधिकरणलाई मात्र उत्पादित विद्युत आपुर्ति गर्नु पर्ने बाध्यकारी व्यवस्था गरिएको छ । अनुमति पत्रको शर्त अनुसार सम्झौताको अन्त्यमा आयोजानको पुर्वाधारहरुमा महत्वपुर्ण अविशिष्ट हित नेपाल सरकार संग रहने छ । यसर्थ यस संस्थालाई IFRIC-12 को प्रावधानहरु लागु हुन्छन र यसको पालन गरिएन भने वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ । यस संस्थाले वित्तीय विवरण तयार गर्दा IFRIC- 12 को पालना नगर्दा संस्थाको वित्तीय विवरणमा पार्ने असरको कुल रकम हामीले लेखापरीक्षणका बखत यकिन गर्न सकेनौं।

२. नेपाल विद्युत प्राधिकरण सँगको विद्युत खरिद बिक्री सम्झौताको बुदा नम्बर २ बमोजिम, सम्बन्धित निकायबाट विधिवत जारी भएको विद्युत उत्पादनको अनुमतिपत्र (Generation License) कम्पनीले प्राधिकरणमा बुझाएको मिति देखि प्रभावकारी हुने र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस) वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहने व्यवस्था रहे तापनी कम्पनीले भवनको उपयोग योग्य आयु ५० वर्ष अनुमान गरी ह्रासकट्टी गरेको कारण नाफा वा

नोक्सान विवरणको ह्रास खर्च साथै सो रकमले संस्थाको वित्तीय अवस्थामा पार्ने अन्य असरले गर्दा संस्थाको वित्तीय अवस्थाको यर्थाथ स्थितिको चित्रण गर्देन ।

३. राहुघाट जलविद्युत आयोजनाको सम्पूर्ण, सम्पत्ति खर्च तथा दायित्वको हरहिसाबहरु हस्तान्तरण गरी हिसाब मिलाउन, २०७९।०४।०१ गते नेपाल विद्युत प्राधिकरणले टिप्पणी र आदेश पेश गरे बमोजिम जायजेथा प्लाण्ट तथा उपकरण रघुगंगा हाइड्रोपावर लिमिटेडमा हस्तान्तरण गरीएको थियो । हस्तान्तरण भएका सम्पत्ति मध्ये कतिपय सम्पत्तिहरु पूर्ण रुपमा ह्रास भैसकेको र सो को खुद किताबी मूल्य वित्तीय विवरणमा रु. एक राखेको पाईयो । नेपाल लेखामान १६ "जायजेथा प्लाण्ट तथा उपकरण" बमोजिम सम्पत्तिको अवशेष मुल्य (Residual Value) तथा उपयोगी आयुको आर्थिक वर्षको अन्त्यमा कम्तिमा एक पटक समिक्षा गर्नुपर्ने व्यवस्था भएपनी, व्यवस्थापनले सो सम्पत्ति प्राप्ति पश्चात मूल्य तथा उपयोगी आयुको समिक्षा नगरेको कारणले संस्थाको वित्तीय विवरणमा पार्ने असरको कुल रकम हामीले लेखापरीक्षणका बखत यकिन गर्न सकेनौं ।

४. संस्थाको व्यवस्थापनले उपलब्ध गराएको लेखापरीक्षण अवधि भरिको आयोजना कार्य प्रगति विवरण अनुसार धेरै जसो Critical Activities हरुको कुनै कार्य प्रगति नभएको तथा कार्य प्रारम्भ गरी आंशिक तथा पूर्ण सम्पन्न भएको Critical Activities हरु पनि तोकिएको समय भन्दा अधिक समय लगाएको पाईयो । यसरी यस आ.व. को अन्त्य सम्ममा कार्य प्रगति नभएका, आंशिक सम्पन्न तथा पूर्ण सम्पन्न भएको Critical Activities हरुको समयावधि अनुसार विलम्ब शुल्क गणना गर्दा कुल अमेरिकी डलर तर्फ ३,१६१,१५५।४८ (२०८० असार ३१ गतेको विनिमय दर रु. १३१।७७ ले नेपाली रुपैया रु. ४१६,५४५,४५७।७७) तथा नेपाली रुपैया तर्फ रु. १५१,३६३,५६६।२५ गरी जम्मा रु. ५६७,९०९,०२४।०२ बराबरको रकम विलम्ब शुल्क बापत ठेकेदारबाट असुल गर्नुपर्ने देखिन्छ । नाफा वा नोक्सान विवरणमा विलम्ब शुल्क लेखांकन नगरेको कारण संस्थाको वित्तीय अवस्थामा पार्ने असरले गर्दा संस्थाको वित्तीय अवस्थाको यर्थाथ स्थितिको चित्रण गर्दैन ।

५. रघुगंगा हाईड्रोपावरले आयोजना प्रभावित बासिन्दालाई मुआब्जा तथा क्षतिपुर्ति भुक्तानी गर्नको निमित्त जिल्ला प्रशासन कार्यालय म्याग्दीलाई अग्रिम रकम निकासा गर्ने गरेकोमा विगत वर्षमा रघुगंगाले मुआब्जा तथा क्षतिपुर्तिका लागि निकासा गरेको अग्रिम रकम रु. १,९८९,२६५.६४ लाई क्षतिपूर्तिका रुपमा खर्च लेखांकन गरेको कारण नाफा वा नोक्सान विवरणको खर्च साथै सो रकमले संस्थाको वित्तीय अवस्थामा पार्ने अन्य असरले गर्दा संस्थाको वित्तीय अवस्थाको यर्थाथ स्थितिको चित्रण गर्देन ।

हामीले हाम्रो लेखापरिक्षण "नेपाल लेखापरीक्षणमान" बमोजिम सम्पन्न गरेका छौं । यी मान अन्तर्गतका हाम्रा दायित्वहरु यस प्रतिवेदनको "वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्थाले व्यवसायिक लेखापालका लागि आचारसंहितको हातेपुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त एवं उपयुक्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

यस अवधिको संस्थाको वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सवैभन्दा महत्वपूर्ण विषयहरु नै लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु हुन । यी विषयहरु वित्तीय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय बनाउने सन्दर्भमा सम्बोधन गरीएको थियो र हामी यी विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामीले तल वर्णन गरीएका विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्ने लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरुका रुपमा निर्धारण गरेका छौं ।

सि.नं	लेखापरिक्षण सम्बन्धि मूख्य विषयहरु	सम्बन्धित जोखिम	लेखापरीक्षकको प्रतिक्रिया
१.	**सुचना प्रविधि सामान्य नियन्त्रण** कारोवारको लेखाङ्कन र विभिन्न नियमनकारी निकायको निर्देशनको अनुपालनाका लागि आवश्यक पर्ने बिभिन्न प्रतिवेदनहरुको उत्पादनहरुको विश्वसनीयता सुचना प्रविधि, सफ्टवेयर र अन्य सम्बद्ध प्रणालीको प्रभावकारीतामा भर पर्दछ।	गलत तथ्याङ्कको प्रविष्टी तथा गलत तथ्याङ्कको गलत उत्पादनले व्यवस्थापन, शेयरधनी र नियामकहरुलाई गलत प्रतिवेदन पेश हुनसक्ने जोखिम रहन्छ ।	• संस्थाद्वारा प्रयोग गरिएको सफ्टवेयरको सञ्चालन प्रणालीबारे बुझ्यौं। • संस्थामा रहेको हाल अवस्थित सुचना प्रविधि प्रणालीमा तथ्याङ्कको प्रविष्टि र वित्तीय विवरणहरुको उत्पादन प्रक्रियाबारे बुझ्यौं । • प्रणालीबाट उत्पादित विभिन्न प्रतिवेदन नमुना कारोबारको आधारमा विश्लेषण गर्यौं । • संस्थाद्वारा हामीलाई उपलब्ध गराईएको सुचना प्रविधि प्रणालीमा हामीले विश्वास गरी हाम्रो लेखापरिक्षण सम्पन्न गर्यौं।
२.	नेपाल विद्युत प्राधिकरण संगको सहायक वित्तीय सम्झौता अन्तर्गतको ऋण र अन्य लेना देना हिसाव ।	गलत तथ्याङ्कको प्रविष्टी हुन सक्ने जोखिम रहन्छ ।	• यस आ.व. को लागि नेपाल विद्युत प्राधिकरण बाट प्राप्त सहायक ऋण सम्झौताका सम्बन्धमा EXIM Bank द्वारा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई पठाएको चिठ्ठीको अध्ययन गर्यौं। • ठेकेदारहरुको सम्बन्धमा लिखित समर्थन पत्र माग्यौ। • अन्यको हकमा हामीले व्यवस्थापन संग सोधपुछ, कागजहरुको परिक्षण गर्यौं र केहीको हकमा समर्थन पत्र माग्यौ।
३	आयोजनाको निर्माण कार्य करार अवधि भित्र सम्पन्न नभएकोले म्याद थप तथा भेरिएसन स्विकृत भएकोमा करारको परिमार्जित रकम भन्दा विभिन्न शिर्षकमा WAPCOS लाई वदेशी मुद्रा पारिश्रमिकमा ९७,०४२।२० (USD) स्थानीय कर्मचारीको पारिश्रमिकमा ६४,१५४।६० (USD), प्रतिपूर्ति योग्य व्यय १०,९७५।६० (USD), र विविध खर्चमा	अनुमोदित सम्झौता भन्दा बढी भुक्तानी भई लागत बढी हुन जाने जोखिम रहन्छ ।	• WAPCOS सँग गरिएको करार अध्ययन गर्यौं। • WAPCOS लाई गरीएको भुक्तानी अध्ययन गर्यौं ।

	३,७०२।२२ (USD) बढी भुक्तानी भएको ।		
४	ईलेक्ट्रोमेकानिकल कार्य (भारत हेवि ईक्यूमेन्ट लिमिटेड) का सम्बन्धमा परामर्शदाताको सिफारिस बमोजिम खरिद सम्झौताको म्याद तिन महिना अर्थात १६ अगष्ट, २०२३ सम्म थप गर्न स्वीकृति दिने निर्णय गरेकोमा आ.व. २०७९।८० को अन्त्य सम्म केवल ३१ दिन बाँकी रहेको अवस्थामा हाल सम्म १४.५ प्रतिशत मात्र कार्य सम्पन्न भएको हुदा उक्त ठेकेदारले करार बमोजिमको समयावधिमा कार्य गर्न नसक्ने ।	आयोजनाको ईलेक्ट्रोमेकानिकल कार्य पनि आयोजनाको निर्माण कार्य पूर्व निर्धारित करार बमोजिमको अवधिमा सम्पन्न हुन नसक्ने तथा करार अवधि थप हुँदा आयोजनाको लागत बढी हुने जोखिम रहन्छ ।	• भारत हेवि ईक्यूमेन्ट लिमिटेड सँग गरिएको करारको अध्ययन गर्यौं ।
५	आयोजनाको ठेकदार जयप्रकाश एसोसिएट्सलाई थप गरिएको समयावधि १९ अगष्ट, २०२३ भित्र पनि काम सम्पन्न हुन नसक्दा निज ठेकेदारले विभिन्न कारण देखाई म्याद थपको लागि निवेदन पेश गरेकोमा २०७९।१२।१४ गते बसेको संचालक समितिको बैठकले ठेकेदारबाट प्राप्त Revised Construction Schedule को आवश्यक मूल्यांकन गरि परामर्शदाता बाट राय सिफारिस प्राप्त भए पश्चात समितिमा पेश गर्ने निर्णय गरेकोमा सो को आवश्यक मूल्यांकनको काम सम्पन्न अझैसम्म नभएको ।	आवश्यक मुल्यांकन समयमानै नहुदा र Revised Construction Schedule समयमानै सम्पन्न नहुदा आयोजनाको निर्माणमा ढिलाइ हुने र निर्धारित समयमा आयोजना सम्पन्न नभएको अवस्थामा आयोजनाको परामर्शदाताको पनि समयावधि थपिने हुदा आयोजनाको लागत बढी हुन जाने जोखिम रहन्छ।	• ठेकेदार सँग गरिएको करार सम्झौताको अध्ययन गर्यौं । • संचालक समितिको बैठकको अध्ययन गर्यौं । • ठेकेदारले प्रदान गरेको Revised Construction Schedule को अध्ययन गर्यौं ।
६	कम्पनीले तय गरेको वार्षिक नीति तथा कार्यक्रम अनुरुप कार्यहरु सम्पन्न गर्न नसकेको ।	वार्षिक नीति तथा कार्यक्रम अनुरुपका कार्यहरु पूर्ण रुपमा सम्पन्न नहुँदा तय गरेको समयावधिमा आयोजनाको निर्माण कार्य सम्पन्न हुन नसक्ने जोखिम रहन्छ ।	• कम्पनीको वार्षिक नीति तथा कार्यक्रमको अध्ययन गर्यौं। • कम्पनीको आयोजनाको चौमासिक तथा वार्षिक प्रगति विवरणको अध्ययन गर्यौं । • कम्पनिको वार्षिक पूँजिगत तथा चालु बजेट तथा वास्तविक खर्चको तुलनात्मक विश्लेषण गर्यौं ।

ध्यानाकर्षित विषयहरु

लेखापरिक्षकको निष्कर्षमा यदि वित्तीय प्रतिवेदन सम्बन्धि कुनै विषय वित्तीय प्रतिवेदनका प्रयोगकर्तालाई महत्वपूर्ण हुने लागेमा लेखापरिक्षकको प्रतिवेदनमा ध्यानकर्षित विषयहरुलाई यस अनुच्छेदमा समावेश गर्ने गरिन्छ । हामीले देहायका विषयहरु वित्तीय प्रतिवेदनका प्रयोगकर्तालाई ध्यानाकर्षित गराउन आवश्यक ठानेका छौं ।

१. नदीजन्य निर्माण सामग्रीको अभावमा कार्य प्रगती सुस्त गतिमा भएको सम्बन्धमा

नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (U-IEE) को बुदा नम्बर २.७.१.५ अनुसार रघुगंगा हाइड्रोपावर निर्माणको लागि पावर हाउस नजिकै कालीगण्डकी नदीको दाहिने किनार र (Upstream of Intake) राहुखोलाको बायाँ किनार, निर्माण सामग्रीका लागि छनोट गरिने व्यवस्था उल्लेख गरिएको पाइयो।

सर्वोच्च अदालतबाट मिति २०७८।०३।२९ गते कालीगण्डकीको सौन्दर्यलाई नै असर पर्ने गरी नदीको प्राकृतिक बहावलाई परिवर्तन गर्ने, डयाम बनाउने, शालीग्राम एवं गिट्टी, बालुवा चोरी निकासी गर्ने उदेश्यले भएका निर्णय तथा कार्यहरु रोकी पाउन रिट निवेदन पेश भएकोमा उक्त रिटको अन्तिम टुङ्गो नलागेसम्म कालीगण्डकी नदीको सौन्दर्यलाई नै असर पर्ने कुनै कार्य नगर्न निर्णय गरिएको थियो।

सर्वोच्च अदालतको आदेशको कारण कालीगण्डकी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्न नपाउँदा ठेकेदार जयप्रकाश एसोसिएट्सलाई नदीजन्य निर्माण सामग्रीको अभाव भएको र समस्या परी कम्पनीमा सो कारण खुलाई आयोजना निर्माणमा ढिलाई हुने जानकारी मिति २०२३ अप्रिल ७ को पत्र बाट प्राप्त भएको पाइयो ।

२. वित्तीय विवरणप्रति व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, अभ्यास अनुरुप यथार्थ एवं उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रुपले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

वित्तीय विवरण तयार गर्दा कम्पनीको संस्थागत निरन्तरता क्षमताको जाँच गर्नु, लागु हुने भए अनुसारको संस्थागत निरन्तरता सम्बन्धि व्यहोरा उल्लेख गर्नु तथा व्यवस्थापनले संस्था खारेज वा सञ्चालन बन्द वा उपयुक्त कार्य गर्नु बाहेक अन्य उपयुक्त विकल्प नभएमा बाहेक संस्थागत निरन्तरता सम्बन्धि लेखाको आधार प्रयोग गर्नुपर्दछ ।

शासकीय भूमिका वहन गर्नेहरुले वित्तीय प्रतिवेदन तयारीको प्रक्रिया निरीक्षण गर्न जिम्मेवार छन् ।

वित्तीय विवरणको लेखापरिक्षणप्रति लेखापरिक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्रमा वित्तीय विवरणहरु जलसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आश्वश्तता प्राप्त गर्नु र लेखापरीक्षणको आधारमा हाम्रो राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु रहेको छ। मनासिब आवश्तता उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूतरुपमा गलत वर्णन भएको अवस्था सधैं पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन। गलत वर्णन एकल वा समष्टिमा जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र यी वित्तीय विवरणहरुको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र, सो गलत वर्णनलाई सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौं। यस क्रममा, हामीले,

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं। जालसाजीमा मिलीभगत, जालसाजी, जानीजानी भूल गर्ने काम, गलत प्रस्तुती वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिम, त्रुटिको कारणले हुने "सारभूत गलत वर्णन पहिचान" हुन नसक्ने जोखिमभन्दा बढि हुन्छ।

(ख) संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन।

(ग) संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता र लेखा अनुमानहरुको व्यवहारिकता तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौं।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौं ।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक क्रियाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमीकमजोरीलगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारसंहिताको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन

कम्पनी ऐन, २०६३ को आवश्यकता सम्बन्धि प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं किः

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफहरु सम्पुर्ण रुपमा पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा कम्पनीको हिसाब किताब बहिखाता श्रेष्ता र लेखासँग सारभुत रुपमा दुरुस्त रहेका छन् ।

ग) हाम्रो रायमा कम्पनीको हिसावकिताब ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणको आधारमा कम्पनीको संचालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरीत लेखासँग सम्बन्धित कार्य गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) कम्पनीको लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेष्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

३.११ एन इए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड, २०७९।८०

लेखापरीक्षकको राय

हामीले एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेडको (यस पछि "कम्पनी" भनिएको) यसैसाथ संलग्न २०८० असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्यिटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक कम्पनीको २०८० असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतीजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. **कर्मचारी बोनस :** बोनस ऐन, २०३० को दफा ५ को उपदफा (३) र बोनस नियमावली, २०३९ को नियम ६ को उपनियम (१) बमोजिम आ.व.२०७५।७६ को अन्त्य सम्ममा छुट्याइएको बोनस वापत रु.१५,७६,३७५, आ.व. २०७६।७७ मा छुट्याइएको बोनस वापत रु.९,०७,०६६, आ.व. २०७७।७८ मा छुट्याइएको बोनस वापत रु. ११,७६,६५८, आ.व. २०७८।७९ मा छुट्याइएको बोनस वापत रु.२२,१८,८१२ र आ.व. २०७९।८० मा छुट्याइएको बोनस वापत रु.१२,४२,५४० उपनियम (३) बमोजिम कम्पनीले बोनस वितरण गर्नु पूर्व नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्दछ र स्वीकृति प्राप्त भएपछि सोको जानकारी सम्बन्धित श्रम कार्यालयलाई समेत दिनु पर्दछ । आयकर निर्देशिका, २०६६ को बुंदा नं. १८.१३ को उपबुंदा नं. ३ बमोजिम बोनस वापत छुट्याइएको र खर्च कट्टी लिएको रकममध्ये पूरै वा आंशिक रकम उल्लिखित समय सीमाभित्र वितरण नभएमा आयकर ऐन, २०५८ को दफा २५ को उपदफा (१) को खण्ड (ग) बमोजिम त्यसरी वितरण नभएको वा हुन नसकेको रकम बोनस खर्च कट्टी लिएको आय वर्षको तत्काल पछिल्लो आय वर्षमा आयमा समावेश गर्नुपर्ने भएकोले कम्पनीको आयकर दायित्व भार बढ्ने देखिदा व्यवस्थापनले ध्यान दिनु पर्दछ ।

खास लेखापरीक्षकीय विषयवस्तु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै खास लेखापरीक्षकीय विषयवस्तु हुन् । उक्त विषयवस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकीय व्यवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरुबाट गरिएका छन् । वित्तीय विवरणको लेखापरीक्षण र राय व्यक्त गर्नको लागि ती विषयवस्तु प्रस्तुत गरिएको हुन्छ र ती विषयवस्तु उपर अलग्गै राय व्यक्त गर्दैनौं । हाम्रो प्रतिवेदनमा जानकारी गराउनको लागि देहायका विषयवस्तुहरु खास लेखापरीक्षकीय विषयवस्तु हुन् भनी ठानेका छौं ।

१. **काठमाडौं महानगरपालिका कार्यालयमा व्यवसाय दर्ता गर्नु पर्ने :** व्यवसाय कर विनियमावली, २०६९ को नियम ३ बमोजिम काठमाडौं महानगरपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि यस विनियमावली बमोजिम व्यवसाय दर्ता गर्नु पर्ने व्यवस्था बमोजिम यस कम्पनी काठमाडौं महानगरपालिका कार्यालय, बागदरबार, काठमाडौंमा दर्ता हुनको लागि व्यवस्थापनलाई ध्यानाकर्षण गराइन्छ ।

राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यवसायिक निर्णयमा हालको वित्तीय विवरणको लेखापरीक्षणमा सवैभन्दा महत्वपुर्ण थियो । हामिले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियतसहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य वताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटिवाट होस, सारभुत किसिमको गलत विवरण रहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक प्रणालीको तर्जुमा गर्ने, कार्यन्वयन र सन्चालन गर्ने, सम्पत्तीहरुको व्यवस्थापन र लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविच्छिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन र विषयवस्तुको स्तरियता विचार गर्नुपर्ने वा अविच्छिन्नतासंगै जानकारीहरुको खुलाशा गर्ने दायित्व व्यवस्थापनको रहेको छ । संस्थाको वित्तिय विवरणहरुको निरिक्षण गर्ने जिम्मेवारी शासकिय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटिबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु

हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

४.२ स्यार्पु कृषि कम्पनी लिमिटेड, २०७९।८०

१. कैफियत सहितको राय

हामीले स्यार्पू कृषि कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हाम्रो उत्तम जानकारीमा र हामीलाई दिइएको स्पष्टीकरणहरुको अनुसार माथि उल्लेखित वित्तीय विवरणहरुले, सारभूत रुपमा संस्थाको २०८० आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको

आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदन मान अनुसार उचित रुपमा चित्रण गर्दछन् र सम्बन्धित ऐन लगायत नियम, कानुन अभ्यासको पालना गर्दछ ।

२. राय व्यक्त गर्ने आधारहरुः

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको लेखापरीक्षणको वित्तीय विवरणको लेखापरीक्षणमा जिम्मेवारी शीर्षकमा थप व्याख्या गरिएको छ । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको The Handbooks of Code of Ethics for Professional Accountants अनुसार उक्त संस्थासँग स्वतन्त्र छौं र हामीले सो बमोजिमको नैतिक दायित्व/कर्तव्य/जिम्मेवारी पुरा गरेका छौ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणको क्रममा महत्व राख्ने विषय वस्तुलाई लेखापरीक्षणका मुख्य मामिला भनी वर्गीकरण गरिन्छ । सो मामिलाहरुलाई निम्न बमोजिम सारांशमा देखाइएका छन् । यी मामिलाहरु लेखापरीक्षणको क्रममा र मन्तव्य प्रस्तुत गर्नका निम्ति एकीकृत रुपमा सम्बोधन गरिएको छ । हामी यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं । हामीसँग यस सम्बन्धमा रिपोर्ट गर्न केही छैन ।

४. वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी

कम्पनीको व्यवस्थापन अन्य जानकारीको तयारीको लागि जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन ।

वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसँग सारभूत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसँग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।

यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिपोर्ट गर्नु आवश्यक छ । हामीसँग यस सम्बन्धमा रिपोर्ट गर्न केही छैन ।

५. व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा त्रुटि बाट होस सारभूत किसिमले जालसाजी वा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरण तयार गर्दा संस्थालाई विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा बन्द गर्नु बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको निरन्तर सञ्चालनका लागी संस्थाको क्षमता मूल्याकंन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापानमा रहेको छ ।

सञ्चालक समिति कम्पनीको वित्तीय रिर्पोटिङ प्रक्रियाको निरीक्षणको लागी जिम्मेवारी छ ।

६. लेखापरीक्षकको वित्तीय विवरणको लेखापरीक्षणमा जिम्मेवारी

हाम्रो उद्देश्यहरु सम्पुर्ण रुपमा वित्तीय विवरण चाहे जालसाजी वा त्रुटि बाट होस् सारभूत रुपमा जालसाजी वा त्रुटिरहित छ कि छैन भन्ने बारे उचित व्यवहारिक आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्च स्तरीय आश्वासन हो । लेखापरीक्षण लेखापरिक्षणमान सिद्धान्त अनुरुप गरिएको

भएतापनि सारभूत जालसाजी वा त्रुटिहरु सधै पत्ता लाग्दछन् भन्ने ग्यारेन्टी हुँदैन । सारभूत जालसाजी वा त्रुटिहरु जालसाजी वा त्रुटि बाट उत्पन्न हुन सक्दछन् र त्यी जालसाजी वा त्रुटिहरु अलग-अलग रुपमा वा समग्ररुपमा वित्तीय विवरणको आधार प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

नेपाल लेखापरीक्षणमान सिद्धान्त अनुरुप लेखापरीक्षणमा हामी पेशागत न्यायको अभ्यास गर्छौं र लेखापरीक्षण दौरान व्यावसायिक सन्देह कायम राख्छौ । क्रमश हामीः

- वित्तीय विवरणमा चाहे जालसाजी वा त्रुटि बाट हुन सक्ने सारभूत गल्तीहरुको जोखिम पहिचान मुल्याङ्कन गरी, ती जोखिमहरुको लागी उत्तरदायी लेखापरीक्षण प्रक्रियाहरु डिजाइन र अबलम्बन गर्दैछौं । जालसाजी वा त्रुटिहरु हुने सारभूत गल्तीहरु पत्ता लगाउन भन्दा जालसाजीबाट हुने सारभूत गल्तीहरु पत्ता लगाउन नसक्ने जोखिम अधिक हुन्छ किनकी जालसाजी सामुहिक सम्बन्ध, जानाजानी चूक, गलत प्रतिनीधित्व वा आन्तरिक नियन्त्रण प्रणालिको ओभराइड समावेश हुन सक्छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितामा राय व्यक्त गर्ने उद्देश्यका नभई, लेखापरीक्षणको परिस्थितिमा उपयुक्त हुने लेखापरीक्षण प्रक्रियाहरु डिजाइन गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य मूल्याङ्कन र लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धित खुलासाहरु अध्ययन गर्दछौ ।

हामीले व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवार भएका व्यक्तिहरु मार्फत लेखापरीक्षणको समय तालिका, योजना गरिएको क्षेत्र र महत्वपूर्ण खोजहरु, लगायत संस्थाको आन्तरिक नियन्त्रण विधिमा रहेको कमी कमजोरीहरु जानकारी गरायौं ।

माथी उल्लेख गरिएका कुरासँगै हामीले स्वतन्त्रताको प्राशंसानिक नैतिक आवश्यकताहरु पालना गरेको र हाम्रो स्वतन्त्रतामा बाधा पुऱ्याउने सबै तत्वहरु लेखापरीक्षण गर्ने दौरान आएको खण्डमा व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवार भएका व्यक्तिहरुलाई जानकारी गराउनेछौ भन्ने कुराको बयान दियौं ।

७. अन्य कानूनी तथा नियामक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं किः

१) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौ ।

२) कम्पनीले आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको पायौं ।

३) वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम तयार भएको छ। प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबहरुसँग दुरुस्त छन् । कम्पनीले लेखा तथा श्रेस्ताहरु प्रचलित कानून बमोजिम तयार गरेको पायौं ।

४) हाम्रो रायमा कम्पनीले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलित कानून तथा प्रचलन बमोजिम राखेको छ ।

५) हाम्रो रायमा कम्पनीबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

६) हामीलाई प्राप्त जानकारी र हामीलाई दिइएको स्पष्टिकरण र लेखापरीक्षणको लागि आवश्यक श्रेस्ताहरुको परिक्षणबाट, संचालक समिति अथवा कुनै पदाधिकारीले कानूनी व्यवस्थाहरु विपरीत वा अनियमित कार्य गरेको

वा कम्पनीलाई हानि नोक्सानी गरे गराएको, कम्पनी तथा लगानीकर्ताको हितको संरक्षण विपरीत कार्य गरेको जानकारी हुन आएन ।

४.३ कृषि सामग्री कम्पनी लिमिटेड, २०७८।७९

कैफियत सहितको राय

हामीले कृषि सामग्री कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, शेयरधनी स्वामित्व कोषमा परिवर्तन विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०७९ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१) **कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार ठेक्का वा करार अन्तर्गत गैर बासिन्दा व्यक्तीलाई दिने भुक्तानीमा ५ प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ। कम्पनीले विदेशबाट आयात गरेको मलहरुको भुक्तानीमा सो ५ प्रतिशत कर रकम कट्टी नगर्दा २०७१।७२ देखि २०७४।७५ सम्म गरेको खरिदमा २०७९।०७।१५ सम्म रु. ३,६३,६८,२२,७६० आयकर र थप व्याज तिर्नुपर्ने देखिन्छ।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन् । यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ । हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं । कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हाम्रो प्रतिवेदन गर्ने लेखापरीक्षणका मुख्य विषयहरु छैनन् ।

अन्य विषयहरु

१) **घरजग्गा/सम्पत्ति करः** मिति २०७९।०६।०९ मा काठमाडौं महानगरपालिका १४ नम्बर वडा कार्यालयबाट प्राप्त पत्र नं १४ वडा ०७९/८० अनुसार यस कम्पनिले काठमाडौं महानगरपालिकालाई घरजग्गा/सम्पत्ति कर वापत बक्यौता जरिवाना सहित रु. ४९,३२९,९३४.०४ तिर्नुपर्ने रहेको छ ।

२) नेपाल वित्तिय प्रतिवेदनमान -१३ अनुसार प्रत्येक सम्पतिको मुल्यांकन गर्नु पर्ने र अन्य सम्पति अन्तर्गत (सवारी साधन, कारखाना मसिनरी,ल्याब मसिनरी, फार्म मसिनरी, ढुवानी साधन, जोत्ने साधन, फर्निचर इत्यादि) को मुल्यांकन सही मुल्यमा गरेको छैन ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको

लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ । वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आकंलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो वाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ ।कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो गलत विवरण सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरणहरु जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरणहरु जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१) वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२) लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३) व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४) लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५) व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६) अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७) शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठीकसँग राखिएको छ ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

४.४ दुग्ध विकास संस्थान, २०७८।७९

कैफियत सहितको लेखापरीक्षकको राय

हामीले दुग्ध विकास संस्थानको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको एकीकृत वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत नाफा नोक्सान विवरण, एकीकृत नगद प्रवाह विवरण, एकीकृत इक्विटीमा भएको परिवर्तनको विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणले २०७९ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **मुद्दती खाता** : भारतको एक निकायबाट ४१५ मेट्रिकटन स्कीम मिल्क पाउडर खरदि गर्न २०५३।१०।०१ मा राष्ट्रिय वाणिज्य बैंकमा प्रतितपत्र खोले अनुसार ८० प्रतिशत अग्रिम बाँकी २० प्रतिशत सामान आयात भएपछि भुक्तानी पठाउनु पर्ने सम्झौता अनुरुपको गुणस्तर युक्त सामान नआएकोले २० प्रतिशत रकम भुक्तानी नदिई उक्त बैंकमा मौज्दात रहेको छ । राष्ट्रिय वाणिज्य बैंक सञ्चालक समितिको २०७६।३।२७ र २०७६।३।३० को बैठकले राष्ट्रिय वाणिज्य बैंकमा मुद्दती खातामा रहेको रकम उक्त मिल्क पाउडरको कारोबारबाट सृजित दायत्विसँग राफसाफ गरी मुद्दती खाताबाट रु १ करोड ३८ लाख कट्टा हुने निर्णय गरेको छ ।

   सो रकम दिनु नपर्ने विषयमा पुनरावेदन अदालत, पाटनबाट मिति २०५४।८।१३ र सर्वोच्च अदालतबाट २०६०।७।७ मा भएको फैसला अनुसार उक्त धुलो दुधमा अखाद्य पदार्थ फेला परेकाले संस्थानले बाँकी २० प्रतिशत रकम भुक्तानी दिन नपर्ने देखिन्छ । मध्यस्थताका लागि क्षेत्रिय केन्द्र क्वालालम्पुर मलेशियामा भएको उक्त निकायको दाबीमा समेत उक्त रकम र ब्याज भुक्तानीको दावी अस्वीकृत भएको छ । संस्थानको निवेदन अनुसार नेपाल राष्ट्र बैंकले २०६६।०९।०५ मा राष्ट्रिय वाणिज्य बैंकले उक्त मुद्दती खाता फुकुवा गर्नु पर्ने र

साँवा तथा ब्याज उक्त बैंकबाट असुल उपर गर्ने निर्देशन दिएको देखिन्छ । यसरी सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निणर्य भए तापनि सो विपरित राष्ट्रिय वाणिज्य बैंकको सञ्चालक समितिले मुद्दतीमा रहेको रकमबाट हिसाब मिलान गरेको छ । यसरी नियम विपरीत भएको भुक्तानीलाई स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरेको हुँदा संस्थानलाई नोक्सानी भएको छ । यस सम्बन्धमा सार्वजनिक लेखा समितिमा छलफल भई उक्त समितिको २२ औ प्रतिवेदनमा राष्ट्रिय वाणिज्य बैंकसँग समन्वय गरी उल्लेखित नोक्सानी र ब्याज असुल गरि प्रमाण समितिमा पेश गर्न तथा बैंकको सञ्चालक समितिको निणर्यमा सहभागि संस्थानका सञ्चालक सदस्यहरुलाई सचेत गराउन निर्देशन दिएकोमा संस्थानबाट उक्त बैंकलाई सार्वजनिक लेखा समितिको निणर्य/निर्देशनको जानकारी गराइएको भएतापनी असुल गर्नुपर्ने रकम बारे पहल भएको पाइएन । संस्थानका सञ्चालक सदस्यहरुलाई उक्त निर्देशन बमोजिम सचेत गराउनु पर्नेमा सो गराइएको पाइएन ।

२. **दुध तथा दुग्ध पदार्थको बिक्री** : गत आर्थिक बर्षको लेखापरीक्षण प्रतीवेदनमा उल्लेख भएको हेटौडां दुग्ध वितरण आयोजनाको दुध तथा दुग्ध पदार्थ बिक्री बापतको हिनामिना भएको देवेन्द्र तेल उद्योगसँग लिनु पर्ने रकम रु. १ करोड २० लाख हाल सम्म असुल भएको पाइएन । संस्थानले उक्त डिस्टिव्युटर विरुद्ध केन्द्रीय अनुसन्धान व्युरोमा उक्त रकम र ब्याजसहितको क्षतिपुर्ति विगो राखि जाहेरी दिइएकोमा हाल सम्म अनुसन्धानमानै रहेको पाइयो ।

३. **दुग्ध पदार्थ बिक्री रकम संकलन** : विगत वर्षहरु देखि कारोबार नरहेको तर बिक्री बापतको लिनु पर्ने रकम असुल भै नसकेको तथा संस्थानको नीति विपरित धरौटि र बैंक ग्यारेन्टिको सीमा भन्दा बढि उधारो राखि बिक्री गरि बाँकी देखाइरहेको रकम दुग्ध पदार्थ उत्पादन तथा बिक्री वितरण आयोजनामा रु. ६४,३१,६४०।२०, काठमाण्डौं दुग्ध वितरण आयोजनामा रु. १९,०१,४३३।२८, हेटौडा दुग्ध वितरण आयोजनामा रु. ७,३४,४९६।१५, नेपालगञ्ज दुग्ध वितरण आयोजनामा रु. ५,५३,२८१।८४, लुम्बिनी दुग्ध वितरण आयोजनामा रु १,४०,५६७।३९, विराटनगर दुग्ध वितरण आयोजनामा रु १,५१,०७०।५७ समेत रु. ९९,१२,४८९।४२ बाँकी रहि रहेको छ । उक्त रकम समयमै असुल नहुँदा संस्थालाई जोखिम हुने देखिन्छ ।

४. **बैंक हिसाब भिडान** : लेखा हिसाब अनुसारको बैंक मौज्दात, बैंक समर्थन पत्र र बैंक स्टेटमेण्ट सँग भिडान गरि अद्यावधिक गर्नु पर्नेमा संस्थानले बैंक हिसाब भिडान गरेको पाइएन । संस्थानको दुध तथा दुग्ध पदार्थको बिक्री रकम जम्मा हुने बैंक खाताहरुको बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा बढि देखिएको रु १,६१,५९,३६५ र बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा कम देखिएको रु १,८३,२९,४११ को हिसाब भिडान गरिएको छैन । साथै, खर्चका लागि खोलिएको बैंक खाताहरुको बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा बढि देखिएको रु १,१७,७७७।४० र बैंक समर्थन पत्र भन्दा लेखा हिसाबमा कम देखिएको रकम रु १,४०,३६९।५५ को हिसाब भिडान गरिएको छैन । समयमा नै बैंक हिसाब मिलान गरी स्रेस्ता अध्यावधिक गर्नुपर्ने देखिन्छ ।

सञ्चालनमा नरहेको खाता पहिचान गरि समयमै खाता बन्दी नगरी राखेको र समर्थन पत्र समेत नलिएको पाइयो । लेखा हिसाबमा देखिएको केन्द्रिय हिसाबमा रु. ७५,३६,११२।९६, काठमाण्डौं दुग्ध वितरण आयोजनामा रु ५३,७६,२६९।३६, लुम्बिनी दुग्ध वितरण्ग आयोजनामा रु १,०१,४१०।०३ गरी समेत १,३०,१३,७९२।३५ बैंक मौज्दातको समर्थन पत्र लिएको छैन । उक्त रकम यथार्थ रहे नरहेको यकिन गर्न सकिएन ।

५. **लगानी** : विगत वर्ष देखि चितवन मिल्क लिमिटेडमा रु. २ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रु ३४ लाख ८ हजार १ सय र दोलखा डेरी उद्योगमा रु १ करोड २७ लाख ५० हजार शेयर लगानी रहेकोमा चितवन मिल्क लिमिटेड र दोलखा डेरी उद्योगबाट शेयर प्रमाणपत्र जारी भएको पाइएन । लगानी रहेको उक्त संस्थाहरु विगत देखि नै घाटामा संचालन भैरहेकोले हालसम्म लाभांस पनि प्राप्त गरेको देखिदैन । विगत बर्षदेखि लगानी भएको तर लाभांस समेत प्राप्त नभएकोले सो लगानीहरुको विश्लेषण गरी उक्त लगानीहरु नेपाल वित्तीय प्रतिवेनदमान बमोजिम क्षयीकरण भए नभएको यकिन गरि आवश्यक क्षयीकरण बापत व्यवस्था गर्नु पर्नेमा सो गरेको पाइएन ।

६. **वित्तीय अवस्थाको एकीकृत विवरण** : संस्थानको दोलखा डेरी उद्योग लिमिटेडमा रु. १करोड २७ लाख ५० हजार को शेयर लगानी भएकोमा यस संस्थानको उक्त उद्योगमा ५० प्रतिशत भन्दा बढी लगानी भएको छ । उक्त

उद्योगको आर्थिक विवरण यस दुग्ध विकास संस्थाको आर्थिक विवरण संग एकीकृत भएता पनि संस्था र उक्त डेरी सँग हुने अन्तर कारोबारहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम हटाउनु पर्नेमा सो सम्बन्धी विवरण उपलब्ध हुन नसकेका कारणले उक्त समायोजन गरे/नगरेको यकिन हुन सकेन ।उक्त डेरी स्थापना भए पश्चात मात्र संस्थानले लगानी गरेको हुनाले दोलखा डेरी सहितको एकीकृत विवरणमा सो डेरी खरिद गरे वापत ख्याति वा पुंजीगत जगेडा आउनुपर्नेमा सो सम्बन्धी कुनै पनि हिसाब नगरीएको हुनाले एकीकृत विवरण नेपाल वित्तीय प्रतिवेदनमा बमोजिम नरहेको पाइयो । संस्थानको चितवन मिल्क लिमिटेडमा रु. २,००,००,००० को शेयर लगानी भएकोमा उक्त उद्योगमा भएको लगानी एसोसिएट्स कम्पनी अन्तर्गत छ छैन यकिन गरि एकीकृत वित्तीय विवरण बनाउनु पर्नेमा सो सम्बन्धी आवश्यक विवरण प्राप्त भएन ।नेपाल वित्तिय प्रतिवेदनमान बमोजिम लेखांकन र वित्तिय विवरण तयार गर्नु गराउनु पर्दछ ।

७. **जग्गाको स्वामित्व** : संस्थाले आफ्नो स्वामित्वमा रहेको सम्पत्तिको उचित संरक्षण गरी आफ्नो व्यवसायमा प्रयोग गर्नु पर्दछ। धादिंङ्ग जिल्ला अदालतको २०७२।११।१३ को निणर्य बमोजिम कटुन्जेको २ रोपनी २ आना २ दाम २ पैसा जग्गा लिलाम बढाबढमा संस्थानले सकार गरेको भएतापनि सो जग्गाको लालपुर्जा लगायतका स्वामित्व पुष्टि हुने कागजातहरु उपलब्ध भएन । संस्थानले दावी गर्दै आएको तर लालपुर्जा नभएको २४ स्थानमा जग्गा रहेका छन् । भक्तपुरको झौलेखको १६ रोपनी ५ आना जग्गा संस्थानको नाममा ल्याउन सञ्चालक समितिले दिएको निर्देशन बमोजिम कार्य भएको छैन । साथै, भक्तपुरको ताथलीको १ रोपनी ९ आना, भक्तपुर बागेश्वरीको १ रोपनी १० आना, काभ्रेको ३ रोपनी, रामेछाप क्यामाको ३ रोपनी, र माइपोखरीको २ रोपनी र सर्लाही नवलपुरको १ बिघा जग्गाहरुको लालपुर्जा नहुँदा वित्तीय विवरणमा उल्लेख गरेको छैन । उक्त जग्गाहरुको स्वामित्व अद्यावधिक गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

८. **चिज भण्डारणमा क्षति** : प्रशोधन शाखामा माल सामानको खपत तथा उत्पादन गर्दा र भण्डारणमा सामान भण्डार गरी राख्दा संस्थानले तोकेको न्यूनतम मापदण्ड (नर्म्स) भन्दा बढि क्षति हुनु हुदैन । दुग्ध पदार्थ उत्पादन तथा बिक्री वितरण आयोजना अन्तर्गत चिज स्टोरमा नर्म्स भन्दा बढि चिजको क्षति ३५४०।७८ के.जी, मूल्य रु. ५६,८२,५७७।२०, पशुपति नगर चिज उत्पादन केन्द्रबाट केन्द्र प्रमुख सरुवा हुदा भौतिक रुपमा मौज्दातमा नदेखिएको चिज १८९३।८ के.जी, मूल्य रु २६,१३,४४४।००, गोपेटार चिज उत्पादन केन्द्रको आर्थिक वर्ष अन्त्यको भौतिक परीक्षण गर्दा मौज्दातमा नदेखिएको चिज ४०० के.जी. मूल्य रु ५,५२,०००।०० र पशुपतिनगर चिज उत्पादन केन्द्रको आर्थिक वर्ष अन्त्यको मौतिक परीक्षण गर्दा भौतिक मौज्दातमा नदेखिएको चिज ७३८।४० के.जी. मूल्य रु १०,१८,९९२।०० समेत रु ९८,६७,०१३।२० भएको देखिन्छ ।उक्त क्षति सम्बन्धित पदाधिकारीबाट असुल वा फरफारक नगरी राखेको पाईयो ।

९. **अग्रिम भुक्तानी र पेस्की** : अग्रिम भुक्तानी र पेस्की बापत दिएको रकम समयमै खर्च/खरिद लेखी वा खर्च/खरिद हुन नसक्दा असुल उपर गरी राफसाफ गर्नु पर्नेमा बिगत वर्ष देखिको रकम अग्रिम भुक्तानी र पेस्की देखाएको छ । काठमाण्डौं दुग्ध वितरण आयोजनाको रु. ३४,६८,२३६।३०, हेटौडा दुग्ध वितरण आयोजनाको रु. २२,८३,५९९।३९, जनकपूर दुग्ध वितरण आयोजनाको रु. ११,४६,१४१।८३, लुम्बिनी दुग्ध वितरण आयोजनाको रु १,२०,४२२।२८ र धनगढी दुग्ध वितरण आयोजनाको रु ७,२७,८९७।१८ समेत रु. ७७,४६,३२३।९८ गत विगत वर्षहरु देखि बाँकी रहेकोले अग्रिम भुक्तानी र पेस्की फरफारक भएको छैन । उक्त रकमको फरफारक गरी हिसाब मिलान गर्नुपर्दछ ।

१०. **उपदान र बिदा वापतको भुक्तानी**: यस आर्थिक वर्ष सम्मको बिमाङ्कीय मापन अनुसार जम्मा रु १ अर्ब १७ करोड ८५ लाख रहेकोमा, संस्थानले सो दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि नागरीक लगानी कोषमा रु. ५० लाख मात्र दाखिला गरेको पाइयो । संस्थानले आफ्नो कर्मचारीहरुको अवकास योजना अन्तर्गत दायित्व व्यवस्थापन तथा भुक्तानीका लागि रु १ अर्ब १७ करोड ३५ लाख बराबरको सम्पत्ति छुट्याएको पाइएन । यसरी सारभूत दायित्व बराबरको सम्पत्ति नछुटाँउदा भविष्यमा तरलताको गम्भीर समस्या हुने देखिन्छ ।वीमाङ्कीय मूल्यांकन अनुसारको दायित्व वापतको रकम सम्बन्धित कोषमा दाखिला गर्नुपर्दछ ।

११. **अन्तर आयोजना** : काठमाण्डौं दुग्ध वितरण आयोजनाले केन्द्रीय कार्यालयलाई रु १,८८,३१२।३५ र दुग्ध पदार्थ उत्पादन तथा विक्री वितरण आयोजनालाई रु. ४,९१,९५५।०० विगत देखि लिन बाँकी देखाइ अगाडि सारिरहेको तर केन्द्रीय कार्यालयले र दुग्ध पदार्थ उत्पादन तथा विक्री वितरण आयोजनाले उक्त हिसाब दिनु पर्ने नदेखाएकाले, उक्त देखाएको रकम भिडान नहुँदा सो यर्थाथ रहे नरहेको यकिन गर्न सकिएन ।

१२. **रकम हिनामिना** : दुग्ध पदार्थ उत्पादन तथा विक्री वितरण आयोजनामा चेक मार्फत प्राप्त भुक्तानी नेपाल साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको रु. ५,४३,३३०।२२ (चेक नं. ००१६२२२२३५), रु. नेपाल खाद्य व्यवस्था तथा व्यापार कम्पनि लि.को रु. ४,९६,४००।०० (चेक नं. ११८६२०९००) तथा युगेन डेरि एण्ड सप्लायर्सको रु. ३५,००,०००।०० (चेक नं. ००३०९९८७८५) निज पार्टिहरुको लिनु पर्ने हिसाबमा मिलान गर्नु पर्नेमा उक्त आयोजनाको बिक्री शाखामा कार्यरत एक कर्मचारीसँग बाँकी रहेको लिनु पर्ने हिसाबमा घटाई दाखिला देखाएको पाइयो । यसरी एक संस्थाबाट प्राप्त रकम अन्य व्यक्तिको हिसाबमा घटाई देखाएकोले संस्थानको आन्तरिक नियन्त्रण प्रणाली अत्यन्त कमजोर रहेको तथा संस्थानको रकम दुरुपयोग भएकोमा सम्बन्धित व्यक्तिबाट ब्याजसमेत असुल गर्नु पर्ने देखिन्छ ।

१३. **समर्थन नभएको खाता** : आयोजनाहरुको लेखा हिसाब अन्तर्गत काठमाण्डौं दुग्ध वितरण आयोजनामा लिनु पर्ने हिसाब (असामी) मा समर्थन नभएको तथा कारोबारनै यकिन नभएको मौज्दात रु ९,१८,४५९।८५ समायोजन खाता भनि राखिएको पाईयो । साथै सोहि शीर्षक अन्तर्गत उधारो विक्री भनि लिनु पर्ने व्यक्ति वा संस्था पहिचान नभएको लिनु पर्ने रु.१७,५६,०५९।०७ समेत समावेश रहेको पाईयो । हेटौंडा दुग्ध वितरण आयोजनाको व्यवस्था अन्तर्गत समर्थन नभएको तथा कारोबारनै यकिन नभएको मौज्दात रु ६३,०२७।५७ शंकास्पद भनि दिनु पर्ने हिसाब राखिएको पाईयो । केन्द्रीय कार्यालयको व्यवस्था हिसाब अन्तर्गत समर्थन नभएको तथा कारोबारनै यकिन नभएको मौज्दात रु ९,५५,७६२।९८ शंकास्पद भनि राखिएको पाईयो । समग्रमा रु २६,७४,५१८।९२ को लिनु पर्ने रकम तथा रु १०,१८,७९०।५५ को दिनु पर्ने रकम भिडान नभएको र समर्थन पनि नहुँदा सोको वास्तविकता यकिन गर्न सकिएन ।

१४. **नेपाल सरकारसँग लिएको ऋण तथा ब्याज** : सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प.सं. ०७८।०७९ च.नं. ९१० को पत्र अनुसार नेपाल सरकारको आन्तरिक स्रोत बाट यस संस्थानमा रु ३५ करोडको ऋण लगानी रहेको छ । सो पत्र अनुसार २०७९ असाढ मसान्त सम्म नेपाल सरकारलाई उक्त ३५ करोड ऋण लगानी वापत भुक्तानी गर्न बाँकी साँवा किस्ता रु २,००,००,००० र व्याज रु १,१८,६४,८१०।२५ रहेकोमा संस्थानले मिति २०७९।०३।३० मा व्याज बापत रु १,१८,६४,८१०।२५ भुक्तानी गरिसकेको छ भने साँवा किस्ता रु २,००,००,०००।०० भुक्तानी गरेको छैन । तिर्नुपर्ने दायित्व समयमा भुक्तानि गर्नुपर्दछ । उक्त पत्रमा उल्लेख गरिएको बाह्य स्रोतको कर्जा लगानी बापतको विगत देखिको बाँकी व्याज रु २,४३,९८,५१० को संस्थानको लेखा हिसाबसंग रुजू तथा भिडान भएको पाइएन । साथै संस्थानको वित्तीय विवरणमा विगत देखि बाँकी देखिरहेको नेपाल सरकारलाई तिर्न बाँकी व्याज रु ४,६५,७५३ को बापत तिर्न बाँकी रहेको सो पनि रुजू तथा भिडान भएको पाइएन ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमान तथा महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं । ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ । बोर्डको वित्तीय विवरणको लेखापरीक्षणसंग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेको छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

लेखा परीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

हाम्रो पेशागत विवेकको आधारमा, संस्थानको यस अवधिको वित्तीय विवरणको लेखापरीक्षणलाई असर गर्ने अत्यन्त महत्वपुर्ण विषयहरु लेखा परीक्षणको मुख्य विषयको रुपमा लिइएको छ । यस्ता मुख्य विषयहरु लेखापरिक्षण तथा सोको राय व्यक्त

गर्दा समग्रमा लिइएको छ । साथै उक्त मुख्य विषयहरुका लागी बैग्लै राय व्यक्त गरिएको छैन । लेखापरिक्षणका यी मुख्य विषयहरु देहाय बमोजिम पहिचान गरी, लेखा परीक्षण गरिएको छ :

क्र.सं.	लेखापरीक्षणका प्रमुख विषयहरु	लेखापरीक्षकको प्रकृया
१.	**उत्पादन र स्टोर सामानको खपतको मापन** संस्थानले स्थानीय तहमा दुग्ध सहकारी मार्फत कच्चा दुध संकलन गरि उक्त कच्चा दुधको प्रशोधन गरि विभिन्न दुग्ध पदार्थ उत्पादन तथा बिक्री गर्ने गरेको छ । उत्पादनको लागत मापन तथा खपत भएको वस्तुहरुको खपत मुल्य निर्धारण गर्ने प्रकृयाको जटिलताका आधारमा उत्पादन र स्टोर सामानको खपतको मापनलाई लेखा परीक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ ।	क) स्टोर शाखाले देखाएको प्रशोधन निष्काशन नमुना आधारमा प्रशोधन शाखाले देखाएको खपत यथार्थ भए नभएको यकिन गरेका छौं । ख) स्टोर शाखामा क्षति भए नभएको यकिन गर्न स्टोर शाखाको मौज्दात विवरण र वर्षको अन्त्यमा गरिएको भौतिक परीक्षण नमुना आधारमा भिडान गरि हेरेका छौ ।
२.	**बिक्री रकमको संकलन तथा दाखिला** संस्थानको उत्पादन देश भरि रहेका विभिन्न ८ दुग्ध पदार्थ वितरण आयोजना र एक पशु आहारा कारखाना र उक्त आयोजनाहरुबाट सञ्चालित डिष्ट्रिव्युटर, बुथ म्यान र मिल्कबारहरुबाट बिक्री गर्ने गरेको छ । बिक्री बापतको रकम आयोजनाहरुले आफै संकलन गर्ने र संकलित रकम केन्द्रीय मुल खातामा दाखिला गर्ने आन्तरिक प्रणाली अपनाएको छ । केन्द्रीय मुल खाता केन्द्रिय कार्यालयको अधीनमा रहन्छ र सो खाताबाट रकम निकाशा समेत केन्द्रीय कार्यालयको मातहतमा रहन्छ । बिकेन्द्रीकृत बिक्री र सो बिक्री रकमको संकलनमा हुने जटिलताका कारण बिक्री रकमको संकलन तथा दाखिलाको विषयलाई लेखापरीक्षणको मुख्य विषयका रुपमा लिइएको छ ।	क) बिक्री रकम दाखिला समयमै हुने गरे नगरेको यकिन गर्न आयोजनाहरुले देखाइएको बिक्री रकम असुली र सोको दाखिला आयोजनाको लेखा विवरण र केन्द्रिय मुल खाताको बैंक स्टेटमेण्ट नमुना आधारमा भिडान गरेका छौ । ख) आयोजनाको लेखा विवरणमा देखाएको कुल दाखिला र केन्द्रको लेखा विवरणमा देखिएको कुल जम्मा भिडान गरि वार्षिक बिक्री रकम दाखिलाको भिडान गरेका छौ । ग) वर्षको अन्त्यमा मुल खातामा लेखा हिसाबमा देखिएको मौज्दात र बैंक समर्थन पत्र अनुसारको मौज्दात भिडान गरि बैंक कारोवारमा फरक रहे नरहेको यकिन गरेका छौ ।
३.	**सुचना प्रविधि प्रणाली तथा उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरु** संस्थानको वित्तीय प्रस्तुतिकरण, संस्थाले अपनाएको सुचना तथा तथ्यांक प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणमा आश्रित रहेको छ । तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यकता बमोजिम रहे नरहेको सुनिश्चीत गर्न सुचना प्रणालीको आन्तरिक नियन्त्रण आवश्यकता बमोजिम पर्याप्त तथा उपयुक्त हुनु पर्दछ । लेखा परिक्षण प्रकृया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकाले उक्त विषयलाई लेखा परीक्षणको मुख्य बुँदाको रुपमा लिइएको छ ।	संस्थानले अपनाएको सुचना प्रविधि प्रणाली संस्थानको लेखा प्रयोजनका लागी उपयुक्त रहे नरहेको नेपाल लेखा परीक्षण मानको आधारमा जाँच गरिएको छ । उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरुको प्रतिलिपिहरुको आधारमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ । प्रणालीबाट निस्कने तथ्यांकहरुको नमुना आधारमा हिसाब गरि चेक जाँच गरिएको छ ।

अन्य मामिला

१. **सहायक कम्पनीको वित्तीय विवरण र लेखा परीक्षण**: संस्थानको साहायक कम्पनी रहेको दोलखा डेरी उद्योग लिमिटेडको हामीले लेखापरीक्षण गरेका छैनौ। उक्त कम्पनीको लेखापरीक्षण वेग्लै नियुक्ति भएको लेखा परीक्षकद्वारा गरिएको छ । हामीले उक्त कम्पनीको यस संस्थानसँग सम्बन्धित वित्तीय तथ्यांकको सम्बन्धमा उक्त बेग्लै लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा आधारित रहि लेखा परीक्षण सम्पन्न गरेको छौ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** : संस्थानको वित्तीय प्रतिवेदन, नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन, नियम, कानुन अनुरुप प्रस्तुतिकरण तथा दैनिक कार्य सञ्चालन गर्न व्यवस्थापनले अवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यन्वयन हुने गरि स्थापना गर्नु पर्दछ । संस्थानको आन्तरीक नियन्त्रण प्रणाली अन्तर्गत विभिन्न शाखा हिसाब तथा शाखा प्रगति विवरण भिडान हुनू पर्ने, आयोजनाबाट संकलित बिक्री बापतको रकम केन्द्र कार्यालयले बैंक जम्मा भए नभएको यकिन गरि पार्टि हिसाब कायम गर्नु पर्ने, अन्तर आयोजना हिसाब भिडान गर्नु पर्ने, भौतिक परीक्षणमा देखिएको फरक तथा मापदण्ड भन्दा बढि भएको खपत वा क्षति समयमै मिनहा वा असुल गरि फरफारक गर्नु पर्ने, उधारो बिक्री गर्दा धरौटि वा बैंक ग्यारेन्टी सम्मको सिमा भित्र रहि मात्र उधारो दिनु पर्ने, आयोजना तथा केन्द्रिय कार्यालयको समयमै आन्तरीक लेखा परीक्षण हुनू पर्ने, आन्तरीक तथा बाह्य लेखा परीक्षणमा देखिएको बेरुजुको लगत राखि समयमै असुल तथा फरफारक हुनू पर्ने, संस्थान अन्तर्गतको भौतिक सम्पत्ती तथा संरचनाहरु तथा धरौटी हिसाबको स्वामित्व पुष्टि गर्ने कागजातहरु संस्थानमा सुरक्षित रहनु पर्ने आदि वित्तीय विवरणको उचित प्रस्तुतिकरण तथा नियमित कार्य सञ्चालनका लागी आवश्यक संस्थानले राखेको नियन्त्रण प्रणाली बमोजिम कार्यहरु नभएकाले संस्थानको आन्तरिक नियन्त्रण प्रणाली अत्यन्त कमजोर रहेको पाइयो ।

३. **संचालन जोखिम**: हामीले वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीहरुको बुँदा नं. ४.१.४ मा उल्लेखित विषयमा ध्यानकृष्ट गराउँदछौं । संस्थानको उत्पादन तथा बिक्री कच्चा दुधको स्थानिय उत्पादन भर पर्ने र संस्थानको उत्पादन तथा कच्चा पदार्थ नाशवान प्रकृतिको भएका कारण संस्थाले यस सम्बन्धमा जोखिम बहन गर्नु पर्ने हुन्छ । विगत देखि कच्चा दुध संकलन घटदै गइरहेको कारण संस्थानको कारोवार समेत घटदो अवस्थामा रहेको छ । विगत ५ वर्षको (आर्थिक वर्ष २०७३।७४ देखि) तुलनामा प्रशोधित दुधको बिक्री परिमाण ३० प्रतिशत भन्दा बढिले घटेको छ । साथै संस्थानमा हाल रहेका मौजुदा मेशिनरिज र ढुवानी साधनहरु पुरानो भई न्युन क्षमतामा सञ्चालन भैरहेको र मर्मत संभारमा अत्याधिक रकम खर्च भैरहेको अवस्था छ । उल्लेखित विषयहरुले हाम्रो राय परिमार्जन गरेको छैन ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

४.५ दोलखा दुग्ध उद्योग लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले यस साथ संलग्न श्री दोलखा दुग्ध उद्योग लिमिटेड, भिमेश्वर नगरपालिका-१० चरिकोट, दोलखाको ३१ आषाढ २०८० को वासलात र सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण इक्यूटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

आर्थिक विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरण तयार गर्ने एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनोट गर्ने र लागु गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छिन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबार बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छिन्नताको आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्णरुपमा जिम्मेवार रहन्छ ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरु सम्पुर्ण वित्तीय विवरणहरु सारभूत त्रुटीबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन की लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरिक्षणले जहिले पनि सारभूत त्रुटी पत्ता लगाउँदछ । त्रुटीहरु ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरुको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छिन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छिन्नताको सारभूत अनिश्चिता माथि शङ्का उत्पन्न गर्ने घटनाहरु वा अवस्थाहरु रहे नरहेको यकीन गर्दछौं । यदी सारभूत अनिश्चतता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरुसँग सम्बन्धित खुलासहरुमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदी त्यस्ता खुलासाहरु अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नु पर्दछ ।

“राय व्यक्त गर्न अस्विकार गरीएको आधार” अनुच्छेदमा उल्लेखित कारणले गर्दा नेपाल वित्तिय प्रतिवदेनमान अनुसारका वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्यात एवं उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौ ।

राय व्यक्त गर्न अस्विकार गरिएको आधार

सरकारी स्वामित्वका निकायलाई लागु हुने वित्तिय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तिय प्रतिवेदनमानमा परिवर्तन भएको छ । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुँदा संक्रमणकालिन व्यवस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिका आधारमा वित्तीय सूचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको आवश्यकता पर्दछ ।

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तिय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

राय व्यक्त गर्न अस्विकार गरीएको

“राय व्यक्त गर्न अस्विकार गरिएको आधार” अनुच्छेदमा उल्लेखित विषयवस्तुको सारगर्भियताका कारण, हामीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु उपर व्यक्त गर्नका लागि पर्याप्त एवं उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं । त्यसकारण नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप नभएको वित्तीय विवरणहरु उपर हामी राय दिदैनौं ।

उपरोक्त आधारमा लेखापरीक्षण गरी निम्नानुसारको प्रतिवेदन पेस गरेका छौं :

१. हामीले लेखापरीक्षणको क्रममा आवश्यक ठानेका जानकारी तथा स्पष्टीकरण यशशिघ्र तथा सन्तोषजनक रुपमा पायौं ।

२. हामीले लेखापरीक्षण गरेको श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब बहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

३. संस्थाको श्रेस्ता तथा हिसाब किताब ऐन बमोजिम ठीकसँग राखिएको छ ।

४. हाम्रो रायमा हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण अनुसार संस्थाका हिसाब किताबको परीक्षणबाट सञ्चालक समिति वा सोको कुनै सदस्य वा कुनै कर्मचारीले कानून विरुद्ध कामकाज वा वेहिसाब गरेको वा संस्थालाई नोक्सानी गरेको, गराइएको वा संस्थालाई हानी नोक्सानी गरेको, गराइएको वा संस्थाको तथा शेयर सदस्यहरुको हित र संरक्षण नहुने काम गरेको जानकारी आएन ।

५. हामीलाई अग्रिम करकट्टीको हिसाब गत विगत वर्ष देखि के कति रकम हुनु पर्ने हो, सो जानकारी आएन ।

५. खानेपानी मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

५.१ नेपाल खानीपानी संस्थान, २०७८।७९

कैफियत सहितको राय

हामीले नेपाल खानेपानी संस्थानको (यसपछि "संस्थान" समेत भनिएको) यसै साथ संलग्न २०७९ आषाढ ३२ (१६ जुलाई २०२२) को वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा सबै तथ्यगत श्रोतहरूमा वित्तीय विवरणहरूले आषाढ ३२, २०७९ को नेपाल खानेपानी संस्थानको वासलातले संस्थाको वित्तीय अवस्था, नाफा नोक्सान हिसाबले यसको वित्तीय कार्यसम्पादन, नगद प्रवाह विवरणले आर्थिक वर्षको नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका बुँदाहरुले वित्तीय विवरणमा पुर्याएको असर बाहेक, नेपाल वित्तीय प्रतिवेदनमानमा भएको व्यवस्था अनुरुप समुचित तथा यथार्थ रूपमा प्रस्तुत गरेको छ।

कैफियत सहितको राय

निम्न लिखित आधारहरूले प्रस्तुत वित्तीय विवरणमा असर पार्ने व्यहोराहरू:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** संस्थानको वित्तीय विवरणहरू नेपाल लेखामान बोर्ड (Accounting Standard Board of Nepal –ASB) द्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards – NFRS) अन्तर्गतको ढाँचा तयार गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७३।७४ बाट लागू भइसकेको छ । NFRS बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरू नगरिदाँ संस्थानको वित्तीय विवरणमा पर्ने समष्टिगत प्रभाव अनिश्चित रहेको छ, जुन समग्रमा सारयुक्त/सारभूत (Material) तथा व्यापक (Pervasive) हुन सक्छ । साथै, वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरूमा पर्ने समष्टिगत प्रभावको लागि पर्याप्त र उपयुक्त सबुत प्रमाणहरू प्राप्त गर्न सकिएन ।

२. **संचालन नतिजाः** संस्थानलाई यस वर्ष रु ४३ करोड ३६ लाख ३० हजार नोक्सान भएकोमा विगत वर्ष सम्मको नोक्सानी रु. २ अरब ५ करोड ६१ लख ८९ हजार समायोजन गरि हालसम्मको संचित नोक्सान रु. २ अर्ब ४८

करोड ९८ लख १९ हजार देखिएको छ । संस्थानले खानेपानी महसुल निर्धारण आयोगबाट मिति २०७०।११।०१ मा कायम गरेको खानेपानी महसुल दर बमोजिम नै खानेपानी शुल्क उठाउँदै आएको छ । संस्थानले लाभ लागतको विश्लेषण नगर्ने, खर्चमा नियन्त्रण नगर्ने (लागत अनुमान तथा स्वीकृति समेत एकै कर्मचारीले गर्ने, योजनाको लागत टुक्राई निर्माण र निर्माण सामाग्री खरिद अलग-अलग गर्ने), प्रणाली मर्मतमा नियन्त्रण कमजोर रहन, प्रत्यक्ष लागत खर्च समेत महसुल आम्दानीले धान्न नसक्नू, व्याज खर्च वृद्धि हुनु, जस्ता कारणहरूबाट खुद नोक्सानमा वृद्धि हुँदै गएको छ । संस्थानका ५० प्रतिशत भन्दा अधिक शाखाहरूको कार्य संचालन खर्च बराबर समेत आम्दानी नभएको, महसुल असुलीमा यथार्थ परक हिसाब नगरेको भएबाट संस्थानको निरन्तरता/ अविछिन्नता सिद्धान्त बमोजिम संचालनमा जाने क्षमता समेत यकिन गर्न सकिने अवस्था छैन ।

३. **संस्थानको कोषः** संस्थानको कोषमा आ.व. सम्म रू ८४ करोड ६५ लाख २८ हजार रहेको छ। आ.व. २०६८/६९ मा संस्थानको कोष शीर्षकमा रु ४७ करोड ५३ हजार रहेकोमा आ.व २०६९/७० मा खानेपानी तथा ढल निकास विभागबाट मिति २०५६ श्रावण मसान्तमा हस्तान्तरित भई आएका १२ वटा शाखाहरू (भद्रपुर, राजविराज, लहान, जलेश्वर, मलंगवा, गौर, भरतपुर, तौलिहवा, कृष्णनगर, धनगढी, महेन्द्रनगर र कलैया)को ह्रास कट्टी पछिको खुद स्थिर सम्पत्ति बापतको रकम रु. ३७ करोड ५६ लाख ५९ हजार लाई संस्थानको स्थिर सम्पत्तिमा लेखांकन गरी कोष हिसाबमा आम्दानी जनाइएको र यसरी हस्तान्तरण भएको १५ वर्ष पश्चात् हिसाबमा लेखांकन गर्दा सो सम्पत्तिहरूको हालको वास्तविक अवस्था यकिन गरी स्थिर सम्पत्तिमा पुंजीकरण गर्न योग्य सम्पत्तिहरूलाई मात्र पुंजीकरण गर्नुपर्ने मा सो बमोजिम नगरी एकमुष्ठ रूपमा देखाइएकोले संस्थानको कोष तथा सम्पत्तिको रकमले उचित एवं यथार्थ चित्रण गरेको छैन । उक्त व्यहोरा विगतका लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकोमा समेत कुनै सुधार भएको छैन ।

४. **ऋणः** नेपाल सरकारको गत आ.व. सम्मको ऋण रकम रु. १० अर्ब ४२ करोड ३५ लाख ९३ हजारमा रहेको थियो। यस आर्थिक वर्ष थप दीर्घकालीन ऋण रकम रु १ अर्ब ८० करोड नेपाल सरकारको ऋणमा लेखाङ्कन गरि कुल नेपाल सरकारको ऋण रु १२ अर्ब २२ करोड ३५ लाख ९३ हजार मौज्दात कायम भएको देखिन्छ। त्यस्तै विश्व बैकबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २९ हजारको आर्थिक वर्ष २०६९।७० देखि व्याज समेत भुक्तानी गर्न नसकेको र संस्थान निरन्तर नोक्सानमा गएको अवस्थामा उक्त ऋण रकम चालू दायित्वमा देखाएबाट प्रस्तुत वर्गीकरण यथार्थ परक देखिँदैन । साथै गत आ.व. सम्मको व्याज दायित्व रु ९९ करोड १२ लाख ६८ हजार रहेकोमा यस आ.व. मा संस्थानले नेपाल सरकार तथा विश्व बैकको ऋणको व्याज रकम रु. ४७ करोड ८५ लाख ७७ हजार थप गरेकोमा यस आ.व. संस्थानले रु ३० करोड भुक्तानी गरी वर्षान्तमा रु १ अर्ब १६ करोड ९८ लाख ४५ हजार मौज्दात रहेको देखिन्छ । सो भुक्तानी दिन बाँकी देखाइएको रकम महालेखा नियन्त्रक कार्यालयबाट भिडान गरि समर्थन नलिए बाट उक्त ऋण तथा व्याज रकमले यथार्थ प्रस्तुत गर्ने अवस्था देखिएन ।

त्यस्तै, नेपाल सरकार तथा जापान अर्न्तराष्ट्रिय सहयोग संस्था "जाईका" बीच भएको अनुदान सम्झौता र संस्थानको लागि भएको ऋणको सहायक सम्झौता बमोजिम संस्थानले पोखरा खानेपानी सुधार आयोजनाको लागि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको विवरणको आधारमा रु.१ अर्ब १६ करोड ९५ लाख ८८ हजार बराबरको रकम आ. व. २०७६।७७ मा दीर्घकालीन ऋण अन्तर्गत प्रस्तुत गरेको छ । प्रस्तुत रकमको ऋण आर्थिक बर्ष २०७४।७५ देखि २०७६।७७ सम्ममा जाईका बाट प्राप्त भएको थियो।। ऋण सहायक सम्झौताको दफा ३.०१ अनुसार आयोजना कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारले संस्थानका महाप्रबन्धकलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको भन्ने कुरा खुलाइएको भएतापनि, उक्त निर्माणाधिन कार्यको लागि आयोजनाको ड्रइङ्ग, डिजाइन, विस्तृत सर्भे प्रतिवेदन, लागत अनुमान, खरिद प्रकृयाका कागजात, निर्माण व्यवसायीसँग भएका सम्झौता, भुक्तानी प्रकृयाका कागजात तथा बिल बीजक, हालसम्म भएको कार्य प्रगति तथा मूल्यांकन विवरण लगायतका प्रमाण कागजात र सोको स्वीकृत भएको प्रमाणहरू, ऋण कायम गर्न सकिने रकम प्राप्ति तथा कार्यमा भएको भुक्तानीको विवरण लगायत आयोजनाको हालको अवस्था र लागेको लागतको यकिन गर्न भौतिक तथा वित्तीय प्रगतिको विवरण लेखापरीक्षणमा उपलब्ध नभएबाट प्राप्त रु.१ अर्ब १६ करोड ९५ लाख ८८ हजारको ऋण रकम र निर्माणाधिन सम्पत्तिमा प्रस्तुत गरेको उक्त रकमले वित्तीय विवरणलाई यथार्थता पुष्टि गर्न सकेको छैन । साथै गत आ.व.

२०७७।७८ एवम यस आ.व. २०७८।७९ मा उक्त परियोजनाको निर्माणाधिन सम्पत्ति सम्बन्धी प्रगति विवरण प्राप्त भएको देखिदैंन तसर्थ वर्षान्तमा कायम ऋण रकम एवं पुँजीगत खर्च (निर्माणाधिन) यकिन हुन सकेन ।

साथै, सार्वजनिक ऋण कार्यालयको आ.व. २०७८।७९ को प्रारम्भिक प्रतिवेदन (सार्वजनिक ऋण कार्यालयको वेबसाइटमा राखेको) अनुसार नेपाल खानेपानी संस्थानको २०७९ असार मसान्तको वैदेशिक ऋण रु ६,९७,२१,९१,७७५।७२ रहेकोमा संस्थानको लेखा अनुसार जाईका को रु १,१६,९५,८७,५४१।०० र विश्व बैंकको रु १४,२७,२८,८४०।०० गरी कुल रु १,३१,२३,१६,३८१।०० ऋण देखिएकोले फरक परेको रकम रु ५,६५,९८,७५,३९४।६६ को हिसाब मिलान गरी खाता अद्यावधिक गरिएको देखिएन। साथै सार्वजनिक ऋण कार्यालयबाट समर्थन पत्र (कनफर्मेसन लेटर) प्राप्त भएको पाइएन ।

५. चालु दायित्व तथा व्यवस्था

५.१ चालु दायित्वः संस्थानको हिसाबमा रु. ३ करोड १० लाख ३५ हजार विगत वर्षहरूबाट हिसाबमा जिम्मेवारी मात्र सर्दै आएको पाइयो । उक्त जिम्मेवारी सारी ल्याएको रकम मध्य खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरण भई आएको रकम रु. १ करोड २० लाख १० हजार अनुदान हिसाबमा सार्न गत वर्ष नै व्यवस्थापनलाई निर्देशन दिइएको जबाफ प्राप्त भए तापनि चालु दायित्वबाट अनुदान हिसाब नसारिएकाले उक्त रकमले चालु दायित्व र कोष हिसाबमा फरक परेको अवस्था देखिएको छ । त्यस्तै का.उ.खा.पा. व्यवस्थापन बोर्डको रकम रु १ करोड ७५ लाख २३ हजार विगत आ.व. २०७४।७५ मा भुक्तानी गर्न निर्देशन दिएकोमा हालसम्म सो रकम भुक्तानी गरिएको छैन ।

चालु दायित्वमा तिर्न पर्ने नपर्ने तथा विस्तृत विवरण समेत नभएकोमा विश्लेषण नगरी विगत वर्ष देखि "भुक्तानी गर्न बाँकी रकम (खर्च)" जिम्मेवारी आएका रकमहरूको गत वर्ष रु. ८ करोड ८९ लाख ३८ हजार रहेकोमा यस आर्थिक वर्षमा रु. ७ करोड २३ लाख ९० हजार रहेको छ । उक्त रकमको संस्थानले भुक्तानी गर्नुपर्ने नपर्ने यकिन गर्न सकेको छैन । त्यस्ता मौज्दातहरूलाई दायित्व नरहेको यकिन गरे पश्चात् आय लेखाङ्कन गरेर वित्तीय विवरणमा समायोजन/सम्मिलित गर्नु पर्नेमा नगरेबाट संस्थानले वित्तीय विवरणमा प्रस्तुत गरेको कुल तिर्नुपर्ने बाँकी रकम/मौज्दात को वास्तविक अवस्था चित्रण गरेको देखिएन ।

शंकास्पद जिन्सी र शंकास्पद अन्य मौज्दात व्यवस्थाको लागि संस्थानको स्पष्ट नीति रहेको छैन । संस्थानले विगत आर्थिक वर्ष देखि जिम्मेवारी सार्दै ल्याएको शंकास्पद जिन्सी रकम रु. ११ लाख ६९ हजार र शंकास्पद अन्य मौज्दातमा रु ३ लाख ३४ हजार रहेको छ ।

संस्थानकै अन्तर शाखाको जिन्सी हिसाब समायोजनको लागि केन्द्रको हिसाबमा शंकास्पद व्यवस्था गर्नु सामान्य लेखा सिद्धान्त विपरीत रहेबाट प्रस्तुत रकमले यथार्थ चित्रण गरेको छैन । साथै शंकास्पद अन्य मौज्दातले वास्तविक स्थिति यकिन गरेको देखिदैंन ।

५.२ धरौटी दायित्वः संस्थानले नयाँ धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैंक खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ । संस्थान हिसाब भिडान गरेको तथा प्रतिकृया बमोजिम समेत मिति २०७९ आषाढ मसान्तमा नयाँ धारा धरौटी बापतको दायित्व रु १६ करोड ८५ लाख ८७ हजार रहेको छ भने सम्बन्धित नगद तथा बैंक खातामा रु १६ करोड ८६ लाख ७ हजार भएबाट रु २० हजार बढी मौज्दात रहेको छ। गत वर्ष ५ लाख २ हजार घटी मौज्दात रहेको थियो । संस्थानको नीति बमोजिम छुट्टै बैंक खातामा जम्मा नगरि खर्च खातामा रकम जम्मा हुने गरेबाट उक्त रकम फरक परेको व्यवस्थापनले जबाफ दिए तापनि सो हिसाब समायोजन नगरेबाट यथार्थता प्रस्तुत गरेको छैन ।

बर्षान्तमा कुल तिर्न बाँकी अन्य धरौटी रु. ७ करोड ७४ लाख संस्थानले वित्तीय विवरणमा प्रस्तुत गरे तापनि विगत देखि जिम्मेवारी सर्दै आएका रकमहरूको र शाखा कार्यालयहरूले आ.व २०५५/५६ देखि अ.ल्या गर्दै आइराखेको निर्माण व्यवसायीहरूको धरौटी रकमको विश्लेषण गरि आवश्यक समायोजन नगरिएकाले धरौटी दायित्वले यथार्थता प्रस्तुत गरेको छैन ।

५.३ शंकास्पद आसामी व्यवस्था तथा अग्रिम प्राप्त महसुलः संस्थानले शंकास्पद आसामी व्यवस्था बापत अन्तिम आसामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद आसामी व्यवस्था गर्ने गरेको पाइयो । गत वर्ष सम्म शंकास्पद आसामी व्यवस्था बापत रु. ७ करोड ९९ लाख ६० हजार रहेकोमा यस वर्ष नाफा नोक्सान हिसाबमा रु. १५ लाख २ हजार खर्च लेखी वर्षान्तमा रु. ८ करोड १४ लाख ६१ हजार रहेको छ जुन संस्थानले यस आ.व. २०७८।७९ मा लेखांकन गरेको महसुल रकमको १३ प्रतिशत हुन आउँछ। शंकास्पद आसामी लेखांकन गर्दा आसामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नु पर्नेमा सो गरिएको पाइएन ।

६. **जीवन बिमा तथा अवकाश कोष व्यवस्थाः** संस्थानको जीवन बीमा कोष व्यवस्था अन्तर्गत गत वर्षसम्म रु. २ करोड ३७ लाख रहेकोमा यस वर्ष रु. ३६ लाख १४ हजार थप र रु. २६ लाख १६ हजार भुक्तानी गरी वर्षान्तमा रु. २ करोड ४६ लाख ९८ हजार रहेको छ ।

अवकाश कोष व्यवस्था अन्तर्गत उपदान, औषधि उपचार, घर बिदा र बिरामी बिदा बापत सिर्जना हुने दायित्वमा गत वर्षसम्म रु. ५० करोड ३१ लाख ५० हजार रहेकोमा यस वर्ष रु. ८ करोड ५५ लाख ७७ हजार उपदान बापत थप गरी र रु. ७ करोड ४ लाख २३ हजार भुक्तानी गरी वर्षान्तमा रु. ५१ करोड ८३ लाख ३ हजार अवकाश व्यवस्था रहेको छ ।

संस्थानले कर्मचारी अवकाश हुँदा प्राप्त गर्ने रकमलाई सुरक्षित गर्नका लागि अवकाश कोषमा रकम व्यवस्था गरि राखेको भएतापनि जीवन बीमा कोष तथा अवकाश कोषको नेपाल लेखामान बमोजिम Actuarial Valuation नगरिएकोले प्रस्तुत व्यवस्था रकमको पर्याप्तता यकिन गर्न सकिएन ।

जीवन बिमा तथा अवकाश कोष को जम्मा व्यवस्था रु. ५४ करोड ३० लाख २ हजार रहेको छ। त्यस व्यवस्था का लागी बैंक खाता मा रु. ८ करोड ४१ लाख ३७ हजार मात्र लगानी गरेको पाइयो जुन कोषको दायित्व भन्दा ४५ करोड ८८ लाख ६४ हजार कम रहेको छ ।

६.१ **जीवन बिमा तथा अवकाश कोष सम्बन्धित पेस्कीः** जीवन बिमा कोषलाई दिएको पेस्की/सापटी रु १ करोड ५३ लाख २३ हजार, विगत वर्ष देखि अ.ल्या. गरि ल्याइएको पाइयो । कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०४९ को विनियम ५१(७)(ग) अनुसार प्रत्येक महिना स्थायी कर्मचारीको तलव खर्चको ४% रकम बजेट व्यवस्था गरि सो कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहे तापनि सो रकम जम्मा गर्ने गरिएको पाइएन । कोषको वासलातमा रु २६ लाख ९४ हजार बराबरको मौज्दात बजेट तथा कोष शाखालाई पेस्कीमा देखाईएकोमा बजेट तथा कोष शाखाको वित्तीय विवरणमा दायित्व देखाइएको पाइएन ।

यस वर्षान्तमा कर्मचारी कल्याण कोष पेस्की शीर्षकमा लिनु पर्ने रु. २ करोड २७ लाख १२ हजार लेखांकन भएकोमा यस भित्र गत आ.व. को अ.ल्या. गरि ल्याइएको रु. २ करोड ५ लाख ६४ हजार रहेको पाइयो । संचालक समितिको मिति २०६९।०२।२८ को निर्णयानुसार अवकाश भएका कर्मचारीहरूलाई निजले पाउने उपदान रकमको ५% ले हुने रकम कर्मचारी कल्याण कोष खाताबाट उपदान रकम थप गरि भुक्तानी गर्ने निर्णय भएको पाइयो। सो रकम कल्याणकारी कोष खाताबाट नभई बजेट तथा कोष शाखाको नागरिक लगानी कोष खाताबाट (बिमा, औ.उ, बिदा भुक्तान खाता) भुक्तानी भएको पाइयो । संस्थानले कर्मचारी कल्याण कोष पेस्की रकम सिघ्र रुपमा फछ्यौंट गर्नुपर्ने देखिन्छ ।

७. **स्थिर सम्पत्तिः** संस्थानले यस वर्ष स्थिर सम्पत्तिमा रु. ४ अर्ब ४२ करोड ८४ लाख ४२ हजार प्रस्तुत गरेकोमा उक्त सम्पत्तिमा भवन, भूमि, सर्भिस रिजर्भ्वायर,पाइप लाइन, ढल, वेल, प्लान्ट एण्ड मेसिनरी र अन्य गरि अनुसूचीमा उल्लेख गरेको छ । विगत वर्षका लेखा परीक्षण प्रतिवेदनमा उल्लेख गरिए तापनि संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पातिहरूको विस्तृत विवरणहरू जस्तै सम्पत्तिको नाम, कोड नं, ह्रास कट्टी रकम, प्रयोग भएको स्थान, हालको

अवस्था, कार्य सम्पन्न मूल्य, योजना रहेको स्थान आदि खुल्ने गरि स्थिर सम्पत्ति अभिलेख तयार नगरेको अवस्थाबाट यर्थाथ चित्रण गरेको यकिन गर्न सकिएन।

क. संस्थानले आफ्नो स्वामित्वमा रहेको वा नरहेको र भोगचलन गर्दै आइरहेको घर जग्गा मध्ये केही शाखाहरूमा लालपुर्जा लिन बाँकी रहेको र साथै भोगाधिकार कागजातहरू, नक्सा, फिल्ड उतार, वास्तविक क्षेत्रफल समेत उल्लेख गरिएका कागजात हरू संकलन तथा सुरक्षित राखी अद्यावधिक गर्न बाँकी रहेको अवस्था रहेको छ । संस्थानले भोगाधिकार गरि आएका सम्पत्तिहरू मध्ये संस्थानको स्वामित्वमा ल्याउन पर्ने सम्पत्तिहरूलाई संस्थाको स्वामित्वमा ल्याउने कार्य बाँकी रहेको अवस्था रहेको छ । विगत वर्षहरू देखी लगातार लेखापरीक्षणमा उल्लेख गरिएता पनि स्थिर सम्पत्तिको पुंजीकरण गर्दा शीर्षक उपशीर्षकगत सम्पूर्ण व्यहोरा सहितको विवरण तयार गरि कार्य सम्पन्नता तथा यथार्थ स्थिति समीक्षा गरि पुंजीकरण गरिएको पाइएन ।

ख. नेपाल लेखामान बमोजिम स्थिर सम्पत्तिहरूको ह्रासकट्टि दर सो सम्पत्तिको उपयोग आयुका आधारमा गर्नुपर्ने भनी निर्दिष्ट गरेको भएतापनि संस्थानले सम्पत्तिहरूको ह्रासकट्टि गर्दा सो बमोजिम गर्ने गरेको पाइएन । साथै, प्रस्तुत वर्ष थप गरिएका सम्पत्ति रु ७९ करोड ८३ लाख १४ हजार मा ह्रास कट्टा गरेको पाइएन ।

ग. संस्थानलाई विभिन्न निकायबाट हस्तान्तरण भई आएको स्थिर सम्पत्तिहरूको उचित मूल्याङ्कन एवं समीक्षा भएको देखिँदैन । हस्तान्तरित स्थिर सम्पत्तिहरू पुँजीगत जगेडा कोष भनि लेखांकन भई हरेक आ. व. ह्रास कट्टि रकम घटाई प्रस्तुत गरेको देखिन्छ। यो वर्ष रु २४ लाख ८६ हजार सम्पत्ति पुँजीगत जगेडा कोषमा थप भएको तथा रु ३२ लाख २१ हजार ह्रासकट्टि भई वर्षान्तमा रु १४ करोड ७७ लाख २२ हजार कोषमा प्रस्तुत गरेको देखिन्छ । हस्तान्तरण भई सकेको वि.पी खा.पा. आयोजना कार्यको लागि प्राप्त रु. ८,४९८,७२८।६८ लाई पुँजीगत जगेडा कोष अन्तर्गत देखाइएको छ जुन विगतका वर्षहरू देखि ह्रासकट्टि नगरि अ.ल्या गरेको देखिन्छ।

घ. नेपाल खानेपानी संस्थान मलंगवा शाखालाई मिति २०७०।०६।११ देखि लागू हुने गरि श्री राम कविर मठको स्वामित्वमा रहेको क्षेत्रफल ०-३-० को मलंगवा न.पा. ४ मा स्थित जग्गा आजीवन बिना कुनै शुल्क लिइ भवन बनाइ भोगचलन गर्न दिने भनि करार गरेको पाइयो। श्री राम कविर मठको तर्फबाट रामनारायण राय यादवले हस्ताक्षर गरेकोमा शाखाले सो कार्य निमित्त रामनारायण राय यादव सगँ भोगचलन गर्न दिने अधिकार रहे नरहेको एकिन गर्ने कुनै कागजात लिएको पाइएन । सो करार गर्न रामनारायण राय यादवको अख्तियारी भित्र नरहेको र निजले आफ्नो व्यक्तिगत स्वार्थ पुरा गर्न नेपाल खानेपानी संस्थान मलंगवा शाखालाई मठको जग्गा भोगचलन गर्न दिएको भनि मिति २०७४।०२।०७ मा श्री राम कविर मठको तर्फबाट राम पुकार साह तेलीले दूषित करारनामा बदर गरी क्षतिपूर्ति दिलाइ पाउँ भनि नेपाल खानेपानी संस्थान मलंगवा शाखालाई प्रतिवादी बनाइ सर्लाही जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिन्छ । साथै मुद्दामा उल्लेख भए अनुरूप मठको स्वामित्वमा भएको जग्गा मठको संचालनको लागि नियमित आय श्रोत आर्जनको निमित्त राखेको र सो करारले त्यस्तो उदेश्यलाई नै असर पुर्याउने देखिन्छ । मिति २०७८।०४।१७ को सर्लाही जिल्ला अदालतको फैसला हेर्दा अदालतले २०७०।०६।११ मा बनेको करार दूषित देखि बदर गरेको देखियो तर क्षतिपूर्तिको लागि भने करारमा बहाल रकम उल्लेख नभएकोले दावी पुग्न नसकि बदर गरेको पाइयो । शाखाबाट प्राप्त गरेको जानकारी अनुसार हाल मुद्दा उच्च अदालत जनकपुरमा चलिरहेको छ, तर त्यस मुद्दा सम्बन्धित कुनै कागजात हामीले प्राप्त गर्न सकेनौ । सो सम्बन्धी शाखाको लगानी के कति रहेको जानकारी शाखामा उपलब्ध हुन सकेन।

८. **निर्माणाधिन सम्पत्तिः** वर्षान्तमा निर्माणाधिन सम्पत्तिमा रहेको रु. २ अर्ब ६५ करोड ३७ लाख १५ हजार मध्ये सम्पन्न भइसकेको आयोजनाहरू पुंजीकरण नगरिएको र अस्तित्वमा नरहेका सम्पत्तिहरू समेत उपरोक्त शीर्षकमा लेखांकन गरिएको छ । हेटौंडा खानेपानी योजनाको रु.१४ लाख ४२ हजार, भरतपुर खानेपानी योजना खानेपानी योजनाको रु. १९ लाख २९ हजार र वि.पी खा.पा. आयोजनाको २ करोड ३३ लाख ६१ हजार कार्य सम्पन्न भइसकेको तर कार्य सम्पन्न प्रमाणपत्र उपलब्ध नहुंदा पुंजीकरण नभएका र उक्त स्थानमा हाल संस्थानको कार्यक्षेत्र समेत नरहेकोमा संस्थानले औपचारिक हस्तान्तरण गरेको देखिँदैन । त्यस्तै जुगेडी आयोजनाको भौतिक पूर्वाधार नष्ट भएको रु. ३५ लाख २३ हजार र उत्पादन बृद्धि (बनेपा) मा आयोजना पुरा गर्न नसकिएकाले बीचमै छाडिएको रु.

३ लाख ९४ हजार तथा पूरा हुन नसकेको रोशी खोला आयोजना (बनेपा) को रु. ३० लाख ५५ हजारलाई समेत निर्माणाधिन सम्पत्तिमा प्रस्तुत गरेबाट उल्लिखित रकमले सम्पत्तिमा यथार्थ प्रस्तुत भएको पाइएन।

९. **आसामी तथा बक्यौताः** संस्थानको गत आ.व. रु. ७९ करोड ९६ लाख ४ हजार बक्यौता रहेकोमा यस आ.व. रु. १ करोड रु. ५० लाख २५ हजारले वृद्धि भई बर्षान्तमा रु. ८१ करोड रु. ४६ लाख २९ हजार पुगेको छ । संस्थानले यस आ.व. मा रु. ६१ करोड ४० लाख ८५ हजार महसुल आम्दानी गर्दा वार्षिक महसुलको १३२।७० प्रतिशत असामी रहेको छ।

उपभोक्ताहरूबाट अग्रिम प्राप्त रकम दायित्वतर्फ प्रस्तुत नगरि (कलैया शाखाको अग्रिम प्राप्त महशूल बाहेक जुन दायित्व मा प्रस्तुत गरेको छ।) उक्त बक्यौतामा नै घटाई देखाएबाट संस्थानको बक्यौता प्रस्तुत गरेभन्दा बढी रहेको छ । लेखापरीक्षण गरिएका संस्थानका शाखा कार्यालयहरूले अग्रिम प्राप्तको हिसाब प्रस्तुत गर्न नसकेको, उठ्न बाँकी रकम मध्ये कतिपय रकमहरू लामो समय देखि असुल नभइ हिसाबमा जिम्मेवारी सर्दै आएका र संस्थानले कुल अग्रिम प्राप्त रकमको हिसाब गरि दायित्वमा नदेखाएबाट उक्त रकमको यकिन भइ यथार्थ प्रस्तुत भएको छैन।

लेखापरीक्षणका सिलसिलामा संस्थानका विभिन्न शाखाहरूको कम्प्यूटराइज्ड सिस्टम र लेखा अनुसार असामीको विवरण र असामीको मूल खातामा देखिएको मौज्दात रकम र असामीको सहायक खाताले देखाएको मौज्दात बीच हिसाब भिडान भएको पाइएन । उदाहरणको लागि लेखापरीक्षणको लागि छनोट भएको शाखाहरूमा निम्नानुसार भिन्नता रहेको देखिएकोले संस्थानको आसामी रकमको यर्थाथ प्रस्तुत नरहेको देखिन्छ ।

शाखा	स्रेस्ता अनुसार	सिस्टम अनुसार	फरक
भद्रपुर	२,५१७,९६३।९७	१,९४७,७६७।६९	५७०,१९६।२८
भैरहवा	९,६१४,१५५।२९	६,४२९,४३८।०४	३,१८४,७१७।२५
तौलिहवा	२,२५६,९८२।७०	३,१०४,५६३।७१	(८४७,५८१।०१)
महेन्द्रनगर	६,९९०,८३९।२३	६,७५०,०७९।४४	२४०,७५९।७९
पोखरा	२२,६०,५८,६९४।०३	२२,५१,८३,३७३.९३	८,७५,३२०।१०

१०. **पेस्की तथा धरौटीः** संस्थानले आर्थिक वर्षको अन्तमा पेस्की तथा धरौटीमा रकम रु. २२ करोड २० लाख ४० हजार प्रस्तुत गरेकोमा गत विगत वर्षहरूबाट ७ शाखा कार्यालयहरूको पेस्की रु. ४२ लाख १८ हजार जिम्मेवारी मात्र सर्दै आएको पाइयो । सरकारी कार्यालय तथा निकायहरूको पेस्की रकमको समर्थन पत्र नभएबाट उक्त प्रस्तुत रकम यकिन गर्न सकिएन ।

११. **जिन्सी मौज्दातः** नेपाल लेखामान बमोजिम जिन्सी सम्पत्तिको मूल्यांकन लागत वा खुद प्राप्य मूल्य मध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्यांकन गर्नु पर्ने व्यवस्था भए तापनि संस्थानले जिन्सी मौज्दातको मूल्यांकन खरिद मूल्यका आधारमा गरेको छ ।

क. संस्थानले जिन्सी मौज्दातको भौतिक परीक्षण गर्ने गरे तापनि भौतिक परीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरूलाई हिसाबमा समायोजन गर्नुपर्नेमा सो बमोजिम गर्ने गरेको पाइएन, साथै Non-moving, काम नलाग्ने सामानहरूको उचित समीक्षा गरि वित्तीय विवरणमा समायोजन गर्नुपर्ने देखिन्छ । शाखाहरूमा विभिन्न नगरपालिका तथा उपभोक्ता समितिहरूबाटै समय-समयमा विभिन्न पाइप लगायतका अन्य उपकरणहरू प्राप्त गरिने र जिन्सी विवरणमा बिना दर उल्लेख गर्ने गरिएको पाइयो जसले गर्दा वास्तविक जिन्सी मौज्दात रकम यकिन गर्न सकिएन ।

ख. संस्थानका अधिकांश शाखाहरूमा प्रणाली मर्मतमा सवमरसिवल पम्प/पानेल बोर्डहरू पटक-पटक प्रतिस्थापन भएकोमा पुरानो पम्प जिन्सी खातामा आम्दानी बाँधेको पाइएन र पुरानो सामानहरू सहायेक खातामा राख्ने गरेको भनिए तापनि सोको अभिलेख प्राप्त हुन सकेन। काम नलाग्ने भई प्रतिस्थापन भएका उक्त मेसिनरी सामानहरू

स्थिर सम्पत्तिमा समेत समावेश हुने हुँदा जिन्सी मौज्दात तथा स्थिर सम्पत्तिको यथार्थता यकिन गर्न सकिने अवस्था छैन ।

ग. शाखा कार्यालयको लेखापरीक्षणको त्रममा जिन्सी मौज्दात विवरण र भौतिक परीक्षण प्रतिवेदन अनुसारको कूल जिन्सी रकममा मेल नरहेको उदाहरण भेटियो । जस्तै केन्द्रीय कार्यालयमा जिन्सी मौज्दात विवरण/खर्च ट्रायल ब्यालेन्स अनुसार जिन्सी रकम रू. ८,१३,३५८।७७ रहेको छ भने भौतिक परिक्षण प्रतिवेदन अनुसार रू ६,९३,४८८।९५ गरि जम्मा रु १,१९,८६९।८२ फरक रहेको देखियो।

१२. **बैंक तथा नगद मौज्दातः** विगत वर्ष देखि "उपत्यका भित्रका बैंक खाता रकम" मा रु. ३० लाख १८ हजार जिम्मेवारी सार्दै ल्याएकोमा सो को आवश्यक प्रमाण र कागजातहरू उपलब्ध हुन सकेन । बैंक रिकन्शिलेशन स्टेटमेन्टहरु राम्रोसँग तयार नभएका उदाहरणहरू भेटिएका कारण वित्तीय विवरणमा प्रस्तुत गरिएको बैंक मौज्दात यथार्थ परक रहेको यकिन गर्न सकिएन । विगत आ.व. देखि संस्थाको वित्तीय विवरणमा ऋणात्मक मार्गस्थ नगद रु. ८५,००० देखि रहेको छ जस बारे संस्थाबाट केही स्पष्टीकरण नआएकाले नगद मौज्दात यथार्थ परक रहेको यकिन गर्न सकिएन ।

क. २०७९ आषाढ मसान्तमा संस्थानको गौशाला शाखाको नगद मौज्दात रु ८,२६,१७९.४२ ऋणात्मक रहेकोले सो मौज्दात के कारणले ऋणात्मक भएको हो भन्ने यकिन हुन सकेन । सर्वमान्य स्वीकार्य लेखा सिद्धान्त अनुसार नगद मौज्दात कहिल्यै ऋणात्मक हुनु हुँदैन ।

ख. नेपाल सरकारले श्रोतको अभावमा १३ प्रतिशत सम्म व्याज दरमा टेजरी बिल लगायतमा आन्तरिक ऋण लिएको छ भने सरकारी संस्थाहरूले स्थापनाको उदेश्य अनुसार बैकमा रकम निष्कृय राख्दा न्यून ब्याज आर्जन भएको अवस्था छ । यो संस्थानको हकमा कार्य योजना विश्लेषण गरी बाँकी रहने रकमलाई सुरक्षित एवं बढी प्रतिफल दिने गरी आय आर्जन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

ग. पोखरा शाखा अन्तर्गत अनलाइन भुक्तानी दाखिला हुन बाँकी भनि रु.१०,३७,५११।३१ को विवरणमा उल्लेख गरि हिसाब भिडान तथा रिकन्सीलासनको विस्तृत विवरण उपलब्ध नभएको एवम् पछि दाखिला भएको प्रमाण लेखापरीक्षणको त्रममा उपलब्ध हुनसकेन।

१३. **आयकर तथा आयकरको परिपालनाः** संस्थानले आयकर ऐन, २०५८ को दफा ९६ ले व्यवस्था गरे बमोजिम आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्रमा आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेश गर्नु पर्ने व्यवस्था भएतापनि संस्थानले हालसम्म कुनै पनि आर्थिक वर्षको आय विवरण पेश गरेको पाइएन । संस्थानको हिसाबमा चालु सम्पत्ति शीर्षक अन्तर्गत अग्रिम आयकर शीर्षकमा रु. १० करोड ७७ लाख ३८ हजार देखाएको मध्ये यस वर्षको मात्रै रु. ३,०५,७६,१९८।९० अग्रिम आयकर कट्टी भएतापनि संस्थाको आन्तरिक राजस्व कार्यालयबाट प्राप्त अनुसूची १० को विवरण अनुसार आ.व. २०७८/७९ को अग्रिम आयकर मात्र रु. २,२२,७०,४०४।७८ दाखिला भएको देखिन्छ र बाँकी रकमलाई पुष्टि गर्ने कर दाखिला रसिद तथा प्रमाणहरू केही पनि उपलब्ध नभएकोले सो रकम संस्थाले तिर्नुपर्ने आयकर दायित्वमा मिलान गर्न सकिने आधार देखिएन । संस्थानले विगत वर्ष देखि आयकर ऐन बमोजिम आय विवरण दाखिला गरेको छैन भने नेपाल लेखामान बमोजिम स्थगन कर (Deferred Tax Asset/Liabilities) गणना समेत गरेको छैन ।

१४. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुवै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा यस आर्थिक वर्षमा उक्त व्यवस्थाको पूर्ण रूपमा पालना भएको देखिएन ।

१५. **शाखा हस्तान्तरणः** संस्थानको संचालक समितिको २०७७।०५।१९ मा बसेको बैठक नं. ४३३ अनुसार धरान शाखाको मूल्यांकित सम्पत्ति बराबरको रकम नेपाल सरकारको ऋणबाट कट्टा हुने गरी हस्तान्तरण गर्ने निर्णय गरेको देखिन्छ । साथै विरगंज महानगरपालिका र नेपाल खानेपानी संस्थान बीच भएको मिति २०७६।०८।२३ को सहमति अनुसार खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अलौ र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति विन्दवासिनी को संचालन र व्यवस्थापन नेपाल खानेपानी संस्थान विरगंज शाखा कार्यालयलाई दिएको पाइयो। नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ५ बमोजिम रहि सो परियोजना तथा शाखासँग सम्बन्धित सम्पत्ति तथा दायित्वको उचित मूल्यांकन गर्न का साथै वित्तीय विवरणमा समायोजन गरि अद्यावधिक गरेको देखिएन।

विगतका वर्षमा संस्थानको स्वामित्वमा रहेका हेटौंडा र भरतपुर शाखा, खानेपानी व्यवस्थापन बोर्डमा हस्तान्तरण भएको भएतापनि सो शाखा अन्तर्गतका सम्पत्ति तथा दायित्वहरू नेपाल खानेपानी संस्थानको वित्तीय विवरणमा प्रस्तुत भइ आएको र यसरी आफ्नो मातहतमा नरहेका शाखाहरूको सम्पत्ति तथा दायित्वहरू संस्थानको वित्तीय विवरणमा समावेश भएकोले संस्थानको वित्तीय विवरणले उचित एवं यथार्थ वित्तीय स्थिति चित्रण नगर्ने देखिन्छ।

१६. **महसुल तथा अन्य आम्दानीः** संस्थाले यस आ.व. मा महसुल तथा अन्य आम्दानी तर्फ रु. ९१ करोड ७४ लाख ४६ हजार प्रस्तुत गरेको छ। नेपाल खानेपानी संस्थान ऐन, २०४६" मा उल्लेख गरिए तापनि ऐन बमोजिम काम कर्तव्यहरू, जस्तै संस्थानले खानेपानी योजनाका अनुसार अनुवाद गर्ने, कार्यान्वयन गर्ने, सेवा प्रदान गर्ने, सेवा शुल्क र महसुल वस्तुको असुली गर्ने, खानेपानी र ढल निकासको सुविधा प्रदान गर्ने, संस्थानले आफ्नो सञ्चालन खर्च स्वयं भुक्तान गर्ने, सेवा प्रदायकले उपभोक्तासँग महसुल निर्धारण गर्ने आयोग गठन गर्ने व्यवस्था रहेको, त्यस्तै खानेपानी र सरसफाइको सम्बन्धमा नेपाल सरकारको नीति, विदेशी मुद्राको विनिमय दर र अन्य विषयहरूको आधारमा महसुल निर्धारण गर्ने व्यवस्था, गरिएको पाइएन । तसर्थ संस्थानले "नेपाल खानेपानी संस्थान ऐन" मा भएका व्यवस्थाको अनुसार महसुल प्रस्ताव पेश गर्ने गरेको देखिएन ।

१७. **खरिद व्यवस्थापनः** संस्थानले खरिद ऐन र नियमावली बमोजिम खरिदको गुरु योजना र खरिद योजना तयार गरेको पाइएन । लागत अनुमान तयारीमा प्रभावकारी अनुगमन, गुणस्तर नियन्त्रण, मूल्य र मात्राको मूल्यांकन नभएको पाइयो । विस्तृत लागत अनुमान तयार गर्न प्राविधिक नर्मस (Norms) तयार गर्ने आवश्यकता देखिन्छ। शाखागत प्रतिवेदनमा लागत अनुमान र वास्तविक स्थितिमा फरक आएकाले र शीर्षगत बजेटमा फरक देखिएका उदाहरणहरूले प्राविधिक स्वीकृति र उचित अनुगमनको आवश्यकता देखिन्छ। यसरी बजेट र वास्तविकमा फरक आएको पुष्टि भएपछि लागत अनुमान परिमार्जन गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ ।

संस्थानले सार्वजनिक खरिद ऐन तथा नियमावली को पालनामा कडाई का साथै अन्तरिक नियन्त्रण सुढृद बनाउन आवश्यक प्रशिक्षण दिनुपर्ने देखिन्छ । संस्थानको बजेटको अख्तियारी बमोजिम सो को सहि सदुपयोग भए नभएको उचित अनुगमन गर्नका साथै खरिद प्रकृयाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भएको नभएको पुष्टि गर्नुपर्ने देखिन्छ। लेखापरिक्षणको क्रममा खरिद ऐन तथा नियमावली पालना नगरेको, एउटा परियोजना तथा कार्य टुक्राई गराउने, काम लाग्ने जिन्सी र सामानहरुको लेखाजोखा नगरि लागत अनुमान गर्ने, शाखाहरुले मौजुदा सूची तयार नगरेको, लागत व्यवस्थापन प्रभावकारी नभएको, कार्य सम्पन्न लागत अनुमान र सम्झौता (बोलपत्रदाता) सँग मेल नखाने, थोक वा दरभाउ/बोलपत्र वाट खरिद नगरि फुटकर खरिद गर्ने, बोलपत्रदाताको प्राविधिक क्षमता गणना नगर्ने आदि जस्ता कार्यहरुले कुल लागत बढाउनका साथै खर्चमा मितव्ययिता नरहने देखिन्छ ।

प्रणाली मर्मत सुधार खर्चमा यस आ.व. मा रु ९.२५ करोड (आ.व. २०७७/७८ मा रु ९.२१ करोड) खर्च देखिएको सम्बन्धमा विस्तृत कार्यविधि बनाई खर्च गर्ने गरेमा संस्थानको खर्च व्यवस्थापनमा मितव्ययीता आउन सक्ने देखिएकाले व्यवस्थापनको आवश्यक कार्यार्थ पुनः ध्यानाकर्षण गरिन्छ ।

१८. **डि आइ हस्तान्तरणः** नेपाल खानेपानी संस्थान बुटवल शाखा र बुटवल उप महानपगरपालिका बीच २०७७।०२।३२ मा भएको सम्झौता अनुसार बुटवल उ.म.न.पा. को च.नं. २३७७ मिति २०७७।०८।१७ को पत्रबाट कुल रु

१२,५४३,११३ का पाइप हस्तान्तरण भएको देखिन्छ । मिति २०७८।०४।०१ मा बसेको संस्थानको संचालक समितिको बैठकले बुटवल उ.म.न.पा. बाट प्राप्त भएका पाइपलाई आम्दानी बाँधी खर्च तथा सो सोधभर्ना हुने गरी सापटीमा उपलब्ध पाइपको उक्त मूल्य बराबरको रकम अनुदान मा परिणत गर्न बुटवल उ.म.न.पा. लाई अनुरोध गर्ने निर्णय गरेतापनि बुटवल उ.म.न.पा. ले उक्त रकमलाई अनुदानमा परिवर्तन गरेको छैन। सो रकम रु. १२,५४३,११३ लाई संस्थानले दायित्वमा लेखांकन नगरी पुँजीगत जगेडा कोषमा लेखांकन गरेको तथा आ.व. २०७८/७९ मा २५०,८६२ को ह्रासकट्टी गरिएको देखियो। बुट्वल शाखालाई आ.व. २०७८/७९ मा रु. २४,८६,००० को डि आइ पाइप बुटवल उ.म.न.पा. बाट थप हस्तान्तरण भई आएको मौज्दात लाई समेत पुँजीगत जगेडा कोषमा लेखांकन गरेको छ।

१९. **पोखरा ओभरहेड पानी टंकीः** जापान सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको पोखरा खानेपानी सुधार आयोजनाको पोखरा महानगरपालिका १५ कोलपाटन स्थित २००० घनमिटर क्षमताको ओभरहेड पानी टंकीको जमिनको सतहदेखि २० (बीस) मिटरसम्मको कार्य सम्पन्न भएको अवस्थामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाईले संस्थानको पोखरा शाखालाई उक्त ओभरहेड पानी टंकी निर्माणस्थल क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको Obstacle Limitation Surface भित्र परेको र सो ओभरहेड पानी टंकी Obstacle हुने स्थलगत निरीक्षणमा देखिएकोले निर्माण कार्य रोक्न अनुरोध गरेको थियो । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाईबाट सो संरचना Obstacle हुने भएकोले जमिनको सतहबाट अधिकतम उँचाइ १५.५७ मिटर नबढ्ने गरी निर्माण गर्न सकिने लेखी आएको थियो । तत्पश्चात् उक्त संरचना डिजाइन अनुसारको उँचाइमा निर्माण अघि बढाउन स्वीकृतिको लागी अनुरोध गरिएकोमा प्राधिकरणले जमिनको सतहबाट अधिकतम उँचाइ १५.५७ मिटर नबढ्ने गरी निर्माण गर्न सहमति दिएको भएता पनि हाल सम्म पुरानो संरचनाको उचाइ घटाउने र मापदण्ड अनुसार निर्माण गर्न कुनै कार्य भएको देखिएन ।

उक्त परियोजनाको परामर्शदाता याचिको इन्जिनियरिङ्ग कं लि. को मिति मार्च १९ २०२३ को पत्र अनुसार कोलपाटन ओभरहेड टंकीको ८८% भौतिक प्रगति र वित्तीय प्रगति (काम रोक्का रहेको जुन २०२१ सम्म) १७४.७६८ मिलियन जापानिज यन रहेको देखिन्छ । साथै, खानेपानी मन्त्रालयबाट गठित कार्य दलले मन्त्रालयमा बुझाएको मिति २०७८।११।१८ को प्रतिवेदनमा उक्त संरचना १० मिटर घटाउन करिब ९६ मिलियन जापानिज येन लाग्ने प्रारम्भिक लागत अनुमान तथा आवश्यक थप संरचना बनाउन थप लागत लाग्ने उल्लेख छ । यसरी आयोजनाको योजना निर्माण क्रममा नै Obstacle limit सम्बन्धी यकिन नगरि काम अगाडि बढाएकोले योजना (Plan) तथा निर्माण गर्न स्वीकृति दिने अधिकारीहरूलाई जबाफदेही बनाउनुपर्ने देखिन्छ।

२०. **सम्पत्ति करः** नेपाल खानेपानी संस्थान, विराटनगर शाखा कार्यालयको नाममा रहेका विभिन्न स्थानका जग्गाहरुको रजिस्टर हाल सम्म अध्यावधिक गर्न बाँकी नै रहेको देखियो । यस कार्यालयको नाममा रहेका विभिन्न स्थानका सम्पत्तिहरूको सम्पत्ति कर र मालपोत दस्तुर भुक्तानी नगरेको पाईयो। विराटनगर महानगरपालिका बाट मिति २०७९।०८।१९ मा प्राप्त भएको चिठ्ठी अनुसार शाखाले अर्थिक वर्ष २०५७।५८ देखी २०७८।७९ सम्म सम्पत्ति कर र मालपोत दस्तुर भुक्तानी नगरेकोले बक्यौता रु २,३४,६९,७९१।०० र जरिवाना रु २३,२८,९८१।०० गरी कुल रु २,५९,०९,५२९।०० रकम भुक्तानी गर्नुपर्ने देखिएतापनि संस्थानले उक्त रकमलाई दायित्व लेखांकन गरेको छैन । संस्थानका विभिन्न स्थानमा रहेका घर जग्गाको सम्पत्ति कर र मालपोत दस्तुर मूल्यांकन नभएकोले संस्थानले तिर्नपर्ने दायित्व यकिन हुन सकेन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु (Key Audit Matters) रहेका छैनन् ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

१. **वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारीः** नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

२. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारीः** हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

३. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

४. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

५. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

६. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन

गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

७. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

८. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

९. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

५.२ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७८।७९

कैफियत सहितको राय

हामीले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) को लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा हामीलाई दिइएको जवाफ र स्पष्टीकरणहरुको अनुसार यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डले पार्ने असर बाहेक माथि उल्लेखित वित्तीय विवरणहरुले, सारभुत रुपमा संस्थाको २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणीहरू नेपाल वित्तीय प्रतिवेदन मान अनुसार उचित रुपमा चित्रण गर्दछन् ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. **नेपाल वित्तिय प्रतिवेदनमानको पालना:** बोर्डले नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) बमोजिम नेपाल लेखामान १८ "Revenue", नेपाल लेखामान २० "Accounting for Government Grant and Disclosures of Government Assistance", नेपाल लेखामान ३८ "Impairment of Assets" , नेपाल लेखामान २३ "Borrowing Cost" र नेपाल लेखामान ३७ "Provision, Contingent Liabilities and Contingent Assets" का व्यवस्थाहरु पूर्ण पालना गरेको छैन ।

२. **कोष :** बोर्डले स्थापना हुँदाको समयमा पूँजीको लेखांकन गरिएको रकमको जिम्मेवारी सार्दै आएको छ । यस अन्तर्गत नेपाल सरकारको शेयर लगानी, तत्कालिन नेपाल खानेपानी संस्थानको काठमाडौं उपत्यकाको २०६४।१०।२९ सम्मको खूद नोक्सानी, तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारबाट प्राप्त अनुदान तथा जाईका जापानको अनुदान समावेश गरिएको छ । शेयर लगानीको विस्तृत विवरण लेखापरीक्षणार्थ उपलब्ध भएन । बोर्डको कोष अन्तर्गत तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारबाट प्राप्त अनुदान १८,३७,१६,०२६ तथा जाईका जापानको अनुदान रकम रु.३८,७७,८१९ प्रस्तुत गरेको भएतापनि उक्त रकमलाई प्रतिनिधित्व गर्ने सम्पत्तिको विवरण तथा अनुदान प्राप्त गर्ने समयका शर्त तथा

अवस्थाहरु प्राप्त नभएको हुँदा यथाशिघ्र यी अनुदान रकमहरुको प्रयोग तथा हालको अवस्था यकिन गर्नुपर्ने देखिन्छ ।

३. **नेपाल सरकारलगायतका डिफर्ड अनुदानः** एशियाली विकास बैंक अन्तर्गत नेपाल सरकारबाट प्राप्त भएको रु. १५,०२,९६,९१,४३७ र ओफिडबाट प्राप्त भएको रु. २५,८०,००,००० अनुदान रकमबाट कुनै परियोजना वा सम्पत्ति श्रृजित भएको प्रमाण वा विवरण प्राप्त नगरेको र कुनै पनि आम्दानी वा खर्च लेखांकन भएको पाइएन । सो अनुदान रकमबाट कुनै वर्ष पनि डिफर्ड आम्दानी लेखांकन नगरेको हुँदा नेपाल वित्तिय प्रतिवेदनमान NAS २० बमोजिम सरकारी अनुदान जुन उद्देश्यको लागि प्राप्त भएको सो सम्बन्धित खर्चको आधारमा अनुदान रकमलाई व्यवस्थित आधारमा नाफा नोक्सानमा आम्दानी लेखांकन गर्नु पर्ने देखिन्छ ।

४. **पूँजिगत अनुदानः** पूँजिगत अनुदान अन्तर्गत वित्तिय विवरणमा उल्लेख रु. १६,५८,०४,०५५ रकमलाई प्रतिनिधित्व गर्ने जाय जेथा, प्लान्ट र उपकरण अन्तर्गत कुन कुन सम्पत्ति डिफर्ड अनुदानसँग सम्बन्धित हो सो को विस्तृत विवरण प्राप्त नभएको कारण सो रकम बराबरको सम्पत्तिहरुको वर्तमान अवस्था र अस्तित्व यकिन गर्न सकिएन । बोर्डले पूँजीगत अनुदानसँग सम्बन्धित स्थिर सम्पत्तिहरुको छुट्टै खाता वा विवरणको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

५. **दीर्घकालीन ऋणः** बोर्डले आर्थिक वर्ष २०७८।७९ मा एसियाली विकास बैंक (एडिबि) बाट सोध भर्ना हुने गरि प्राप्त रु.८७,००,९१,९५०।- थप नयाँ कर्जा प्राप्त गरेको मध्ये रु.२९,६८,६१,९६५।९२ बोर्डलाई प्राप्त नभई सिधै आयोजना कार्यान्वयन निर्देशनालय लाई निकासा भई दिर्घकालिन ऋण भनि बोर्डले लेखांकन गरेको देखिन्छ । उक्त ऋणमा ब्याज श्रृजना हुने वा नहुने, कति अवधिमा भुक्तानी गर्नु पर्ने लगायत अन्य शर्तहरु खुल्ने कुनै विवरण उपलब्ध नभएको हुँदा सो सम्बन्धि वित्तिय विवरणमा यथार्थ एवं यथेष्ट खुलासा र प्रस्तुति गर्नु पर्ने देखिन्छ । २०७८/७९ को अन्तसम्ममा बिना ब्याज प्राप्त भएको ऋण रकम रु.१,७४,६२,२६,५८८।६१ मा बजारको चल्ती ब्याज दर अनुसार हुने ब्याज फरक रकमलाई नेपाल लेखामान-२० मा उल्लेख भएको ब्यवस्था अनुसार अनुदान रकम लेखांकन गर्नु पर्ने देखिन्छ ।

६. **बीमा कोष व्यवस्थाः** यस आर्थिक वर्षको अन्तमा बोर्डले विगत वर्षहरुमा जस्तै जीवन बिमा कोष ब्यवस्था वापत रु.८,४७,७८,४१९ को ब्यवस्था गरेको देखिन्छ तर actuary बाट प्रत्येक वर्ष प्रतिवेदन प्राप्त गरि परिभाषित सुविधा योजाना दायित्वको ब्यवस्था गरेको कारण अघिल्लो वर्षहरु देखि सो ब्यवस्थाको उपयोग भएको नदेखिएको हुँदा सो जिवन विमा कोष व्यवस्थाको औचित्य पुष्टि गरि आवश्यकता अनुसार समायोजन गर्नु पर्ने देखिन्छ ।

७. **जायजेथा, प्लान्ट र उपकरण सम्बन्धमाः** बोर्डको वित्तिय विवरणमा प्रस्तुत गरेको अधिकांश जग्गाहरु नेपाल खानेपानी संस्था र मेलम्ची खानेपानी आयोजनाको नाममा स्वामित्व कायम रहेको देखिन्छ । साथै बोर्डलाई विभिन्न समयमा तत्कालिन नेपाल खानेपानी संस्थान, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयबाट सवारी साधनहरु हस्तान्तरण भई आएको तर सो सवारी साधनहरु बोर्डको हकभोगमा रहेका भएता पनि हालसम्म स्वामित्व हस्तान्तरण भएको पाईएन । तसर्थ त्यस्ता सम्पूर्ण जग्गा र सवारी साधनहरु बोर्डको नाममा अबिलम्ब नामसारी गर्नु पर्ने देखिन्छ । साथै प्रत्येक जग्गाको कित्ता, स्थान, लागत मूल्य र अन्य आवश्यक जानकारी सहितको विवरण अद्यावधिक गर्नुपर्ने देखिन्छ । नेपाल वित्तीय लेखामान बमोजिम सम्पूर्ण स्थिर सम्पत्ति समूह भित्रको प्रत्येक सम्पत्तिको समेत छुट्टा छुट्टै लेखांकन गरि ह्रासकट्टी गर्नुपर्नेमा सो बमोजिम भएको देखिदैन । यसका साथै हरेक सम्पत्तिको छुट्टा छुट्टै लगत कायम गरि काम लाग्ने वा नलाग्ने सम्पत्तिको पहिचान पद्दति हुनु पर्नेमा भएको देखिदैन । संस्थानको विभिन्न आयोजनाहरुको नाममा प्रस्तुत गरिएका स्थीर सम्पत्तिहरु अवस्था यकिन हुने गरि भौतिक परीक्षण नभएको र विवरणमा समेत सम्पत्ति अनुसारको परल मोल एवं ह्रास कट्टी खुलेको देखिदैन । तसर्थ सम्पूर्ण स्थिर सम्पत्तिको अवस्था यकिन गरि व्यवस्थापनबाट प्रमाणित गराई नेपाल वित्तीय लेखामान बमोजिम लेखांकन गर्नु पर्ने देखिन्छ ।

८. **पुंजीगत कार्य प्रगतीः** निर्माणाधिन सम्पत्तिअन्तर्गत यो वर्ष काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडबाट रु. ८८,६३,३४,८११ र बोर्डबाट रु. १२,१६,५७,३७७ थप रकम समावेश गरिएको छ । बोर्डले आयोजना कार्यान्वयन

निर्देशनालयलाई २०७९ आषाढ मसान्त सम्म रु. ३०,४२,६५,२७,३१२ पेश्की भुक्तानी गरेका भए तापनि हाल सम्म पनि निर्माण सम्पन्न सम्पत्ति वा पूर्जिकरण गर्नु पर्ने कार्य प्रगति अन्तर्गत कुनै पनि रकम लेखांकन गरेको पाइएन । बोर्डले आयोजना कार्यान्वयन निर्देशनालयबाट अनिवार्य रुपमा कार्य प्रगति र निर्माण सम्पन्नको वार्षिक विवरण प्रमाणिकरण गरि पूर्जिगत कार्य प्रगति लेखांकन गर्नु पर्ने देखिन्छ । काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड मार्फत गरिएका पुँजीगत तथा आयगत खर्चका कानुनी प्रक्रियासँग सम्बन्धित कानूनी निर्णयका कागजात तथा संस्थाका वित्तिय विवरण प्राप्त नभएकाले लेखांकन गरिएको रकमको यथार्थबारे यकिन गर्न सकिएन ।

९. **आयोजना कार्यान्वयन निर्देशनालय (PID) पेश्कीः** आयोजना कार्यान्वयन निर्देशनालय (PID) लाई बोर्डले २०७९ आषाढ मसान्त सम्म रु. ३०,४२,६५,२७,३१२ पेश्की भुक्तानी गरेको छ । बोर्डले नेपाल सरकारबाट ऋण प्राप्त गरि आयोजना कार्यान्वयन निर्देशनालयलाई रकम निकासा गर्ने गरिएको सन्दर्भमा भुक्तानी गरिएको पेश्की रकम कुन हदसम्म कुन प्रक्रिया मार्फत खर्च भएको र निकासा रकम मध्ये कति रकम खर्च हुन बाँकी छ सो विषयलाई प्रमाणित गर्ने आर्थिक वा वित्तिय विवरण लेखापरीक्षणर्थ प्राप्त नभएको कारण सो लेखांकन रकमको यथार्थता यकिन गर्न सकिएन । साथै निर्देशनालयलाई हालसम्म भुक्तानी भएको लिनु पर्ने भनि प्रस्तुत गरिएको पेश्की रकमको मौज्दात समर्थनपत्र समेत प्राप्त गरेको पाइएन । आयोजना कार्यान्वयन निर्देशनालय लाई उपलब्ध गराएको पेश्की रकममा ब्याज प्रगति भुक्तानी रु.४०९,५९,७६,४८४ अन्तर्गत Qualifying Assets का लागि प्राप्त गरेको ऋणको व्याजमा सो सम्पत्तिहरु मध्ये आयोजना कार्यान्वयन निर्देशनालय (PID) को व्याज पुँजीकृत गरेको पाईयो तर बोर्डले पि.आई.डि लाई उपलब्ध गराएको पेश्की रकमबाट खर्च गरिएको वा सम्पत्ति निर्माण भएको र कार्य सम्पन्न भएको विवरण प्राप्त नगरेको हुँदा Borrowing cost पुँजीकरण रोक्नु पर्ने समय एकिन गर्न असमर्थ रहेको हुँदा सो पुँजीकृत ब्याज गणनामा आश्वस्त हुन सकिएन ।

१०. **आसामीः** यस आ.व. को अन्तसम्म काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा गरिएको ऋण लगानीमा कुल पाउनु पर्ने ब्याज रु.१६,४२,०८,८२३.२७ लेखांकन भएको छ तर सो रकम मध्ये यस अवधिमा के.यु.के.एलबाट कुनै ब्याज रकम भुक्तानी प्राप्त भएको छैन । अन्य उठाउनु पर्ने रकम रु.२,८४,८७,२२,४३९ मध्ये के.यु.के.एलबाट प्राप्त हुनुपर्ने अनुमति दस्तुर वापत रु.५,५१,४६,९६८, लिज फि पार्ट A वापत रु. ४०,३९,५१,३३८ र लिज फि पार्ट B वापत रु.२,००,१५,००,१४२ अशूल हुनु पर्ने देखिन्छ । साथै जनसहभागिता आम्दानी अन्तर्गत रु.४६,३१,१९२.५०, महशुल तथा जरिवाना संकलन वापत रु. १९,७०,९७,८५५ र जिवन विमा कोष वापत रु. १,६०,१९,७०८.७२ असुल गर्नु पर्ने आसामी मौज्दात बिगत वर्षहरु देखि अ.ल्या. सारेको देखिन्छ र सो अन्य उठाउनु पर्ने रकम मध्ये अधिकांश आसामीबाट यस वर्ष पनि कुनै रकम असुली नभएको हुँदा आयुगत विवरणको अध्ययन तथा विश्लेषण गरि उक्त रकमहरु असुली हुने हो या होईन यकिन गरि पर्याप्त व्यवस्था गर्नु पर्ने देखिन्छ ।

११. **पेश्की र अन्य भुक्तानी पाउनुपर्ने रकमः** संचालन खाताबाट पेश्की भुक्तानी भएको रु.१,९०,८७,७९८ रकम मध्ये ७,९७,३१६ अघिल्लो पुरानो वर्षहरुको अ.ल्या फर्छ्यौट भएको नदेखिएकोले उक्त रकम बराबर शंकास्पद नोक्सानी व्यवस्था गर्नु पर्ने देखिन्छ । त्यसै गरि बोर्डद्धारा हालसम्म नेपाल खानेपानी संस्थान (उपत्यका बाहिर), काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र खानेपानी महशुल निर्धारण आयोगलाई भुक्तानी भएको पेश्की रकम क्रमश रु.१,८०२,४८८.७६, रु.२५,९५,७१,६२८ र रु.३०,१२,६१२ हालसम्म फर्छ्यौट भएको देखिएन । सो सम्पूर्ण पेश्की रकमहरुको आयुगत विवरण लेखापरीक्षणर्थ प्राप्त भएन । बोर्डले कार्य संचालनको लागि प्रदान गर्ने पेश्की रकम तथा फर्छ्यौट सम्बन्धि कार्यविधि तयार गर्नु पर्ने देखिन्छ ।

१२. **बैंक मौज्दातः** नबिल बैंक चल्ती खाता नं ०२०१०१७५०१७२४ मा लामो समय देखि बैंकमा प्रस्तुत नभएका तर म्याद भुक्तान भइसकेको चेकहरु मध्ये रु.६,२७,४८५।२७ लाई कार्यकारी समितिको स्वीकृति बिना आम्दानी लेखांकन गरेको देखिन्छ । तर कुन रकम आम्दानी बाढ्ने र कुन रकम तिर्नु पर्ने भनि छुटयाइएको विधि र व्यवस्थापनको निर्णय उपलब्ध नभएको हुँदा कार्य समितिबाट उचित निर्णय गरे पश्चात मात्र हिसाब मिलान गर्नु पर्ने देखिन्छ । नबिल बैंक आम्दानी खाता नं १९०१०१७५०००५६५ मा आर्थिक वर्ष २०७८।७९ र सो अघिको आर्थिक वर्षहरुमा विभिन्न सेवाग्राहीले अनुमति शुल्क, नविकरण शुल्क आदि वापत बैकमा दाखिला गरेको रकम

रु.२४,५७,४०२।४० सम्बन्धित शिर्षकमा आम्दानी वा तिर्नु पर्ने दायित्व शिर्षक अन्तर्गत लेखांकन गरेको पाइएन ।

१३. **अग्रीम कर कट्टी र आय विवरणः** नेपाल सरकारको मिति २०६३ मसिंर ८ गते जारी गरेको खानेपानी व्यवस्थापन बोर्ड ऐन २०६३ अन्तर्गत काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड एक स्वायत्त संस्थाको रुपमा अन्तर्गत स्थापना भई आएको संस्था हो । बोर्ड आयकर ऐन २०५८ बमोजिम २०७८ चैत्र महिनामा दर्ता भएको देखिन्छ तर हालसम्म कर छुटको प्रमाणपत्र लिएको छैन । बोर्डले हालसम्म बैंकहरुले ब्याज आम्दानीमा गरेको अग्रीम कर कट्टी रकम फिर्ता दाबी नगरी सो करको शतप्रतिशत रकम अनुमानीत नोक्सानी ब्यवस्था गरेको देखिन्छ । साथै बोर्डले हालसम्म कुनै पनि आय वर्षको आय विवरण समेत दाखिला गरेको देखिदैन । बोर्डले आयकर ऐन बमोजिम आय विवरण दाखिला गर्नुपर्ने देखिन्छ ।

लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

लेखापरीक्षणको क्रममा महत्व राख्ने विषय वस्तुलाई लेखापरीक्षणका प्रमुख विषयहरु भनिन्छ । यी विषयहरु हाम्रो लेखापरीक्षणको क्रममा र राय ब्यक्त गर्दा एकीकृत रुपमा सम्बोधन गरिएको छ । हामी यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं ।

ब्यवस्थापन पत्र

ब्यवस्थापनको प्रतिउत्तरबाट उचित सम्वोधन हुन नसकेका, व्यवस्थापनले सुधार गर्नु पर्ने थप ब्यवहोराहरु यसै प्रतिवेदन साथ संलग्न गरिएको ब्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवमं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापानमा रहेको छ । वित्तिय विवरण गहन रुपले जालसाजी वा गलत प्रस्तुति हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने कार्यको लागि समेत ब्यवस्थापन जिम्मेवार हुन्छन् ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नु पर्दछ र सो सम्बन्धमा आवश्यक विषय र विवरणहरुको खुलासा गर्नुपर्दछ । संस्थालाई विघटन गर्ने वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको अन्य कुनै व्यवहारिक एवं यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको अविछिन्न सञ्चालनका लागी संस्थाको क्षमता मुल्याङकन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापानमा रहेको छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरु समग्र रुपमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट मुक्त छन् कि छैनन भन्ने बारे उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निश्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तिय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सौ सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तिय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरु :

१. वित्तिय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका यथेष्ठ प्रमाण संकलन गर्ने प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तिय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरीने लेखापरीक्षणको जोखिम मूल्यांकन ब्यवसायिक विवेकमा

निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षण राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तिय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तिय विवरणहरुको समष्टिगत प्रस्तुतिकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालूरुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तिय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यकका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तिय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तिय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तिय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथ साथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा देखिएका महत्वपूर्ण कैफियतहरु शासकिय कार्यभार बहन गर्ने व्यक्तिहरु (Those Charged with Governance) लाई सम्प्रेषण गरिन्छ ।

७. हामीले स्वतन्त्रता सम्बन्धि आचार संहिताको परिपालना गरेको र लेखापरीक्षण सम्पन्न गर्ने दौरानमा हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई जानकारी गराइन्छ ।

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

५.३ काठमाडौं उपत्यका खानेपानी लिमिटेड, २०७५।७६

Report on the Audit of the Financial Statements

Qualified Opinion

We have audited the accompanying Financial Statements of M/s Kathmandu Upatyaka Khanepani Limited (the Company), which comprises the statement of financial position (Balance Sheet) as at 31st Ashadh, 2076 (Corresponding to 16th July 2019), Statement of Profit or loss, Account, Cash Flow Statement, Statement of Changes in Equity for the year then ended and notes to the financial statements, including a summary of Significant Accounting Policies, Notes to Accounts and other explanatory information.

In our opinion, except for the effect of the matter described in the *Basis for Qualified Opinion* section of our report, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Company as at 31st Ashadh, 2076, and (of) its statement of profit or loss and its cash flows for the year then ended in accordance with the principle of Generally Accepted Accounting Practice (GAAP) in Nepal.

Basis for Qualified Opinion

The following are the issues that have an impact on the financial position and performance of the company and provide the basis for qualified opinion:

I. Non - Adoption and Non - Compliance of NFRS

The company has not maintained its books of accounts in accordance with Nepal Financial Reporting Standards (NFRS) issued by the Institute of Chartered Accountants of Nepal (ICAN) although Institute of Chartered Accountants of Nepal (ICAN) has made mandatorily applicable to all entities having public accountability with effect from Financial Year - 2073/074.

II. Material Uncertainty Relating to Going Concern

In auditing the financial statements, we have concluded that the management of KUKL use of the going concern basis of accounting in the preparation of the financial statements is inappropriate because of the mentioned subject matter.

- We draw attention to the para - 12 of Note 19 in the financial statements, which indicates the Company's ability to continue as a going concern and is not aware of any material uncertainties that may cast significant doubt upon the company's ability to continue as a going concern despite having a huge margin between the other equity and the equity of the company by till this current financial year. The credit facility prevails of the company is excessively higher than the paid share capital of the company. The company has reiterated that the company will revert this situation through the minimization of calls in arrears shares amount which are almost 96.13 percent of paid capital. However, such creates substantial doubt about such measures taking precise shapes and the ability of the company as a going concern in the future.
- The current liability of the company is in excess of its current assets with material amount. As such creates significant doubt over the company's ability to meet the operating cost and other liabilities of the company during the operating period of the company.

III. Revenue Recognition

We draw attention to the para - 7 of Note 19 in the financial statements of the company, which indicates that revenue has been recognized to the extent that it is probable that economic benefits will flow to the Company and can be reliably measured at the fair value of the consideration received or receivable. However, the majority portion of company revenue has been recognized at the minimum monthly chargeable rate without conducting the adequate meter reading of the consumption of water and assessing the existence of water taps.

IV. Receivable and Payable between Kathmandu Upatyaka Khanepani Limited (KUKL) and Kathmandu Valley Water Supply Management Board (KVWSMB)

The reconciliation and settlement process of receivable and payable between KUKL and KVWSMB have been pending from the date of the establishment of KUKL. The huge amount stated in the financial statement as payable to the KVWSMB has been confirmed through the balance confirmation letter. As such amount may vary substantially in the future.

Emphasis of Matter Paragraph

The following are the issues that have drawn our attention to have an emphasis on matters regarding the compliance of legal obligations and other matters:

1. The directors of company are yet to prepare an appropriate strategy for the interest of the company and the shareholders under the requirement of section 60 of Company Act, 2063 (First Amendment, 2074) on reduction of net worth to half or less than of the paid-up capital. Further, the company annual general meeting is not conducting on regular basis due to which the compliance of separate resolution presentation to general meeting to be held immediately is yet to be fulfilled.

2. The Water Tariff Fixation Commission has not revised water tariff since 2070 B.S. which has directly impact on earning operating revenue of the company. Further, the Water Tariff Fixation Commission has not been fully formed since 2076 B.S. which could impact on objective of the commission and the company.
3. The company has not been filing the income return required under section 96 (1) of the Income Tax Act, 2058 for a long period of time as such increased the liabilities as unwanted financial burden of the company.
4. The company has not complied with procedures as per the requirement of section 21 of the Companies Act, 2063, i.e authentication of the amendment made in MOA and AOA, authentication of information and statement to the company register office (CRO) submitted under section 80 and submission of statement of shareholders under section 51. On non-compliance of the above provision is liable for penalty. Hence, KUKL needs to comply with the provision of company Act, 2063.
5. The ratio between collected revenues and operating expenses of the company creates significant doubt over the company's ability to meet the day-to-day operating cost and repayment structure of the borrowed funds at a nominal interest rate from the Asian Development Bank.
6. The retirement fund payable recorded under other current liabilities in the financial statements of the company has not been deposited in the approved retirement fund. As such deduction can not be deducted from the income until and unless it is deposited in the approved retirement fund as mentioned in section 63(2) of the Income Tax Act, 2058.
7. The company has not taken insurance coverage with respect to all risks and liabilities arising from its activities under the lease during the lease period of 30 years as per para 13.1 of the Asset lease agreement entered between KUKL and KVWSMB. Thus, KUKL should minimize the risk by obtaining insurance policy coverage. All other assets are also not covered by the comprehensive insurance policy to be free from all types of risk on assets.

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै, वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

७.४ नेपाल वन निगम लिमिटेड, २०७८।७९

लेखापरीक्षकको राय

हामीले नेपाल वन निगम लिमिटेडको (साविक द टिम्बर कर्पोरेशन अफ नेपाल लि.) यसै साथ संलग्न २०७९ असार मसान्तको वित्तीय स्थितिको विवरण, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा/नोक्सान तथा अन्य आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधारमा औल्याईएका विषयले वित्तिय विवरणहरुमा पार्ने असर बाहेक संलग्न वित्तिय विवरणले नेपाल वन निगम लिमिटेडको २०७९ आषाढ मसान्तको वित्तिय स्थिति र सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगदप्रवाह र ईक्विटीमा भएको परिवर्तनको विवरणले नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) बमोजिम सही र यर्थाथ चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तिय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. निगमले नेपाल लेखामान -२ जिन्सीको प्रावधानहरु अनुरुप विक्री बिल, मागफारम, जिन्सी खर्च आदिको परिमाण तथा लागत परल मोलमा खुलाई दैनिक कारोबार देखिने गरि लेखांकन गरी सोको अभिलेखहरु रित पुर्वक नराखेकोले कम्पनीको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनिय तथा भरपर्दो रहेको देखिएन । आ.व. २०७८/७९ आषाढ मसान्तमा रहेको जिन्सी मौज्दातको भौतिक परिक्षण गरेतापनी मौज्दात मुल्य रकम यकिन गर्न सकिएन ।

२. पेस्की, सापटी, धरौटी तथा असुल गर्न बाकि रु. ५,१७,८७,३००.३३ को नाम सहितको बर्णानुक्रमको विवरण भएतापनी सम्बन्धित पक्षहरुबाट मौज्दात समर्थन पत्र नलीइएकोले सो को असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

३. निगमले वर्षान्तमा भुक्तानी गर्नुपर्ने रु. ५,६७,१७,०६८.५८ मध्ये रु. ४,१५,०१,९४२.९६ को नाम सहितको बर्णानुक्रम विवरण भएतापनी मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नु पर्ने रकम तर्फको कम्पनीको दायित्वको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

४. निगमले नेपाल लेखामान १९ (NAS 19) अनुसार कर्मचारी को विभिन्न दिर्घकालीन दायित्वहरुको Actuarial Valuation गर्नुपर्ने भएतापनी निगमले कर्मचारिको उक्त आ.ब.को अन्त्यसम्मको समयाबधिलाई मात्र गणना गरी दायित्व गणना गरिएको पाइयो ।

५. निगमले सम्पतिको मुल्याङ्कन नेपाल लेखामान १६ (NAS 16) ले गरेको व्यवस्था अनुरुप पुर्नमुल्याङ्कन मोडेल (Revaluation Model) मा गर्नुपर्ने भएतापनी निगमले सम्पतिको लेखाङ्कन आ. व. २०५८/५९ को गरेको पुर्नमुल्याङ्कनको् रु.१८,०४,४९,३६१.७६ आधारमा प्रस्तुत गरेको पाइयो । आ. व. २०५८/५९ पछि निगमको जग्गाहरुको पुर्नमुल्याङ्कन गरेको पाइएन ।

६. नेपाल सरकारबाट केन्द्रीय भवन भएको जग्गाको लागी टि.सी.एन को नाममा मोही भनि १९ रोपनी जग्गा रहेको जग्गा धनिको प्रमाणपुर्जाको प्रतिलिपि लेखापरीक्षणको लागि उपलब्ध गराइएको तर यथार्थमा टि.सी.एन.को भोग चलनमा करिब २.५ (अनुमानित) रोपनी मात्रै जग्गा देखिन्छ । उक्त जग्गामा टि.सी.एन. ले कार्यालय भवन निर्माण गरी भोग चलन गर्दै आएतापनि हालसम्म टि.सी.एन.को नाममा कुनै जग्गा नेपाल सरकारबाट हस्तान्तरण नभएको पाइयो ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान अनुसार सम्पन्न गरेका छौं । हाम्रो उत्तरदायित्व यस लेखापरीक्षणमान अन्तर्गत हाम्रो प्रतिवेदनको वित्तिय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व रहेको दफामा थप उल्लेख गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले व्यवसायिक एकाउन्टेन्टहरुको लागि उल्लेख गरेको आचारसंहिताका साथै नेपालमा आर्थिक विवरणहरुको लेखापरीक्षणसँग सम्बन्धित नैतिक आवश्यकताहरु वमोजिम हामी स्वतन्त्र छौ र हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणहरु हाम्रो रायलाई पर्याप्त र उपयुक्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौं ।

लेखापरिक्षणका मुख्य मामिलाहरु (Key Audit Matters):

मुख्य लेखापरीक्षण मामिला ती विषयहरू हुन् जुन हाम्रो निर्णयमा हालको अवधिको वित्तीय विवरणहरूको लेखा परीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो । यी मामिलाहरू हाम्रो लेखा परीक्षण गर्ने सन्दर्भमा र हाम्रो राय व्यक्त गर्दा सम्बोधन गरिएको छ। हामी यी मामिलाहरूमा एक अलग राय प्रदान गर्दैनौं ।

माथि लेखापरीक्षण राय व्यक्त गर्ने आधारमा औल्याईएका कैफियतहरु बाहेक हाम्रो निम्नलिखित मुख्य लेखापरिक्षण मामिलाहरू छन् ।

मुख्य लेखापरीक्षण मामिलाहरू	लेखपरीक्षणमा गरिएको सम्बोधन
क) सुचना प्रविधि प्रणाली तथा उक्त प्रणालीबाट प्राप्त तथ्यांक तथा विवरण	
संस्थाको वित्तिय प्रस्तुतिकरण, संस्थाले अपनाएको सुचना तथा तथ्यांक प्रणालीबाट प्राप्त तथ्यांक तथा विवरणमा आश्रित रहेको छ । तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यकता बमोजिम पर्याप्त तथा उपयुक्त हुनु पर्दछ। लेखा परिक्षण प्रकृया तथा सो को नतिजा समेत सुचना प्रणालीको उपयुक्ततामा आश्रित रहने भएकाले उक्त विषयलाई लेखा परिक्षणको मुख्य बुंदाको रुपमा लिइएको छ ।	• संस्थाले अपनाएको सुचना प्रविधि प्रणाली संस्थाको लेखा प्रयोजनको लागी उपयुक्त रहे नरहेको नेपाल लेखापरिक्षण मानको आधारमा जांच गरिएको । • संस्थाले प्रयोजनमा ल्याएको Tally Software ले दिने तथ्यांक तथा विवरणहरु नमुना आधारमा रुजु गरिएको ।

वित्तीय विवरणहरुका लागी व्यवस्थापनको जिम्मेवारी :

नेपाल वित्तिय प्रतिवेदन मान (NFRS), सम्बन्धित ऐन, नियम, कानून अभ्यास अनुरुप यी वित्तिय विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तिय विवरण जालसाजी, त्रुटि लगायत सारभूत रुपमा गलत आँकडा रहित प्रस्तुतिकरण गर्ने, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागू गर्ने पर्दछन् ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उदेश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपनै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सबै पहिचान हुन्छ भन्ने आश्वस्त्ता रहदैन । गलत प्रस्तुति त्रुटी (Fraud) बाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकरता हरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभावपार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तीय विवरणमा त्रुटी (Fraud) बाट हुन सक्ने सारभूत गलत प्रस्तुतीको जोखिम पहिचान तथा मुल्याङकन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रकियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य जारी गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलि भगत, ठगी, जानाजानी गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- समितिको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उदेश्य नभई, लेखापरीक्षण प्रकियाहरु तर्जुमा गर्नका लागी लेखापरीक्षणमा प्रासंगिक हुने समितिको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरुको मुल्याङकन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धीत सारभूत अनिश्चितताको कारणले समितिको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निस्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धीत खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदनका मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरुले समिति अविछिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोबार एवमं घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपुर्ण कैफियतहरु शसकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- शासकिय कार्यभार वहन गर्ने व्यक्तिलाई स्वतन्त्रता सम्बन्धी आचारसंहिता परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्ररुपमा असर गर्न सक्दछ । सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकिय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपुर्ण लेखापरीक्षण खोजहरु लगायत समितिको आन्तरिक नियन्त्रण प्रणालिमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउंदछौं ।

सुशासनको जिम्मेबारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

ब्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

कम्पनी ऐन, २०६३ को प्रावधानहरुको पालना सम्बन्धी प्रतिवेदन :

क) हामीले सोधनी तथा कैफियत गरेका कुराहरुको जवाफ यथाशीघ्र पायौं ।

ख) कम्पनीले आफ्नो हिसाब किताब र अभिलेखहरु प्रचलित कानून बमोजिम राखेको छ ।

ग) संलग्न वासलात, आयविवरण, तथा नगद प्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु दुरुस्त छन् ।

घ) संलग्न वासलात, आयविवरण तथा नगदप्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा कम्पनीले राखेको हिसाब किताब अभिलेखन र विवरणहरु दुरुस्त छन् ।

८. शहरी विकास मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

८.१ नगर विकास कोष, २०७९।८०

कैफियत सहितको राय

हामीले नगर विकास कोषको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब तथा अन्य विस्तृत आम्दानी, नगद प्रवाह विवरण इक्विटीमा भएको परिवर्तनको

विवरण एवं प्रमुख लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ । हाम्रो रायमा कोषको वित्तीय विवरणले २०८० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य मामिलाहरु

लेखापरीक्षणका मुख्य मामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरूको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन् । सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्त विषयहरु उपर हामी छुट्टै रायव्यक्त गर्दैनौं । लेखापरीक्षण सम्बन्धी मुख्य व्यहोराहरू नभएको जानकारी गराउँदछौं ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरू यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कोषको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रूपले गलत प्रस्तुती हुनबाट बजित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कोषलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । कोषको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त रहे नरहेको सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वस्तता प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वस्तता प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन।त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरू सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रूपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रूपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरू वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरूको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

८.२ राष्ट्रिय आवास कम्पनी, २०७९।८०

लेखापरीक्षकको राय

हामीले राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०८० आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरू तथा लेखा सम्बन्धी टिप्पणीहरू समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरूले कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०८० आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणले नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्दान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

हामीले लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयद्वारा जारी गरिएको निर्देशनका आधारमा लेखापरिक्षण सम्पन्न गरका छौं। हाम्रो जिम्मेवारी सम्बन्धि विवरणहरु यस प्रतिवेदनको "लेखापरिक्षकको जिम्मेवारी" खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पूरा गरेका छौं। हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** नेपाल नेपाल सरकारको पुंजी तथा अनुदानः नेपाल सरकारले कम्पनीलाई आफ्नो उद्देश्य बमोजिम काम गर्ने गरि विगतका वर्षहरुमा विभिन्न स्थानमा जग्गा प्रदान गरेको थियो जसको पुर्नमुल्याङ्कित रकम रु. १,९८१,९५३,३४८.८९ (योजना कार्यालय नवलपरासी, बर्दिया र कंचनपुर अन्तर्गत) रहेको छ र यो रकम मध्ये कति रकम पुंजी वापत हो र कति रकम अनुदान वापत हो भनि यकिन गर्न सकिएन ।

२. **आय :** नेपाल लेखामान १८ अनुसार वस्तुको बिक्रीबाट हुने आम्दानीलाई पहिचानको मापदण्ड पूरा गरेको अवस्थामा मात्रै आयको रुपमा लेखांकन गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त लेखामन अनुसार खरिदकर्तालाई वस्तुको स्वामित्व

तथा सो संग सम्बन्धित महत्वपूर्ण जोखिमको हस्तान्तरण हुनुपर्ने तथा बिक्री भएको वस्तु माथि बिक्रीकर्ताको प्रभावमुलक नियन्त्रण हुन नहुने व्यवस्था उल्लेख छ। तर कम्पनीले जग्गा बिक्रीबाट प्राप्त रकम माथि उल्लेखित मापदण्ड पूरा नगरी आयमा लेखांकन गर्ने गरेको पाइयो। कम्पनीले जग्गा विक्रीका लागि प्राप्त गरेको बोलपत्र स्वीकृत भएपश्चात जग्गाहरुको स्वामित्व हस्तान्तरण नभई जग्गाको कबोल मूल्यलाई आयमा लेखांकन गर्ने गरेको पाइयो साथै फुटकर जग्गा आम्दानी खरिद कर्ताको नाममा जग्गा धनी दर्ता प्रमाण पुर्जाका लागि सम्बन्धित मालपोत कार्यालयमा पठाएको सिफारिसको आधारमा आयमा लेखांकन गर्ने गरेको पाइयो । कम्पनीले यस आर्थिक वर्ष २०७९/८० मा जग्गाहरूको स्वामित्व हस्तान्तरण नभई आयमा लेखांकन भएको घडेरी बिक्री आम्दानी रु. ४३,४०२,९२४.६८/- र फुटकर जग्गा आम्दानी रु ४९,६६८,४८३.९०/- गरि जम्मा रु ९३,४७१,४०८.५८/- रहेको छ।

३. **नेपाल सरकारलाई बुझाउनु पर्ने भुक्तानी :** नेपाल सरकारबाट प्राप्त कार्यादेश अनुरुप फुटकर जग्गा विक्री गर्दा शुल्क लिई जग्गाधनी पुर्जाको लागि सिफारिस उपलब्ध गराउने व्यवस्था गरिएको र उक्त शुल्कबाट हुने आम्दानी रकमको ५० प्रतिशत रकम नेपाल सरकारको रहने गरि २०५०/०९/२२ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएता पनि कम्पनीले हालसम्म नेपाल सरकारलाई बुझाउनु पर्ने रकम रु. ३,६२४,१२७.५०/- दायित्वको रुपमा लेखांकन गरेतापनि पूर्णरुपमा भुक्तानी गरेको पाइएन।

४. **कर्मचारी पेस्कीः** कम्पनीको आर्थिक विनियमावलीको विनियम १७९ ले कम्पनीको काम काजको निमित्त कर्मचारीद्वारा पेस्की लिन सक्ने व्यवस्था गरेको छ। तर कर्मचारीहरुद्वारा विभिन्न व्यक्तिगत प्रयोजन देखाई ठूलो मात्रामा कम्पनीको रकम विभिन्न समयमा पेस्की स्वरूप लगेको तथा हालसम्म पनि फछ्यौंट नभएको पाइयो। कम्पनीका कर्मचारीहरुले नियम विपरित व्यक्तिगत प्रयोजनका लागि पेस्की स्वरुप लगेको साथै विभिन्न कारणले वेरुजु कायम भएको रकम समेत गरि आर्थिक वर्ष २०७९/८० को अन्त्य सम्ममा रु. ५,२१६,१८३.९४/- फिर्ता नभएको पाइयो।

५. **कम्पनीको जग्गा अतिक्रमणः** कम्पनीको योजना कार्यालय झापा, नवलपरासी, बर्दिया तथा कंचनपुर अन्तर्गत रहेका जग्गाहरु (जम्मा अन्दाजीः ७९,७८४.८२ वर्ग मि.) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा अतिक्रमणमा परेको पाइयो।

६. **जग्गाको सम्बन्धमा देखिएका कैफियतहरुः** यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

योजना कार्यालय नवलपरासी अन्तर्गतः योजनाले आफ्नो खातामा जग्गा मौज्दात अन्तर्गत रु ३०७,२३६,८५६.२५ (कित्ता न. अनुसार को मूल्याङ्कन प्रतिवेदन उपलब्ध नभएको) लेखांकन गरेको पाइयो तर हाम्रो लेखापरीक्षणको क्रममा कम्पनीको नाममा स्रेस्ता कायम भएको पुर्जा र २०६९ सालको जग्गा मूल्याङ्कन प्रतिवेदन अनुसार निम्न कित्ता न. र मूल्याङ्कन रहेको पाइयो ।

सि.न.	जग्गा रहेको स्थान	कित्ता न.	छेत्रफल (कठ्ठा)	जग्गा मुल्यांकन प्रतिवेदन २०६९ अनुसारको मूल्य
१	माकर २/ग	१३१०	८-२-१२	२३९,१०३,३००.००
२	शिसवार ५/ख	८	६-१-०५	५१,०१५,९३७.५०
३	शिसवार ४/घ	४७७	०-०-१०	२१०,३७५.००
४	शिसवार ४/घ	४६९	०-१-०	४२०,७५०.००
५	शिसवार ४/घ	७७२	०-०-१०	२१०,३७५.००
६	शिसवार ४/घ	७८२	०-०-१६.२५	३४१,८५९.३८

७	दाउन्नेदेवी ९/ङ	३	०-१८-९.२५	१०,५१०,६९२.००
८	दाउन्नेदेवी ९/ङ	७	४-१-१८.७५	४६,६५९,१३५.००
	जम्मा			**३४८,४७२,४२३.८८**

यस प्रतिवेदन अनुसार योजना कार्यालय नवलपरासीमा जम्मा जग्गा मौज्दात रु ३४८,४७२,४२३.८८ को रहेको देखिन्छ र योजनाले आफ्नो जग्गा मौज्दात रु ४१,२३५,५६७.६३ ले कम लेखांकन गरेको पाइयो। यसरी फरक परेको मौज्दात के कति कारणले हो भन्ने विवरण प्राप्त हुन सकेन ।

यसै गरि जग्गा मूल्यांकनको समयमा कित्ता नम्बर ४ (९८.३१ कट्टा) रहेकोमा, कम्पनी विरुद्ध परेको जग्गा मुद्दामा कम्पनीको तर्फबाट मिति २०७४/०९/१२ मा मिलापत्र गरि उक्त मुद्दाका वादीलाई जग्गा नामसारी गराइदिए पश्चात जग्गा कित्ता नम्बर ७ (२७,७४४.२० व.मी./८२.०८ कट्टा) मात्र रहेको पाइयो। कम्पनीको जग्गा मूल्यांकन प्रतिवेदन अनुसार उक्त कम रहेको १६.२९ कट्टा जग्गाको मूल्यांकन रकम रु. ९,२७५,७६७.०३ हुन आउँछ। हालसम्म पनि उक्त जग्गा कम्पनीको लेखा खातामा जग्गा मौज्दातमा नघटाई कायम रहेको पाइयो।

(मिति २०७४/०९/१२ मा योजना प्रमुखले कम्पनीको विरुद्धमा परेको जग्गा मुद्दामा कम्पनीको तर्फबाट १५ कट्ठा जग्गा उक्त मुद्दाका वादीलाई नामसारी गराइदिने भनि मिलापत्र गरेको पाइयो तर योजना प्रमुखलाई प्रदान गरिएको अख्तियारीपत्रमा "अदालतमा उपस्थित भई म्याद बुझ्ने लगायत कम्पनीको हितमा हुनेगरी मात्र आवश्यक कामकारबाही गर्ने" भनि उल्लेख भएकाले कम्पनीको जग्गाको नामसारी संलग्न हुने गरि भएको उक्त मिलापत्र कम्पनीको हितमा नभएको हुनाले योजना प्रमुखद्वारा आफुलाई प्राप्त अख्तियारी भन्दा बाहिर गई कार्य गरिएको देखिन्छ साथै कम्पनीले लक्ष्मुमन सापकोटा र तत्कालिन योजना प्रमुख महेन्द्र थापाको विरुद्ध मिला पत्र बदर का लागि मिति २०७९/०१/१४ मा श्री नवलपरासी जिल्ला अदालतमा मुद्धा दर्ता गराएकोमा जग्गामा कार्यालयको दावि पुग्ने आदेश आईसकेको तर हालसम्म पुर्णपाठ नआएको)

योजना कार्यालय बर्दिया अन्तर्गतः

- कम्पनीको रेकर्डमा जग्गा कित्ता नम्बर २०४, मिति २०६४/०५/१३ मा बिक्री भएको देखिएतापनि उक्त जग्गा वापतको मूल्यांकन रकम रु. १४,८०,४२८/- कम्पनीको खातामा जग्गा मौज्दातबाट हालसम्म पनि नघटाईएको पाइयो।
- विगत वर्षहरुमा मुक्त कर्मैयाहरुलाई वितरण भएको जग्गा वापतको रकम कम्पनीको खातामा जग्गा मौज्दातबाट हालसम्म पनि नघटाईएको पाइयो। कित्ता नम्बर ११ अन्तर्गत रहेको २० कट्टा जग्गा वापतको मूल्यांकन रकम रु. ४,१८,२०,०००/- रहेको छ।

७. **कर्मचारी सुविधा व्यवस्था :** यस कम्पनीले स्थायी कर्मचारीको उपदान, जीवन वीमा तथा स्थायी एवं अस्थायी कर्मचारीको औषधी उपचार, संचित विदाबापत पाउने रकम बापत यस आ. व. मा रु १५,७८,१४६/- भुक्तानी गरी सो कोषमा वर्षान्तम रु ७,०७७,८४९.७२/- बाकी रहेको छ साथै सो रकममा विगतका वर्षहरुमाझैं यस वर्ष समेत थप व्यवस्था नगरी बाकी व्यवस्थालाई जिम्मेवारी सारिएको छ । उक्त व्यवस्था रकम पर्याप्त रहे वा नरहेको यकीन गर्न सकिएन। कर्मचारी उपदान व्यवस्था दीर्घकालीन दायित्व भएकाले नेपाल लेखमान १९ अनुसार बीमांकिय मूल्यांकन गराई लेखांकन गर्नुपर्नेमा सो नभएको पाइयो।

मुख्य लेखापरीक्षण विषयवस्तु (Key Audit Matters)

खास लेखापरीक्षकीय विषयवस्तुहरू त्यस्ता विषयहरू हुन्, जुन हाम्रो ठहरमा, कम्पनीको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढी अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरूलाई वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरूमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हाम्रो यसै प्रतिवेदनको

कैफियत सहितको राय व्यक्त गर्ने आधारको अनुच्छेदमा उल्लेख गरिएका विषयवस्तु बाहेक अन्य खास विषयवस्तुहरू नरहेको जानकारी गराउन चाहन्छौं।

अन्य विषय (Other Matters)

वित्तीय प्रतिवेदनमा प्रस्तुत गरिएका अथवा खुलासा गरिएका विषयहरू बाहेकका अन्य कुनै विषयहरू यदि लेखापरीक्षकको निश्कर्षमा वित्तीय प्रतिवेदनका प्रयोगकर्तालाई लेखापरीक्षण, लेखापरीक्षकको दायित्व अथवा लेखापरीक्षकको प्रतिवेदनका सम्बन्धमा स्पष्टसँग बुझ्न महत्वपूर्ण लागेमा लेखापरीक्षकको प्रतिवेदनमा लेखापरीक्षण सम्बन्धित अन्य विषय अनुच्छेदमा समावेश गरिन्छ। त्यस्ता विषयहरु निम्नानुसार रहेका छन्:

- **सम्भावित दायित्वः** कम्पनीका विरुद्धमा देशका विभिन्न अदालतहरू तथा सरकारी निकायमा जग्गा सम्बन्धमा मुद्दा/छानबिन चलिरहेको पाइयो। नेपाल लेखामान ३७ को सिद्धान्त अनुसार कम्पनीका विरुद्ध विभिन्न अदालतमा चलिरहेका मुद्दाका सम्बन्धमा सिर्जना हुन सक्ने सम्भावित दायित्व समेत विस्तृत जानकारी कम्पनीको वार्षिक वित्तीय विवरणको टिप्पणी खण्डमा संलग्न गर्न आवश्यक भएता पनि सो नगरेको पाइयो।
- **सम्बन्धित पक्षसँग कारोबारको खुलासाः** कम्पनीले वार्षिक वित्तीय विवरणको टिप्पणी खण्डमा नेपाल लेखामान २४ को सिद्धान्त अनुसार सम्बन्धित पक्ष साथै महत्वपूर्ण व्यवस्थापन कर्मचारीको पहिचान तथा उक्त पक्षसँग भएको कारोबार र सेवा सुविधा भुक्तानी सम्बन्धमा रकम सहित खुलासा गर्न आवश्यक भएता पनि सो नगरेको पाइयो।
- **श्रम ऐनको अनुपालनाः** कम्पनीले श्रम ऐन, २०७४ ले गरेका विभिन्न व्यवस्थाहरू पालना गरेको पाइएन। कम्पनीको हाल कायम कर्मचारी सेवा शर्त विनियमावलीमा रहेका विभिन्न व्यवस्थाहरू श्रम ऐन, २०७४ अनुसार नरहेको पाइयो जस्तै- उपदान, संचयकोष, औषधि उपचार वीमा, दुर्घटना वीमा, वार्षिक तलब वृद्धि (ग्रेड), घर विदा, बिरामी विदा, विदा संचिति, सामाजिक सुरक्षा योजना लगायतका सुविधा हरेक प्रकारका कर्मचारीलाई उपलब्ध हुनुपर्नेमा सो नरहेको पाइयो। तत्कालिन श्रम ऐन २०४८ को दफा ८८ ले नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठान सम्बन्धमा सम्बन्धित प्रतिष्ठानको सेवा शर्त सम्बन्धि नियम वा विनियम सम्बन्धि हुने भनि व्यवस्था गरेको भएता पनि हाल प्रचलनमा रहेको श्रम ऐन २०७४ ले उक्त किसिमको विशेष व्यवस्था नगरेकाले नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानमा समेत श्रम ऐन २०७४ लागु हुने देखिन्छ। तसर्थ, कम्पनीद्वारा श्रम ऐन २०७४ को व्यवस्था पूर्ण रूपमा लागु गर्नुपर्ने देखिन्छ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय कार्यभार बहन गर्ने व्यक्तिको उत्तरदायित्व

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीहरित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरूको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनोट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरू पर्दछन्।

वित्तीय विवरण तयार गर्दा कम्पनीको अविछिन्नताको रूपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरूको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता सँगै जानकारीहरूको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरूको निरीक्षण गर्ने जिम्मेवारी कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरू, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रूपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु

हो। उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरूमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु (Fraud) वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटीहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

- वित्तीय विवरणहरूमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण त्रुटी (Fraud) बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
- लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन।
- व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।
- लेखापरिक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।
- व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरूलाई सम्प्रेषण गरिन्छ।
- शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरू र अन्य विषयहरू जसले हाम्रो स्वतन्त्रतालाई समग्र रूपमा असर गर्न सक्दछ, सो विषयहरूलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएझैं ठीकसँग राखिएको छैन।

ग) हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

घ) हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परिक्षण गर्दा माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थाको संचालक समिति वा

त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

ङ) माथि कैफियत सहितको राय व्यक्त गर्ने आधार अनुच्छेदमा उल्लेख गरिएका बाहेक सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

९. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

९.१ प्रेस काउन्सिल नेपाल, २०७९।८०

कैफियत सहितको राय

हामीले यसैसाथ संलग्न प्रेस काउन्सिल नेपालको आषाढ २०८० को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा टिप्पणी समावेश भएको वित्तिय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा तल बुदा नं. १ देखि ४ सम्म औंल्याइएका विषयले वित्तीय विवरणहरुमा पर्ने असर बाहेक, संग्लन वित्तीय विवरणले काउन्सिले २०८० आसाढ मसान्तको वित्तीय अवस्था, सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाह, अन्य विस्तृत आयको विवरणको नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम समग्रमा सही र यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधारहरुः

वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणहरुलाई पुष्टयाई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश गरेका छौं। लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. **खर्च निर्देशिका :** प्रेस काउन्सिल आर्थिक प्रशासन विनियमावली, २०५७ को विनियम १२ बमोजिम मन्त्रालयको स्वीकृति लिएर आवश्यकता अनुसार काउन्सिलले अनुसूची हेरफेर गर्न सकिने व्यवस्था रहेको छ। २०७५/०८/०६ देखि लागु हुने गरी काउन्सिलको बैठकले प्रेस काउन्सिल नेपाल खर्च निर्देशिका, २०६९ को संशोधनलाई स्वीकृत गरी प्रेस काउन्सिल नेपाल खर्च निर्देशिका,२०७५ कार्यान्वयनमा ल्याएको देखियो। काउन्सिलले उक्त खर्च निर्देशिका नेपाल सरकार अर्थ मन्त्रालयले तय गरेको मापदण्ड र निर्देशिका अनुरुप कायम रहेको र स्वीकृतिको लागि मन्त्रालयमा पठाएको जानकारी गराएतापनि हालसम्म पनि निर्देशिका स्वीकृत भएको देखिएन। खर्च निर्देशिक, २०७५ ले खर्चको सीमा बढाएको र स्वीकृति बिना गरिएकोले थप आर्थिक दायित्व बढाएको देखियो।

२. **बैठक भत्ता** : यस वर्षमा बोर्ड बैठक, उपसमितिहरुको बैठक बसी रु. २,१७४,०००।०० बैठक भत्ता प्रदान गरेको पाईयो। अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा कार्य सञ्चालन निर्देशिका, २०७७ को दफा ७.१.१(६) अनुसार बैठकमा आमन्त्रित सदस्यका रुपमा थप व्यक्तिहरु राख पाईने छैन। तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जनासम्म आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने व्यवस्था रहेको छ। तर प्राय अधिकांश बैठकमा आमन्त्रित सदस्यको रुपमा काउन्सिलका कर्मचारीहरु रहेको र सोको लागि रु. २२९,२५०।०० बैठक भत्ता प्रदान गरिएको पाइयो।

३. **कर्मचारीको अन्य सुविधा :** सार्वजानिक खर्चमा मितव्यायिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ दफा ६ को उपदफा ४ अनुसार कोभिड १९ को सङ्क्रमण रोकथामको लागि प्रत्यक्ष रुपमा संलग्न भई अग्रपंतिमा काम गर्ने चिकित्सक तथा स्वास्थयकर्मी बाहेक सार्वजानिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविक प्रदान गरिदैं आएको पोशाक खर्च, महङ्गी भत्ता र स्थानीय भत्ता बाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे बापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायतका कुनै प्रकारको भत्ता प्रदान नगरिने तर अत्यावश्यक विषयमा थप आर्थिक दायित्व सिर्जना हुने गरी वा खाईपाई आएको भत्ता वा सुविधामा थप हुने गरी निर्णय गर्नुपर्ने

भएमा सार्वजानिक निकायले त्यस्तो निर्णय गर्नुअघि अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ । तर काउन्सिलले स्वीकृत नभएको खर्च निर्देशिका, २०७५ को आधारमा कर्मचारीहरुलाई थप टेलिफोन सुविधा रु.२३९,५००, परिवहन सुविधा रु. ३४८,२००, पत्रिका ग्राहक शुल्क सुविधा रु. २७,२०० र ए.डी.यस.यल महशुल सुविधा रु. २१३,००० भुक्तानी भएको पाइयो ।

४. **पोशाक खर्च :** प्रेस काउन्सिल नेपालको बैठक सम्बन्धि कार्यविधि २०७१ को ५ अनुसार बोर्डको बैठक बस्दा बोर्डका पदाधिकारी तथा सदस्यहरुलाई बैठक भत्ता र यातयात खर्च बाहेक अन्य सुविधाको भुक्तानीबारे व्यवस्था नरहेकोमा यस ऐन विपरीत ५३ औ वार्षिक उत्सव समारोहको लागि बोर्डका पदाधिकारीहरुलाई पोसाकवापत जम्मा रु.२२०,००० भुक्तानी भएको पाइयो ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तिय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा विश्वस्त छौं ।

लेखापरीक्षणको मुख्य विषयहरुः

लेखापरीक्षणका प्रमुख मामिलाहरु त्यस्ता मामिलाहरु हुन जुन यस वर्षको आर्थिक विवरण लेखापरीक्षण गर्दा महत्वपूर्ण मानिएको हुन्छ । हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन र अन्य नियम, कानून, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी काउन्सिलको व्यवस्थापनमा रहेको छ । उक्त जिम्मेवारीमा वित्तीय विवरणहरु तयार पार्ने तथा वित्तीय विवरणहरुको प्रस्तुतीकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको खाता तयार गर्ने, कार्यान्वयन गर्ने तथा त्यसको प्रभावकारिता कायम राख्ने कार्यहरु पर्दछन् जसमा वित्तीय विवरणहरु त्रुटि तथा जालसाजीको कारणले सारभूत रुपमा गलत औँकडा सहित छैनन् भन्ने कुरामा विश्वस्त हुने, उपयुक्त लेखा नीतिहरुको छनोट र कार्यान्वयन गर्ने, आवश्यकता अनुसार लेखा अनुमानहरु गर्ने कार्यहरु समेत पर्दछन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मानसिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसाहिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै, वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चित्ता बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ। सारभूत अनिश्चित्ता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

९.२ राष्ट्रिय समाचार समिति, २०७८।७९

लेखापरीक्षकको राय

हामीले राष्ट्रिय समाचार समितिको यसै साथ संलग्न २०७९ असार मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०७९ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७८।७९ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **आसामी** : वित्तिय विवरण अनुसार समितिको समाचार आसामी रु.१०६,१३९९२।४५ र अन्य आसामी रु. ५८,८१,८९८।५८ गरी जम्मा आसामी रु. १,६४,९५,८९१।०३ आसामीहरुबाट असुल गर्न बाँकी देखिएकोले नियमानुसार आवश्यक कारवाही गरी असुलउपर गर्नुपर्ने देखिन्छ ।

३. **मुल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) बमोजिम नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा दर्ता भएको वा दर्ता नभएको जुनसुकै व्यक्तिले यस ऐन बमोजिम कर लाग्ने मूल्यमा १३ प्रतिशतका दरले भुक्तानीका वखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुलउपर गर्नुपर्दछ । समितिले प्राप्त गरेको समाचार शुल्कमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) को पालना

गरेको पाईएन। समाचार एजेन्सि ३ वटा बाट १३ प्रतिशतले मूल्य अभिवृद्धि कर रु. ११,६५,१४७ असुलउपर नगरेकाले असुलउपर गर्नुपर्ने देखियो ।

४. **दायित्व सिर्जनाः** समितिले कर्मचारीहरुको उपदान, औषधी उपचार र विदा वापत यस वर्षको अन्तसम्ममा रु. ३२,८५,९९,१९७।७२ दायित्व सिर्जना भएको रकम वित्तीय विवरणमा व्यवस्था गर्नुपर्नेमा लेखा सम्बन्धी टिप्पणीमा मात्र उल्लेख गर्ने गरेको पाईयो । नेपाल वित्तीयमान प्रतिवेदन अनुसार सबै किसिमका दायित्वको वित्तीय विवरण समावेश गर्नुपर्दछ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। तीमान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। राष्ट्रिय समाचार समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियत सहित कोरायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेको माहामी विश्वस्त छौं।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापनपत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेका छैनन्।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै समितिलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले समितिको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा

निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दाप्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

हामीले अन्य आवश्यक कुराहरुको अतिरिक्त लेखापरीक्षणका क्षेत्र, समय तालिका र लेखापरीक्षणका महत्त्वपूर्ण निष्कर्षहरु साथै लेखापरीक्षणको सिलसिलामा पत्ता लागेका आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमजोरीहरु समितिको व्यवस्थापनका लागि उत्तरदायी पक्षहरुलाई जानकारी गराउँदछौं। साथै हामी समितिको लेखापरीक्षणको सिलसिलामा आवश्यक आचारसंहिता पालना गरेको घोषणा लगायत हाम्रो व्यवसायिक स्वतन्त्रतामा प्रभाव पार्नसक्ने विषय तथा सोको विषयमा हामीले चालेका कदम बारेमा समितिको व्यवस्थापनका उत्तरदायी पक्षहरुलाई जानकारी गराउँदछौं ।

९.३ राष्ट्रिय समाचार समिति, २०७९।८०

कैफियत सहितको राय

हामीले राष्ट्रिय समाचार समितिको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०८० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

नेपाल वित्तीय प्रतिवेदनमानः सरकारी संस्थाहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ । तर संलग्न गरिएको २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ ।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेका छैनन् ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै समितिलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ ।

समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले समितिको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा समितिले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

९.४ नेपाल टेलिभिजन, २०७८।७९

लेखापरीक्षकको राय

हामीले नेपाल टेलिभिजनको यसै साथ संलग्न २०७९ असार मसान्तको वासलात, सोही मितिको नाफा/नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरण, इक्विटिमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक नेपाल टेलिभिजनको वित्तीय विवरणले २०७९ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाह विवरण तथा लेखासम्बन्धि टिप्पणीहरुले प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त वमोजिम यथार्थ चित्रण गर्दछ ।

लेखापरीक्षणबाट कैफियत सहितको राय दिइएको आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

१. **वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (एन.एफ.आर.एस.) अनुसार तयार नभएको :** अनुसूची १३ मा रहेको लेखा सम्बन्धि प्रमुख नीतिहरु बमोजिम संस्थानले संलग्न वित्तीय विवरण नेपाल लेखामान अनुरुप तयार गरिएको छ। नेपाल चार्टर्ड एकाउण्टेण्ड संस्थाले आर्थिक वर्ष २०७३।७४ वाट सार्वजनिक संस्थाले नेपाल वित्तिय प्रतिवेदनमान अनुरुप प्रतिवेदन तयार गर्नुपर्ने निर्णय गरेकोमा संस्थान सार्वजनिक संस्था भएको, वासलातको कूल जम्मा रकम -चालू सम्पत्ति बाट चालू दायित्व नघटाई) रु १ अर्ब भन्दा बढी भएको र कूल कर्मचारी पनि ३०० भन्दा बढी भएकोले संस्थानले वित्तिय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमानमोजिम तयार गर्नपर्नेमा सो गरेको देखिएन ।

   नेपाल वित्तीय प्रतिवेदन मान १ को परिच्छेद २१ बमोजिम प्रथम पटक नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण बनाउदा कम्तिमा तीन वर्षको वित्तीय स्थितिको विवरण, दुई बर्षको नाफा नोक्सानको विवरण, नगद प्रवाह विवरण, साधारण शेयरमा भएको परिवर्तन र लेखा सम्बन्धि प्रमुख नीतिहरु तथा अनुसूचीहरु हुनुपर्दछ। तर, वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान (एन.एफ.आर.एस.) अनुसार तयार गरिएका छैनन र अघिल्लो वर्षको वित्तीय जानकारी नेपाल वित्तीय प्रतिवेदनमान १ मा उल्लेख भएको प्रावधान अनुसार परिमार्जन पनि गरिएको छैन । नेपाल वित्तीय प्रतिवेदन मान (एन.एफ.आर.एस.) अनुसार तयार नभएको कारणले पर्न जाने संयुक्त असर यकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ ।

२. **अधिकृत तथा जारी पूंजी भन्दा चुक्ता पूंजी बढी भएको :** संस्थाको अधिकृत तथा जारी एवं लिन मन्जुर गरेको शेयर पूँजी १५,०००,०००.०० कित्ता साधारण शेयर प्रति शेयर रु. १००.०० का दरले रु १५,००,०००,००० तथा चुक्ता पूंजी समेत रु १५,००,०००,००० रहेको यस बर्ष तथा अघिल्लो बर्षहरुको वासलात बाट भएको देखिन्छ तर

सो रकम लाई पुष्टी गर्ने कुनै पनि कागजात संस्था संग नरहेको वा लेखापरीक्षणको क्रममा हामीलाई उपलब्ध गराएको छैन । वासलात बमोजिम उल्लेखित अधिकृत तथा जारी पूंजी भन्दा संस्थाले रु २,२५,११,९८,४४३.६० ले बढी शेयर पूंजी वापत रकम प्राप्त गरेको देखिन्छ र सो रकमलाई अग्रिम शेयर लगानी भनेर राखेको छ । सो रकम मध्ये नेपाल सरकार (सचिवस्तर) मिति २०७९/०३/२८ को निर्णय बमोजिम नेपाल सरकारबाट नेपाल टेलिभिजनलाई रु.३५,००,००,००० रकम शेयर प्रमाण - पत्र जारी गरी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेमा सो अनुसार नगरेको पाइयो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट जारी गरिएको निकायगत शेयर लगानी विवरण मात्र प्राप्त भएको तर शेयर प्रमाण - पत्र जारी गरेको कागजात प्राप्त नभएको अवस्था छ ।

३. **ऋण तमसुक विपरीत रकम उपयोग गरेको सम्बन्धमा :** नेपाल टेलिभिजनले नेपाल सरकारबाट आ.व. २०७८/७९ मा रु. १५,००,००,००० ऋण प्राप्त गरेको देखिन्छ । ऋणहरुको तमसुक र प्रयोजन सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् ।

क) कुल ऋण मध्ये रु. ५,५५,००,०००।०० पाँच वटै च्यानलहरु भू-उपग्रह मार्फत प्रसारण गर्न खर्च गर्ने र रु ३,९०,००,०००।०० प्रादेशिक च्यानलहरु तथा १९ वटा भू-सतही केन्द्रहरुको Power System Upgrading गर्न खर्च गर्ने उल्लेख भएकोमा सो रकमहरु मध्ये आ.व. २०७६/०७७ मा रु २९,४७,७८०।४० को Supply and Delivery of Audio Video Equipment for HD OB Van, आ.व. ०७७/०७८-०१ मा रु १,९१,३७,९३६।५० Supply and Delivery of Audio Video Equipment Accessories र रु. १९,२८०।०० अन्य खर्चमा भुक्तानी गरेको छ । बाँकी रकम रु. ७,२३,९५,००३।१० मध्ये आ.व. ०७९/०८० मा रु. १,४०,००,०००।०० मात्र भू-उपग्रहको ग्यारेन्टीका लागी भुक्तानी भएको र रु. ६,२०,००,०००।०० अन्य प्रयोजनका लागी भुक्तानी गरेको छ ।

ऋण तमसुकको शर्त न. २ मा ऋणीले ऋणको सावां तथा व्याज तोकिएको समयमा भुक्तानी नगरेमा वार्षिक १० (दश) प्रतिशतका दरले हर्जाना लाग्ने उल्लेख गरेको छ । संस्थानले लिएको ऋण को किस्ता तथा व्याज भुक्तानी तालिका बमोजिम हालसम्म पनि बुझाएको छैन र हर्जनाको व्यवस्था समेत लेखाङ्कन गरेको छैन ।

ख) पाँचवटै च्यानलहरु भू–उपग्रहमार्फत प्रसारण गर्दा लागेको भाडा बापतको रकम व्यवस्थापन गर्न रु.२७,७५०,०००।०० नबिल बैंक जम्मा गरेको तर उक्त रकम सो प्रयोजनको लागी प्रयोग गरेको पाइएन ।

४. **नेपाल लेखामान १६ पालना नभएको :** स्थिर सम्पत्तिको मूल्यांकन, पुनःमूल्यांकन तथा मूल्यमा क्षय गणना तथा ह्रासकट्टी नेपाल लेखामान १६ अनुसार गरेको छैन । क्षयीकरणले कुनै पनि सम्पत्ति त्यसको उपयोगी मूल्यभन्दा बढी मूल्यमा प्रस्तुत हुँदैन भन्ने कुराको आश्वस्तता प्रदान गर्दछ । प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै संकेत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरणको परिक्षण गरिन्छ । कुनै क्षयीकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउनु पर्दछ तर सो अनुसार संस्थानमा कुनै पनि लेखा नीति भएको पाईएन ।

साथै अनुसूची १३ (२) मा उल्लेखित रहेको लेखा सम्बन्धि प्रमुख नीतिहरुमा आयात गरिएको स्थिर सम्पत्तिको लेखांकन एवं ह्रास कट्टा सम्बन्धि छुट्टै नीति रहेको छैन । तर खुल्ला बजारबाट खरिद गरिएका तुरुन्तै उपयोग पनि गर्न सकिने स्थिर सम्पत्तिहरु जस्तै फर्निचर, अफिस उपकरणको हकमा भने खरिद गरेको मिति देखि लेखांकन गर्ने नीति रहेको छ । संस्थाले आयात गरेको स्थिर सम्पत्तिलाई लेखांकन गर्ने क्रममा खरिद/आयात/उपयोग गरेको मिति देखि लेखांकन नगरी प्रतितपत्र रिलिज भए पछि मात्र यस वर्ष रु. ३७,०१९,५२४.८९ स्थिर सम्पत्तिमा पुंजीकृत गरेको पाइयो, जुन नेपाल लेखामान १६ अनुरुप छैन । सो कारणहरुले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ ।

५. **संस्थानको नाममा रहेको जग्गालाई वित्तीय विवरणमा लेखांकन नगरेको :** लेखापरिक्षणका क्रममा उपलब्ध गराएको विवरण बमोजिम यस संस्थानको कुल २२ ठाउँमा जग्गा रहेको छ । तर स्वयं भोग चलन गर्दै आएको जग्गा भनि रु. ३,८२०,००६.४७ मात्र स्थिर सम्पत्तिमा लेखांकन गरेको छ । उक्त भोगचलन गर्दै आएको जग्गा संस्थाले पर्याप्त विवरण उपलब्ध नगराएको कारण एकिन गर्न सकिएन । तर संस्थाले उपलब्ध गराएको कूल जग्गाको विवरण बमोजिम हाल सम्म संस्थाले कूल २२ ठाउँमा जग्गा भोगचलन गर्दै आएको छ । कूल जग्गा मध्ये ८ स्थानमा रहेको जग्गा तत्कालिन श्री ५ को सरकारले विभिन्न मितिमा उपलब्ध गराएको हो भने अर्को ८ स्थानमा रहेको जग्गा यस संस्थाकै नाममा जग्गाधनि प्रमाण पुर्जा रहेको छ । बाँकि रहेको जग्गा सामुदायिक वन उपभोक्ता समितिको नाममा रहेको छ । सबै जग्गाहरुको उचित मुल्यांकन गरेर सम्पत्तिमा लेखांकन गर्नु पर्नेमा सो अनुसार गरेको पाइएन ।

उदाहरणको लागि संस्थानलाई दानमा आएको जग्गा जस्तै नेपाल टेलिभिजन, इटहरी प्रशारण केन्द्रले बज्राहा टोल, इटहरी-७, सुनसरीले प्रयोग गर्दै आएको संस्थानको नाममा जग्गाधनी प्रमाणपूर्जा भएको १० कट्ठा जग्गा हामिलाई प्राप्त जानकारी अनुसार २०५५ सालमा स्थानीय बासिन्दा बाट अनुदानमा प्राप्त भएको रहेछ (लालपुर्जा प्राप्त भएको तर अनुदान सम्बन्धी कागजात प्राप्त नभएको)। नेपाल लेखामान २० बमोजिम उक्त जग्गाको Fair Value लाई अनुदान प्राप्त गरेको मितिमा आम्दानी जनाई सम्पत्ति लेखांकन गर्नुपर्नेमा सो बमोजिम गरेको पाइएन। उक्त जग्गाको बजार मूल्य चलन चल्ती अनुसार रकम रु. ४,००,००,००० (रु. ४०,००,००० प्रति कट्ठा) रहेको छ भने सरकारी मूल्य प्रति कट्ठा रु. १५,००,००० भई जम्मा मुल्य रु. १,५०,००,००० रहेको छ । साथै उक्त जग्गामा बनेको घरको नक्सा पास गरेको पाईएन। संस्थाले उपलब्ध गराएको सम्पत्ति तथा भूमिकर रसिद बमोजिम २०७७।७८ को जग्गाको कायम मुल्य "०" (शून्य) रहेको छ भने उक्त जग्गामा बनेको भवनको कायम मुल्य रु. ५० मात्र रहेको छ। संस्थानले यसरि आफ्नो नाममा रहेको जग्गालाई वित्तीय विवरणमा लेखांकन नगर्दा सोको कारणले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ।

६. **बाहिरि समर्थन (External Confirmation) प्राप्त गर्न नसकिएको र नेपाल लेखामान ३६ समेत पालना नभएको :** वित्तीय विवरणको अनुसुचि ६, ८ र ९ बमोजिम ब्यापारिक तथा अन्य प्राप्त रकम रु. ३७,३७,८८,४८२.४०, अग्रिम भुक्तानी रकम र पेश्की सापटी धरौटी रु. १५,६५,८६,३५२.२६ र अन्य, व्यापारिक तथा अन्य भूक्तानी रु. १०,०३,७०,१४३.१८ रहेको छ। लेखापरीक्षणको क्रममा हामीलाई प्रारम्भिक वित्तीय विवरण प्राप्त भएपछि मिति २०७९।१२।२१ गते उक्त प्राप्त गर्न बाँकि रकमको निरीक्षण, अवलोकन र उपयुक्तता पुष्टि गर्न नेपाल लेखापरिक्षण मान ५०५, बाहिरि समर्थन (External Confirmation) बमोजिम अनुसुचिहरुमा उल्लेख गरिएका अभिलेख र कागजातहरू तथा बाहिरि समर्थन आवश्यक परेको हुनाले अनुसुचिहरुमा सुचित गरिएका विषयहरुको बाहिरि समर्थन साथै विस्तृत विवरण उपलब्ध गारउन अनुरोध गरेकोमा सो लाई पुष्टि गर्ने कुनैपनि कागजात उपलब्ध हुन सकेन।

नेपाल लेखामान ३६ बमोजिम यस आर्थिक वर्ष कुनैपनि सम्पत्तिहरुलाई यस लेखामानबमोजिम क्षयीकरण गरिएको छैन। क्षयीकरणले कुनैपनि सम्पत्ति त्यसको उपयोगी मूल्यभन्दा बढी मूल्यमा प्रस्तुत हुँदैन भन्ने कुराको आश्वस्तता प्रदान गर्दछ। प्रत्येक प्रतिवेदन अवधिको अन्त्यमा कुनै संकेत पाएको अवस्थामा सम्पत्तिमा क्षयीकरणको परिक्षण गरिन्छ। साथै नेपाल टेलिभिजन आर्थिक प्रशासन सम्बन्धी (प्रथम संशोधन २०७५) विनियमावली २०६६ को विनियम ८३ बमोजिम हिसाव मिलान उप-समिति गठन गरी हिसाव मिलाउनुपर्नेमा सो गरेको पाइएन। कुनै क्षयीकरण भएको अवस्थामा त्यसलाई कार्य सञ्चालनको विवरणमा देखाउनु पर्दछ तर सो अनुसार संस्थानमा कुनैपनि लेखा नीति भएको पाईएन सो को कारणले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुनसक्छ।

७. **अग्रिम आयकर :** संस्थानले पेश गरेको २०७७।७८ को आय विवरण बमोजिम अग्रिम आय करको रकम रु ५,१७,८७,४५१.०७ र २०७८।७९ को आय विवरण पेश नगरिएता पनि आन्तरिक राजश्व कार्यालयको तथ्याङक बमोजिम रु ५६,६२,११४.८६ समेत रु. ५,७४,४९,५६५.९३ रकम हुनुपर्नेमा वित्तीय विवरणको अनुसूची ८(२)(१६१) र ८(५) मा रहेको रकम को जोड गरी रु.६,८५,२६,१४३.६९ राखेको छ। उक्त फरक रकम रु १,१०,७६,५७७.७६ को समायोजन गर्नु पर्नेमा गरेको पाईएन।

८. **बैंक मौज्दात पुष्टि गर्न नसकिएको :** बैंक मौज्दात वित्तीय विवरणको महत्वपूर्ण भाग हो र सोको पुष्टि लेखापरीक्षणको महत्वपूर्ण पाटो हो । बैंक मौज्दात पुष्टि गर्ने एक मात्र आधिकारिक प्रमाण सम्बन्धित बैंकले जारी गरेको बैंक स्टेटमेन्ट वा बैंक सर्टिफिकेट हो। लेखापरीक्षणको क्रममा केहि बैंक मौज्दातको सम्बन्धित बैंकको स्टेटमेन्ट प्राप्त भएन। बैंकको स्टेटमेन्ट प्राप्त नभएको बैंक मौज्दातको वित्तीय विवरणमा उल्लेखित रकम रु. ३,९६,२३८.१८ सहि हो भनि पुष्ठी गर्न सकिदैन। साथै कतिपय बैंक मौज्दातको बैंकको स्टेटमेन्ट प्राप्त भए तापनि बैंकको स्टेटमेन्ट र वित्तीय विवरण अनुसारको रकम फरक परेको र बैंक रिकन्सिलेसन स्टेटमेन्ट स्पष्ट नभएको हुनाले सो बैंक मौज्दात रकम रु. ७८,०५,१९६.५२ पुष्ठी गर्न सकिएन। संस्थानको लेखा शाखाको नबिल बैंकको खाता नं.०१०१०११२५४३०२ को बैंक समायोजनमा विगत लामो समय देखि रकम बैंकमा जम्मा भएको तर के प्रयोजनको लागी भएको भनि स्पष्ट नहुँदा रु.३,०६,२८०.०० रकम समायोजनमा रहेको पाइयो। संस्थानको इटहरी क्षेत्रीय प्रसारण केन्द्रको नबिल बैंक खाता नं. १००९०१०१७५०१७३३ को समायोजनमा भुक्तानी भएको भनी लेखिएता पनि रु.३,११,९५० भुक्तानी एकिन गर्न सकिएन। सो को विस्तृत विवरण व्यवस्थापन पत्रमा समेत उल्लेख गरिएको छ। उल्लेखित कारणले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ।

९. **बैंक लेजरमा दोहोरो आम्दानी जनाएको सम्बन्धमा :** संस्थानको आयलेखा शाखामा तयार गरिएको नबिल बैंक खाता नं. ०४८०१०१७५०१०५५ को समायोजनमा विभिन्न मितिमा New IT Ventures ले जम्मा गरिदिएको रकम भनी रु. ६२,७१,२४३।२९ दुई पटक एउटै रकम भौचर नं. (१६, १७ र ७७) बाट आम्दानी बाँधी बैंक समायोजन मार्फत समायोजन गरेको पाइयो ।

एउटै आम्दानी दोहोरो पर्ने गरी आम्दानी जनाएको साथै सो आम्दानी अन्य पार्टीसंग बाँडफाँड गर्नुपर्ने भएको कारणले अतिरिक्त लेखाङ्कन गरीएको आम्दानीलाई Reverse गर्नुपर्ने साथै अतिरिक्त आम्दानी दोहोरो पर्नेगरी बाँडफाँड नहुने व्यवस्था मिलाउनु पर्दछ ।

१०. **ब्याज आम्दानी तथा खर्च लेखाङकन नगरी समायोजनमा उल्लेख गरिएको सम्बन्धमा :** संस्थानको नबिल बैंक खाता नं. ०४८०१०१७५०१०५५ स्टेटमेन्ट/बैंक सर्टिफिकेट र बैंक लेजरमा रु. ५४,४३,४९७.५३ फरक रहेको पाइयो । उक्त फरक रकमको बैंक समायोजन अध्ययन गर्दा रु. ८,३५,६१०.०० ब्याज आय लेखाङकन गर्नुपर्नेमा नगरेको, रु. १२,१३६.०६ रकमको बिजक जारी गरी आय लेखाङकन गर्नुपर्ने र रु. २०,०००.०० खर्चतर्फ EPG Integration Fee भनी खर्च लेखाङकन गर्नुपर्नेमा गरेको पाइएन ।

११. **नेपाल लेखामान १ पालना नभएको :** यस लेखामान अनुसार नै वित्तीय विवरण तयार गरिएको छ तर लेखानीति सम्बन्धि पर्याप्त जानकारी एवंम खुलासाहरु भने दिएको छैन् ।

१२. **उपदान कोषको व्यवस्था कर्मचारी सेवा शर्त विनियमावली २०५५ (आठौं संशोधन सहित) अनुसार नभएको सम्बन्धमा:** कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) मा वर्ष भन्ने शब्दको परिभाषा नरहेकोले कर्मचारी अवकाश हुँदा भुक्तानी गरिने उपदान रकम गणना गर्दा काम गरेको पूर्ण वर्ष लिने वा काम गरेको अवधि (वर्ष र वर्षको भाग) लिने भन्ने कुरा प्रष्ट हुन सकेन । पूरा व्यतित नभएको वर्षको अंशलाई समेत व्यतित भएको वर्षमा जोडी रु.९६,६७,४८७.०० रकम बढी व्यवस्था भएको पाइयो ।

१३. **अन्य कुनै व्यवस्था नगरिएको सम्बन्धमा :** उपदान बाहेक अन्य दायित्व कर्मचारी सेवा शर्त विनियमावली, २०५५ (आठौं संशोधन, २०७६ सहित) मा तोकिए बमोजिम व्यवस्था नगरेको पाइयो । जस्तैः संचित बिदा बापतको व्यवस्था । यसवाट भविस्यमा उक्त दायित्वको भुक्तानी गर्दा समस्या उत्पन्न हुनसक्छ ।

१४. **असुल उपर हुन बाँकी संकास्पद आसामी सम्बन्धि व्यवस्था :** वित्तीय विवरणको अनुसूची १० मा आसामी वर्ल्डभिजन मिडिया बाईडहाउस प्रा.लि. सम्बन्धि व्यवस्था भनि रकम रु. ५०,८७७,०००.०० उल्लेख गरेको छ तर वास्तवमा सो रकम व्यवस्थाका रुपमा यस लेखामान अनुसार प्रस्तुतिकरण गर्न मिल्दैन । नेपाल लेखामान ३७ को अधिकारक्षेत्र भित्रमा भए गरेका कार्यहरुले संस्थानलाई वर्तमानमा दायित्व सिर्जना गरी त्यसको समायोजनले संस्थानको श्रोतहरुको बाह्य प्रवाह गर्ने कुरालाई समेट्ने गर्दछ । तर माथि व्यवस्था गरिएको रकमको हकमा यो कुनै दायित्व नभई असुल उपर गर्नुपर्ने आसामी रकम भएको हुनाले व्यवस्थाको रुपमा प्रस्तुतीकरण नगरि भविश्यमा यो रकम असुल उपर हुने सम्भावना न्युन भएको खण्डमा संचालक समितिको निर्णयद्धारा खराब आसामी रकम भनि प्रस्तुतीकरण गर्न सकिनेछ ।

१५. **नेपाल लेखामान २ पालना नभएको :** नेपाल लेखामान २ बमोजिम जिन्सी मौज्दातको मूल्यांकनलाई लागत वा खुद असुली मूल्य मध्ये जुन कम हुन्छ सो रकममा गर्नुपर्नेमा गरेको पाईएन । धेरै पहिले खरिद गरेको तर हाल प्रयोगमा नआउने सामानहरुको मुल्यांकन खुद असुली मूल्यमा (बेच्दा पाइने मुल्य) नभई परल मुल्यमा भएको पाइयो । वित्तीय विवरणको अनुसूची ५ मा विभिन्न जिन्सी मौज्दातहरु गरि रु. १,६४,०५,५२१.८५ रहेको छ ।

१६. **नेपाल लेखामान १० :** संस्थानले सम्पुर्ण वासलात पछिको कार्यहरुलाई समायोजन गर्न मिल्ने कार्यका रुपमा प्रस्तुतिकरण गरेको छ । तर समायोजन गर्न नमिल्ने कुनै पनि कार्य पहिचान गरी खुलासाहरु वित्तीय विवरणमा दर्शाएको छैन । उल्लेखित कारणले पर्नजाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ ।

१७. **नेपाल लेखामान १२ पालना नभएको :** आयकर ऐन, २०५८ बमोजिम आयकर दायित्व गणना गरेको छैन । आयकर विवरण तथा वित्तीय विवरण बीच सम्पत्ति दायित्वमा हुन आउने अस्थायी फरकको गणना गरी भविष्यमा समायोजन हुने फरकहरूलाई हाल कायम करको दरमा स्थगन करको गणना तथा नेपाल लेखामान १२ ले तोकेको खुलासाहरु वित्तीय विवरणमा दर्शाएको छैन । उल्लेखित कारणले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ ।

१८. **नेपाल लेखामान २४ पालना नभएको :** नेपाल लेखामान २४ अनुसार सञ्चालक समिति, कार्यकारी अध्यक्ष, महाप्रबन्धकहरु संस्थाका Key Managerial Personnel हुन । सञ्चालक समिति, कार्यकारी अध्यक्ष, महाप्रबन्धकहरुको पारिश्रमिक तथा सुविधा र सम्बन्धित पदाधिकारीहरुले लिएको बैठक भत्ता, ऋणको रकम, आन्तरिक तथा वैदेशिक भ्रमण खर्च, ब्याजदर, पेश्की वा अन्य बक्यौता रकमहरु नेपाल लेखामान २४ अनुसारका खुलासाहरु वित्तीय विवरणमा दर्शाएको छैन ।

१९. **बित्तिय विवरण अनुसारको रकम र लेखा सफ्टवेयर अनुसारको रकम फरक परेको :** संस्थानको वित्तीय विवरण संस्थानले प्रयोग गर्दै आएको लेखा सफ्टवेयर सहजद्वारा उठेको भौचर अनुसार तयार गर्नुपर्ने हुन्छ । त्यसो हुँदा वित्तीय विवरणको रकम र लेखा सफ्टवेयर सहज अनुसारको रकम बराबर हुनुपर्ने हुन्छ । तर तुलनात्मक अध्ययनको क्रममा बिभिन्न शीर्षकहरुको वित्तीय विवरण अनुसारको रकम र लेखा सफ्टवेयर अनुसारको रकम व्यवस्थापन पत्रमा उल्लेख भए बमोजिम फरक रहेको छ ।

साथै संस्थानको आयलेखा फाटको सिस्टममा रु. १,४३,०४,१८,०२०.१९ रकम मा "Suspense Account" मा प्रस्तुत गरिएको, सो रकम आर्थिक वर्ष २०७१।७२ देखि जिम्मेवारी सर्दै आएको देखिन्छ । उल्लेखित कारणले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ ।

२०. **मास्केबारी र बासलातमा बिक्रि (Sales) फरक देखिएको :** संस्थानको खाता तथा वित्तिय विवरण अनुसार करयोग्य बिक्रि रकम रु. ५०,०४,८९,९६०.९९ देखिन्छ तर हरेक महिना मू.अ.कर मा भरिने विवरण अनुसार बिक्रि रकम रु. ५१,५२,३७,२५९.०० देखिन्छ । फरक पर्न गएको रु. १,४७,४७,२९८ समायोजन गरेको छैन ।

२१. **प्रसारण तथा वितरण शुल्क नबुझाएको सम्बन्धमा** : राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ११(१) बमोजिम, कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्था वा व्यक्तिले आफूले गरेको वार्षिक कुल आम्दानीको दुई प्रतिशत वा वार्षिक कुल नाफाको दश प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम प्रसारण शुल्क बापत नेपाल सरकारलाई बुझाउनु पर्नेछ । तर संस्थाले हालसम्म कुनैपनि प्रसारण शुल्क बुझाएको छैन । आ.व. २०७८।७९ मा संस्थाको कुल संचालन आय रु. ५०,०४,८९,९६०.९९ रहेको छ । उक्त संचालन आयको २% ले हुने रकम रु.१,००,०९,७९९.२२ हुन्छ ।

२२. **भू-उपग्रह भाडा सम्बन्धमा :** संस्थानले थाई पब्लिक कम्पनि लिमिटेड संग गरेको ट्रान्सपोण्डर सर्भिस फिसम्बन्धी सम्झौता, १० सेप्टेम्वर २०११ मा सकिएको थियो । उक्त अवधिपछि नयाँ सम्झौता गर्ने गरी तयारी गरी अन्तराष्ट्रिय बोलपत्र आह्वान गरिनुपर्नेमा सो नगरी सोही समाप्त भएको सम्झौतामा छैटौ संशोधन गरि भुक्तानि गरेको पाईयो ।

संस्थानसंग सम्झौताको समय २०७८।०५।२५ गते समाप्त भएको र पटक पटक समय थप गर्दा समेत नँया सम्झौता नभएको अवस्था छ । २०७८।०५।२५ देखि २०७९।२।२३ गरि करिब ९ महिना सम्म बोलपत्र आह्वान गर्न ढिला भएको र सो समयमा प्रचलित दरभन्दा अतिरिक्त रकम भुक्तानि गरेको पाईयो ।

उपरोक्त सम्बन्धमा संस्थानको संञ्चालक समितिले पटक पटक नँया बोलपत्र आवह्वान गर्न निर्देशन दिएतापनि व्यबस्थापनले सो निर्देशन पालना गरेको देखिएन । त्यसैगरी Thaicom Public Company Limited बाट सेवा वर्षभरिनै प्राप्त गरेता पनि २०७८।०४।१८ देखि २०७८ फाल्गुन २६ (२०२२/०३/१०) सम्म ६ महिनाको मात्र भूउपग्रह भाडा भनी खर्च लेखाङकन गरेको पाईयो । लेखाको सर्वमान्य सिद्वान्त अनुरुप सेवा ग्राहीले सेवा उपयोग गरेको अवधिको खर्च लेखाङकन गनुपर्नेमा सो खर्चको उचित व्यवस्था नगर्दा भविष्यमा संस्थानलाई आर्थिक भार पर्ने देखिन्छ ।

साथै उक्त पार्टीसंग भएको सम्झौतामा संस्थानले Thaicom Public Company Limited लाई भुक्तानी दिने रकममा नेपालमा लाग्ने करकट्टी नगरी एकमुष्ट रकम भुक्तानी गर्नुपर्ने रहेको छ जुन नियमसम्मत देखिदैन । बाँकी अवधिको खर्च एकिन गरी भुक्तानी दिनुपर्ने भए खर्च अथवा विवादित भए Contingent Liability लेखाङकन गर्नुपर्ने देखिन्छ ।

२३. **ब्याज आम्दानी फरक परेको सम्बन्धमा :** संस्थानले वित्तिय विवरणमा ब्याज आम्दानी भनी रु.४,९९,७३,५३८.०५ देखाएपनि लेखापरीक्षणको क्रममा उपलब्ध भएको बैंक स्टेटमेन्ट तथा सर्टिफिकेटमा रु.४,८४,०८,८०३.२० मात्र देखिएकोले फरक रकम रु. १५,६४,७३४.८५ पुष्टि गर्न सकिएन ।

२४. **नेपाल लेखामान २० (सरकारी अनुदान) अनुसार नेपाल सरकारबाट प्राप्त अनुदान लेखाङकन नगरिएको सम्बन्धमा:** संस्थानले यस आर्थिक वर्ष तथा गत आर्थिक वर्षहरुमा विभिन्न शीर्षक अन्तर्गत नेपाल सरकारबाट सर्शत अनुदान

प्राप्त गर्दै आएको छ । यस आर्थिक वर्षमा रु. ५,५८,०७,४०० तथा गत आर्थिक वर्षमा रु.२,९५,००,००० प्राप्त अनुदान रकम वित्तिय विवरणको नाफा नोक्सान हिसाबमा लेखाङकन भएको छ ।

नेपाल लेखामान २० (सरकारी अनुदान) को हरफ ७, ८, १२ र १६ बमोजिम अनुदान प्राप्त हुँदैमा सम्झौतामा उल्लेखित शर्तहरु पूरा भएको मानिदैन । सरकारी अनुदान (गैर मौद्रिक अनुदानको उचित मूल्य सहित) लाई संस्थाले उल्लेखित शर्तहरु पालना गर्ने आश्वस्वता नभएसम्म र अनुदान प्राप्त हुने आश्वस्वता नभएसम्म लेखाङकन गर्न नमिल्ने व्यवस्था रहेको छ ।

उक्त अनुदान रकम शर्तबमोजिम खर्च भएमा मात्र नाफा नोक्सान हिसाबमा लेखाङकन गर्नुपर्नेमा अनुदान प्राप्त गर्दाकै अवस्थामा आय लेखाङकन गरेको पाइयो जुन नेपाल लेखामान २० (सरकारी अनुदान) विपरीत रहेको छ । सो को विस्तृत विवरण व्यवस्थापन पत्रमा समेत उल्लेख गरिएको छ । उल्लेखित कारणले पर्न जाने संयुक्त असर एकिन गर्न नसकिने भएको छ जुन सारभूत तथा व्यापक हुन सक्छ ।

२५. **नेपाल लेखामान १९ पालना नभएको र सो रकम अपुग रहेको :** नेपाल टेलिभिजनको उपदान कोषमा व्यवस्था वापत रु ५२,६०,६३,९२७.३६ रहेको छ । साथै वित्तिय विवरणमा नागरिक लगानी कोषको उपदान कोषमा भने रु. ४१,६७,६८,६१९.४३ मात्र लेखाङकन गरेको छ । वित्तिय विवरणसँगको भिन्नता रकम रु. १०,९२,९५,३०७.९३ रहेको छ । तसर्थ नेपाल लेखामान १९ : संचय कोषमा भएको रकमको गणना, उपदान कोषमा भएको रकमको रकमान्तरण र कर्मचारीहरुलाई गरिएको उपदान रकमको भुक्तानि नेपाल लेखामान अनुरुप भएको छैन ।

विषय उपर जोडः

१. हामीले वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीहरुको अनुसूची १३ (१०) मा उल्लेखित विषयमा ध्यानाकृष्ट गराउँदछौँ । सो बमोजिम नेपाल सरकारबाट बार्षिक रुपमा बजेटमा समावेश भई प्राप्त हुने रकमलाई नेपाल सरकारको लगानी अन्तर्गत शेयर लगानीमा समावेश गरिने नीति भए तापनि यो आर्थिक सम्म प्राप्त रकम रु ३८०,०००,००० लाई भने नेपाल सरकारको निर्देशन बमोजिम ऋण लगानीमा राखिएको छ र समावेश गरिएको भनिएतापनि ऋण लगानी सम्बन्धि विवरण मात्र भएको तर लेखा नीति रहेको छैन । गत आर्थिक वर्षमा तिर्न बाँकि ऋण रकम रु २३०,०००,००० रहेको थियो । सो ऋण रकमको किस्ता (ब्याज समेत) संस्थाले अहिले सम्म पनि भुक्तानी गर्न सकेको छैन ।

२. हामीले वित्तीय विवरणको लेखासम्बन्धी टिप्पणीहरुको अनुसूची १३(२) मा उल्लेखित विषयमा ध्यानाकृष्ट गराउँदछौँ । संस्थानमा अदृश्य सम्पत्ति रहेकोले, सो सम्पत्तिको मापन गर्ने, परिसोधन गर्ने, खर्च र क्षयीकरण गर्ने तथा ह्रासकट्टी गर्ने कुनैपनि नीति रहेको पाईएन । उल्लेखित विषयले हाम्रो राय परिमार्जन गरेको छैन ।

अन्य मामिलाः

१. संस्थानले हरेक वर्ष बजेट बनाउने कुरा अवलम्बन गरेतापनि सो बजेट अध्ययन गर्दा स्वयं संस्थानले नै सधैं घाटामा जाने अनुमान गरेको छ । संस्थानको आन्तरिक श्रोत साधन बाट बजेट अनुमान गरि आम्दानीले भ्याउने सम्मको खर्चमात्र गर्ने वा चुहावट हुने खर्चहरुलाई नियन्त्रण गर्नु पर्नेमा, भएको खर्चलाई थप अरु खर्च अनुमान गरेर घाटामा बजेट बनाउने गरेको छ । सो प्रवृतिले संस्थाको भविश्यमा हुन सक्ने खर्च जुटाउन अप्ठ्यारो पर्ने अवस्था देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा संस्थाले अनुमानित आय रु.३८,८६,४९,६००।०० अनुमान गरेता पनि संचालन खर्च भने रु. ९२,१३,४४,७५४।१३ अनुमान गरेको छ जसले गर्दा रु ५३,२६,९५,१५४.१३ घाटा रकम अनुमान गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ को अनुमानित बजेट निर्माण गर्ने क्रममा कम्तिमा गत आर्थिक वर्ष को वास्तविक सञ्चालन आयको आधारमा प्रक्षेपण गनुपर्नेमा सो वर्ष पनि गत आर्थिक वर्ष झै रु. ३८,८६,४९,६००।०० मात्र प्रक्षेपण गरेको पाइयो । यस वर्षको अनुमानित सञ्चालन आय गत आर्थिक वर्षको वास्तविक आयको ७६।१९ प्रतिशत मात्र रहेको छ ।

साथै संस्थानको आ.व. २०७८/७९ को बार्षिक कार्यक्रम तथा बजेट विवरण बनाउदाँ नेपाल सरकार (शेयर लगानी) र नेपाल सरकार (ऋण लगानी) लाई समेत आम्दानीमा राखेको पाइयो जुन सर्वमान्य लेखा सिद्वान्त अनुसार मान्य हुदैन ।

नेपाल टेलिभिजनको आर्थिक वर्ष २०७८/७९ को बजेट अध्ययन गर्दा कर्मचारी बिमा र उपदान खर्चका लागि कुनै पनि प्रकारको बजेट नछुट्टाए तापनि कर्मचारी बिमावापत रु २८,७०,८१०.३९ र उपदान खर्च भनेर रु. ८,९५,१८,४८७.२३ बराबरको खर्च देखाइएको छ । साथै तुलनात्मक तालिका हेर्दा नेपाल टेलिभिजनले धेरै खर्चहरु

बजेटमा छुट्टाइएको भन्दा बढी खर्च गरेको पाइयो । बजेट तुलनात्मक विवरणको फरक रकममा देखाएको ऋणात्मक रकम नेपाल टेलिभिजनको अनुमानित बजेट भन्दा बढी खर्च भनी उल्लेख छ ।

२. स्थिर सम्पतिहरु रहेको स्थान खुलाई विवरण तयार पारिए तापनि (कतिपय स्थिर सम्पतिहरु उक्त ठाउँमा नभेटिएको) र स्थिर सम्पत्तिहरुको कोडिङ गरिएको छैन । साथै भौतिक परीक्षण समेत वार्षिक रुपमा गरेको पाइएन । यसले गर्दा अघिल्लो आर्थिक वर्षमा र यस आर्थिक वर्षमा के कति भौतिक सम्पत्तिहरु थपघट भए वा हराए वा दुई आ.व मा रहेका भौतिक सम्पत्तिको अवस्थाबारे निर्णय गर्न कठिन रहने गरेको पाइयो । उदारणका लागि संस्थानका सम्पूर्ण च्यानलहरु केही वर्ष अघि नै SD बाट HD मा रुपान्तरण भएतापनि SD को लागि प्रयोग भएका उपकरणहरुको अवस्था एकिन गर्न सकिएन ।

३. संचार संस्थान ऐन, २०२८ को दफा १०(३) बमोजिम, "समितिको अध्यक्ष नेपाल सरकारले तोक्नेछ र त्यसरी अध्यक्ष नतोकेकोमा समितिको अध्यक्षतामा संस्थानका महाप्रबन्धकले गर्नेछ" तर नेपाल सरकारको मन्त्रिपरिषदको निर्णयले ऐनले परिकल्पना नगरेको कार्यकारी अध्यक्ष नियुक्ति गरेको पाइयो । उक्त ऐनको दफा १० बमोजिम सस्थांनको संचालक समितिमा पांच जना सदस्य भएतापनि बोर्डको गठन भने यस ऐन बमोजिम नभएको पाइयो । संचालक समिति संस्थानको कामकारबाहिबाट अलग रही स्वतन्त्र हुनुपर्नेमा जम्मा पाँच सदस्य रहेको संचालक समितिमा तीन जना सस्थांनको तर्फबाट र दुईजना मात्र संस्थान बाहिरबाट हुँदा संचालक समितिले गरेका निर्णयहरु समेत प्रभावित हुने गरेको पाइयो ।

४. नेपाल टेलिभिजन नेपाल सरकारको शतप्रतिशत लगानी भएको छुट्टै व्यवसाय उन्मुख संस्था भएकोले श्रम ऐन २०७४ लागु हुने गरी मूल्याङ्कन गर्नुपर्ने देखिएको छ । नेपाल टेलिभिजनको व्यवस्थापनले नेपाल टेलिभिजनलाई श्रम ऐन, २०७४ लागु हुने वा नहुने एकिन गर्ने र लागु हुने भएमा आवश्यक संशोधन र पालना गर्नुपर्ने विषयमा कुनै मूल्यांकन गरेको आधार प्राप्त हुन सकेन ।

५. योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ अनुसार सबै रोजगारदाता र कर्मचारी सामाजिक सुरक्षा कोष (SSF) अन्तर्गत दर्ता हुनुपर्नेछ । लेखापरीक्षणको क्रममा, एनटिभीले (SSF) अन्तर्गत दर्ताको लागि आवेदन नदिएको र हालसम्म आफ्ना कर्मचारीहरू (SSF) मा दर्ता नभएको जानकारी प्राप्त भयो ।

६. मू. अ. कर ऐन, २०५२ को दफा १४क अनुसार आन्तरिक राजस्व विभागको सूचना बमोजिम रु पैंतीस करोड भन्दा बढी करोवार हुने करदाताले अनिवार्य रुपमा बिधुतीय माध्यमबाट बीजक जारी गर्ने तथा सोको अभिलेख राख्ने गरी आदेश भएतापनी यस संस्थानको प्रशारण केन्द्रमा बीजक जारी गर्दा हस्तलिखित बीजक जारी गर्ने गरेको पाइयो । तसर्थ मू. अ. कर ऐन, २०५२ को दफा २९(१)(छ२) बमोजिम रु ५,००,००० र (छ३) बमोजिम थप रु. ५,००,००० गरी कूल रु. १,०००,००० दायित्व सिर्जना हुने देखिन्छ ।

७. यस संस्थानको प्रशारण केन्द्रहरु मू.अ.करमा शाखा दर्ता समेत नभएकोले मू.अ.कर ऐन, २०५२ को दफा २९ (१घ) बमोजिम दर्ता हुनुपर्ने दायित्व भएका व्यक्ति दर्ता नगरी कारोवार गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको पचास प्रतिशतले हुन आउने रकम दायित्व सिर्जना हुने देखिन्छ ।

८. नेपाल टेलिभिजनको कर्मचारी कल्याण कोष व्यबस्थामा रु ४,१३,१३,२६३.७६ रकम रहेको छ । कर्मचारी कल्याण कोष व्यबस्थामा भएको रकमको कुनै प्रमाण प्राप्त गर्न सकिएन र यस्तो कोषको छुट्टै लेखापरीक्षण हुनुपर्नेमा लेखापरिक्षण पनि नभएको हुँदा यो वास्तविक रकम एकिन गर्न सकिएन ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्वः नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा जालसाजी वा गल्ती रहित, सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

वित्तिय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्थान विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्थान निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यक बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरि वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनमा रहेको छ । संस्थानको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि संचालक समिति तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरु जिम्मेवार छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण र त्रुटि(Fraud) बाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण त्रुटी (Fraud) बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

व्यवस्थापन पत्र

प्रारम्भिक लेखापरिक्षण प्रतिवेदन र सो उपर सञ्चालक समितिको जवाफ प्राप्त भईसकेपछि व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

९.५ नेपाल टेलिकम, २०७९।८०

REPORT ON THE AUDIT OF THE STANDALONE FINANCIAL STATEMENTS

QUALIFIED OPINION

We have audited the Standalone Financial Statements of Nepal Doorsanchar Company Limited ("Nepal Telecom"/"the Company") which comprise the Statement of Financial Position as at Ashadh 31, 2080 (July 16, 2023), and Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flows for the year then ended, and Notes to the Standalone Financial Statements, including a Summary of Significant Accounting Policies.

In our opinion, except for the effects of the matter described in the Basis for Qualified Opinion section of our report, the accompanying Financial Statements read with the significant accounting policies and explanatory notes present fairly, in all material respects, the financial position of the Company as at 31 Ashadh, 2080 (16 July 2023), and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.

BASIS FOR QUALIFIED OPINION

a. The Company has made significant investment to bring into operation nationwide 4G/LTE network, to strengthen and expand its business that is entirely dependent on successful completion of the project within the agreed time and quality. Separate contracts have been signed for Core, Radio Access Network (RAN) I and II totaling NPR 19.68 billion (NPR equivalent) excluding duties and taxes, for which purchase orders as per contract have been issued on different dates. The project was initially scheduled to be completed in 12 months (February 2020), which has not been completed yet. Although time extension of the various lots was made up to Chaitra 2078, the time has already expired, and no decision has been taken thereafter. Although a committee has been formed for the calculation of liquidated damages, a decision has not been taken on the same, which can be a maximum of ten percent of the total contract price of the respective phase as per the contract terms. The company has capitalized Rs. 15.5 billion related to RAN I and II as on Asadh End 2080.

   Delay in project completion has significant impact on the business and revenue generation of the company. Further, income is understated by the amount liquidated damage of 4G/LTE Project as per the accounting policy of the company.

b. In the case of 4G/LTE projects, 4133 Sites have been capitalized as on financial year end amounting to NPR 15.5 billion. However, due to inconsistent allocation of material and service cost to individual sites, we were unable to obtain sufficient and appropriate audit evidence to verify the valuation of such individual assets. Further, the misallocation of costs has impacted on the related expense accounts and, consequently, the overall financial performance of the entity.

c. We have identified a limitation in our scope regarding the derecognition of property, plant and equipment (PPE) disposed of during the year. The company has a policy to derecognize PPE when disposed of or when no future economic benefits are expected from its use or disposal. However, assets disposed of during the year amounting to NPR 210 million (previous year NPR 196 million) have not been derecognized. Additionally, we were unable to ascertain the cost and accumulated depreciation on these disposed-of assets. Furthermore, additional scrap and obsolete PPE may exist within the company's records but has not been

identified and derecognized. The extent and value of this unidentified scrap could not be determined.

d. Capital Work in Progress (CWIP) includes capital equipment/inventories balance on financial year end date amounting to NPR 1,144,903,995 (previous year NPR 2,218,541,470) imported in the name of company as per terms of contract with vendors based on turnkey project. The risk on these inventories lies with the vendor until it is installed who has full control and in their custody for the purpose of getting used in installation or construction. The liability for these inventories is to be recognized only when services are performed, installation is complete and handed over, and assets are available for use (on-air). As such, CWIP and current liabilities have been overstated to that extent.

e. The Accounting policy of the company mandates impairment recognition for inventory items lying idle beyond a specified period. The company has NPR 7 billion worth of inventories as on Asadh End 2080 presented under Capital Work in Progress (Note 4 of financial statement) and Inventory (Note 7 of financial statement). However, impairment applied by the company solely relies on the nature of inventory without considering purchase date that hinders identification of older, more susceptible items. Identifying movement within a group of identical items rather than individual items significantly impacts the impairment assessment for the entire group. The lack of individual item ageing information prevents us from determining the potential cumulative impact of these inadequate practices on the financial statements.

f. The wireline division incurred a substantial operating loss of Rs. 1.46 billion, representing a 44% gross loss margin against total revenue of Rs. 3.34 billion (Refer Note 33 of Financial Statement). The existence of Rs. 4.5 billion in unallocated costs raises further concerns, as their allocation to the wireline division could significantly increase its reported losses. Out of more than 1.5 million available FTTH connections established over a span of the previous 5 years, only 26% connections are occupied and only 18% connections are used for data services. This raises concerns about the technology profitability and long-term sustainability. We have identified several factors contributing to the division's losses, including delays in the FTTH project, inadequate after-sales service and insufficient attention to migrating PSTN customers.

   Accordingly, we cannot assure whether the future economic benefits shall be able to recover the investment made for the technology. We are unable to comment on the consequential impact, if any, due to the possible impairment loss of the assets.

g. The company capitalized assets amounting to NRS. 1.7 billion during the last 10 days of the financial year 79/80. This late capitalization raises concerns about the consistency and accuracy of the financial statements, as depreciation expense for these assets may not have been adequately recognized in the current period's profit or loss. Further capitalization of assets amounting to NRS. 1 billion was recorded on the first two days of the financial year 79/80. This practice could also distort the comparability of financial statements between periods, as depreciation expense for these assets would be reflected in the previous year's results rather than the current year. Delaying the capitalization of assets would understate depreciation expense and overstate current period profit. Lack of complete information about the dates on which assets qualified for capitalization information prevents us from determining the potential cumulative impact on the financial statements.

h. The company recognized substantial actuarial loss of Rs. 2.82 billion in the current financial year and combined Rs. 12.27 billion since FY 2072-73. These significant losses raise concerns about the accuracy of the underlying assumptions used in the actuarial valuations, particularly the inadequate salary escalation rate. This could lead to inaccurate estimations of

future benefit liabilities and consequently, overstated actuarial losses. The company distributed staff bonuses and incentives without considering the potential impact of the recognized actuarial losses. This raises concerns about the fairness and sustainability of the bonus distribution, presentation of statement of profit or loss and earnings per share (EPS), particularly considering the decreasing trend of profitability in recent years.

i. The company has recognized an actuarial loss of NPR. 265 million (Previous year NPR 132 million) relating to long-term accumulated leaves through "Other Comprehensive Income" (OCI). NAS 19 specifies that actuarial gains and losses arising from post-employment benefits payable after completion of employment should be recognized in OCI and actuarial gains and losses arising from other long-term benefits to be recognized in "Statement of Profit or Loss" (SOPL). The company's policy allows employees to encash or take leave benefits before their retirement. Therefore, the classification of benefits to post-employment benefits is inappropriate and the reported profit in SOPL is overstated by such amount as the actuarial losses related to leave benefits is not recognized.

j. Lack of verifiable evidence for labor expenses associated with assets installation, dismantling, repair and fitting activities supported by manual attendance and extensive cash payments exceeding NPR 350 million in the current year, NPR 500 million in the previous year and the repetitive nature of these expenses raise significant concerns about the accuracy and validity of these expenses. Without proper controls surrounding labor engagement and cash disbursements, we cannot ascertain the nature and legitimacy of these payments. This poses a risk of overstated expenses, potential fraud, and non-compliance with labor regulations.

k. The company's procurement practices have raised notable concerns, particularly regarding forceful procurement, resulting in a surplus of assets that remain idle. The acquisition of a significant volume of assets, coupled with their underutilization, suggests a misalignment between procurement strategies and operational needs. The company has classified inventories costing NPR 646 million as "non-moving" and NPR 1.2 billion as "slow moving" purchased and lying idle in a span of previous 5 years and has provided impairment accordingly. While impairment recognition signals an acknowledgment of reduced asset value, the continued idleness raises questions about the effectiveness and prudence of the company's procurement approach. Accordingly, we are unable to comment on the consequential impact, if any, due to the possible impairment loss of the assets procured though this approach.

We have conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditors Responsibilities for the Audit of the Financial Statements section of our Report. We are independent of the Company in accordance with the ICAN's Handbook of Code of Ethics for Professional Accountants together with ethical requirements that are relevant to our audit of the financial statements, and we have fulfilled our other ethical responsibilities and ICAN's Handbook of Code of Ethics for Professional Accountants. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified opinion.

OTHER MATTERS

a. The Company has book value of Property Plant and Equipment excluding land and motor vehicles at balance date of NPR. 50.18 billion, of which assets worth NPR 12.92 billion only have been insured where risks like strike, riot, terrorism etc. are not covered. All inventories of the Company are not insured at all. The risk management system, including the data and system security, is inadequate.

b. The Company has not complied with the provisions of Labor Act, 2074 and Labor Regulation, 2075 relating to contractual employees, Labor audit and requirements of Social Security Act 2075; Bonus Act and Regulations relating to maintenance and operation of Employees Welfare Fund and Interconnection Guidelines 2076 relating to international and domestic usage charges.

c. We identified a significant limitation in the company's human resource management practices. While records indicate optimal staffing with 3875 employees against an approved darbandi of 4097, widespread "unpaid Kaaj" (temporary transfers) exceeding months or even years undermines this efficiency. With over 400 employees working on unpaid Kaaj for more than a year, rural areas suffer from manpower shortages while urban areas experience an excess. This mismanagement, alongside non-compliance with transfer regulations, has resulted in misallocation of resources. Consequently, approximately NPR 570 million spent on staff salaries hasn't contributed directly to product and service development, raising concerns about the accuracy of the reported expenses. Although the company has underutilized human resources, substantial expenditure has been made for outsourcing human resources utilized for repair, maintenance and even for establishing new connections.

d. The company's revenue generation in Koshi Pradesh and Madhesh Pradesh is significantly below expectations when considering the population size in these regions. Several factors contribute to the observed decline in revenue, including, but not limited to, the quality, promotion and coverage of network services, timely maintenance of BTS sites, technology upgrades, insufficient market penetration, and a lack of effective customer retention strategies.

e. While the reported profit after tax of 7.9 billion appears significant, it is crucial to acknowledge the substantial contribution of 7.7 billion in finance income, a non-operating source. Excluding this, the underlying operating performance paints a concerning picture, marked by a decrease of 260 million in cash flow when considering finance income and a further decline to a negative 8 billion when excluding it. This concerning trend and dependence on non-operating income raises serious doubts about the ability of the company to meet its liability as well as further distributing dividends, bonuses and incentives based solely on the reported profit. Despite these issues, the company has put forth proposals for dividend distribution, NPR 623 million in staff bonus and Rs. 383 million in staff incentives for the current financial year.

f. The current presentation of profitability does not separate operating income/expenses from finance income. The actual operating income after tax amounts to NPR 2.4 billion whereas finance income after tax amounts to NPR 5.4 billion.

g. As of Asadh End 2080, the defined benefit liability faces shortfall compared to available planned assets. The total obligation to beneficiaries stands at NPR 31.7 billion, while the plan currently holds only NPR 8.9 billion in assets. This funding gap is noteworthy as it could impact the plan's ability to meet its future obligations.

KEY AUDIT MATTERS

Key audit matters are those matters that, in our professional judgment, were of most significance in the audit of the consolidated financial statements. These matters were addressed in the context of our audit of the consolidated financial statements as a whole, and in forming our opinion thereon, but we do not provide a separate opinion on these matters. For each matter below, our description of how our audit addressed the matter is provided in that context. In addition to the matters described in the Basis for Qualified Opinion Section, we have determined the matters described below to be the key audit matters to be communicated in our report.

Key Audit Matter	How our audit addressed the matter
Revenue Recognition We considered accuracy of revenues relating to the voice and data services provided as a key audit matter due to the complexity of the IT systems, significance of volumes of data processed by the IT systems and the impact of changing pricing models (tariff structures, incentive arrangements and discounts, etc.). The amount of revenue involved in the financial statement is material to the financial statements and due to complexity of the system, processes and product /services used to record revenue having multiple software used, reliance on automated processes and controls. The Company has used a billing system which capture, values and records the revenue data generated from various software, which are heavily reliant on IT systems with processes and controls over the transactions. Disclosures relating to revenue recognition can be found at note 16.	We evaluated the design and operating effectiveness of key controls over the capture and measurement of revenue transactions across all significant revenue streams, including evaluating the relevant IT systems with supporting evidence such as service detail records and evidence of customer payment. We obtained an understanding of nature of various services provided by the company comprising prepaid, postpaid, international and fixed line services. The accuracy and completeness of revenue amounts recorded is an inherent risk. Our audit procedures included amongst the following: System recorded transactions: real time test of recording of transactions in the system, subsequently recorded to accounting system. Information is processed in a separate directorate independent of accounting directorate resulting in additional control overbilled records and accounted records. Manual control over transactions: testing the design and implementation of various operating effectiveness of manual control over initiation, authorization, and testing of revenue transactions. These included testing of tariff rates, packages, treatment related to discounts and recording to ERP including major contracts. Performing substantive testing including analytical procedures over major streams of revenue generation Testing of manual journal entries and end to end reconciliation from data records to billing systems and accounting ledgers. Testing the delivery of goods and service rendered for recording of revenue from advance/deposits received. Based on the result of the sample testing and mix use of manual and automated controls that are in place, we have relied on the information generated by the system and process followed by the Company for revenue recognition.
Information Technology (IT) System and Controls	

The Company uses several IT/ software systems with or without integrating with ERP system for management of its business operations. A significant part of the company's financial process heavily reliant on IT systems with automated processes and controls over the capturing, valuing and recording of transactions and manual interventions on the same as well while recording the data into ERP. This is a key part of our audit because of the complex IT environment supporting the business processes; mix of manual and automated controls; multiple internal and outsourced support arrangements; and complexity of the billing systems which result in revenue being recognized.	We assessed the manual and automated controls relating to IT systems relevant to financial reporting, including the recognition of revenue. While separate IS audit is yet to be carried out, we ted a sample of automated controls that are designed to enforce appropriate segregation of duties, roles and controls. This included assessing the design of relevant automated processes and controls. We reviewed a sample of the financial information produced by various systems, recording in ERP and reporting. We evaluated the effectiveness of the controls in the systems.
Impairment The assets owned by the company include property plant and equipment and other assets. Given the dynamic nature of the industry in which the company operates, there is a risk that there could be material impairment to intangible assets, investments and other assets. Determination as to whether or not there is an impairment relating to an asset or Cash Generating Unit (CGU) involves significant judgment about the future cash flows and plans for these assets and CGUs.	We reviewed the policies and process of impairment of each class of assets. We assessed the determination of cash generating units (CGU) used for their impairment assessment and for WIMAX and CDMA in particular to assess the impairment models and evaluate the reasonableness of key assumptions including discount rate, growth rates and forecast growth assumptions. We also performed sensitivity analysis around the key drivers of the cash flow projections. We reviewed the impairment matrix prepared for expected losses mainly for accounts receivable and inventories as per the policies. We tested the adequacy of impairment on investments, receivables and other assets including PPE of the company. We reviewed the impairment of all significant class of assets, basis and adequacy including reversals.
Fair Value Measurement The Company has investment in shares and debentures which are	We reviewed the basis and categorization of assets or liabilities carried on the reporting date at fair value using

measured at fair value. Similarly, property plant and equipment mainly land, and buildings and other assets have been reassessed by the management technical experts of the company which was independently valued in FY 2078/79. The company categorizes assets or liabilities carried on the reporting date at fair value using a three-level hierarchy. Determination of fair value is based on a high degree of judgment and input from data that is not directly observable in the market. Further, the fair value is significantly influenced by the expected pattern of future benefits of the tangible assets.	a three-level hierarchy including key assumptions around discounted cash flow to estimate fair value. We reviewed land and building reassessment reports obtained by the management by involvement of committee and experts. We assessed the methodology and the assumptions applied in determining the fair value. We have assessed the objectivity, independence and competence of the specialists involved in the process. We assessed the adequacy of disclosure in Note 12 to the financial statements.
Provisions and contingencies tax, legal and other regulatory matters The Company has recognized provisions for probable outflows relating to legal, tax and other regulatory matters and has disclosed contingencies for legal, tax and other regulatory matters where the obligations are considered possible. The Company assesses the likelihood that a pending matter relating to tax, legal or regulatory will succeed. In performing this assessment, the Company applies judgement and has recognized provisions based on whether additional amounts will be payable and has disclosed contingent liabilities where economic outflows are considered possible. We have considered the provisions recorded and the contingencies relating to tax, legal and other regulatory matters as a key audit matter as there is significant judgement to determine the possible outcome of matters under dispute	We obtained an understanding, evaluated the design, and tested the operating effectiveness of internal controls relating to: • Identification evaluation, recognition of provisions, disclosure of contingencies for matters under review or appeal with relevant adjudicating authorities by considering the assumptions and information used by management in performing this assessment. • Completeness and accuracy of the underlying data / information used in the assessment. For tax matters, we evaluated the reasonableness of the management's positions by considering tax regulations and past decisions from tax authorities. For regulatory fee and other matters, we evaluated the reasonableness of the management's positions by considering relevant past assessment orders, commitments and payments made. We also evaluated the disclosures provided in the notes to the financial statements concerning these matters.

and determining the amounts involved, which may vary depending on the outcome of the matters.	

INFORMATION OTHER THAN THE FINANCIAL STATEMENTS AND AUDITOR'S REPORT THEREON

The Company's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management report, Report of the Board of Directors and Chairman's statement but does not include the financial statements and our auditor's report thereon. Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements, or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated. As the other information documents are in the process of completion, the management has provided written representation that final version of the documents will be provided when available.

RESPONSIBILITY OF MANAGEMENT AND THOSE CHARGED WITH GOVERNANCE FOR THE FINANCIAL STATEMENTS

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards and for such internal control as management determine is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with Governance are responsible for overseeing the Company's financial reporting process.

AUDITOR'S RESPONSIBILITIES FOR THE AUDIT OF THE FINANCIAL STATEMENTS

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is high level of assurance, but it is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtained audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from

error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.

- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purposes of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting polices used and the reasonableness of accounting estimates and related disclosures made by the management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor' report to the related disclosures in the financial statements or if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the company to express an opinion on the financial statements. We are responsible for the direction, supervision and performance of the audit. We remain solely responsible for our audit opinion.

We have communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identified during our audit. Management Letter outlining such findings and

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards. From the matters communicated with those charged with governance, we have determined those matters that were of most significance in the audit of the financial statements of the current period, therefore are described in our Auditor's Report.

REPORT ON THE OTHER LEGAL AND REGULATORY REQUIREMENTS

a. We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit.

b. The financial statements including the Statement of Financial Position, Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity, Statement of Cash Flows including a Summary of Significant Accounting Policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Companies Act, 2063, and they are in agreement with the books of accounts of the Company; and the accounts and records of the Company are properly maintained in accordance with the prevailing laws.

c. To the best of our information and according to the explanations given to us, in the course of our audit, we observed that the business of the Company was conducted satisfactorily, and the Company's transactions were found to be within the scope of its authority.

We did not come across cases of accounting related fraud and the cases where the board of directors or any director or any office bearer of the Company has acted contrary to the provisions of law except reported in this report or caused loss or damage to the Company or committed any misappropriation of the funds of the Company.

१०. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

१०.१ नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७९।८०

कैफियत सहितको राय

हामीले नेपाल नागरिक उड्डयन प्राधिकरणको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौ । हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक प्राधिकरणको वित्तीय विवरणले २०८० आषाढ मसान्तको वित्तीय अवस्था तथा उक्त मितिमा समाप्त भएको २०७९।८० को नाफा वा नोक्सानको विवरण तथा नगद प्रवाह विवरणले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसार छन् :

१. **नेपाल वित्तीय प्रतिवेदनमानको परिपालना :** प्राधिकरणले २०७२।७३ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा आधारित वित्तीय विवरण तयार गर्ने कार्य गरेकोमा देहाय बमोजिमको नेपाल वित्तीय प्रतिवेदनमान तथा लेखामानको परिपालना भएको छैन:

१.१. जायजेथा, संयन्त्र तथा उपकरणको मूल्याङ्कन, ह्रासकट्टि र क्षयीकरणका सम्बन्धमा नेपाल लेखमान १६, जायजेथा संयन्त्र र उपकरण र नेपाल लेखामान ३६, सम्पत्तिको क्षयीकरण,

१.२. लगानी योग्य सम्पत्तिको लेखाङ्कन तथा मूल्याङ्कनका सम्बन्धमा नेपाल वित्तीय प्रतिवेदनमान ४०, लगानी योग्य सम्पत्ति,

१.३. विदेशी विनिमय परिवर्तनको लेखाङ्कन सम्बन्धमा नेपाल लेखामान-२१, "The Effects of Changes in Foreign Exchange Rates"

१.४. विदेशी मुद्रामा भुक्तानी गरिएको आपूर्तिकर्ता पेश्की सम्बन्धमा IFRIC–22 "Foreign Currency Transactions and Advance Consideration"

२. **जायजेथा, संयन्त्र र उपकरणको मूल्याङ्कन :**

२.१ नेपाल लेखामान १६ अनुसार जायजेथा, संयन्त्र र उपकरणको शुरु मापन (Initial Recognition) लागत मूल्यमा गर्ने र तत्पश्चात लागत मूल्यमा सञ्चित ह्रासकट्टी र सञ्चित क्षय घटाई आएको मूल्य (Subsequent Recognition Cost Model) वा उचित मूल्यमा परिवर्ती सञ्चित ह्रासकट्टी र परिवर्ती सञ्चित क्षय घटाई आएको मूल्य (Revaluation Model) मध्ये कुनै एकमा गर्न सकिने उल्लेख गरिएको छ । प्राधिकरणले आफ्नो लेखा नीतिमा जग्गा तथा भवनलाई उचित मूल्यांकन (Fair Valuation) विधि तथा अन्य जायजेथा, संयन्त्र र उपकरणलाई पहिलो ३ वर्ष ऐतिहासिक लागत (Historical Cost) र सो पश्चात प्रत्येक ५/५ वर्षमा उचित मूल्यांकन (Fair Valuation) विधिमा जायजेथा, संयन्त्र र उपकरणको लेखाङ्कन गर्ने नीति लिएको देखिएकोमा सो अनुसार गरेको पाइएन । प्राधिकरणले यस वर्ष उचित मूल्यांकन (Fair Valuation) विधिबाट लेखाङ्कन गरेता पनि पर्याप्त विवरण उपलब्ध हुन नसकेको तथा पूर्ण रुपमा नेपाल लेखामान अनुसार जायजेथा, संयन्त्र र उपकरणको

लेखाङ्कन भएको देखिएन । नेपाल लेखामान १६ बमोजिम जायजेथा, संयन्त्र र उपकरणलाई लागत मूल्यमा लेखाङ्कन गर्दा भविष्यमा हुनसक्ने अनुमानित विघटन लागतको वर्तमान मूल्यलाई समेत समावेश गनुपर्नेमा गरिएको छैन । प्राधिकरणले जग्गाको लगत अद्यावधिक नराखेकोले वित्तीय विवरणमा सम्पूर्ण जग्गा समावेश भएको यकिन गर्न सकिएन । प्राधिकरणको स्वामित्वमा रहि अस्तित्वमा नरहेका भवन, रन वे, ट्याक्सी वे तथा एप्रोन, पहुच सडक, स्यानिटेशन तथा ड्रेनेज, फेन्सिङ्ग, यान्त्रिक उपकरण, सवारी साधन तथा अन्य सम्पत्तिको मूल्य अपलेखन नगरेकाले सम्पत्तिको मूल्य बढी देखिएको छ ।

२.२ **निर्माणाधिन कार्य :** प्राधिकरणले निर्माणाधिन विमानस्थल र आयोजनाको विस्तृत प्रगति तयार नगरेकाले यस वर्षसम्मको निर्माणाधिन कार्य तथा आयोजनामा खर्च भएको रु.२९ अर्ब ४३ करोड २१ लाख मूल्यांकन गर्न सकिएन । नेपाल लेखामान १६ अनुसार सम्पत्ति प्रयोगका लागि उपलब्ध भए पश्चात मात्र ह्रासकट्टी खर्च लेख्ने व्यवस्था छ । प्रगति विवरण नभएकाले निर्माणाधिन विमानस्थल र कार्यहरुको पूँजिकरण हुनु पर्ने वा नपर्ने र उक्त लेखामानको परिपालना भए नभएको एकिन गर्न सकिएन ।

२.३ **लगानी योग्य सम्पत्ति :** नेपाल लेखामान ४० अनुसार लगानी योग्य सम्पत्तिको शुरुमा लेखाङ्कन गर्दा ऐतिहासिक लागतको आधारमा गरिने र तत्पश्चात ऐतिहासिक लागत मोडेल वा उचित मूल्य मोडेल (Fair Value Model) को आधारमा लेखाङ्कन गर्न सकिने व्यवस्था छ । ऐतिहासिक लागतको आधारमा लेखाङ्कन गर्दा ह्रासकट्टी गर्नुपर्ने र उचित मूल्यमा लेखाङ्कन गर्दा वर्षान्तको अन्त्यमा उचित मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । प्राधिकरणले उचित मूल्यको आधारमा लेखाङ्कन गर्ने विधि अपनाएता पनि ऐतिहासिक लागतमा लेखाङ्कन गर्दा गरिने ह्रासकट्टि गरेकोले नेपाल वित्तीय प्रतिवेदनमान अनुसार भएको देखिएन । परल मूल्यलाई परिवर्तित मूल्यमा लेखाङ्कन गरी परिवर्तन भएको रकम नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरेको छैन ।

३. **सम्पत्तिको प्रयोग अधिकार र पट्टा दायित्व :** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय स्थित पशुपति क्षेत्र विकास कोष (पशुपति गुठी) को जग्गा प्राधिकरणले उपभोग बापत वार्षिक रुपमा रु. १ करोड कुत बुझाउँदै आएको देखिन्छ । नेपाल प्रतिवेदनमान १६ को अनुच्छेद २२ बमोजिम सम्पत्तिको प्रयोग अधिकार (Right of Use Assets) र पट्टा दायित्व सिर्जना गर्नु पर्नेमा गरेको देखिएन ।

४. **स्थगन कर :** सम्पत्ति समायोजन गर्दा धावनमार्गमा रु.४ अर्ब ६० करोड ६७ लाख ६० हजार ऋणात्मक गरी समायोजन गरेको छ । लगानी योग्य सम्पत्तिलाई उचित मूल्य मोडलको प्रयोग गरेतापनि ह्रास खर्च लेखाङ्कन गरेको र ह्रास खर्च गणना गर्दा विक्रम सम्वत्लाई आधार मान्नुपर्नेमा ईस्वी सम्वत्को महिनालाई आधार मानी हिसाब गर्दा पहिलो ६ महिनामा ५ दिन बढी देखिने तथा पछिल्लो ६ महिनामा ५ दिन कम देखिने भएबाट उक्त हिसाबमा थप सम्पत्तिको ह्रास लेखाङ्कन यर्थाथपरक नभएकाले लेखा आधार फरक परी स्थगन कर दायित्वमा समेत फरक पर्न जान्छ । तसर्थ नेपाल लेखामान १२ अनुसार आयकर बमोजिम स्थगन करको यर्थाथपरक लेखाङ्कन भएको छैन ।

५. **चालू सम्पति :** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् :

५.१ **आसामी तथा अन्य प्राप्य रकम :** विभिन्न एयरलाइन्स तथा संस्थाहरुबाट प्राप्त हुन बाँकी रहेको रकम रु. १ अर्ब ४० करोड ३२ लाख ७८ हजारको सम्बन्धित आसामीहरुबाट समर्थन लिएको छैन । साथै आसामी हिसाबमा रहेका पार्टीहरुको विवरणमा विमानस्थल, विभाग तथा आयोजनाहरु उल्लेख भएको देखिन्छ । सो बाँकी रकमको यथार्थता यकिन हुन सकेन ।

५.२. **बैंक :** प्राधिकरणले सबै बैंक मौज्दातहरुको बैंक मौज्दात समर्थन पत्र प्राप्त नगरेको र बैंक हिसाब मिलान विवरण अद्यावधिक नगरेकोले बैंक मौज्दात रु. ९ अर्ब ३९ करोड ५७ लाख ९३ हजारको यथार्थता यकिन गर्न सकिएन । विमानस्थल, बिभाग, आयोजनाले आफ्नो बैंक हिसाब मिलान विवरण तयार गर्दा शुरु मौज्दात तथा पुराना हिसाब समावेश नगरी यस वर्षको कारोबारको विवरण राखी बैंक हिसाब मिलान विवरण तयार पारेको हुँदा बैंकहरुमा रहेको मौज्दातको वास्तविक चित्रण गरेको छैन ।

५.३ **मार्गस्थ नगद :** नगद तथा बैंक मौज्दात अन्तर्गत मार्गस्थमा रहेको रु. ५१ करोड २३ लाख ८४ हजार विगतका वर्षमा हिसाब मिलान हुन नसकेको रकम पनि समावेश भएकोले उक्त रकम समायोजन नहुँदा बैंक मौज्दातको वास्तविक अवस्था तथा नाफा नोक्सानमा समेत असर पर्ने देखिन्छ ।

६. **जिन्सी मौज्दात :** नेपाल लेखामान २ अनुसार, जिन्सी मौज्दातको मूल्य मापन लागत मूल्य (Cost Price) र खुद प्राप्य मूल्य (Net Realizable Value) मध्ये जुन कम हुन्छ त्यसैमा मापन गर्नुपर्नेमा सो गरिएको पाइएन ।

७. **शेयर पुँजी :** प्राधिकरणको शेयर पूँजी रु. ५९ अर्ब ८४ करोड ६१ लाख ६० हजार देखिएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक प्रतिवेदनमा रु.६२ अर्ब ७४ करोड १७ लाख ७९ हजार उल्लेख भएकोले वित्तिय विवरणमा शेयर पूँजी रु.२ अर्ब ८९ करोड ५६ लाख १९ हजार फरक परेकोमा समायोजन गरिएको छैन ।

८. **ऋण तथा ब्याज :** प्राधिकरणको गैर चालू ऋण तथा सापटी रु. २९ अर्ब ३० करोड २६ लाख १९ हजार र चालू ऋण तथा सापटी रु. २ अर्ब १५ करोड ९३ लाख १२ हजार गरी जम्मा रु. ३१ अर्ब ४६ करोड १९ लाख ३१ हजार देखिएकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको वार्षिक प्रतिवेदन अनुसार रु. ३२ अर्ब १ करोड ७७ लाख ८७ हजार देखिन्छ । वित्तिय विवरणमा ऋण तथा सापटी रु. ५५ करोड ५८ लाख ५६ हजारले फरक देखिएकोमा आवश्यक समायोजन गरिएको छैन ।

९. **लगानीयोग्य सम्पत्तिको लाभ :** लगानीयोग्य सम्पत्ति (भवन) को उचित मूल्यमा भएको परिवर्तनबाट भएको लाभ रकम रु. २ अर्ब १० करोड १४ लाख ६४ हजार प्राधिकरणको नाफा वा नोक्सानको हिसाबमार्फत हिसाब देखिनुपर्नेमा सोझै अन्य विस्तृत आयमा समावेश गरेकोले नाफा वा नोक्सान हिसाब यर्थाथपरक देखिएन ।

१०. **अनुदान हिसाब :** वित्तिय विवरण अनुसार यस वर्षसम्म जगेडा कोष (अनुदान) मा रु. ६८ करोड ९ लाख ३४ हजार रहेको र जगेडा कोषमा बिना सर्त सम्पत्तिहरु प्राप्त गरिएको जानकारी प्राप्त भएको र उक्त रकम प्राप्त गरिएको वर्षमै आम्दानी नजनाई सोझै अनुदान कोषमा राखिएको छ । उक्त कोषबाट सम्पत्तिको ह्रास खर्चको आधारमा अनुदानलाई हरेक वर्षमा आम्दानी बाँधेको देखिन्छ । यस वर्षमा रु. २० लाख ४९ हजार अनुदान आम्दानी बाँधिएकोले अनुदान प्राप्त भएकै वर्षको आयमा समावेश नगरी आयकर गणना नभएकोले आम्दानी बाँधेको वर्षमा मात्र आयकर गणना गरिएको छ ।

११. **वहाल आम्दानी :** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्गतको टर्मिनल भवनको बहाल सम्झौता अवधी समाप्त भएकोमा कानुनी विवाद सिर्जना भई सम्मानित अदालतमा मुद्दा विचाराधिन अवस्थामा रहेकोले १ होटल लगायत देहायका ६ संस्थाबाट रु. १३ करोड ८७ लाख ४५ हजार वक्यौता असुल नभएको अवस्था छ । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा उल्लेख भएतापनि स्थिति यथावत छ ।

क्र.सं.	व्यवसायी	कारोवार	सम्झौता मिति र अवधि	वहाल रकम (रु. हजारमा)
१.	एक होटल	एकजुकेटिभ लाउन्ज रेष्टुरेन्ट ९३३ व.मी.	२०६४।५।१४ बाट १० वर्ष	१००७६४
२.	एक मार्ट	कफी सप १८.९० व.मी	२०७२।५।३१ बाट ३ वर्ष	११२२०
३.	एक मनि एक्सचेन्ज	मनी चेन्ज ३.७५ व.मी	२०६४।४।३१ बाट ३ वर्ष	७९५
४.	एक क्याफे	क्यान्टिन १७० व.मी	२०६७।१२।२ बाट ३ वर्ष	२०३४
५.	एक मल्टिपल ट्रेड	गिफ्ट सप १६.२५ व.मी	२०६९।७।१९ बाट ३ वर्ष	१०५२१
६.	एक सर्भिसेज	गिफ्ट सप १३.६५ व.मी	२०७१।११।२२ बाट ३ वर्ष	१३४११

१२. **आयकर व्यवस्था :** यस वर्षको आयकर निर्धारण गर्दा अद्यावधिक वित्तीय विवरण अनुसार नगरेको तथा माथि उल्लेखित समायोजनहरु नभएको कारणले आयकर व्यवस्था यथार्थ परक छैन ।

लेखापरीक्षणका मुख्य विषयबस्तुहरु :

लेखापरीक्षणको मुख्य विषयहरु त्यस्ता विषय हुन, जुन हाम्रो ठहरमा, प्राधिकरणको यस वर्षको लेखापरीक्षणको सन्दर्भमा बढि अर्थपूर्ण रहेका थिए । त्यस्ता विषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भ तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं । कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका बुँदाहरु अफिमा लेखा परीक्षणका मुख्य विषयहरु हुन । हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखा परीक्षणका मुख्य विषयको रुपमा निर्धारण गरेका छौं:

क्र.सं.	लेखापरीक्षणको मुख्य विषय	लेखापरीक्षणको प्रतिक्रिया
१.	**सम्पत्ति निर्माण, खरिद तथा व्यवस्थापन** : प्राधिकरणको देशभर रहेका विभिन्न विमानस्थलहरुमा निरन्तर रुपमा नयाँ निर्माण	खरिद तथा व्यवस्थापन र यस अभिलेखको सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दती निम्न अनुसार रहेको छ :

	तथा खरिद कार्य हुने भएकाले सम्पत्ती, निर्माण, खरिद, व्यवस्थापन तथा अभिलेखिकरणलाई लेखापरीक्षणका मुख्य विषय मानिएको छ ।	• संस्थाको खरिद तथा अभिलेखका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली लागु हुने भएकोले यी ऐन तथा नियमावलीहरुका अध्ययन, नयाँ विमानस्थल निर्माण सम्बन्धी मापदण्डको अध्ययन, • प्राधिकरणको विभिन्न नियमहरुको अध्ययन, • प्राधिकरणका विमानस्थल निर्माण तथा मर्मत संभारका लागि गरिएका खरिदहरुका विस्तृत रुपमा निरीक्षण तथा सार्वजनिक खरिद ऐन र नियमावली पालना भए नभएको निर्क्यौल, • निर्माणाधीन आयोजनाहरुका भौतिक निरीक्षण, • विभिन्न रकमका खरिदहरु उपयुक्त रुपमा स्वीकृती प्राप्त भए नभएको परीक्षण, • खरिद गरिएका जग्गा तया अन्य सम्पत्तिहरुको स्वामित्व रहे नरहेको यकिन • खरिद तथा निर्माण गरिएका सम्पत्तिहरुको प्रभावकारी उपयोग भए नभएको सम्पत्ति यकिन ।
२.	**सूचना प्रविधी नियन्त्रण प्रणाली** : कारोवार लेखाइन तथा हिसाब, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायहरुलाई आवश्यक प्रतिवेदनहरु बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली प्राधिकरणको सफ्टवेयरको प्रभावकारीतामा निर्भर रहन्छ । कुनै पनि नियन्त्रण असफलता गलत तथ्याङ्क प्रविष्टि तथा गलत तथ्याङ्कको extraction ले व्यवस्थापन, शेयरधनी र नियामक निकायहरुलाई गलत रिपोर्टिङ हुन सक्ने भएको कारणले यसलाई हाम्रो लेखापरीक्षणको मुख्य विषय मानिएको छ ।	हाम्रो लेखापरीक्षण पद्दती प्राधिकरणका सूचना प्रविधी नीति तया असल अभ्यासहरुमा आधारित छ जुन निम्नानुसार रहेको छ : • प्राधिकरणका विभिन्न क्षेत्रमा सञ्चालनमा रहेका सूचना प्रविधीहरुको प्रकृती तथा प्रक्रियाको अध्ययन, • प्राधिकरणका सूचना प्रविधिको प्रभावकारिता तथा विश्वसनियताको मूल्यांकन ।
३.	**आम्दानी लेखाङ्कन तथा असुली :** प्राधिकरणको देशैभरी रहेका विमानस्थलहरुले वायुसेवा कम्पनीहरुलाई प्रदान गर्ने अवतरण, विसान, संचार तथा उड्डयन सहाय सेवा लगायत अन्य सेवा वापतको शुल्कहरु आम्दानीको रुपमा लेखाङ्कन हुने गर्दछ । विमानस्थलहरुले प्रदान गरेका त्यस्ता सेवाहरुको सम्पूर्ण तथ्याङ्क सूचना प्रविधिमा आधारित नहुँदा कतिपय आम्दानी लेखाङ्कन छुट हुन जाने सम्भावना रहने तथा असुल गर्नुपर्ने रकम समयमा असुल नहुँदा प्राधिकरणलाई वित्तीय जोखिम बढ्न जाने हुँदा यसलाई पनि लेखापरीक्षणको मुख्य विषय मानिएको छ ।	आम्दानी लेखाङ्कन तथा असुली सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्दतीहरु निम्नानुसार रहेको छ : • प्राधिकरणको विमानस्थल सेवा शुल्क नियमावलीको अध्ययन, • विमानस्थल कार्यालयहरुले प्रदान गर्ने सेवाहरु तथा सो को तथ्याङ्क प्रविष्ट गरी विजक जारी गर्ने प्रकृयाको अध्ययन, • प्राधिकरणले प्रदान गर्ने सेवाहरुको विस्तृत जानकारी प्राप्त गरी आम्दानी लेखाङ्कन गर्ने पद्दती र असुली प्रकृया तथा सो संग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको अध्ययन

		• आवश्यक कागजातहरु तथा सूचनाहरु प्राप्त गरी आम्दानी लेखाङ्कन नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप यर्थाथ तथा पूर्ण रुपमा भए नभएको यकिन ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्राधिकरणको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले प्राधिकरणको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै प्राधिकरणलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। प्राधिकरणको व्यवस्थापनको लागि उत्तरदायी पक्षले प्राधिकरणको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु देहाय बमोजिमका छन् :

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक
हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा प्राधिकरणको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले प्राधिकरणको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

१०.२ नेपाल वायुसेवा निगम, २०७८।७९

कैफियत सहितको राय

हामीले नेपाल वायुसेवा निगमको यसै साथ संलग्न २०७९ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक निगमको वित्तीय विवरणले २०७९ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु :

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थाहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७८।७९ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **सञ्चालन नतिजाः** सञ्चालन आम्दानी गतवर्ष रु.९ अर्ब १० करोड ९७ लाख रहेकोमा यो वर्ष ८०.२७ प्रतिशतले बढेर रु. १६ अर्ब ४६ करोड ३२ लाख पुगेको छ । गतवर्षको सञ्चालन आम्दानी मध्ये रु.७ अर्ब ७१ करोड ६ लाख एयरक्राफ्ट अपरेसनबाट र रु. १ अर्ब ३९ करोड ९० लाख एयरक्राफ्ट ह्याण्डलिङ्ग सर्भिसबाट आम्दानी भएको थियो । यो वर्षको सञ्चालन आम्दानी मध्ये रु. १३ अर्ब २७ करोड ९२ लाख एयरक्राफ्ट अपरेसनबाट र रु. ३ अर्ब १८ करोड ३९ लाख एयरक्राफ्ट ह्यान्डलिङ्ग सर्भिसबाट आम्दानी भएको देखिन्छ । एयरक्राफ्ट ह्यान्डलिङ्ग सर्भिसबाट कुल सञ्चालन आम्दानीको १९.३३ प्रतिशत हिस्सा रहेको देखिएकोले सो सेवा बाट प्राप्त हुने आम्दानीमा निगमको वित्तीय निर्भरता रहेको देखिन्छ। सञ्चालन खर्च गतवर्ष रु. १० अर्ब १३ करोड ९७ लाख रहेकोमा यो वर्ष ४८.७१ प्रतिशतले बढेर रु. १५ अर्ब ७ करोड ९५ लाख पुगेको छ । गतवर्ष भन्दा यो वर्ष सञ्चालन मुनाफामा २३४ प्रतिशतले वृद्धि भएर मुनाफा रु.१ अर्ब ३८ करोड ३७ लाख पुगेको छ। गतवर्ष अन्तर्राष्ट्रियतर्फ १४८९ उडान संख्या र राष्ट्रियतर्फ १३८७ उडान संख्या रहेकोमा यो वर्ष बढेर अन्तर्राष्ट्रियतर्फ २९८७ उडान संख्या र राष्ट्रियतर्फ २९५० उडान संख्या पुगेकोले सञ्चालन क्षमतामा भएको वृद्धिले सञ्चालन नतिजामा सकारात्मक प्रभाव परेको देखिएको छ । अन्य आम्दानी भने गतवर्ष भन्दा यो वर्ष ८६.८२ प्रतिशतले बढेर रु. ४५ करोड ८१ लाख पुगेको छ । वित्तीय खर्च गतवर्ष भन्दा यो वर्ष ७.४५ प्रतिशतले घटेर रु. ३ अर्ब ३४ करोड ९२ लाख पुगेको छ । सञ्चालन आम्दानी भन्दा सञ्चालन खर्च बढी देखिने प्रवृत्तीमा सुधार देखिएको छ । विमानको प्रकृति, किसिम तथा उडानको क्षेत्र अनुसार सञ्चालन मुनाफा र नोक्सानी विश्लेषण गरेर सञ्चालन रणनीति तय गर्नुपर्नेमा निगमले यसरी विश्लेषण गरेको कागजात उपलब्ध गराएको छैन ।त्यसैले निगमको रणनैतिक व्यवस्थापन संतोषजनक रहेकोमा आश्वस्त हुन सकिएन ।

३. **विमान खरिद ऋणः** नेपाल वायुसेवा निगम र कर्मचारी सञ्चय कोष बीच २०७०।३।४ मा ए ३२० न्यारोवडी एयरबस २ थान खरिद गर्नको लागि नेपाल सरकारको रु.१० अर्बको जमानीमा रु.९ अर्ब ९८ करोड ११ लाख १७ हजार तथा २०७४।२।२८ मा ए ३३० वाईडवडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रु.१२ अर्बको जमानीमा रु.११ अर्ब ९९ करोड ६१ लाख ३० हजारको ऋण सम्झौता भएको देखिन्छ ।उक्त

ऋणमा २०७९ असार मसान्तसम्मको व्याज र जरिवाना समेत पुँजीकृत गरी रु.२७ अर्व ४४ करोड २३ लाख ९८ हजार ऋण रकम कर्मचारी सञ्चय कोषले अभिलेख गरेको छ । नेपाल सरकारको जमानीमा कर्मचारी सञ्चयकोषबाट लिएको ऋण तिर्ने जिम्मेवारीको पालना निगमले नगर्दा सञ्चयकर्ता समेतलाई नोक्सानी पर्ने अवस्था देखिन्छ ।त्यस्तै, नेपाल वायुसेवा निगम र नागरिक लगानी कोष बिच २०७४।२।२९ मा ए ३३० वाईड वडी एयरबस १ थान खरिद गर्नको लागि नेपाल सरकारको रु.१२ अर्बको जमानीमा उक्त रकमको ऋण सम्झौता भएको देखिन्छ । उक्त ऋणमा २०७९ असार मसान्त सम्मको ब्याज र जरिवाना समेत पुँजीकृत गरी रु.१६ अर्व ५८ करोड १२ लाख ७२ हजार ऋण रकम नागरिक लगानी कोषले अभिलेख गरेको छ । तर निगमले भने उपरोक्त दुवै ऋणदाताले पूँजीकृत गरेको ब्याजमा व्याज र जरिवाना ब्याज गरी रु ११ अर्व ५६ करोड ७ लाख ५५ हजारलाई लेखांकन गरी वित्तीय विवरणमा खुलासा गरेको पनि छैन । निगमले दायित्व हिसाबको यथार्थ अवस्था प्रश्तुत गर्नुको अतिरिक्त कार्ययोजना बनाई समयमै ऋण भुक्तानी गरेर यस्तो जरिवाना ब्याज तिर्नुपर्ने अवस्थाबाट मुक्त हुनुपर्दछ।

४. **मूल्य अभिवृद्धि करः** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ८ उपदफा २ अनुसार नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने दर्ता भएको वा दर्ता नभएको व्यक्तिले यो ऐन र यो ऐन अन्तरगत बनेको नियम बमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत वा सेवा प्राप्त भएको बखत मध्ये जुन पहिले हुन्छ सो समयमा कर निर्धारण र असुल उपर गर्नु पर्ने व्यवस्था छ । तर निगमले मूल्य अभिवृद्धि करमा दर्ता नभएको विदेशी सफ्टवेयर प्रदायकको सेवाका लागि यो वर्षमा रु.८२ करोड १५ लाख २९ हजार खर्च गरेकोमा सो को मूल्य अभिवृद्धि कर रकम रु. १० करोड ६७ लाख ९९ हजार असुल गर्नुपर्ने देखिन्छ।

५. **ह्रासकट्टी नीतिः** नेपाल वित्तीय प्रतिवेदनमान तथा लेखामान अनुसार निगमले ह्रासकट्टी नीति स्थिर सम्पत्तिको प्रकृति तथा प्रयोग अवधीलाई आधार मानी तोक्नुपर्ने हुन्छ। निगमले आर्थिक विनियमावलीको विनियम २७ मा ह्रासकट्टी गर्दा प्रचलित आयकर ऐनले तोकिदिए बमोजिमको दरमा कट्टी गर्नुपर्ने उल्लेख छ, जुन ह्रासकट्टी सिद्धान्त अनुकुल, व्यवहारिक तथा वैज्ञानिक अभ्यास भएको पाइएन । स्थिर सम्पत्तिको प्रकृति र प्रयोगको आधारमा व्यवस्थापनले ह्रासकट्टी सम्बन्धी नीति अवलम्वन गर्नु पर्नेमा आयकर ऐनले तोकेको दर नै विनियमावलीमा उल्लेख गरी ह्रासकट्टी गर्दा सम्पत्तिको लेखांकन गर्नु उपयुक्त हुने देखिदैन । निगमले २०७४/३/१८ को संचालक समितिको वैठक बसी ह्रास कट्टी बारे नेपाल वायु सेवा निगमको आर्थिक विनियमावली,२०६५ को विनियम २७ संशोधन गरी खर्च नहुने जिन्सी मालसामानहरुको ह्रास कट्टी गर्दा प्रचलित आयकर सम्बन्धी ऐनले तोकिदिए वमोजिमको दरमा कट्टी गर्ने तर हवाईजहाज र इन्जिनको ह्रासकट्टी दर वार्षिक ५ प्रतिशत (Straight Line Method) रहने गरी संशोधन गरेको पाईयो । उक्त नीति बमोजिम निगमले अन्य सम्पत्तिको समेत रु. २५ करोड ८९ लाख ३९ हजार ह्रास कम कट्टी गरेको कारण समग्रमा रु.२६ करोड ७६ लाख ५५ हजारले सञ्चालन मुनाफा बढी हुन गएको देखियो । तसर्थ निगमले कानूनको प्रतिकुल नहुने गरी व्यवहारिक तथा वैज्ञानिक ह्रासकट्टी नीतिको अभ्यास अवलम्वन गर्नुपर्दछ ।

६. **चार्टर भाडाः** निगमको A-३३० बीमानबाट काठमाण्डौ-ग्वाङ्गाव-काठमाण्डौ सेक्टरमा कार्गो ल्याउने प्रयोजनको लागि मिति २०७६।१२।१५ मा उडान सम्पन्न भईसकेको तथा निगमलाई सो वापतको चार्टर भाडा रकम उपलब्ध हुनुपर्नेमा ओम्नी ग्रुपबाट कबोल अनुसारको चार्टर रकम अमेरिकी डलर १ लाख ५३ हजार ८५० निगमलाई हालसम्म पनि प्राप्त नभएको अवस्था छ। निगमले विनिमय दर रु.१२१.३१ ले हुन आउने रकम रु.१ करोड ८६ लाख ७५ हजार ६७४. सम्बन्धित निकायसँग समन्वय गरी उक्त कम्पनीबाट असुल गर्नुपर्दछ ।

७. **भाडा अम्दानी :** निगमले गतवर्ष रु.३ करोड ९८ लाख ८५ हजार र यसवर्ष रु.४ करोड १० लाख ८० हजार भाडा आम्दानी गरेको छ । आर्थिक विनियमावली २०६५ को विनियम २३२ मा आफ्नो घर जग्गा भाडामा दिन सक्ने उल्लेख छ । निगमले विनियम २३० मा व्यवस्था गरिएको उपसमितिबाट न्यूनतम मूल्य कायम भई अधिकतम प्रतिस्पर्धा हुने गरी घर जग्गा भाडामा दिनुपर्ने देखिन्छ। तर निगमले पसल, कवल र घर भाडामा दिदाँ प्रतिस्पर्धालाई सिमित पारेर बढाबढ बेगर पुरानै भाडा लिनेको एकाधिकार कायम हुने गरी भाडामा दिएको देखिन्छ। जसकारण व्यवसायिक स्थल, न्यूरोडमा चलेको निष्पक्ष बजार मुल्यभन्दा ज्यादै न्यून दरमा भाडामा दिएकोले वार्षिक रुपमा

लाखौं आय गुमेको देखिन्छ । तसर्थ निगमले आयमा वृद्धि गर्न तुरुन्त कानुनी व्यवस्था बमोजिम ठेक्का गरी पसल,कवल र घर भाडामा दिनुपर्दछ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। नेपाल वायुसेवा निगमको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters):

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन। यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरीएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधारखण्डमा उल्लेखित व्यहोरा बाहेक सञ्चार गर्नुपर्ने कुनै पनि मुख्य लेखापरीक्षणका विषयहरु छैन ।

अन्य व्यहोरा (Other matters):

१. **चाईनिज बिमान सञ्चालन :** निगमले चिनमा निर्मित २ वटा एम ए ६० र ४ वटा वाई १२ ई विमान मध्ये १।१ वटा अनुदानमा र एउटा एम ए ६० र ३ वटा वाई १२ ई-सहुलियत ऋणमा प्राप्त गरेको थियो। ति विमान लिदा तयार पारेको व्यवसायिक योजनामा नेपालमा उडान गर्दा नाफा नै हुने भनि उल्लेख गरेको भएता पनि विमान प्राप्त गरि सञ्चालनमा ल्याउदा व्यवसायिक योजना बमोजिम सञ्चालनमा रहेको उल्लेख गरी विभिन्न अध्ययन समितिले प्रतिवेदन दिईएको थियो। हाल प्रशिक्षक पाईलट समयमा उपलब्ध नभएको, तत्काल स्पेयर पार्ट उपलब्ध नभएको, स्पेयर पार्ट महङ्गो परेको, पाईलट तथा इन्जिनियरको महङ्गो तालिम खर्च तथा अत्यधिक बीमा प्रिमियमको कारण देखाएर सञ्चालक समितिको निर्णय अनुसार २०७७।३।१६ गते देखि उडान बन्द गरेको देखिन्छ। यस आर्थिक वर्ष २०७८।७९ मा ती जहाजहरुबाट कुनै आम्दानी नभई जहाजका पाईलटको पारिश्रमिक तथा तालिम खर्च बाहेक रु.१६ करोड २१ लाख ४२ हजार खर्च भएको देखिन्छ ।

नेपाल वायुसेवा निगम ऐन, २०१९ को दफा १३ मा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुका अधिनमा रही नेपालभर वा बाहिर सर्वत्र सुरक्षित, कुशल, सुव्यवस्थित, किफायत र उचित रुपबाट सम्बन्धित हवाई यातायात सेवाको व्यवस्था गर्नु निगमको कर्तव्य हुने तथा हवाई यातायात सेवालाई अधिक से अधिक फाईदा हुने गरी विकास गर्दै लैजान ऐन प्रदत्त अधिकारहरु प्रयोग गर्न सक्ने उल्लेख छ। विमान खरिद गर्दा नेपाल सरकारको सहायक ऋण सम्झौता अन्तर्गत खरिद भएको र उडान बन्द गर्दा सरकारको निर्णय र जानकारीमा आएको देखिएन । नेपाल सरकारले चीन सरकारसंग सहायक ऋण सम्झौता गरी विमान खरिद गरेकोले नेपाल सरकारको स्वीकृती लिएर मात्र सञ्चालन बन्द गर्ने वा अन्य प्रक्रियामा जाने विषयमा निर्णय गर्नुपर्ने व्यहोरा गत वर्ष उल्लेख भएकोमा कुनै सुधार भएको छैन ।

२. **ट्रान्जिट प्रमाणीकरणः** स्टान्डर्ड ग्राउन्ड ह्यान्डलिंग सम्झौता अनुसार निगमले आउटस्टेसन ट्रान्जिट प्रमाणीकरणका लागि विदेशी एयरलाइन्स/पार्टी नियुक्त गरेको छ जसको लागत मलेसियामा अमेरिकी डलर १०० देखि २३० प्रति घण्टा पर्ने देखिन्छ भने भारतमा अमेरिकी डलर २५० प्रति घण्टा पर्ने देखिन्छ । तर निगमले सर्टिफिकेट टु रिलिज सर्भिसेज (CRS) संग सम्बन्धित सेवा निगमबाट ग्राउण्ड हयान्डलिङ्ग लिई रहेको विदेशी एयरलाइन्सहरुलाई स्वदेशमा प्रदान गरेको विषय लाई संझौतामा समावेश गरेको छैन । नेपालबाट फ्लाइट स्लट लिएकामध्ये अन्तर्राष्ट्रिय बाह्य उडान मात्र यो वर्ष १२,१५४ गरेको पाईयो । निगमले न्यू दिल्ली वेस सर्टिफिकेसनमा तिरेको सि.आर.एस. रकमको आधारमा ३० लाख ३८ हजार ५०० अमेरिकी डलर आय प्राप्त गर्नुपर्नेमा सो नगरेको अवस्था छ । यस्तो आय आफैं सर्टिफिकेट टु रिलिज सर्भिसेज जारी गर्ने हवाईकम्पनीमा समेत सेल्फ कन्जम्पसन (Self-Consumption) कै आधारमा शुल्क लाग्ने हुँदा यस सम्बन्धमा थप छानविन गरेर आय यकिन गर्नुपर्दछ ।

३. **व्यवसायिक योजनाः** निगमले हाल २०२१-२०३० व्यवसायीक योजना तर्जुमा गरी विशेषत: सन् २०२१ मा आन्तरिकतर्फ २ वटा STOL विमान थप गर्ने ; ऋण तथा पूँजी परिचालन अनुपात ७०:३० कायम गर्ने,इन्धन मूल्य समायोजन गरी अन्तर्राष्ट्रिय बजार अनुरुप बनाउने; जनशक्ति व्यवस्थापनका लागि प्राविधिक जनशक्ति थप गर्ने; सिनामंगलको जग्गामा BOT Model मा भवन बनाउन सुरुवात गर्ने ; आम्दानी २२ अर्ब १ करोड पुऱ्याउने; खुद नोक्सानी रु.१अर्ब ७४ करोड ४२ लाखमा सिमित गर्ने ; बजार हिस्सा अन्तर्राष्ट्रिय तर्फ वार्षिक सरदर ४ प्रतिशत र आन्तरिक तर्फ २० प्रतिशत बृद्धि गर्ने लक्ष्य रहेकोमा यस वर्षमा आम्दानी रु. १६ अर्ब ४६ करोड ३२ लाख ६० हजार ; खुद नोक्सानी रु. १ अर्ब ९१ करोड ७५ लाख ९७ हजार ; उडान संख्या लक्ष्यको ६४ प्रतिशत; यात्रु संख्या लक्ष्यको ६१ प्रतिशत मात्र हाँसिल हुन सकेको छ । उक्त योजना अनुसार कार्यसम्पादन हुन नसकेकोले निगमले यथार्थ परक व्यावसायिक योजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

४. **वाईडबडी विमान सञ्चालनः** निगमको सञ्चालक समितिको २०७३।६।८ को निर्णयले खरिद गरेका २ वाईड बडी ए ३३० विमान सञ्चालनको लागि व्यवसायिक योजना तथा निगमको स्वीकृत कार्यक्रम अनुसार जापान, साउदी अरब, चीनको ग्वाङजाउ र दक्षिण कोरियामा २०७५ चैत्र मसान्तसम्म उडान गरी सक्ने लक्ष्य निर्धारण गरेको थियो । योजना स्वीकृत तथा व्यवसायिक योजना बनाएको ४ वर्षसम्म पनि जापान र साउदी अरब बाहेकका थप सेक्टरमा उडान गरेको छैन । विमानको उडान क्षमता दैनिक १६ घण्टा रहेकोमा हाल प्रति दिन ९ घण्टामात्र उडान गरेको देखिन्छ। जापानको नारिता बाहेक लामो दुरीका थप उडानका क्षेत्रहरु पहिचान तथा उडान गर्न नसकेकोले वाइडबडीको क्षमता अनुसार विमान सञ्चालन तथा व्यवस्थापन कार्य प्रभावकारी रुपमा अगाडि बढाएको देखिदैन । यसले गर्दा अपेक्षित आय प्राप्त नहुदा नेपाल सरकार जमानी बसी कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषबाट लिएको ऋणको साँवा व्याजको किस्तासमेत भुक्तानी गर्न नसकेको अवस्था छ। व्यवसायिक योजना अनुसार पूर्ण क्षमतामा विमान सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी निगमको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले निगमको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै निगमलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । निगमको व्यवस्थापनको लागि उत्तरदायी पक्षले निगमको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन्/ छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश

हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

१०.३ तारागाउँ विकास समिति, २०७८।७९

कैफियत सहितको राय

हामीले तारा गाउँ विकास समितिको यसैसाथ संलग्न २०७९ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०७९ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु:

१. **नेपाल वित्तीय प्रतिवेदनमान**: सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७८।७९ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

२. **खर्च/आम्दानी लेखाङ्कन:** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

२.१ आ.व. २०७८।७९ मा ग्रामीण पर्यटन अनुदानको रूपमा उपभोग खर्च अनुदान रु १,२३,१२,०००।०० समेत जम्मा रु २,४९,१२०००।०० अनुदान प्राप्त गरेकोमा कोरोना महामारीका कारण होमस्टे सम्बन्धी कार्यशाखा गोष्ठी लगायतका ग्रमीण क्षेत्रमा संचालन गरिने कार्यक्रमहरु संचालन गर्न नसकी खर्च हुन नसकेको गत वर्ष को रु ३५,६३,६६३।३० फिर्ता गरिएको रकम प्राप्त अनुदान रु २ करोड ४९ लाखमा फिर्ता गरिएको उपरोक्त रकम रु ३५,६३,६६३.३० रकम कट्टा गरी खुद अनुदान भएको व्यहोरा खुलासा नगरी अन्य आम्दानी अन्तर्गत अनुदान शीर्षकमा रु २,१३,४८,३६६।७० देखाईएकाले फिर्ता गरिएको रकम खुलासा गरी वित्तीय विवरण प्रस्तुत गरिएको छैन ।

२.२ कर्मचारीको लागि उपदान सम्बन्धी व्यवस्था कर्मचारी नियमावली २०६६ को नियम १०२ ले गरेको छ । सोअनुसार वर्षान्तमा रु.५,०८,९५,२५०.९८ दायित्व हुने देखिएकोमा वासलातमा रु.४,९५,२०,१६५.४८ दायित्व व्यवस्था देखाएकाले रु.१३,७५,०८५।५० ले न्यून व्यवस्था भएको पाईयो । वर्षान्तमा उपदान कोष वापतको दायित्व कर्मचारी उपदान व्यवस्थामा रु.४,९५,२०,१६५.४८ देखाएको तर सो वापत नागरिक लगानी उपदान कोषमा रु.३,२४,६१,५११ रहेकाले उपदान कोषको लगानी रकम रु.१,७०,५८,६५४.४६ ले घटी रहेको छ । कमर्चारी उपदान कोष व्यवस्था दीर्घकालीन सुविधा भएकोमा नेपाल लेखामान अनुसार बीमाङ्कीय मूल्याङ्कन गराईएको छैन ।

२.३. समिति रु. ४५ लाख ४३ हजार नाफामा रहेकोमा २५% का दरले हुने रु ११ लाख ३५ हजार आयकर व्यवस्था नाफा नोक्सान हिसावमा देखाईएको छैन । उपरोक्त आयकर व्यवस्था रकम कर लेखा परीक्षण पश्चात थपघट हुन सक्ने छ ।

३. **ग्रामिण पर्यटन विकास खर्च**: यस खर्च शीर्षक अर्न्तगत होमस्टे सामुदायिक भवन निर्माण खर्च रु. ४५,५०,०००।०० तथा होमस्टे सांस्कृतिक संग्रालय स्थापना रु.९,००,०००।०० विभिन्न होमस्टेहरुलाई सम्झौता अनुसार प्रदान गरेका रकमहरु पेस्कीका रुपमा दिई समितिवाट स्वीकृत बिल भर्पाई, सदुपयोग खर्च फाटवारी आदि तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा खर्च लेखाङ्कन गर्न पर्नेमा शुरुमै खर्च लेखाङ्कन गर्ने गरेको हुँदा सम्बन्धीत होमस्टेहरुलाई पेश्की रकम दिई आवश्यक बिल भपाई प्रमाणको आधारमा पेश्की फछ्यौंट गरी खर्च लेखाङ्कन गर्नु पर्दछ ।

४. **पसल भाडा**: रमागृहका तीन पसलहरु पिंकी इन्टरनेशनल, अजन्ता इन्टरप्राइजेज र सुलक्स सेन्टरसँग सम्झौता गरी भाडामा दिएकोमा अवधि २०७४।११।३० मा समाप्त भईसकेको र सो अनुसार जम्मा भाडा वर्षान्तमा क्रमश: रु.१२,६७,४०२.५१, रु.५,६३,२९०.८२ र रु.१४,१३,५७५.६० प्राप्त गर्नु पर्ने देखिएको छ । पिंकी इन्टरनेशनल तथा सुलक्स सेन्टरको हकमा कानून बमोजिम हुने व्याज र मनासिव क्षतिपूर्ति रकम समेतका लागि २०७७।४।५ मा मुद्दा दायर गरी कानूनी कारवाही गरेतापनि सम्झौतामा बमोजिम उपरोक्त तिनवटै पार्टीहरुलाई लाग्ने १० प्रतिशत व्याज लेखाङ्कन नगरेको देखिएकोले व्याज लेखाङ्कन गरी अविलम्ब लेखा अद्यावधिक तथा गृह प्रशासनको सहयोग समेत लिएर असूल गर्नु गराउनु पर्दछ ।

५. **पट्टा सम्झौता:** तारा गाउँ विकास समिति र चाङ्गे स्थान सप्लायर्स प्रा.लि. बीच २०७४।११।११ मा ३० वर्षको लागि समितिको नाममा रहेको न्यूरोडको ०-३-०-२ जग्गा (नयाँ भवनको कुल क्षेत्रफल ६७२८.२८ बर्ग फिट भूमिगत तला सहित ४.५ तला) पट्टामा लिने दिने सम्झौता भएको थियो । सम्झौताको शर्त अनुसार पहिलो दुई वर्षको निर्माण अवधिमा श्री चाङ्गे स्थानले वार्षिक रु.९५,५०,००० को दरले समितिलाई भाडा रकम बुझाउनु पर्ने र निर्माण अवधि समेत जम्मा ३० वर्षको प्रति वर्ष हुने बहाल रकमलाई निर्माण अवधिभर मासिक रुपमा विभाजन गरी प्रत्येक ३।३ महिनाको अग्रिम र निर्माण अवधि पश्चात वार्षिक रुपमा अग्रिम पट्टा रकम सात दिन भित्र बुझाउनु पर्ने उल्लेख छ । सम्झौताको बुँदा नम्बर ८.२ बमोजिम एक वर्ष म्याद ननघाई लिज रकम बुझाएमा पचास प्रतिशत थप लिज रकम लाग्ने र एक वर्ष भन्दा बढी म्याद नघाई रकम बुझाएमा लाग्ने लिज रकम सहित शत प्रतिशत थप लिज रकम लाग्ने व्यवस्था छ । साथै सम्झौता अनुसार तोकिएको अवधि भित्र लिज रकम नबुझाई म्याद नाधेको सात दिन भित्र रकम बुझाएमा लाग्ने लिज रकमको थप पाँच प्रतिशत गर्दै विभिन्न म्याद तोकि शत प्रतिशत सम्म थप लिज रकम लाग्ने व्यवस्था भएकोले सो व्यवस्था अनुसार प्रोदभावि लेखाङ्कन व्यवस्था अनुसार आम्दानी लेखाङ्कन गर्नु पर्दछ ।

लिज शुरु भएको आ.व. २०७४।७५ देखिनै यस्तो लाग्ने थप लिज रकमको विवरण तयार गरी लेखाङ्कन गरी अविलम्ब लेखा अद्यावधिक तथा गृह प्रशासनको सहयोग समेतमा असूल गर्नु पर्दछ ।

६. **बौद्ध स्थित जग्गा स्वामित्व**: समितिले २०२६ मा चार किल्ला खोली बौद्ध स्थित ३४७-९-०-० जग्गा अधिग्रहणको सूचना प्रकाशित गरेकोमा २०४८ सालमा जग्गा नाप जाँच गरी समितिको नाममा ३०४ रोपनी जग्गा रहेको पत्राचारमा उल्लेख भएको सम्बन्धमा जग्गाधनी लालपूर्जा नम्बर १०४०।१२।५ मा एउटै कित्ता नम्बर ९६ क्षेत्रफल

५३६.५४ वर्ग मिटर र ३४९७.५८ वर्ग मिटर दोहोरो परेको लालपूर्जा सच्याउन बाँकी रहेको देखिन्छ । समितिले गुठी जग्गा ४४७२.८९५ स्क्वायर मिटरमा दावी गरे अनुसार लालपुर्जा लिन बाँकी रहेको, मालपोत तिरेको तर लालपुर्जा नभएको दुई कित्ता क्रमशः वडा नं ६ कित्ता नं. १५४ (क्षेत्रफल १-११-१-३) र वडा नं ९क कित्ता नं ४८ क्षेत्रफल (०-६-०-०) देखिएको र विगतमा कित्ता नं ५०(७७.५१ वर्ग मिटर) कित्ता नं ५९ (१४७.०६ वर्ग मिटर) र कित्ता नं ८३ (७२७.३५ वर्ग मिटर) समेत थप १ रोपनी १३ आना ३ पैसा ३ दाम जग्गा खरिद गरेको र होटलमा शेयर लगानी बराबर भएको १४९ रोपनी ५ आना १ पैसा ३ दाम समेत समावेश गर्दा समितिको नाममा हुनु पर्ने लालपुर्जा २ रोपनी ९ आना २ पैसा ३.९६८ दामले घटी भएको देखिन्छ । सोको आवश्यक छानविन गरी गराई सम्पूर्ण बाँकी जग्गाहरुको स्वामित्व वापत समितिको नाममा लालपुर्जा नभएकाले बाँकी जग्गाहरुको लालपूर्जा लिन समितिले पहल गर्नु पर्दछ । साथै जग्गाहरुको नापजाँच गराई, लालपूर्जासंग दुरुस्त हुने गरी नक्सा लिई स्थिर सम्पत्ति रजिष्टर तयार गरी अद्यावधिक गर्नु पर्दछ ।

७. **शेयर लगानीः** समितिले आफनो स्वामित्वमा रहेको जग्गा ३०४ रोपनी मध्ये १४९-५-१-३ जग्गाको मूल्य रु. १५ करोड र अन्य भौतिक संरचनामा रु. २ करोड समेत १७ करोड तारा गाउँ रिजेन्सी होटल लिमिटेडमा शेयरको रुपमा लगानी गरेको र १४८ रोपनी जग्गा सो होटललाई भाडामा लगाएको देखिन्छ । शुरुको अवस्थामा होटलको ३९.७७ प्रतिशत शेयर समितिले प्राप्त गरेकोमा हाल कुनै औचित्यपूर्ण पुष्ट्याई बेगर ९.०१ प्रतिशत कायम गरेको छ । समितिको सेयरको हिसाब घटेको विषयमा पटक-पटक प्रतिवेदनमा उल्लेख गरेकोमा सो उपर कुनै निर्णय भएको छैन । यस सम्बन्धमा अनुसन्धानात्मक रुपमा छानविन गरेर विगतमा समितिलाई नोक्सानी पुऱ्याउने उपर जवाफदेही तुल्याउन भएका निर्णयमा पुनरावलोकन एवं कारवाही गर्नुपर्दछ ।

८. **स्थिर सम्पति तथा निर्माणाधिन सम्पत्तिः** यस सम्बन्धी व्यहोरा देहाय बमोजिम छन् ।

वासलातमा देखाईएको निर्माणधिन सम्पत्ति रु. ६६,९१,९४२ मध्ये सम्बन्धित निर्माण सम्झौता अनुसार गत वर्ष ककनीमा रु.३२,९२,७३५।२५ तथा नगरकोटमा रु.३५,९५,८४७.५८ समेत जम्मा रु. ६८,८८,५८२.८३ बिजक बिना निर्माणाधिन सम्पत्ति खर्च तथा दायित्व लेखाङ्कन गरिएको रकम यथास्थितीमा रहि फरक रकम रु.१,९६,६४०.८३ को आवश्यक समायोजन गर्न बाँकी रहेकाले उक्त रकमको सम्पत्ति तथा दायित्वको यथार्थता यकिन हुन सकेन ।

समितिले स्थिर सम्पत्तिमा भवन तथा स्थायी निर्माण शिर्षक तर्फ समतिले थप रु.३२,७९,८०२.१७ ले पूँजीकृत लेखाङ्कन गरी देखाएको छ । वासलातमा देखाईएको स्थिर सम्पत्ति अन्तर्गत थप भवन तथा स्थायी निर्माण सम्पत्ति तर्फ सम्वन्धित सम्झौता भन्दा कम रकममा निर्माण कार्यसम्पन्न भई प्राप्त विजक अनुसार पोखरामा रु.१४,४७,४४५।०० सार्वजनिक खरिद ऐन/नियमावली अनुसार विना निर्माण कार्यसम्पन्न निरीक्षण प्रतिवेदन, नाप जाँच तथा कार्यसम्पन्न प्रतिवेदन, कार्य स्विकार प्रतिवेदन पूँजीगत सम्पत्ति खर्च लेखाङ्कन गरी देखाईएकाले उपरोक्त कागजातहरु प्राप्त गरी सार्वजनिक खरिद ऐन/ नियमावली पूर्ण पालना गर्नु पर्दछ । उपरोक्त पूँजीकृत रकम रु.३२,७९,८०२।१७ मध्ये थप पूँजीकृत रकम रु.१८,३२,३५७.१७ पोखरा, ककनी तथा नगरकोटमा भवन तथा स्थायी निर्माण शिर्षक तर्फ खर्च भएको रकम शाखागत छुट्याई आवश्यक समायोजन लेखाङ्कन गर्ने कार्य बाँकी रहेको छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियत सहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

लेखापरीक्षणको मुख्य विषयहरु (Key Audit Matter):

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण छन् । यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय व्यक्त गर्दा सम्बोधन गरीएको छ । हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौ । कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो रिपोर्टमा सञ्चार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैन ।

अन्य विषयहरु

१. तारा गाउं रेजेन्सी होटेल लि. मा भएको लगानी तथा जग्गा भाडा सम्झौता विषय क्रमशः शेयर अनुपात घटेको, लगानी र प्रतिफल, जग्गा भाडा र गुरु योजनाको कार्यान्वयन सम्बन्धमाा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई कानुन बमोजिम जो जे बुझ्नु/गर्नु पर्ने गरी आवश्यक प्रबन्ध गर्न २०७६।६।७ मा सुझाव लेखि पठाउने पत्र पठाएको छ । राष्ट्रिय सतर्कता केन्द्रबाट पनि २०७८।८।२८ मा निर्णयानुसार मुख्यतः आवश्यक प्रकृया पुरा गरी आफना हिस्सामा परेको तारा गाउँ रिजेन्सी होटल लि. को हकप्रद शेयर प्राप्त गर्नु गराउनु ।

२. समितिले कम्पनीलाई लिजमा दिएको १४८ रोपनी जग्गाको स्वामित्व कम्पनीको नाममा हस्तान्तरण हुन सक्ने सम्भावना जीवितै रहेको देखिंदा लिज सम्झौताको दफा २(४) र दफा ५(१) बमोजिम समितिको १४८ रोपनी जग्गाको स्वामित्व कम्पनीको नाममा हस्तान्तरण नगर्न/नगराउन तथा लिज सम्झौताको उल्लेखत २(४) र ५(१) दफाको स्वामित्व हस्तान्तरण गर्ने प्रावधान संशोधन गर्नु गराउनु ।

३. २०४९ आश्विन २२ गते (८ अक्टोवर १९९२) भएको संयुक्त उपक्रम सम्झौताको दफा ७(२) अनुसार समितिको नाममा शेयर वापत रहेको १५० रोपनी जग्गाको संरक्षण गर्नु गराउनु निर्देशन यस समितिलाई दिएको छ । साथै श्री संघीय संसद प्रतिनिधि सभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिको "तारा गाउँ विकास समिति अध्ययन अनुगमन सम्बन्धी प्रतिवेदन, २०७५" अन्तर्गत प्राप्त उपरोक्त लगानी/सम्झौता सम्बन्धित उल्लेखित निर्देशन तथा सुझावहरु छानविन तथा कार्यान्वयन गर्नु पर्ने विषयहरु तर्फ समिति श्री सस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय मार्फत केन्द्रित भई प्रकृयागत अवस्थामा रहेको छ । अतः यस विषयलाई अविलम्ब टुङ्गो लगाउन समितिले पहल गर्नु पर्दछ ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नु पर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थाको व्यवस्थापनको हो । साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनवाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ । साथै संस्थालाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यर्थाथपरक विकल्प नभएको अवस्थामा बाहेक अविच्छिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नु पर्दछ । संस्थाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :

हाम्रो उदेश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन । गलत विवरण, जालसाजी वा त्रुटीबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण नभएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सो लाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईएका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आंकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्टयाईएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सार्न्दभिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतकिरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेस हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालू रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितीहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुती, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाईएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

१०.४ सांस्कृतिक संस्थान, २०७९।८०

कैफियत सहितको राय

हामीले सांस्कृतिक संस्थानको यसैसाथ संलग्न २०८० आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं । हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक सांस्कृतिक संस्थानको वित्तीय विवरणहरुले २०८० आषाढ मसान्तको आर्थिक तथा उक्त अवधिको नाफा नोक्सान हिसाब यर्थाथ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमान** - सरकारी कम्पनीलाई २०७३।७४ बाट लागु हने गरि प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ । तर संलग्न गरिएको २०७९।८० को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

२. वित्तिय विवरणमा रहेको पूँजीगत जगेडा कोषको रु. ३१९,०००, डिमोलाइजेशन भ्यालुको रु. ५००,०००, निर्माण व्यवसाय कोषको रु. ६३,८२९, सञ्चित विदा तथा उपदान कोषको रु. ७८०,१५९.४५, अक्षय कोषको रु. ५९२,०३६ र कर्मचारी कल्याण कोषको (तिर्नुपर्ने दायित्व अन्तर्गत रहेको) रु.४४५,४९८ समेत जम्मा रु. २,७००,५२२.५५ बराबर रकमको विवरण उपलब्ध नगराएकोले सो रकम यकिन गर्न सकिएन । साथै, खडा गरिएको सो कोषहरुको रकम अलगै कुनै लगानी वा निश्चित बैंक खातामा सुरक्षित नरहेको हुँदा सो रकम पुष्टि हुन सकेन ।

३. वित्तीय विवरणमा रहेको तिर्नुपर्ने दायित्वहरु अन्तर्गत अन्य दायित्व रु. १७४,३५९.३४ र धरौटी अन्तर्गतको कार धरौटिको रु. १०,००० समेत रु. १८४,३५९.३४ बराबर रकमको विवरण उपलब्ध नगराएकोले सो रकम यकिन गर्न सकिएन ।

४. वित्तिय विवरण अनुसार असार मसान्तमा हल बुकिङ्ग धरौटि दायित्व रु. २,६५९,००० रहेको तर सो रकम दाखिला हुने राष्ट्रिय वाणिज्य बैंकमा रु. ९०२,५४९.८० मात्र रहेको हुँदा फरक रकम रु. १,७५६,४५०.२० सो धरौटिबाट झिकी अन्यत्र खर्च गरेको र सोको हिसाब मिलान विवरण समेत नभएकोले धरौटि दायित्वको रु.२,२१५,००० ले यर्थाथ चित्रण गर्छ/गर्दैन भन्ने एकिन गर्न सकिएन ।

५. कर्मचारीहरुको सेवानिवृत्ति खर्चहरु निर्धारण गरी हरेक वर्ष व्यवस्था (Provision) मार्फत खर्च लेखांकन गर्नुपर्नेमा भुक्तानीका वखत मात्रै खर्च लेखांकन गर्ने गरेकोले वित्तिय विवरणको यर्थाथ चित्रणमा असर पर्ने देखिन्छ ।

६. संस्थानमा स्थिर सम्पत्तिको खाता खडा गरे पनि सो खाता पुर्ण रुपमा अद्यावधिक नगरेको हुँदा हुनुपर्ने सम्पत्ति हाल भए/नभएको तथा हाल खडा गरिएको स्थिर सम्पत्तिको रजिष्टरले सम्पत्तिको मूल्य, अवस्था जस्ता विवरण उदृत नगर्नाले वास्तविक स्थिर सम्पत्तिको मूल्य यकिन गर्न सकिदैन ।

७. कर्मचारी पेश्की रु. ७९९,९८४.८० तथा आसामी तथा अन्य पेश्की रु. ४८१,२६६.२० समेत रु. १,२८१,२५१.०० लामो समयदेखि असुल तथा फछर्यौट भएको छैन र सो रकम असुली गर्न संस्थानले सम्बन्धित व्यक्तिलाई ताकेता गर्ने वा असुलीको अन्य कुनै प्रक्रिया पनि अघि नबढाएकोले सो रकम असुली/फछर्यौट हुने/नहुने यकिन गर्ने सकिएन ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गरी सो मान अनुरुप हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षण्को उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । सांस्कृतिक संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारीः

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटि बाट होस्, सारभूत किसिमको त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यन्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मानसिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भए तापनि सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै

किसिमको त्रुटि भएमा सो त्रुटि सँधै पत्ता लाग्छ भन्ने छैन । जालसाजी वा त्रुटिहरु जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो जालसाजी वा त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य मुख्य बुँदाहरु निम्नानुसार छन्:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरिक्षणको जोखिम मूल्याँकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याँकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विशलेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

११. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरू

११.१ कानून किताब व्यवस्था समिति, २०७८।७९

कैफियत सहितको राय

हामीले कानून किताव व्यवस्था समितिको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय स्थिति विवरण पत्र (वासलात), सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र लेखा सम्बन्धी टिप्पणीहरूको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा सबै तथ्यगत श्रोतहरूमा वित्तीय विवरणहरूले आषाढ ३२, २०७९ को कानून किताव व्यवस्था समितिको वासलातले समितिको वित्तीय अवस्था, नाफा नोक्सान हिसाबले यसको वित्तीय कार्यसम्पादन, नगद प्रवाह विवरणले आर्थिक वर्षको नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका बुँदाहरुले वित्तीय विवरणमा पुऱ्याएको असर बाहेक, नेपाल वित्तीय प्रतिवेदनमानमा भएको व्यवस्था अनुरुप समुचित तथा यथार्थ रूपमा प्रस्तुत गरेको छ ।

राय व्यक्त गर्ने आधार

निम्न लिखित आधारहरूले प्रस्तुत वित्तीय विवरणमा असर पार्ने व्यहोराहरू:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** समितिको वित्तीय विवरणहरू नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अन्तर्गतको ढाँचा तयार गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०७३।७४ बाट लागू भइसकेको छ । NFRS बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरू नगरिदाँ संस्थानको वित्तीय विवरणमा पर्ने समष्टिगत प्रभाव अनिश्चित रहेको छ, जुन समग्रमा सारयुक्त/सारभूत (Material) तथा व्यापक (Pervasive) हुन सक्छ ।

   हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन् । लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेका छैनन्।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारीः

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थानको व्यवस्थापनको हो । साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटि बाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ । हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

११.२ कानून किताब व्यवस्था समिति, २०७९।८०

कैफियत सहितको राय

हामीले कानून किताब व्यवस्था समितिको यसै साथ संलग्न २०८० आषाढ मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तन र लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा सबै तथ्यगत श्रोतहरुमा वित्तीय विवरणहरुले आषाढ ३१, २०८० को कानून किताब व्यवस्था समितिको वासलातले समितिको वित्तीय अवस्था, नाफा नोक्सान हिसाबले यसको वित्तीय कार्य सम्पादन, नगद प्रवाह विवरणले आर्थिक वर्षको नगद प्रवाहको विवरण, इक्विटीमा भएको परिवर्तनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका बुंदाहरुले वित्तीय विवरणमा पुऱ्याएको असर बाहेक, नेपाल वित्तीय प्रतिवेदनमानमा भएको व्यवस्था अनुरुप समुचित तथा यथार्थ रुपमा प्रस्तुत गरेको छ ।

कैफियत सहितको रायको आधार :

निम्न लिखित आधारहरुले प्रस्तुत वित्तीय विवरणमा असर पार्ने व्यहोराहरु :

१. **वित्तीय विवरणहरु लागू गरिएको वित्तीय प्रतिवेदनमान अनुसार तयार नभएको:** समितिको वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड द्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमान अन्तर्गतको ढांचामा तयार गर्नुपर्नेमा सो व्यवस्था अनुसार तयार गरिएको छैन । NFRS बमोजिम वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुतीकरण र खुलासाहरु नगरिंदां संस्थाको वित्तीय विवरणमा पर्ने समष्टिगत प्रभाव अनिश्चित रहेको छ, जुन समग्रमा सारयुक्त/सारभूत (Material) तथा व्यापक (Pervasive) हुन्छ ।

२. **गैर चालु सम्पत्ती:** समितिको जायजेथा, प्लान्ट र उपकरण अन्तर्गत रहेको भवनको मूल्य जम्मा रु. ११,८८८,३७६.९५ रहेको छ जुन अषाढ मसान्तको भवनको बजार मूल्यभन्दा धेरै कम रहेको छ । उक्त सम्पत्तिमा हरेक बर्ष ह्रास कट्टि गरिएको तर बजार भाउ अनुसार उचित मूल्यमा पुनर्मूल्यांकन गरिएको छैन । साथै समितिले स्थिर सम्पत्तिको बिमा गरि सम्पत्तिको संरक्षण गरेको छैन ।

३. **जिन्सी (अन्तिम) मौज्दात:** जिन्सी मौज्दातको मूल्याङकन परल लागत अथवा बिक्रि गर्दा प्राप्त हुने मूल्य मध्ये जुन कमि हुन्छ सोहि अनुसार मापन गरिनु पर्दछ, यद्यपी समितिको जिन्सी मौज्दातमा रहेको ट्रिटि सेरिजहरु रु. १,१८०,५४७.४६ तथा साझा प्रकाशनका किताबहरु रु. १९,३०२.२३ बाह्र महिना भन्दा बढी समय स्टोरमा रहेको छ, साथै उक्त जिन्सी मौज्दातहरु बिक्रि नहुने देखिन्छ जसबाट समितिलाई लाभ हुने देखिदैंन ।

४. **अवकाश सुविधा (दीर्घकालीन दायित्व):** संस्थाले दीर्घकालीन दायित्व मापन गर्दा वर्तमान मूल्य अनुसार मापन गर्नु पर्दछ । संस्थाले यस व्यवस्थामा नियमित योगदान गर्नुपर्दछ । यसको मतलब संस्थाको निवृत्तिभरण योजना भित्र सम्पत्ति रहेको हुन्छ जसलाई उचित मूल्यमा मापन गरिनु पर्दछ । संस्थाले विशेषज्ञ (Actuary Valuation) प्रयोग गरी उक्त विशेषज्ञको सिफारीसलाई आधार मानी वित्तिय विवरणमा Defined Benefit Obligation र निवृत्तिभरण योजना भित्र रहेको सम्पत्ति एक आपसमा Offset गरि लेखा राख्नुपर्दछ यद्यपी समितिले लेखामानले तोके बमोजिम नभई अनुमानित आधारमा रु.३६,३२४,२०८.८१ को व्यवस्था गरि लेखाङ्कन गरेको छ ।

५. **सरकारी अनुदान:** गैर चालू सम्पत्तिको खरिदका लागी पाएको अनुदानलाई सम्बन्धीत सम्पत्तिको अपेक्षित उपयोग अवधि हिसाव गरि सोहि अनुसार लेखाङ्कन गरिनुपर्दछ । यसको लेखाङ्कनका लागि सम्पत्तिको लागतबाट अनुदान कटौती गरी शुद्ध मूल्यमा ह्रासकट्टि गर्नुपर्ने र अनुदानलाई स्थगित आयको रुपमा लिएर नाफा वा नोक्सानमा सम्पत्तिको अपेक्षित उपयोग अवधि अनुसार लेखाङ्कन गर्नुपर्ने यद्यपी समितिमा रहेको रु.३९,९२७,४७२.४५ को अनुदानलाई स्थगित आयको रुपमा लिएर नाफा वा नोक्सानमा सम्पत्तिको अपेक्षित उपयोग अवधि अनुसार लेखाङ्कन गरेको छैन ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय विवरण यथार्थ र उचित चित्रण गर्ने, तयारी एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस सारभूत रुपमा त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थालाई बिघटन गर्न वा संचालन बन्द गर्ने नियत भएको

वा सो बाहेको कुनै यथार्थ परक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न संस्थालाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ ।

संस्थाको संचालक समिति वित्तीय सम्प्रेषण प्रकियाको रेखदेखको लागी जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षको उत्तरदायित्व

वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्ने बारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उदेश्य हो । उचित आश्वस्त्ता एक उच्च स्तरीय आश्वस्त्ता भएतापनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपनै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सबै पहिचान हुन्छ भन्ने आश्वस्त्ता रहंदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकरता हरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्र रुपमा प्रभावपार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभूत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक सन्देह कायम राखि पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतीको जोखिम पहिचान तथा मुल्याङकन गरी ती जोखिमहरुको लागी प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरि हाम्रो मन्तव्य जारी गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलि भगत, ठगी, जानाजानी गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतीहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।
- समितिको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उदेश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागी लेखापरीक्षणमा प्रासंगिक हुने समितिको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरुको मुल्याङकन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखानीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थाहरुसंग सम्बन्धीत सारभूत अनिश्चितताको कारणले समितिको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निस्कर्ष निकालेमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धीत खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदनका मिति सम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरुले समिति अविछिन्न निकायको रुपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोबार एवमं घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतीकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।
- अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपुर्ण कैफियतहरु शसकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- शासकिय कार्यभार वहन गर्ने व्यक्तिलाई स्वतन्त्रता सम्बन्धी आचारसंहिता परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्ररुपमा असर गर्न सक्दछ । सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकिय कार्यभार वहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपुर्ण लेखापरीक्षण खोजहरु लगायत समितिको आन्तरिक नियन्त्रण प्रणालिमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउंदछौं ।

सुशासनको जिम्मेबारी बहन गरेकाहरुलाई प्रासंगिक नैतिक आवश्यकताहरु पालना गरेको जानकारी सहितको विवरण र हाम्रो स्वतन्त्रतामा उल्लेख्य प्रभाव पार्न सक्ने मानिएका सबै सम्बन्ध तथा अन्य कुराहरु साथै सो सम्बन्धी प्रतिरोध बारेमा समेत जानकारी गराउंदछौं ।

१२. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

१२.१ गुठी संस्थान, २०७७।७८

लेखापरीक्षकको राय

गुठी संस्थानले हामीलाई २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण तथा प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरु संलग्न भएको वित्तीय विवरण उपलब्ध नगराई आर्थिक वर्ष २०७७।७८ को आय व्यय विवरण र सो संग सम्वन्धित अनुसूचीहरु मात्र उपलब्ध गराएको हुंदा हामीले गुठी संस्थानको यसै साथ संलग्न २०७८ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरणको लेखापरीक्षण गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेका छौ ।

कैफियत सहितको राय जारी गर्नुको आधारहरु

हामीले लेखापरीक्षणबाट कैफीयतसहितको राय जारी गर्नुका आधारहरु निम्नानुसार छन :

क) **स्थीर सम्पत्ती :** संस्थानले आफ्नो स्वामित्वमा भएको जग्गा, भवनहरु, कार्यालय उपकरणहरु तथा अन्य स्थीर चल तथा अचल सम्पत्तीको लगत दुरुस्त तथा अद्यावधिक राखेको देखिदैन । संस्थानले आफ्नो सम्पत्तीको संरक्षण र नियन्त्रणको लागि भौतिक परीक्षण नगरेको तथा संकेत सहितको लगत राख्ने गरेको छैन ।

ख) **बक्यौता आम्दानी :** संस्थानको स्वीकृती वा विना स्वीकृती गुठी जग्गाको उपयोग भएकोमा रु..१६,७२,२४,९९,२८५ रकम आ.व. २०७७।७८ सम्म संस्थानले लिनुपर्ने भनी विवरण तयार गरेको छ । उपरोक्त वांकी बक्यौता रकम संस्थानले सरकारी बांकी सरह सम्वन्धित व्यक्तिका धितो वा अन्य जायजेथा लिलाम विक्री गरी असुल गपर गर्ने व्यवस्था भएता पनि त्यस तर्फ संस्थानको ध्यान आकर्षण भएको पनि देखिएन ।

ग) **जग्गाको अतिक्रमण :** गुठी संस्थानको नाममा रहेका जग्गा अतिक्रमण नहुने गरी कुनै कदम नचालिएको र अधिकांश जिल्लाका गरी संस्थानका जग्गाहरु अतिक्रमणको चपेटामा परेता पनि अतिक्रमित जग्गाको एकिकृत तथा अद्यावधिक लगत तयार गरेको छैन ।

घ) **लेखा प्रणाली :**

- गुठी संस्थान त्रिपुरश्वर काठमाडौले हामीलाई २०७८ आसार मसान्तको नेपाल वित्तीय प्रतिवेदनमान वा नेपाल सार्वजनिक लेखामानमा आधारित वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्वन्धित लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरण उपलब्ध नगराई आर्थिक वर्ष २०७७।७८ को आर्थिक विवरणा मात्र उपलब्ध गराएको हुदा हामीले गुठी संस्थानको यसै साथ संलग्न २०७८ आषाढ मसान्त समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरणको लेखापरीक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गरेको छौं ।
- आर्थिक प्रशासन नियमावली बमोजिम संस्थानको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिध्दान्तमा आधारित हुनेछ भन्ने व्यवस्था रहेकोमा संस्थानले भौचर तयार गर्दा दोहोरो लेखा प्रणाली अवलम्वन गरेको भएता पनि कतिपय सम्पत्ती, दायित्व, खर्च तथा आम्दानीका विवरणहरु स्पष्ट राख्ने नगरेको तथा सन्तुलन परीक्षण तयार नगरेको कारण संस्थानको लेखा ऐन र विनियमावली अनुरुप दोहोरो लेखा प्रणालीको आधारमा राखिएकोमा विश्वस्त हुने आधार देखिएन ।
वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासंगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भुलबाट मुक्त छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमका त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तिय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सुचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षण्मा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्तः गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थालले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निष्कर्ष भएमा वित्तिय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा गरेको वा नगरेको मुल्यांकन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना हनुसारको कार्यक्षेत्र कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्नु व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

अन्य कानुनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।
२. संस्थाको लेखा दोहोरो लेखा प्रणालीमा आधारित भए तापनि संस्थाको कारोवारको यथार्थ स्थिति स्पष्ट रुपमा प्रतिविम्बित हुने गरी प्रचलित कानुन बमोजिम, अधिकार प्राप्त निकायले लागु गरेको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम लेखा राखेको पाइएन ।
३. हाम्रो रायमा यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले रोखेका हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।
४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टिकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि संस्थाको सञ्चालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारइ वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।
५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी, भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

१२.११ साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडका यसै साथ संलग्न २०८० असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थाको वित्तीय विवरणले २०८० असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ ।

राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाले २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ । यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनुसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ ।

२. **असामी :** संस्थाको वासलातमा गत वर्ष असामी रू.१२,०९,७२,०६५.३३ र यस वर्ष रू १२,८९,२५,३७०.५६ रहेको छ । कतिपय असामी विगत १-२ दशकदेखि जिम्मेबारी सार्दै आएको पाइयो । कतिपय असामीको अस्तित्व पनि नरहेको पाइयो । अस्तित्वमा नरहेको असामीले गर्दा संस्थाको नाफा बढी देखिन गएको छ । साथै सफ्टवेयरमा गलत दाखिलाबाट सृजना भएका असामी मौज्दात सच्याउँदै आर्थिक विवरण यर्थथता गर्न/गराउन पर्ने देखिन्छ । सो मौजदातले वास्तविक असामीको चित्रण नगरेको पाइयो । संस्थाले आफ्नोतर्फवाट कानुनी प्रक्रिया अगाडि बढाइ रकम असुल उपर गर्ने कार्य आगाडि बढाउनु पर्ने देखिन्छ र नउठ्ने रकम बराबरको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

३. **सण्ड्री क्रेडिटर्सः** सण्ड्री क्रेडिटर्स गत वर्ष रू २३,९३,४९,९६०.७३ र यस वर्ष रू २३,२८,७७,५६७.३३ रहेको छ । सण्ड्री क्रेडिटर्स नगद खरिद पनि समावेश भएको पाइयो । गलत शीर्षकमा कारोवार दाखिला गरेकै कारणले यस्ता समस्या उत्पन्न भएकको देखिन्छ । यसले गर्दा सफ्टवेयरद्वारा सृजित तथ्याङ्कको विश्वसनीयतामाथि प्रश्न खडा गर्दछ । त्यस्तै कतिपय साहु विगतका कयौं वर्ष देखि जिम्मेवारी सार्दै आएको देखिएको छ । सबै पार्टीको समर्थन पत्र नपाएकाले संस्थाको सफ्टवेयरमा देखिएको सण्ड्री क्रेडिट्रसको वास्तविकता बारेमा राय व्यक्त गर्न सकिएन ।

४. **बैंक हिसावः** संस्थाले बैंक हिसाव मिलान समयमै गर्नुपर्दछ । संस्थाको बैक मौज्दात गत वर्ष रू. २,७८,०३,४९५.६२ र यस वर्ष रू ९१,८४,९७५.२१ रहेको छ । बैंक मौज्दातमध्ये ७६ बैंक खाताको रू.२०,५४,४७९.०९ को बैंक समर्थन पत्र भेटिएन । संस्थाले समयमा डाटा प्रविष्टि नगरेको, नयाँ सफ्टवेयर प्रयोगमा ल्याउँदा सहि प्रविष्टि नभएको र बैंक खाता दोहोरो प्रविष्टि भएको आदि कारणले गर्दा बैंक हिसाव यथार्थ परक छैन । बैंक हिसाव भिडान, कारोवार नभएको बैंक खाता बन्द जस्ता कार्य गरी बैंकको हिसावकिताव अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

५. **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१क) बमोजिम रु २५ लाख सम्मको औषधी सोझै खरिद, नियम ८४(१क) बमोजिम रु ५० लाख सम्मको खरिद सिलबन्दीबाट, रु.५० लाख भन्दा बढीको खरिद गर्नुपरेमा बोलपत्रवाट गर्नुपर्ने उल्लेख छ । तर संस्थाले गत वर्ष रु.४०,२४,४०,६३५.५७ र यस वर्ष रु. ४१,८१,३३,५०६.८२ को खरिद सोझै खरिदको माध्यमवाट गरेको छ ।

६. **शाखा हिसाबः** संस्थाले तोकिएको समयमा अन्तर शाखा हिसाब मिलान गरेर वित्तीय विवरण तयार गर्नुपर्दछ । यस वर्षको अन्त्यमा अन्तर शाखा लिनु पर्ने (डेविट) रु. ३ अर्ब ३१ करोड ५६ लाख ८८ हजार ४ सय ८.६४ र दिनु पर्ने (क्रेडिट) रु. ३ अर्ब ३६ करोड ४३ लाख १२ हजार २९.५८ रहेको छ । खुद अन्तर शाखा हिसाब रु. ४,८६,२३,६२०.९४ दिनुपर्ने रहेको देखिन्छ । फरक रकम यथाशीघ्र मिलान गर्नुपर्ने देखिन्छ । सो दायित्व वास्तविक नभए तापनि वासलातमा देखिएकाले संस्थाको वास्तविक स्थिती चित्रण नभएको पाइयो । मानवीय जालसाजी वा त्रुटि/ सफ्टवेयरमा गलत दाखिलाका कारणले पनि सो समस्या आइपरेको देखिन्छ । समस्या समाधानका लागि यथाशीघ्र कार्य अगाडि बढाउनपर्ने देखिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । यसै प्रतिबेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा ती लेखापरीक्षणमान अनुसारका हाम्रो जिम्मवारीको थप बर्णन गरिएको छ । हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स सस्थाबाट जारी भएको लेखा व्यवसायीहरुको आचार संहिता तथा नेपालमा वित्तीय लेखापरीक्षणका लागि सांदर्भिक आचरणको प्रावधान अनुसार हामी वित्तीय विवरणहरुको लेखापरीक्षण गर्न स्वतन्त्र छौं र हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको आचार संहिताहरुका अन्य प्रावधानहरुको पालना गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय ब्यत गर्ने सन्दर्भमा पर्याप्त र उपयुत आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

लेखापरीक्षणका मुख्य विषयहरु (Key Audit Matters)

लेखापरीक्षणका मुख्य विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखापरीक्षणमा सबैभन्दा महत्वपुर्ण छन् । यी विषयहरु हाम्रो लेखापरीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरिएको छ । हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं । कैफियत सहितको राय व्यक्त गर्ने आधार र व्यवस्थापन पत्रमा उल्लेख गरेको बाहेक मुख्य लेखापरीक्षणका विषयहरु रहेका छैनन् ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाद्वारा जारी गरीएका नेपाल वित्तीय प्रतिवेदन मान अनुरूप वित्तीय विवरणहरू यथार्थ र उचित चित्रण गर्ने तथा चाहे जालसाजी वा त्रुटिवाट होस्, सारभुत रूपमा जालसाजी वा त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, सम्बन्धीत आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । वित्तीय विवरणहरू तयार गर्दा व्यवस्थापनलाई संस्था विघटन गर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विक्लप नभएको अवस्थामा बाहेक, संस्था निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरणहरू तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनको रहेको छ । संस्थाको संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल वित्तीय प्रतिवेदन मानअनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको जालसाजी वा त्रुटि भएमा सो जालसाजी वा त्रुटि सधै पत्ता लाग्छ भन्ने छैन । जालसाजी वा त्रुटिहरु जालसाजी वा त्रुटि बाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो जालसाजी वा त्रुटिपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ । लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटि बाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम जालसाजी वा त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन ।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ । सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ ।

हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

अन्य कानुनी तथा नियमक निकायको आवश्यकता सम्बन्धि प्रतिवेदन

१. हामीले लेखापरीक्षणका सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टीकरण सन्तोषजनक रूपमा पाएका छौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ता हरूको आधारमा, हाम्रो रायमा संस्थाको हिसाव किताव तथा लेखा प्रचलित ऐन बमोजिम राखिएको छ । संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

३. यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र संलगन अनुसूचीहरू तोके ढाँचा र तरिका अनुसार तयार गरिनुका साथै संस्थाले राखेको हिसाव किताव, श्रेस्ता र लेखासँग दुरुष्त रहेका छन् ।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन ।

१२.१२ साझा यातायात सहकारी संस्था लिमिटेड, २०७९।८०

कैफियत सहितको राय

हामीले साझा यातायात सहकारी संस्था लि. पूल्चोक, ललितपुर आषाढ ३१, २०८० को वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र मुख्य लेखानीति तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो रायमा, कैफियत सहितको रायको लागि आधारमा उल्लेख भएको विवरणको असर बाहेक संलग्न वित्तिय विवरणहरुले साझा यातायात सहकारी संस्था लि. पूल्चोक, ललितपुर को २०८० आषाढ मसान्तको वित्तीय अवस्था र यसको वित्तीय कार्य सम्पादन तथा नगद प्रवाहको नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम सही र उचित चित्रण गर्दछ ।

कैफियत सहितको रायको लागि आधार

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मानअनुसार हाम्रो जिम्मेवारी हामीले यस प्रतिवेदनको वित्तिय विवरणहरु प्रति *"लेखापरीक्षकको जिम्मेवारी"* शिर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता र नेपाल चार्टड एकाउन्टेन्ट संस्थाबाट जारी "Handbook of Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको

सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौँ । हामी विश्वस्त छौँ कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

लेखापरिक्षणबाट देखिएको कैफियत सहितको रायको लागि आधार (Basis for qualified opinion)

उपयुक्त आधारमा लेखापरिक्षणबाट निकालिएको प्रमुख कैफियत तथा त्यसबाट वित्तिय विवरणमा परेको परिणात्मक असरहरु निम्न प्रकारका छन् :

१) संस्थाले आ.व. २०७७/७८ मा अपलेखन गरिएको रु.८५,०५,६७८/- रकम अन्तर्गतका सामाग्रिहरु व्यवस्थित गर्न उपसमिति गठन गरेतापनि व्यवस्थित भइसकेको पाईएन ।

२) संस्थाले सवारी साधन तथा नगद बाहेक अन्य सम्पत्तिहरुको विमा नगरेकाले जोखिम रहेको देखिन्छ ।

३) संस्थाले खरिद गरेको विद्युतिय बस समयमा प्राप्त नभई दावि गरिएको विलम्ब शुल्क वापत रु.२,४९,४५,३२७ र वैदेशिक मुद्रा सटहि दर फरकले संस्थालाई पर्न गएको थप आर्थिक भार रकम रु.२,८७,८६,७५८ श्री CHTC (विधुतिय बस विक्रेता) लाई भुक्तानी गर्न पत्राचार गरिएतापनि असुल हुन बाँकि र लेखाङ्कन गर्न बाँकि रहेको पाइयो ।

४) संस्थाको लामो समय देखि असुल हुन नसकेको देहाय बमोजिमका रकमहरु असुल गर्ने प्रकृया बढाएतापनि असुल हुन नसकेकोले आवश्यक व्यवस्था (Provision) गर्नु पर्नेमा गरिएको पाइएन् ।

<u>विवरणहरु:</u>	रकम रु.
लिनुपर्ने बहाल	
फलानो लुगा प्रा.लि.	३४,१०,१६७/-
लिनुपर्ने अन्य	
क्याप्टेन आउटडोर प्रा.लि	११,२०,०००/-
तिब्बत गोरखा ट्रेडिङ्ग	५,३२,८२१/-
एमएस मिडिया सोलुसन्स	४,२२,४००/-
जम्मा	**५४,८५,३८८/-**

५) कर्मचारी पेश्कि अन्तर्गत श्री त्रिलोचन भट्टराईको रु.१२,४६,७९७/- र श्री भिवोर थापाको रु.८,५००/- को असुल प्रकृया बढाएतापनि असुल हुन नसकेकोले आवश्यक व्यवस्था (Provision) गर्नु पर्नेमा गरिएको छैन ।

६) संस्थाको अग्रीम कर खाता अनुसार यस आ.व.मा रु.५,६३,२७,००२/५९ अग्रिम आयकर कट्टा गरी जम्मा गरेको देखिन्छ तर आन्तरीक राजश्व कार्यालयको अनुसुचि-१० अनुसार रु.५,६३,४९,१५९/१० जम्मा रहेको देखिन्छ । बढि जम्मा भएको रकम रु.२२,१५६/५१ आवश्यक हिसाब मिलान गर्न बांकि रहेको पाइयो ।

७) आन्तरिक राजश्व कार्यालयमा भ्याटको विवरण (भ्याट खरिद र विक्रि खाता) मासिक भिडान गरी पेश गर्नु पर्नेमा मासिक पेश नगरेको पाइयो ।

८) संस्थाको शेयर पुंजि गत आ.व.मा रकम रु.३,५०,३३,४६,५००/- रहेकोमा यस आ.व.मा थप शेयर पुँजी रकम रु.३,५०,००,०००/- जारी/चुक्ता भई शेयर पुंजि रु.३,५३,८३,४६,५००/- रहेको देखिन्छ । संस्थाको मुद्धति खातामा लगानि रु.३,३०,२७,८६,०००/- देखिन्छ । संस्थाको आर्थिक क्षमता रहेतापनि उद्धेश्य अनुरुपको अन्य आवश्यक कार्यहरु गर्न कार्य योजना बनाई थप कार्यक्रमहरु अगाडि बढाउनुपर्नेमा मुद्धति खातामा लगानि गरी थप लगानीका क्षेत्रहरु पहिचान गर्न पहल गरेको पाइएन ।

९) बस सञ्चालन तर्फ गत आ.व. मा बस सञ्चालन आम्दानि रु. १३,१२,२०,५२७/- हुंदा बस सञ्चालन नोक्सानि रु.६,५८,५९,५९८/- देखिन्छ भने यस आ.व. मा बस सञ्चालन आम्दानि रु.२१,८२,२९,७३१/- हुंदा बस सञ्चालन नोक्सानि रु.१४,५२,९३,३७८/- देखिन्छ । संस्थाले बस सञ्चालन आम्दानी बढाउन र खर्च घटाउन ठोस पहल गरेको पाईएन ।

१०) श्री फलानो लुगा प्रा.लि.संग घर बहाल वापत लिनुपर्ने रकम रु. ३४,१०,१६७/- र उक्त संस्थाको धरौटि बापतको रकम रु.४,४९,०३०/- रहेको देखिन्छ । बहाल रकम असुलीको सम्बन्धमा विवाद भई उच्च अदालत पाटनबाट आदेश भए अनुसार मध्यस्कर्ताको नियुक्ति गरी असुलीको लागि थप प्रक्रिया अगाडि बढाइएको पाइयो ।

वित्तीय विवरण प्रति व्यवस्थापन र शासकीय व्यवस्थापन बहन गर्ने अख्तियारीको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखा नीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापन र शासकीय व्यवस्थापन बहन गर्ने अख्तियारीको उत्तरदायित्व रहेको छ । वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापन र शासकीय व्यवस्थापन बहन गर्ने अख्तियारीमा रहेको छ ।

वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु तथ्यको गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्/छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित् गरेर उपर्युक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासनप्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटीभएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्न र ती त्रुटिहरुको भौतिकतामापन वित्तिय विवरण प्रयोगकर्ताको वित्तिय निर्णयलाई असर गर्ने कुरामा भर पर्छ । यस शीर्षक सम्बन्धि अन्य कुराहरु *परिशिष्ट १* मा उल्लेख गरेका छौं ।

कैफियत सहितको राय (Qualified Opinion)

१) हामिलाई दिएको सुचना एवं स्पष्टिकरणको आधारमा हाम्रो रायमा "कैफियत सहितको रायको आधारमा उल्लेखित कैफियत" मा उल्लेखित विषयको समायोजनबाट वित्तिय विवरणमा पर्न सक्ने असर बाहेक संलग्न वित्तिय विवरणहरुले २०८० आषाढ मसान्तको साझा यातायात सहकारी संस्था लि.को वित्तिय अवस्था र यसको वित्तिय कार्य सम्पादन र सोहि मितिमा समाप्त आर्थिक वर्षको नगद प्रवाहको विवरण नेपाल लेखामान बमोजिम भएको उचित रुपमा प्रस्तुत गरेको छ ।

२) हामिद्वारा सम्पन्न गरिएको लेखापरीक्षणका आधारमा देहाय बमोजिमको प्रतिवेदन पेश गर्दछौ ।

क) हामिले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानि सोधिएका कैफियतका जवाफ तथा स्पष्टिकरणहरु सन्तोषजनक रुपमा पायौं ।

ख) हाम्रो रायमा संलग्न वित्तिय विवरणहरुले कैफियत सहितको रायको आधार "Basis for Qualified Opinion" अनुच्छेदमा उल्लेख भएका विषयवस्तुले वित्तिय विवरणमा पार्न सक्ने असर बाहेक वासलात, आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण सहकारी ऐन २०७४ तथा सहकारी मापदण्ड २०६८ बमोजिम तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबसंग दुरुस्त छन् ।

ग) संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलित कानून तथा प्रचलन बमोजिम राखेको छ ।

घ) संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

ङ) हामिलाई प्राप्त जानकारी तथा स्पष्टिकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा "कैफियत सहितको रायको आधार" "Basis for Qualified Opinion" मा उल्लेखित विषय बाहेक सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले लेखा सम्बन्धि तथा अन्य कानूनी व्यवस्था विरुद्ध कामकाज गरेको वा हानि नोक्सानी पुऱ्याएको, सहकारी विभागले जारी गरेको निर्देशन पालना नगरेको वा संस्था तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौ ।

१३.शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

१३.१ जनक शिक्षा सामग्री केन्द्र, २०७८।७९

कैफीयत सहितको राय

हामीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा, हाम्रो प्रतिवेदनमा शर्तसहित राय व्यक्त गर्ने आधारको खण्डमा उल्लेख गरिएका विषयहरुले पार्ने प्रभाव बाहेक यसैसाथ संलग्न वित्तीय विवरणहरुले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको २०७९ आषाढ मसान्तको वासलातले वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाबले वित्तीय नतिजा र नगद प्रवाहको विवरणले नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१) **प्रादेशिक कार्यालयको हिसाब लेखाङ्कनः** नेपाल लेखामान-१ वित्तिय विवरण प्रस्तुती बमोजिम निर्धारित लेखामान ढाँचामा व्याख्या भए बमोजिम सम्पत्ति, दायित्व,खर्च र आयको पहिचान र प्रस्तती गर्नुपर्नेमा केन्द्रले केन्द्रीय कार्यालय तथा प्रादेशिक कार्यालयको हिसाबकिताब छुट्टाछुट्टै राखी सोको एकीकृत विवरण तयार गर्दा प्रादेशिक हिसाबमा मिलान हुन नसकेको रकम रु ३१ लाख ७२ हजार प्राप्ति हिसाबमा प्रस्तुत गरेको छ । उक्त प्रस्तुतीले यो वर्षको विस्तृत आय विवरण र वित्तिय स्थितिले यथार्थता प्रस्तुत गर्न सकेको छैन ।

२) **लाभ खर्चको दायित्व वर्गीकरणः** नेपाल वित्तिय प्रतिवेदनमान १९ मा कर्मचारीहरुलाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको उचित व्यवस्था गर्नुपर्ने र व्यवस्था गरेको रकमको निश्चित योजनामा लगानी गर्नुपर्ने उल्लेख गरिएको छ । केन्द्रले दीर्घकालीन लाभ खर्चको दायित्वमा २०७८।७९ सम्म सुविधावापत रु.७९ करोड ७२ लाख ३१ हजार प्रस्तुत गरेको छ ।दायित्ववापत व्यवस्था हिसाबको रकम लगानी गर्नुपर्नेमा सो रकम सञ्चित नहुँदा भविष्यमा भुक्तानी गर्नुपर्ने यस्तो रकमले केन्द्रको आर्थिक अवस्था कमजोर देखिएको छ । वार्षिकरुपमा केन्द्रको सञ्चालन नतिजाको लाभ अपेक्षा गरे अनुरुपको हुन नसकेको र दायित्वको रकम प्रत्येक वर्ष वृद्धि हुँदै गएको अवस्थामा अन्ततः यस्तो दायित्वको भार नेपाल सरकारमा पर्न जाने देखिन्छ । भविष्यमा सञ्चालन नतिजामा सुधार ल्याई तरलतामा वृद्धि गरी उपदान कोषमा रकम जम्मा गर्दै जाने नीति लिने प्रतिकृया केन्द्रको व्यवस्थापनले दिएको छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):

लेखापरीक्षणको मुख्य विषयहरु त्यस्ता विषय हुन, जुन हाम्रो ठहरमा, प्राधिकरणको यस वर्षको लेखापरीक्षणको सन्दर्भमा बढि अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका बुँदाहरु आँफैमा लेखा परीक्षणका मुख्य विषयहरु हुन। हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखा परीक्षणका मुख्य विषयको रुपमा निर्धारण गरेका छौं:

क्र.सं.	मुख्य लेखापरीक्षणका विषयहरु	लेखापरीक्षणको क्रममा उक्त मामलाहरु सम्बोधन गर्नका लागी अपनाईएका तरीकाहरु
१	**जिन्सीको यथार्थ मौज्दातको प्रस्तुतीः** केन्द्रले जिन्सीको लागि सरल सफ्टवेयर समेत प्रयोग गर्ने गरेकोमा श्रेस्तामा प्रस्तुत जिन्सी मौज्दात प्रयोग नगरी भौतिक परीक्षणको आधारमा जिन्सी मौज्दात प्रस्तुत गर्ने अभ्यास सम्बन्धमा ।	श्रेस्तामा प्रस्तुत जिन्सी मौज्दात बमोजिम वित्तीय विवरणमा प्रस्तुत नगरी भौतिक परीक्षणका आधारमा प्रस्तुत भएका सम्बन्धमा केन्द्रीय कार्यालय तथा शाखा कार्यालयहरुले सरल सफ्टवेयरमा राखिएको हिसाब र भौतिक नियन्त्रण प्रणालीको अध्ययन गर्दा सबै कर्मचारीहरु सरल सफ्टवेयरमा अभ्यस्त नभएको तर कार्यालय प्रमुखहरु भौतिक नियन्त्रणमा बढी विश्वश्त रहेको , कार्यालय प्रमुखले जिन्सीको यथार्थ मौज्दात भौतिक मौज्दातलाई नै लिएको देखिएको र वित्तीय विवरणमा सोही बमोजिम प्रस्तुत गरेको रकम यथार्थता भए नभएको निश्चित गरिएको छ ।
२	**बिक्री आम्दानीः** केन्द्रको सम्पूर्ण बिक्रीको लागि केन्द्रले नै नियुक्त गरेको वितरण प्रतिनिधिमार्फत बिक्री हुने र सम्पूर्ण समान सेवाग्राही सम्म नपुगी बिक्री आम्दानी बाँधिने गरिएको सम्बन्धमा।	बिक्री आम्दानीको सम्बन्धमा कम्पनीले लागु गरेको लेखा सिद्धान्त, त्यसको निरन्तरता र व्यवहारिक कार्यान्वयनमा भएको एकरुपतालाई मूल्यांकन गर्दा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको वित्तीय विवरणको लागि प्रयास रहेको यकिन गरीएको छ।

व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ । लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

अन्य कानूनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

१) हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित असार ३२, २०७९ को संस्थाको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, इक्यूटीमा भएको परिवर्तनसम्बन्धी विवरण, नगद प्रवाहको विवरण, लेखा सम्बन्धी विवरण र संलग्न अनुसूचीहरु नेपाल वित्तिय प्रतिवेदनमान अनुसार तयार गरिएका छन् ,सो बमोजिम तयार नभएका व्यहोरा शर्तसहितको राय खण्डमा प्रस्तुत गरिएको छ ।

२) बोनस ऐन,२०७४(पाँचौ संशोधन) को दफा ४(१) अनुसार प्रत्येक प्रतिष्ठानको व्यवस्थापकले त्यस्तो प्रतिष्ठानको वासलात तथा नाफा नोक्सानको विवरण कम्पनी ऐन,२०६३ बमोजिम तयार गरि आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र श्रम विभागमा पठाउनु पर्ने,त्यस्तै कम्पनी ऐन दफा ८० अनुसार प्रत्येक कम्पनीले आर्थिक वर्ष पूरा भएको छ महिना भित्र लेखापरीक्षकद्वारा प्रमाणित गरिएको लेखापरिक्षण प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरणको एकप्रति कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

३) केन्द्रले आयकर ऐन बमोजिम पेश गर्नु पर्ने आय विवरण नियमित पेश गरेको हामीलाई जानकारी प्राप्त भएको छ ।

४) हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम जनक शिक्षाको खाताहरुको परीक्षण गर्दा केन्द्रको संचालक समितिवा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा सम्पत्ति हिनामिना गरेको वा हानी नोकेसानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

खण्ड - ग

लेखापरीक्षण गर्न बाँकी रहेको संस्था

लेखापरीक्षण गर्न बाँकी रहेको संस्था - लेखापरीक्षण ऐन, २०७५ तथा प्रचलित कानुनको व्यवस्था अनुसार लेखापरीक्षण गर्न समयमा सेस्ता तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने सन्दर्भमा संगठित संस्थाका जिम्मेवार पदाधिकारीलाई महालेखापरीक्षणबाट पटक पटक निर्देशन भएकोमा निम्न लिखित ३१ संगठित संस्थाले ७५ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन् ।

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

सि.नं.	संस्था	आर्थिक वर्ष
१	नागरिक लगानी कोष	२०७९।८०
२	नेपाल धितोपत्र बोर्ड	२०७९।८०
३	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०७९।८०
४	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०७९।८०
५	खाद्य व्यवस्था तथा व्यापार कम्पनी	२०७९।८०
६	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७७।७८, २०७८।७९, २०७९।८०
७	हेटौंडा सिमेन्ट उद्योग लिमिटेड	२०७९।८०
८	कृषि सामग्री कम्पनी लिमिटेड	२०७९।८०
९	दुग्ध विकास संस्थान	२०७९।८०
१०	काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०७९।८०
११	नेपाल खानेपानी संस्थान	२०७९।८०
१२	राष्ट्रिय सहकारी विकास बोर्ड	२०७८।७९, २०७९।८०
१३	गुठी संस्थान	२०७८।७९, २०७९।८०
१४	नेपाल रेल्वे कम्पनी	२०७८।७९, २०७९।८०
१५	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०७९।८०
१६	नेपाल वायुसेवा निगम	२०७९।८०
१७	तारा गाँउ विकास समिति	२०७९।८०
१८	नेपाल पर्यटन बोर्ड	२०७४।७५-२०७९।८० (६ वर्ष)
१९	गोरखापत्र संस्थान	२०७८।७९, २०७९।८०
२०	नेपाल टेलिभिजन संस्थान	२०७९।८०
२१	नेपाल वन निगम	२०७९।८०

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

सि.नं.	संस्था	आर्थिक वर्ष
१	काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड	२०७८/७९, २०७९/८०
२	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र	२०७९/८०
३	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७५/७६-२०७९/८० (५ वर्ष)
४	गोरखकाली रवर उद्योग लिमिटेड	२०७९/८०
५	नेपाल ओरिण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड	२०६५/६६-२०७९/८० (१५ वर्ष)
६	राष्ट्रिय बीमा संस्थान	२०७४/७५-२०७९/८० (६ वर्ष)
७	राष्ट्रीय जीवन बीमा कम्पनी लिमिटेड	२०७४/७५-२०७९/८० (६ वर्ष)
८	विशाल बजार कम्पनी लिमिटेड	२०७५/७६-२०७९/८० (५ वर्ष)
९	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी	२०७९/८०
१०	माथिल्लो तामाकोशी जलविद्युत कम्पनी	२०७९/८०

अनुसूची १

लेखापरीक्षण गरिएका नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरुको विवरण

(रु हजारमा)

क्र.सं.	संस्थाको नाम	आर्थिक वर्ष	लेखापरीक्षण रकम
१	**अर्थ मन्त्रालय**		**२१५७५६९९९४**
	नेपाल राष्ट्र बैंक	२०७९/८०	१५८८१२५६९२
	नागरिक लगानी कोष	२०७८/७९	२२२२५४९४
	कर्मचारी सञ्चय कोष	२०७९/८०	५१४२९७९७६
	बीमा प्राधिकरण	२०७९/८०	८७६८१०५
	निक्षेप तथा कर्जा सुरक्षण कोष	२०७९/८०	२४१५२७२७
२	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**		**२१६४६४७८**
	हेटौडा सिमेन्ट उद्योग प्रा.लि.	२०७८/७९	१४८१५१६
	उदयपुर सिमेन्ट उद्योग लिमिटेड	२०७८/७९	९३२९७१३
	धौवाधी फलाम कम्पनी लिमिटेड	२०७९/८०	३२३१८६
	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड	२०७७/७८	४९५५३५०
	खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड	२०७८/७९	४५८८५४०
	औधोगिक व्यवसाय विकास प्रतिष्ठान	२०७८/७९	५९५६२
	नेपाल औषधि लिमिटेड	२०७९/८०	१७८६३०
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी	२०७९/८०	७२९९८१
३	**उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**		**६१७६६८९६८**
	अपर अरुण हाइड्रो ईलेक्ट्रीक लिमिटेड	२०७९/८०	४५६३१४८
	उत्तरगंगा पावर कम्पनी लिमिटेड	२०७९/८०	१४५४४७
	तनहुँ हाइड्रोपावर लिमिटेड	२०७९/८०	२१७८१२३८
	तामाकोशी जलविद्युत कम्पनी लिमिटेड	२०७९/८०	१११६६०४
	दुधकोशी जलविद्युत कम्पनी लिमिटेड	२०७९/८०	१०७४२४३
	मोदी जलविद्युत कम्पनी लिमिटेड	२०७९/८०	४३३२१९
	रघुगंगा हाइड्रोपावर लिमिटेड	२०७९/८०	६२२७६२१
	राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड	२०७९/८०	४९३६९७४
	नेपाल विद्युत प्राधिकरण	२०७९/८०	५७७२०२३९५
	स्यार्पु पावर कम्पनी लिमिटेड	२०७९/८०	१८८०७९
४	**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**		**२१३९५७०१**
	दुग्ध विकास संस्थान	२०७८/७९	३७३५७६४
	स्यार्पु कृषि कम्पनी लिमिटेड	२०७९/८०	६८२०३
	कृषि सामाग्री कम्पनी लिमिटेड	२०७८/७९	१७५२९२५८
	नेपाल पशु चिकित्सा परिषद्	२०७९/८०	६२४७६
५	**खानेपानी मन्त्रालय**		**६५३१९९५५**

	काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०७८/७९	५२३०५१४८
	नेपाल खानेपानी संस्थान	२०७८/७९	१३०१४८०७
६	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**		**५८२४५९**
	नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड	२०७९/८०	२५६७९७
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७७/७८	३२५६६२
७	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**		**५४९७९६४२१**
	नेपाल वायुसेवा निगम	२०७८/७९	४७३५८०९५
	तारा गाउँ विकास समिति	२०७८/७९	४२६७४०
	नेपाल नागरिक उडड्यन मन्त्रालय	२०७९/८०	५०१८५३८५६
	सांस्कृतिक संस्थान	२०७९/८०	१५७७३०
८	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**		**३३६०५८३**
	राष्ट्रिय समाचार समिति	२०७८/७९	१८४३७१
	राष्ट्रिय समाचार समिति	२०७९/८०	२१४४६८
	नेपाल टेलिभिजन संस्थान	२०७८/७९	२७४८३७६
	प्रेस काउन्सिल	२०७९/८०	२१३३६८
९	**शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय**		**८८०१०२५**
	जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड	२०७८/७९	८८०१०२५
१०	**वन तथा वातावरण मन्त्रालय**		**२०३३५७०**
	नेपाल वन निगम	२०७७/७८	८४६९५६
	नेपाल वन निगम	२०७८/७९	७६०१९४
	वन पैदावार विकास समिति	२०७८/७९	३१२५७८
	वन पैदावार विकास समिति	२०७९/८०	११३८४२
११	**शहरी विकास मन्त्रालय**		**१६५३७५९५**
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२०७९/८०	२४६९१८०
	नगर विकास कोष	२०७९/८०	१४०६८४१५
१२	**कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय**		**४०२२८१**
	कानून किताब व्यवस्था समिति	२०७८/७९	२०६११४
	कानून किताब व्यवस्था समिति	२०७९/८०	१९६१६७
१३	**भूमी व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय**		**४९८८३६६**
	गुठी संस्थान	२०७७/७८	४९८८३६६
	जम्मा		**३४७०१०३३९६**

अनुसूची २

लेखापरीक्षण गरिएका नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरुको विवरण

(रु हजारमा)

क्र.सं.	निकायको नाम	आर्थिक वर्ष	लेखापरीक्षण रकम
	अर्थ मन्त्रालय		
१	कृषि विकास बैंक	२०७९/८०	२६५९२९१९९
२	नेपाल बैंक लिमिटेड	२०७९/८०	२९६७३५५९८
३	राष्ट्रिय बाणिज्य बैंक	२०७९/८०	३९४०२१७३०
४	राष्ट्रीय बीमा कम्पनी लिमिटेड	२०७३/७४	४८५५५४८
५	राष्ट्रिय बीमा संस्थान	२०७२/७३	१७६४८०२९
६	राष्ट्रिय बीमा संस्थान	२०७३/७४	१८३३१३०९
७	नेपाल स्टक एक्स्चेन्ज लिमिटेड	२०७९/८०	९०७४५५४
८	नागरिक स्टक डिलर कम्पनी लिमिटेड	२०७९/८०	३१६५३८२
९	आर बि बि सेक्युरिटीज कम्पनी लिमिटेड	२०७९/८०	२१८५४८
१०	कोष व्यवस्थापन कम्पनी लिमिटेड	२०७९/८०	६११००
११	सिडिएस एण्ड क्लियरिंग कम्पनी लिमिटेड	२०७९/८०	१८१५९९७
१२	आर बि बि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०७९/८०	३९४८४७
१३	राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र	२०७८/७९	१०८५१९
१४	नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड	२०७९/८०	४८०२७०
	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय		
१	नेपाल आयल निगम	२०७९/८०	४४८३५५३०
२	नेपाल मेटल कम्पनी लिमिटेड	२०७९/८०	३०५२४१
३	गोरखकाली रवर उद्योग लिमिटेड	२०७५/७६	७४१३८१
४	गोरखकाली रवर उद्योग लिमिटेड	२०७६/७७	४६९
५	गोरखकाली रवर उद्योग लिमिटेड	२०७७/७८	४८१
६	गोरखकाली रवर उद्योग लिमिटेड	२०७८/७९	४९३
७	औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड	२०७८/७९	५७८७६२१२
८	औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड	२०७९/८०	५८१०९४७२
९	बुटवल धागो कारखाना लिमिटेड	२०७९/८०	८६९३६
	उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय		
१	सल्लेरी च्याल्सा विधुत कम्पनी लिमिटेड	२०७९/८०	३०१३३९
२	एनइए इन्जिनियरिङ्ग कम्पनी लिमिटेड	२०७९/८०	२९८५१४
३	चैनपुर सेती जलविधुत कम्पनी	२०७९/८०	०
४	चिलिमे इन्जिनियरिग एण्ड सर्भिसेज कम्पनी लिमिटेड	२०७९/८०	१८६७११
५	चिलिमे जलविद्युत कम्पनी	२०७९/८०	५३७५७०११
६	चिलिमे सेती जलविद्युत कम्पनी	२०७९/८०	६२७८२६
७	जगदुल्ला हाइड्रो पावर कम्पनी लिमिटेड	२०७९/८०	१०९८१६०
८	पावर ट्रान्समिसन कम्पनी लिमिटेड	२०७९/८०	१८२२०८६

९	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२०७९/८०	२०२१९५५३
१०	नलगाड हाइड्रो पावर कम्पनी लिमिटेड	२०७९/८०	५४८३०८६
११	रेमिट हाईड्रो कम्पनी लिमिटेड	२०७९/८०	६३९०६०
१२	विद्युत उत्पादन कम्पनी लिमिटेड	२०७९/८०	५०४३३८८
१३	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	२०७९/८०	११७२८७१९
१४	सिम्बुवा रेमिट हाइड्रो लिमिटेड	२०७९/८०	४४६६५८
१५	हाइड्रोइलेक्टिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट	२०७९/८०	२५३४३९२०
१६	त्रिशुली जलविद्युत कम्पनी लिमिटेड	२०७९/८०	५३५५७७३
१७	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७३/७४	१५०००
१८	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७४/७५	१५०००
१९	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७५/७६	१५०००
२०	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७६/७७	१५०००
२१	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७७/७८	१५०००
२२	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७८/७९	१५०००
२३	नेपाल पावर ट्रेडिङ्ग कम्पनी	२०७९/८०	१५०००
	खानेपानी मन्त्रालय		
१	काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड	२०७५/७६	३७६२३४७
२	काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड	२०७६/७७	३८७८३८६
३	काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड	२०७७/७८	४३५१३८४
	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय		
१	नेपाल दुरसञ्चार कम्पनी लिमिटेड	२०७९/८०	१५९६९४२४५
	कृषि तथा पशुपन्छी विकास मन्त्रालय		
१	दोलखा दुग्ध उद्योग लिमिटेड	२०७९/८०	३८१४०
	भूमी व्यवस्था, सहकारी तथा गरीवी निवारण मन्त्रालय		
१	साझा यातायात सहकारी संस्था लिमिटेड	२०७९/८०	४३६७५१३
२	साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड	२०७७/७८	५३०७९३
३	साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड	२०७८/७९	५३७८१७
४	साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड	२०७९/८०	५३६७५९
५	साझा भण्डार सहकारी संस्था लिमिटेड	२०७९/८०	२९०३५
६	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०६९/७०	४४९५८१
७	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७०/७१	४७५२३५
८	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७१/७२	५४८७०७
९	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७२/७३	५९७३४४
१०	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७३/७४	७४९७३२
११	साझा प्रकाशन सहकारी संस्था लिमिटेड	२०७४/७५	७५७९६१
	जम्मा		**१४८८५५८६२७**